Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रुक्मिणी

(उपन्यास)

लेखक :

डा. लक्ष्मणबहादुर हमाल

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

0152,3N40,1 8598
N5H
Hamal, Lakshmbahadur
Rukminee.

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

(उपन्यास)

डा० लक्ष्मणबहादुर हमाल

SRI JAGADGURU VISHWARADHYA
JNANA SIMHASAN JNANAMANDAL
LIBRARY

नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि.
काठमाडौं

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रूक्मिणी (उपन्यास)

लेखक : लक्ष्मणबहादुर हमाल

प्रकाशक :
नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि.
फोन नं. ४-१७६६७६, पो. व. नं. ४४७१
डिल्लीबजार, काठमाडौं ।

0152,3N40,1
N5H

प्रथम संस्करण : २०५२, श्रावण
संख्या : ३०० प्रति
लेखक ©
मूल्य : रु० १२/-

आवरण तथा साजसज्जा :
दीपक महर्जन

कम्प्यूटर टाइपसेटिङ्ग :
नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लि. कालागि
सुनील कुमार दाहाल

मुद्रण :
जौहरी प्रिन्टर्स
४२, शिवाजी नगर
महमूरगंज, वाराणसी

SRI JAGADGURU VISHWARADHYA
JNANA SIMHASAN JNANAMANDAL
LIBRARY
Jangamwadi Math, Varanasi
ACC No. 8598

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पहिलो अध्याय

हवाईजहाज पहिले विस्तारै गुड्यो र केही समयपछि वडो वेगले रन्वेमा दौड्दै भुईं छाड्यो । मोहन हवाईजहाजभित्र झ्यालनेर वसेर वाहिर हेरिरहेको थियो । हेर्दाहेर्दै हवाईजहाज अकास्सिँदै गयो । झ्यालबाट पहिले स्पष्ट देखिने वाटो, रूख, घर, मानिस अनि पोखरीहरू क्रमशः सानो देखिन थाले र अन्त्यमा अस्पष्ट हुँदै गए । उड्ने वित्तिकै हवाईजहाजले विराटनगरको एक फन्को लगाई काठमाडौंतिर वेगवान् भयो । मोहनको विचारमा हवाईजहाजले विराटनगरको एकफन्को मार्नुको कारण त्यसको निश्चित उचाइसम्म पुग्नु थियो । दोश्रो महायुद्धमा सैनिक र असैनिक दुवै काममा प्रयोग गर्न वनाएको ' डाकोटा तीन ' हवाईजहाज दैनिक रूपमा काठमाडौं - विराटनगर ओहोर दोहोर गर्दथ्यो ।

मोहन पहिलोपल्ट विराटनगरवाट बाहिर जाँदै थियो । भारततर्फको सीमावर्ती स्थल जोगवनी र फारविसगन्जसम्म ऊ पुगेको थियो र रेल पनि चढेको थियो । जोगवनीमा नेपाल-भारत सीमा जोडिएको स्थानमा भारतीय रेल्वे स्टेशन थियो । नेपालभित्र चाँहि दन्तकाली बस सर्भिसको बसबाट ऊ एकपटक आफ्ना पितासँग धरानस्थित दन्तकाली र बूढा सुब्बा देवी-देवताको दर्शन गर्न गएको थियो । धरान पुग्ने वेलामा चारकोसे झाडीको वाक्लो जंगल र सुनसान वातावरण देखेर उसलाई डर पनि लागेको थियो । धरान विराटनगरदेखि उत्तरतर्फ करीव ४८ किलोमिटरमा पर्दथ्यो । दन्तकाली देवी र बूढा सुब्बा थुम्कोमा रहेकोले त्यहाँ पुग्न उकालो चढ्नु पर्दथ्यो । अलि पर फुस्रे भन्ने ठाउँ थियो जहाँबाट चुरे पहाडको श्रृंखला शुरू हुन्छ । धरानमा मोहनले पहाडबाट बजार गर्न आएका लोग्नेमान्छे र आइमाईहरू देख्यो जसमध्ये धेरैजसो भरिया थिए । यी ठाउँहरू बाहेक मोहन अन्यत्र कतै गएको थिएन । हवाईजहाज चढ्ने उसको यो पहिलो बाजि भएकोले उसको मनमा उत्तेजना र शरीरमा रोमाञ्च ब्याप्त थियो ।

काठमाडौं जानका लागि आकाश-मार्गका अतिरिक्त स्थल-मार्गमा पनि बाटो नगएको त होइन । स्थल मार्गबाट विराटनगरबाट काठमाडौं पुग्न सर्वप्रथम जोगवनीबाट

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रेलमा एक रातभन्दा बढी बिताउनुपर्थ्यो र त्यस यात्राको बीचमा रेल कटिहार, बरौनी हुँदै रक्सौलसम्म छिचोल्नुपर्थ्यो । रक्सौलबाट नेपाल भित्रिई वीरगन्ज पुग्नु पर्दथ्यो । भैंसेबाट काठमाडौंसम्मको मोटर-बाटो जसको नाम त्रिभुवन-राजपथ थियो, भारत सरकारको सहयोगमा त्यस वखत तयार भइसकेको थियो र वीरगन्जदेखि काठमाडौंसम्म बस-सेवा नियमित रूपले चल्न थालिसकेको थियो । काठमाडौं जानका निम्ति वस वा ट्रकको सेवा उपलब्ध थियो भने पैदल जानका निम्ति वीरगन्जबाट रेल चढी अमलेखगन्ज र त्यहाँबाट लहरी वा वस चढेर भीमफेदी पुगेपछि भीमफेदीबाट काठमाडौंका लागि हिड्नु पर्दथ्यो । त्रिभुवन राजपथ घुमाउरो पहाड छिचोल्दै धेरै माथिसम्म घुम्दै, ओराली-उकाली गर्दै जाने भएकोले यो बाटो यात्रा गर्न मानिस डराउँदथे, तर हिडेर जान झन् ठूलो सास्ति पर्ने भएको हुँदा त्रिभुवन-राजपथको बाटोबाट नै मानिसहरू काठमाडौं आवागमन गर्न थालिसकेका थिए । मोहनका प्रायः सबैजसो साथीहरू परीक्षा दिनका निम्ति काठमाडौं गइसकेका हुनाले र भारतको वाटो काठमाडौं जाने यात्रा-अनुभव उसमा नभएकोले स्थल-मार्गबाट एक्लै काठमाडौं जाने आँट गर्न सकिरहेको थिएन ।

मोहनका निम्ति हवाइ-यात्रा कौतुहलको विषय थियो किनभने उसले यस अघि हवाईजहाज चढेको थिएन । हवाईजहाज उसले आकाशमा उडेको दिनहुँजसो देख्ने गरेको थियो । काम विशेषले विराटनगर-जोगवनी जाँदा हवाइअड्डा भएर जानु पर्ने हुँदा कहिलेकाँही प्लेन उड्न र वस्न लागेको उसले नदेखेको पनि होइन । प्लेन उड्न र ओर्लन लागेको देखेमा आफ्नो साइकल रोकेर धेरैबेरसम्म प्लेनलाई नियालेर उसले कैयौंपटक हेरेको थियो । त्यो दृश्यमा अर्को कौतुहल थियो भने अहिले गर्न लागेको हवाइयात्राको अनुभव भने बेग्लै किसिमको थियो । पर क्षितिजबाट सानो दागलाई आँखा तानेर हेर्दाहेर्दै केही बेरमा नै त्यो सानो दाग आफू नजिक आइपुगेर हवाईजहाजको रूप लिएको देख्दा अथवा हवाईजहाज धावनमार्ग छाडी अकासिँदै क्षितिजतर्फ लम्कदै पर-पर पुग्दै जाँदा, त्यसरी आकार झन् - झन् सानो हुँदै लुप्त हुँदै गएको देख्दा उसलाई मनमा अनौठो किसिमको रमाइलो लाग्थ्यो । तर, यसपालि चाहिं उसले स्वयं हवाइ-यात्रा गर्नुपर्ने भएकोले उसको मनमा अनेकौं अवर्णनीय कौतुहलता र भय बराबर संचार गरेको ऊ महसुस गर्दै थियो ।

मोहनकी आमा ६/७ वर्ष अघि नै एक्कासी झाडा-बान्ता लागेर मरेकी थिई । अस्पताल पुऱ्याउनै नपाई ऊ मरी । मोहनको वावु गोश्वारामा सिपाहीको काम

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गर्दथ्यो र आफ्नो भन्नुमा यस संसारमा उसको त्यही बाबु थियो जसले मोहनको हेरविचार गर्दथ्यो। निकै वर्ष काम गर्दा पनि उसको आर्थिक स्थिति उभो लागेन र उसले जागिर छोडी पहिले चिया पसल थाप्यो र विस्तारै-विस्तारै त्यस पसलमा चकलेट, बिस्कुट र कापीहरू आदि समेत राख्न थाल्यो। उसको दोकान राम्ररी चलेको थियो। उसको घर मधुमारा टोलमा थियो र आफ्नै घरमा उसको पसल थियो। विराटनगरबाट रंगेली जाने बाटोमा उसको पसल थियो र बाटो पारिपट्टि विराटनगरको जेल थियो। बाबु-छोरा दुवै मिली पसल चलाउने गर्दथे। मोहनले आफ्नो घरमा कुनै - कुनै गाउँलेका छोरा-छोरीलाई निःशुल्क पढाइदिने गर्थ्यो। मोहन बाबुको आँखाको तारा र सहारा थियो। आफ्नो एकमात्र छोरालाई समेत कहिल्यै नगएको ठाउँ डाँडापारी पठाउनु पर्दा मोहनको बाबु एकातिर अन्यमनस्क देखिन्थ्यो भने अर्कोतिर छोरा पढे-लेखेको मानिस हुनका निम्ति जाँच दिन काठमाडौं जाने भन्ने विचारले उ प्रसन्न हुन्थ्यो। अहो ! एक्लो छोरो त्यति टाढा जाने भनी विचार गरेर उसको मन खिन्न हुन्थ्यो। यस्तै द्विविधामा जेलिनु पर्दा मोहनको बाबुको मन प्रायः छटपटिइरहने गर्दथ्यो। आखिर छोरा हिड्ने दिन पनि आइपुग्यो। पैंतालीस रूपियाँमा टिकट खरीद भयो, अनि जाने दिन पनि आयो। हर्ष र विस्मात मनमा लिएर मोहनका बाबु हवाइअड्डामा छोरालाई विदा गर्न आए। उनलाई छोरा पढाउने ठूलो इच्छा थियो। हाकिमहरू पढे-लेखेका मानिस हुन्छन् भन्ने कुरा उसलाई थाहा थियो। आफ्नो छोरो पनि धेरै पढे-लेखेर हाकिम बनोस् भन्ने उसको इच्छा थियो।

बाबु-छोरा दुवै हवाइअड्डामा पुगे। मोहनका साथमा एउटा झोलामा किताबहरू र एउटा सुटकेसमा लगाउने लुगाफाटाहरू थिए। हवाइअड्डाको कार्यालयको रूपमा प्रयोग गरिने एउटा सानु पक्की घर थियो। अगाडि धावन-मार्गका लागि लामो चउर थियो र त्यो चउरलाई चारैतिरबाट काँडेतारले घेरिएको थियो। चौरमा हवाईजहाज उड्न ओर्लनका निम्ति पक्की धावन-मार्ग थिएन। हवाईजहाज हरियो चौरमा नै उत्रन्थ्यो र त्यहींबाट उड्थ्यो। हवाइमैदान कच्ची भएकोले धेरै पानी परेका बखत हवाईजहाजले चौरमा उत्रन र त्यहाँबाट उड्न नमिल्ने भएकोले आवागमन समेत बन्द हुन्थ्यो। हवाइमैदानलाई काँडेतारले बेढ्हेको भए पनि कतै कतै भने ती तारहरू खण्डित देखिन्थे। त्यो खण्डित ठाँउबाट चौरमा गाई, गोरू र अन्य पशुहरू चर्न पस्दथे। नजिकका गाउँलेहरूले चौरको पारिपट्टि आफ्ना गाई-बस्तु चराउन ल्याउँदा कुनै- कुनै पशु

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

चौरमा पसिहाल्थे। हवाइमैदानको एक छेउमा एउटा लामो लट्ठामाथि कालो सेतो धर्सो भएकोले कपडाको निकै ठूलो झण्डा हावामा फर्फराइरहेको थियो। त्यो झण्डालाई माथि हवाईजहाजबाट पाइलटले देखि जहाज ओराल्न सजिलो पर्छ भनिन्थ्यो। हवाईजहाज आउनुभन्दा १०/१५ मिनेट अघि साइरन बज्दथ्यो। साइरन बजेपछि हवाईजहाजबाट काठमाडौं जाने यात्रुहरू, तिनलाई पुऱ्याउन आएका मानिसहरू, तमासेहरू र हवाईजहाजबाट आएका मानिसहरू लिन आउने तिनका आफन्तहरू सबैका आँखा पर क्षितिजतिर उठ्थे र त्यसै केन्द्रीभूत हुन्थे। यस्तो साइरन बजेपछि हवाइमैदानबाट भएर मानिसहरूलाई हिड्न रोकिन्थ्यो र पालेहरू भने चौरमा कुनै गाई-वस्तु त छैन भनी चनाखो भएर हेर्दथे अनि वस्तु देखेमा तिनलाई धपाउन शुरू गर्दथे।

मोहनले काठमाडौं जाने केही यात्रुहरू आइसकेको देख्यो। पुऱ्याउन आउने आफन्तहरूको जमात पनि यताउति छरिएर बसेका थिए। मानिसहरू रिक्सा, मोटर आदि चढेर धमाधम आइरहेका थिए। कोही यात्री एक्लै आएका थिए भने कोही चाँहि पुऱ्याउने आफन्तसँग आएका पनि देखिन्थे। टिकट-काउण्टरमा टिकट बुझाएपछि मोहनको सामान तौलिइयो। टिकटको केही पन्ना च्यातेर काउण्टरको मानिसले राख्यो र बोर्डिङ्ग-पास लगायत सामानको ट्याग दियो। क्रमैसँग यात्रीहरू संग यस्तै व्यवहार कर्मचारीहरूले गरे। लिन अथवा पुऱ्याउन आएका मानिसहरू आ-आफूमा कुरा गर्नमा व्यस्त थिए। मोहनले पनि अनुहारले चिनेका कतिपय व्यक्तिहरूलाई देख्यो। तीमध्ये कतिपय काठमाडौं जान लागेका थिए।

मोहनका बाबु पहिलोपटक टाढा जान लगेको छोरालाई आफ्नो बुद्धिले भ्याएसम्मको सुझ-बुझ र निर्देशन बराबर दिँदै थिए। यो गर्नु, यो नगर्नु, जीउको सुसार यसरी गर्नु, झन्झटमा नफस्नु आदि कुरा छोरालाई सम्झाउँदै थिए। मोहन पनि बाबुका कुरा सुनेर सहमति जनाए झैं गरी बराबर मुन्टो हल्लाउने गर्दथ्यो। काठमाडौं आफू कहिल्यै नगएको र त्यस शहरबारे आफू अनभिज्ञ रहेको हुँदा उसले छोरालाई धेरै सम्झाउने कुरा पनि भएन। कहिलेकाहिं काठमाडौंबाट आएका मानिससँग हाकिमले गरेको कुरा अलि-अलि सुन्न पाएको आधारमा आफ्नो बुद्धि लगाएर छोरालाई सिकाउने प्रयत्न गर्दै थियो। यत्तिकैमा प्लेन आउन लागेको पूर्व-सूचना स्वरूप साइरन बज्यो। यताउता गफमा व्यस्त मानिसहरूको कुरा थामिइयो, एकैपटक सूनसान भयो। सबैका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आँखा टाढा आकाशमा प्लेटनको खोजीमा केन्द्रित भए। पर आकाशमा सानो दागजस्तो देखियो । नजिकै उभिएका मानिसहरूले त्यसतर्फ देखाउँदै आपस्तमा भन्न लागे- "ऊ, त्यो कालो दाग हवाईजहाजको, देखेनौ ? राम्ररी नियालेर हेर त देख्ने छौ । अब त दाग पनि ठूलो देखिइसक्यो ।" केही वेरपछि हवाईजहाज आकाशमा निकै नजिक आइपुगेकोले आकार प्रष्ट देखिने भयो । एकैछिनमा उत्तरतर्फवाट जहाज धावनमार्गमा ओर्लियो- बेगले गुडेर अलि पर गयो, अनि अडियो । जहाजलाई सुस्तरी मोडेर एअरपोर्ट टर्मिनल अघि ल्याएर रोकिइयो । जहाजको ढोका खुल्यो । दुई जना कुल्लीहरूले गुडाउने सिँढी छिटो-छिटो लगेर जहाजको ढोकामा उभ्याए । अनि जहाजका यात्रुहरू ओर्लन थाले ।

मोहन यी सबै कुराहरू हेरिरहेथ्यो । उसको ध्यान कहिले वाबुतर्फ जान्थ्यो भने कहिले हवाईजहाजतर्फ । उसको बाबुले पहिलोपटक विराटनगरमा हवाईजहाज आउँछ भन्ने सुनेर उसलाई लिई हवाइमैदानतिर गएको कुरा उसले सम्झियो । त्यो वेला त्यो दृश्य हेर्न गाउँ-देहातवाट थुप्रै मानिसहरू जम्मा भएका थिए । विराटनगरमै वसोवास गर्नेहरू समेत निक्कै थिए । सबैले कौतुहलका साथ हवाईजहाजको आगमन पर्खे । आकाशमा हवाईजहाज देखि अनि त्यसको आवाज सुनेर त्यहाँ भेला भएका सवैले औधी आश्चर्य मानेका थिए । उसलाई पनि निकै रमाइलो लागेको थियो । त्यसको केही समयपछि काठमाडौं-विराटनगर हवाइ-सेवा शुरू भयो । अब विराटनगरमा दिनहुँ हवाईजहाज आउन थाल्यो । अनि मानिसहरूको मनबाट त्यस किसिमको कौतुहल विस्तारै हराएर गयो ।

प्लेनबाट काठमाडौं जाने भन्ने कुरा सुनेदेखि नै एक अवर्णनीय कौतुहल, रोमाञ्च र भयमिश्रित उद्वेग मोहनको मनबाट कहिल्यै हटेन । यस उद्वेगले उसको मनलाई हरबखत समाइराख्यो । " प्लेनमा उड्दा कस्तो होला । आकाशमा न त समाउने ठाउँ छ न त टेक्ने - के गरी जाँदो हो ? कस्तो लाग्ला ? " यस्तै भावनाहरूले उसको मन स्पन्दित हुन्थ्यो । यसो त हवाईजहाजबाट काठमाडौं पुग्ने बित्तिकै उसको एक घनिष्ट मित्र हवाइअड्डामा उसलाई लिन आउने र उसैसँग टेबहालमा डेरा गरी वस्ने कुरा मोहनलाई थाहा थियो । झन् हिँड्ने दिन त उसको अत्यास झन् वढेर आयो, आफू जेमा पनि लटपटिए जस्तो - भ्रमित भए जस्तो जसलाई लाग्न थाल्यो । मुटुको ढुकढुकी वढे जस्तो अनि कस्तो-कस्तो महसुस गर्न थाल्यो । बाबुसंग रिक्सामा चढी हवाइमैदानतर्फ

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

जाँदा भने उसको मनका ती अनुभूतिहरू झन् तीव्र भए। ऊ हवाइमैदान पुग्यो। उसको मनको अत्यास घटेको थिएन। त्यहाँ अरू यात्रुहरू पनि काठमाडौं जान लागेका-तीमध्ये कतिको अनुहार बरावर देखिरहेको– पुऱ्याउन आएका मानिसहरुको जमात पनि निकै भएको र ती सबैले हाँसी-खुशी कुरा गरिरहेको देख्दा उसको मनमा अलिकता बल आएको जस्तो लाग्यो – उसको अत्यासको तीव्रता घटेको जस्तो लाग्यो। समय बेत्नका साथसाथै हवाइअड्डाको वातावरणवाट उसको मन आश्वस्त हुँदै गयो – अनि उद्वेग र अत्यास निकै नै घट्यो तथापि पूरै रूपमा घट्न भने सकेन।

हवाईजहाजबाट यात्रुहरू ओर्लिए र सामानहरू पनि तल ओरालियो। केही समयपछि काठमाडौंतर्फ जाने यात्रुहरूलाई हवाईजहाजमा चढन्का निम्ति बोलाइयो। सबै यात्रुहरू प्लेनतर्फ लागे। मोहन पनि अन्यमनस्क स्थितिमा काँधमा किताबको झोला भिरेर लुरू-लुरू प्लेनतर्फ लाग्यो। हवाईजहाजमा चढ्नु अघि उसको 'बोर्डिङ्ग पास' त्यहाँ भरेङ नजिक उभिएको एकजना कर्मचारीले हेऱ्यो अनि भरेङ चढेर हवाईजहाजभित्र जान इशारा गऱ्यो। भरेङ उक्लिएर मोहन जहाजको ढोकाभित्र पस्यो। जहाजभित्र दुई-दुई जना बस्न हुने गरी सिट राखिएको र बीचबाट चाँहि बाटो राखिएको थियो। एअर होस्टेसले उसको ' बोर्डिङ पास' हेरेर उसको सिट नं. बताई र सिट देखाईदिई। उसको सिट झ्यालतिर परेको रहेछ। भित्रबाट उसले एकपटक बाहिर हेऱ्यो। यात्रुहरू हवाईजहाजमा चढ्दै गरेको देख्यो। हवाइमैदानमा आफन्तलाई विदा गर्न आएका मानिसहरू आ-आफूमा गफ गर्दै जहाजतर्फ हेर्दै थिए। उसको बाबु पनि एक्लै उभिएर ट्वाल्ल परी जहाजतर्फ हेर्दै थियो। मोहनले त बाबुलाई प्रष्ट चिन्यो, तर जहाजभित्र बसिसकेकोले मोहनलाई उसको बाबुले हतपत देख्न र ठम्याउन सक्दैनथ्यो।

हवाईजहाजभित्र यात्रुहरू आएर आ-आफ्नो सिटमा बसे र एकैछिनमा सबै सिटहरू भरिए। केही समयपछि एअर-होस्टेसले हवाईजहाजको ढोका बन्द गरी। पाइलटले जहाज स्टार्ट गरे। जहाजका पंखाहरू बडो बेगले घुम्न थाले। एअर होस्टेसले सानो किस्तीमा टफी र कपास राखेर यात्रीहरू समक्ष क्रमैले प्रस्तुत गरी। कतिपय यात्रुले चकलेट र कपास दुवै लिए; कसैले केही लिएनन् त कसैले टफी मात्र लिए। एअर होस्टेसले सबै यात्रीहरूमा सिट-बेल्ट बाँध्न अनुरोध गरी। मोहनले चाँहि टफी खानका निम्ति दिइएको हो भन्ने अड्कल लगाए पनि कपास चाँहि कुन प्रयोजनका निम्ति हो ठम्याउन सकेन। कपास लिएका एक-दुई यात्रुले कपास कानमा कोचेको देखेर मोहनले पनि आफ्नो

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कानको प्वालमा कपास घुसाऱ्यो। हवाईजहाज विस्तारै हिड्यो – अनि हवाइमैदानको दक्षिण किनारा नजिक पुगेर उत्तर मोहडामा गई उभियो। मोहनको मुटु ढुकढुक गरिरहेको थियो र मुटु धड्केकोले आवाज स्पष्टै सुनेजस्तो उसलाई लागिरहेको थियो। तर, उसले झ्यालबाट बाहिर हेर्न छोडेन – बाहिरका दृश्यहरू ऊ प्रष्ट देखिरहेथ्यो। जहाज चौरमा बेस्सरी गुड्यो अनि एकछिन पछि नै जहाजले जमिन छाड्यो र आकाशतिर अक्कासियो। जहाजले जमीन छोड्दा मोहनलाई आफू हल्को भएको जस्तो लाग्यो – शरीरमा बेग्लै प्रकारको अनुभूतिको संचार हुन गयो।

आकाशमा विस्तारै उक्लिदै गएको हवाईजहाजलाई भित्रबाट मोहनले हेरिरहेको थियो। माथि आकाश त कहाँ हो कहाँ अनन्त थियो। तल भूइँमा हेर्दा मोहनले हवाइमैदान वरिपरिका घरवारीहरू, चरिरहेका गाई-भैंसीहरू, खेतहरू र हवाइअड्डामा उभिरहेका मानिसहरू देख्यो। ऊ आफूभने आकाशमा जहाजभित्रबाट उडिरहेको थियो। जहाजले विराटनगर बजारको एक फन्को माऱ्यो। पर सिंग्याइ नदी, अनि टंकी, अनि केसलिया नदी, बीचमा बजार – सबै मोहनले जहाजभित्रबाट देख्यो। जहाज अकासिएर माथि पुगेपछि भूइँ, रूख र बाटोहरूको आकार क्रमश: सानो हुँदै गयो। जहाज आकाशमा पश्चिम र उत्तरको कुनातर्फ एक निश्चित उचाइमा उड्न थाल्यो। मोहनलाई यी सबै कुरा अचम्म लागिरहेको थियो – मनमा व्यक्त गर्नै नसकिने अनुभव भइरहेको थियो। आकाश स्वच्छ थियो, घाम लागिरहेको थियो र हवाईजहाज अगाडि बढिरहेको थियो हवाईजहाजभित्र कोही सिटमा आँखा चिम्लेर बसेका, कोही किताब पढिरहेका, कोही अखवार हेरिरहेका थिए भने कोही-कोही चाँहि आपसमा कुराकानी गर्नमा व्यस्त थिए। एअर-होस्टेस केही काम गर्दै थिइन्।

हवाईजहाज अगाडि बढ्दै गइरहेको थियो। मोहनले तल हेऱ्यो – हरिया खेत, चौर, अनि बीचबीचमा बसेका गाउँहरु, जंगल अनि कच्ची बाटो प्रष्ट देखिन्थ्यो। केसलिया नदी, सुनसरी नदी पार गरेर जहाज टप्पुमाथि उड्दै कोशी नदीमाथि पुग्यो। टाढाका पहाडहरू स्पष्ट देखिन थाले। पहाडमा बादलका टुक्राहरू उडिरहेका थिए। केही वेरपछि जहाज पहाड माथिबाट उड्न थाल्यो। शुरूमा चुरे पहाडको फेदी देखियो अनि जहाज जति-जति अगाडि बढ्दै गयो पहाडको उचाइ पनि बढ्दै गयो। हवाईजहाजबाट हेर्दा ठूला-ठूला पहाडहरू माटोका थुम्का झैं देखिन्थे र पहाडमा भएका वन-जंगल, वनस्पतिको हरियोपन प्रष्ट देखिन्थ्यो। पहाडका खोल्साहरू र

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पहिरो गएर नाङ्गिएका भीर-पाखाहरू पनि देखिन्थ्यो । हवाईजहाज कहिले दुई पहाड-बीचको खोल्सा माथिबाट उड्दैथियो त कहिले एउटा चुचुरोलाई नाघेर अर्को चुचुरामाथि अगाडि बढ्दै थियो । पहाडमा कतै कतै फुसका छाप्राहरू पनि देखिन्थे । उडेको २० मिनेटपछि " सगरमाथा- ऊ " भनी केही व्यक्तिले भने र मोहन पनि त्यतातिर नै नियालेर हेर्न थाल्यो तर उसले सगरमाथा ठम्याउन भने सकेन । सगरमाथा धेरै टाढा पर्दछ र विराटनगरबाट हवाईजहाजमा काठमाडौं जाँदा मात्र सगरमाथा देखिन्छ र त्यो पनि धमिलो भनी मानिसहरूले भनेको कुरा उसले सुनेको थियो ।

एअर-होस्टेसले चिया र बिस्कुट सबै यात्रुहरूलाई बाँडी । कसैकसैले लिए र कसैले लिएनन् । आकाशमा उडिरहेको हवाईजहाजबाट निस्कने सनन् आवाज र गतिबाट उत्पन्न कम्पन वातावरणमा व्याप्त थियो । पर-पर बादलका साना टुक्रा देखिन थाले कहिलेकाहिँ हवाईजहाज बादलमाथिबाट उडेर जाँदा सेतो कपासको ठूलो पहाडबाट माथि गएजस्तो लाग्दथ्यो । एकपटक त हुस्सुले हवाईजहाजलाई ट्याप्पै ढाक्यो, हवाईजहाज तल- माथि गएजस्तो लाग्दथ्यो - तर एकैछिनमा खुला आकाशमा निस्क्यो । त्यसबेला हवाईजहाजभित्र अचानक एक किसिमको आशंकित वातावरण छायो । उत्तरतर्फ पर घाम लागेर सुनको ढिका झैं चम्किरहेको हिम-शिखरहरूको ताँती हवाईजहाजबाट प्रष्ट देखिइन थाल्यो । " ऊ बनेपा, त्यो गाउँ त बनेपा हो, अब काठमाडौं टाढा छैन " जहाजमा यात्रा गरिरहेका एकजनाले भने । मैले पनि तल गाउँ देखें । जहाज अघि बढ्दै गयो । केही बेरपछि जहाज ओर्लियो । गौचर विमानस्थलको धावन-मार्ग पक्की थियो ।

जहाजबाट यात्रुहरू ओर्लिए । मोहन पनि सँगै ओर्ल्यो । ओर्लनासाथ मोहनलाई अलि चिसोजस्तो महसुस भयो । अब के गर्ने भनेर मोहन एकछिन अकमक्क पऱ्यो । पछि अरू यात्रीहरू पछि-पछि ऊ पनि हिड्यो । काठमाडौंको हवाइअड्डाको भवन विराटनगरकोभन्दा ठूलो थियो । त्यहाँ उपस्थित मानिसहरूले ऊनी लुगा लगाएका थिए । गौचर हवाइअड्डामा उभिएर हेर्दा चारैतिर पहाडका डाडाहरू मोहनले देख्यो । काठमाडौं हवाइअड्डामा अंग्रेजहरू पनि निकै देख्यो - जो उसको निमित्त नयाँ कुरा थियो । विराटनगरबाट आउने मानिसहरू आफ्नो सामान लिन पर्खिरहेका थिए । "ए मोहन, मोहन " – मोहनले बोलाउनेको आवाज चिनिहाल्यो । उसले फर्केर हेऱ्यो अनि भन्यो – " ए कृष्ण ! म आइपुगें । । हवाईजहाजबाट कहिल्यै नहिँडेकोले अचम्म

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

लागिरहेछ ।"

कृष्ण - " मेरो घरमा आउनु अघि गइस् के ? के कस्तो छ ? सबैलाई आराम छ ? केही सम्चार पठाएका छन् कि ?

मोंहन - गएको थिएँ, तिम्रो बुवासँग त भेट भएन तर आमासँग चाहिँ भेट भएको थियो । तिम्रो भाइ हरिलाई ज्वरो आएको थियो रे, अब त निको पनि भइसक्यो रे । सबै ठीक छ । अँ, तिम्रा लागि केही सामान र पैसा पठाएका छन् ।

कृष्ण - " अँ, मैले अलिकता पैसा मागेको थिएँ । आमाले पठाई दिनु भएछ, बेसै भयो । ऊ सामान पनि आइपुग्यो क्यार । हेरौं त । "

यात्रुका सामानहरू ठेलाजस्तो गाडामा लादेर गुडाउँदै ल्याएको थियो । विराटनगरबाट आएका यात्रुहरू आ-आफ्नो सामान हेरिरहेका थिए । कृष्ण र मोहन पनि त्यतै गएर सामान हेर्न थाले । मोहनको एउटा सुटकेश मात्र थियो, फेला परिहाल्यो । हवाईजहाजको कर्मचारीलाई सामानको ट्याग दिएर मोहनले सुटकेश बोक्यो र एअरपोर्टबाट बाहिर निस्किन दुवै लम्किए । बाहिर आएपछि कृष्णले ट्याक्सी बन्दोवस्त गऱ्यो र दुवै त्यसमा चढे । ट्याक्सी हिड्यो । एअरपोर्टको बाहिरपट्टि थुप्रै ट्याक्सी आएर बसेको मोहनले देख्यो । विराटनगरमा ट्याक्सी नपाइने र रिक्सा मात्र पाइने कुरा उसले मनमा सोच्यो ।

ट्याक्सी बाटोमा दगुर्न थाल्यो । बाटो बढी उकालो-ओरालो परेको थिएन, अलिअलि मात्र थियो । ट्याक्सी बस्ती भएको ठाउँ छिचोलेर अगाडि बढ्न थाल्यो र कृष्णे चाँहि भन्दै गयो - " यो पऱ्यो बत्तीसपुतली, यो धोबीखोलाको पुल नाघियो, ऊ त्यो हो मैतीदेवी र अब हामी डिल्लीबजार आइपुग्यौं । यो ठाउँको नाम पुतलीसडक हो र यसलाई चाँहि बागबजार भनिन्छ । ऊ घण्टाघर त्यही हो र यहाँ नै त्रिचन्द्र कलेज छ र हाम्रो परीक्षा यही हुन्छ । त्यतापट्टिको त्यो रत्नपार्क हो, अब दरवार स्कूल आइपुग्यो, यो वीर अस्पताल हो, यो महाँकालको मन्दिर हो, अब हामी नयाँसडकको ढोकाबाट छिऱ्यौं - अनि ल, हाम्रो डेरा नजिक पुग्यौ ।" नयाँ सडकको ढोकाबाट पसेपछि ट्याक्सी बायाँतर्फ मोडिएर केही पर पुगेपछि रोकिइयो । बाटोमा मोहनलाई रमाइलो लागि रह्यो । नयाँ ठाउँ भएको हुनाले हरेक कुरा हेर्ने उसको उत्सुकता थियो । कुनै खास उकालो-ओरालो नदेख्दा आफू पहाडमा भए जस्तो उसलाई लागेन । काठमाडौं पहाड पनि त होइन । यो त उपत्यका हो - यसलाई चारैतिरबाट पहाडले घेरेको छ । यहाँबाट वाहिर निस्कने

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

चार भन्ज्याङ्गहरु छन् । यहाँको स्थान समतल नै छ ।

ट्याक्सी रोकिइयो । दुवै ओर्ले । ट्याक्सीको भाडा तिरेर दुवै घरभित्र पसे । कृष्णल एउटा लामो - फराकिलो कोठा भाडामा लिएको रहेछ र खाना चाँहि होटलमा खाने गरेको रहेछ । ईटा र माटोको गाह्रोमा छाना भिँगटीले छाएको एउटा तीन-तल्ले घर थियो । घरहरू एक-अर्कासँग टाँस्सिने गरी बनाइएका थिए र एकैनासका निर्माण सामाग्रीहरूवाट वनेका थिए । विराटनगरमा घरहरू यसरी टाँसिएर बनाईदैनथ्यो - त्यहाँका घरहरू अलग-अलग बनेका हुन्थे । घरहरू एकापसमा टाँस्सिएर वनेका देखेर मोहनले अचम्म मान्यो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

दोस्रो अध्याय

मोहन र कृष्ण दुवै पढ्न व्यस्त भए। ती दुवैको पढ्ने बानी पनि अचम्मकै थियो। मोहन विहान पाँच बजेदेखि उठेर पढ्न थाल्थ्यो र सात बजेपछि चिया बनाएर कृष्णलाई उठाउँदथ्यो। साढे नौं - दशमा खाना खान दुवै होटल जान्थे। महिनावारी खाना खर्च एक सय रूपैयाँ थियो। दिनभरी पढेपछि साँझमा एकछिन घुम्न निस्कन्थे। अनि साँझको खाना खाएर दुवै पढ्न थाल्थे। मोहन भने नौ बजे नै सुतिहाल्थ्यो। तर कृष्ण भने राती बाह्र-एक बजेसम्म पढ्थ्यो। यसरी मोहनले कृष्ण कुन वेला सुत्दथ्यो त्यो कहिल्यै देखेन र कृष्णले मोहन विहान कति वेला उठ्दथ्यो त्यो कहिल्यै देखेन। दुवैको पढाइ प्रतिदिन यही नियमबाट चल्थ्यो। कहिलेकाहीं बीचमा २-३ बजे काम विशेषले दुवै बाहिर पनि निस्कन्थे।

मोहनका लागि काठमाडौंको अनुभव नयाँ थियो। काठमाडौंका कतिपय पसलमा नेवारी बोल्दथे। कतिपय मानिसहरू या त नेपाली बोल्न जान्दैनथे अथवा कनीकुथी अशुद्ध बोल्थे। विराटनगरमा भने नेपाली र मैथिली-भोजपुरी बोलिइने गरिन्थ्यो। काठमाडौंमा एकातिर आधुनिक लुगा लगाई ठाँटिर हिँडेका सबै उमेरका मानिसहरू देखिन्थे भने अर्कोतिर लवेदा- सुरूवाल र त्यसमाथि इस्टकोट अनि टोपी लगाएका मानिसहरू पनि त्यत्तिकै देखिन्थे। पूरा बाहुले चोलो लगाएका अनि आफ्नै देशमा बनेको मोटो सूती धोती लगाएका र त्यसमाथि पछ्यौरा ओढेका प्रत्येक उमेरका नारी मनग्य देखिन्थे। विराटनगमा त लोग्नेमानिसले धोती, कुर्ता, पाइजामा, कमीज नै धेरैजसोले लगाउँदथे भने अफिसमा काम गर्ने कर्मचारी र हाकिमले भने लवेदा-सुरूवाल, टोपी र कोट लगाउँथे। स्थानीय बासिन्दा (जसलाई मधेसेनी भनिन्छ) - आइमाईहरू धेरैजसो चोलो नै लगाउँदैन थिए - कसैले सारी र कसैले पेटानी मात्र लगाउँथे।

मोहनले काठमाडौंमा नयाँ - नयाँ बस, निजी मोटरगाडीहरू र सरकारी गाडीहरू प्रशस्त देख्यो। कोही- कोही चाहिं मोटरसाइकल पनि चढ्दथे, तर रिक्शाको चलन भने त्यति थिएन। विराटनगरमा बडाहाकिम र मिलिटरी बाहेक अरूको सरकारी गाडी

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

थिएनन् । जूट मिल र कटन मिल र चिनी मिलको भने आफ्नै मोटरगाडी थियो । निजी गाडीचाहिं कुनै-कुनै ठूला व्यापरीसंग थिए । विराटनगरमा मोटरगाडीहरू प्रशस्त थिएनन् । विराटनगरदेखि रानी तथा विराटनगरदेखि धरानसम्म वस-सेवा उपलब्ध थियो । काठमाडौं भए जत्ति विभिन्न प्रकारको मोटरगाडी मोहनले यस अघि देखेको थिएन । वाटोमा गुडिरहेका मोटरहरूलाई रमाइलो मानेर ऊ उभिएर हेरिरहन्थ्यो ।

काठमाडौं विराटनगरको दाँजोमा चिसो थियो । विराटनगर तराईमा पर्दछ भने काठमाडौं समुद्र-सतहभन्दा करीब पैंतालीस सय फिटको उचाइमा छ । काठमाडौंको पानी पनि चिसो थियो र विहान-वेलुकी हात-मुख धुँदा चसक्क चिसो लाग्दथ्यो । परीक्षाको समय धेरै नजिक आइसकेकोले मोहनले काठमाडौं धेरै घुम्न पाएको थिएन । धेरैजसो समय पढाइमा नै वित्दथ्यो र जम्मा २/३ चोटि मात्र वाहिर घुम्न ऊ निस्केको थियो । टेवहालमा ऊ बसेको छेउको वाटोमा मुखमा गणेशको मन्दिर थियो । त्यहाँ पूजा र दर्शन गर्न विहानीपख निकै भक्तजनहरू आउँथे । पश्चिमपट्टि अलि पर संकटादेवीको मन्दिर थियो । यो मन्दिरमा शनिवार धेरै घुइँचो हुन्थ्यो । घरवाट वाहिर निस्केपछि केही पर उत्तरतिर हिड्ँनासाथ नयाँसडक आइपुग्दथ्यो । करिव वाह्र सय फिट लामो पूर्व-पश्चिमको सडक र त्यसपछि यो सडकको कुनामा स्थित सालिकबाट उत्तर तर्फ करिव आठ सय फिट लामो सडक इन्द्रचोकसम्म गएको थियो । काठमाडौंको ठूला-ठूला पसलहरू र चौडा सडक भएको मुख्य बजार यही थियो । सालिकसँगै भूगोलपार्क थियो । त्यसको दक्षिणपट्टि गोरखापत्र छापाखाना र नेपाल बैंकको केन्द्रीय कार्यालय थियो । डेराबाट होटलमा खाना खान जाँदा विहान-बेलुकी जहिले पनि दुई पटक यो बाटो मोहनले हिँड्नु पर्दथ्यो । उत्तरतर्फ अलि भित्रस्थित रंजना सिनेमामा कुन सिनेमा चलेको छ भन्ने हेर्न उसका आँखा उठ्थे । यही बाटोको दक्षिणतर्फ पिपलको बोटमुनि अखवार किन्ने मानिसहरूको जमघट हुन्थ्यो । बाटैको एउटा पत्रिका पसल सन्देशगृहमा मानिसहरू हिन्दी र अंग्रेजी पत्रपत्रिकाहरू किन्न लागेका पनि देखिन्थ्यो । पिपलको बोटबाट अलि अघि गएपछि जनसेवा सिनेमा भवन थियो जुन हाल जलेर ध्वस्त भइसकेको छ । त्यसपछि सालिक आइपुग्थ्यो र करीब चारसय फिट पछि एउटा गल्ली पश्चिमपट्टि लाग्दथ्यो र मोहन त्यही गल्लीमा रहेको एउटा होटलमा खाना खान प्रतिदिन जान्थ्यो । मोहनले यस गल्लीको नाम मक्खन-गल्ली भनेर सुनेको थियो ।

मोहनलाई भारतीय रूपियाँ साट्न इन्द्रचोक जानु परेको थियो । तिनताका

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

तराईमा भारतीय रूपैयाँ नै चल्दथ्यो। नेपाली रूपियाँको प्रचलन पहाडी क्षेत्र र काठमाडौं क्षेत्रमा मात्र सीमित थियो । मोहन काठमाडौंका गल्लीहरूमा अलमलिन थाल्यो । विराटनगरमा यस्ता गल्लीहरू थिएनन् । इन्द्रचोकबाट भोटाहिटी जान गल्ली भएरै जानुपर्दथ्यो । अरू ठाँउको अपेक्षा त्यस गल्लीमा मानिसको बढी आवागमन भएको मोहनले महसुस गऱ्यो । भोटाहिटी निस्केर दरबार स्कूल हुँदै एकपटक ऊ सरस्वती-सदन हेर्न गएको थियो। मोहन गल्लीमा पस्ने साहस अलमलिने पो हो कि ? भनी कमै गर्दथ्यो ।

दोश्रो दिन अपरान्ह मोहन र कृष्ण काठमाडौं घुम्न निस्के। उनीहरू पहिले हनुमान् ढोकातर्फ गए । काठमाडौं गणेशको दर्शन गरेपछि उनीहरू निजकै काष्ठमण्डप हेर्न गए । यो काष्टमण्डप एउटै रूखको काठले बनेको हो भन्ने भनाइ थियो र यही काष्टमण्डपको नामबाट काठमाडौं भन्ने नाम परेको हो भन्ने भनाइ थियो । उनीहरू त्यसपछि गद्धी-वैठक हुँदै हनुमानढोका तर्फ लागे । गद्धी वैठकमा नेपाल राष्ट्र बैंकको कार्यालय देखे। पृथ्वीनारायण शाहको गद्धी यही ठाउँमा थियो र अहिले पनि गद्दी त्यहीं राखिएको देखियो। गद्दी बैठकबाट उत्तरतर्फ लाग्दा कालभैरवको उत्तर फर्केको अजंगको मूर्ति र वाटोको छेउमा ठूलो दमहा र घण्टा देखियो। दुवै हनुमान्को मूर्ति छेउ पुगे। सानो स्तम्भमाथि गेरू रंगको हनुमान्को मूर्ति देखे। त्यसको पूर्वपट्टि टाँसिएका घरहरूमा सैनिकहरूले पालो-पहरा गरिरहेको देखे। त्यो घरभित्र भएर तलेजु भवानीको मन्दिरमा जाने वाटो पर्दथ्यो। त्यो घरको ढोकाभित्र अवस्थित नरसिंहको मूर्ति पनि देखे। पहिले त्यहाँ आमुन्ने-सामुन्ने नरसिंहका दुई मूर्तिहरू थिए रे। ती दुवै मूर्तिका बीचमा हुँदै कुनै एकजना घरभित्र जानलाग्दा दुवैले त्यो मानिसलाई " खाउँ कि नखाऊ " भनी तर्साए रे। त्यसो भएकोले नरसिंहको एउटा मूर्ति त्यहाँबाट सारियो रे। मोहन कृष्णले इन्द्रचोकमा भैरव र असनमा अन्नपूर्णाको मूर्तिको दर्शन गरे। त्यहाँबाट दर्बार हाइस्कूल निस्के र चारैतिर बारले घेरिएको रानीपोखरी देखे । त्यसको दक्षिणपट्टि टुँडिखेलको मैदान थियो। राणा शासनताका यहाँ सैनिकहरूको कवायद हुन्थ्यो रे। ठूलो ऐतिहासिक महत्व बोकेको खरीको बोट यही टुँडिखेलको मध्य भागमा अवस्थित थियो । टुँडिखेललाई बीचबाट टुक्र्याएर एकातर्फको भागमा चारैतिर बाटो बनाइएको र मध्यमा पर्ने गरी बनाएको शहीदहरूको स्मारक (शहीद गेट) उसले देख्यो। टुँडिखेलको दक्षिण भागमा शाही-सेनाको प्रधान कार्यालय थियो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मोहनले विराटनगरमै काठमाडौंका महत्वपूर्ण स्थानबारे किताव पढेर चाल पाइसकेको थियो। आज आफ्नै आँखाले ती चिजहरू देख्न पाउँदा उसलाई अति नै आनन्द लागिरहेको थियो। हिँड्दै जाँदा उनीहरू भद्रकालीको मन्दिर पुगे जहाँबाट सोझै पूर्वतर्फ सिंहदरवारको गरिमामय भवन देखिन्थ्यो। दुवै सिंहदरवारतिर हिँडे। अहिले सबैले हिड्ने गरेको बाटोमा राणाकालमा सर्वसाधारणले हिंड्न पाउँदैनथे रे। सर्वसाधारणले तल खेतको छेउ-छेउ भएर जानु पर्दथ्यो रे। त्यो बाटोमा राणा परिवारका व्यक्तिहरू मात्र हिँड्न पाउँदथे रे। सिंहदरवारमा विभिन्न मन्त्रालय र विभागहरूको कार्यालय थियो। ढोकामा सैनिकको पालो - पहरा थियो। सर्वसाधारणले सिंहदरवारको मूल ढोकाबाट दिउँसो २ वजे पछि मात्र पस्न पाउँथे। मोहन र कृष्ण दुवै जना मूलढोका भित्र पसे।

सिंहदरवारको भव्य रूप देखेर मोहन निकै प्रभावित भयो। अगाडिपट्टि फोहरा-ले पानी फ्याँकिरहेको थियो। त्यो पानी एउटा सानो तलाउमा झर्दथ्यो। तलाउको पानी स्फटिक झैं स्वच्छ थियो। त्यस तलाउमा विभिन्न रंगका माछाहरू पालेर राखिएको थियो। माछा कहिले पानीमा माथिल्लो सतहसम्म आउने र मुखले पानीमा भुल्का छोडेर फेरि तल जाने गरेको देख्दा मोहनलाई निकै रमाइलो लागेको थियो। त्यस तलाउको चारैतिर विभिन्न फूलहरूको बोटले सुसज्जित एउटा राम्रो बगैंचा थियो। केही फूलहरू फक्रेका थिए। सिंहदरवारको हातामा सल्ला र अरू जातिका ठूला-ठूला रूखहरू लगाइएको थियो। मुल ढोकामा दुवैतिर पालो -पहरा बस्नका लागि वुर्जाहरू बनाइएको थियो। सिंहदरवारको कम्पाउण्ड अग्ला पर्खालहरूबाट घेरिएको थियो। त्यहाँको खुला स्वच्छ वातावरण र सिंहदरवारको भव्य महल देखेर मोहन त्यसै दंग पर्थ्यो। सिंहदरवार राणा प्रधानमन्त्री चन्द्र शमसेरले बनाउन लगाएका र राणा प्रधानमन्त्रीहरू त्यही नै बसोबास गर्दथे भन्ने कुरा उसले किताब पढेर थाहा पाएको थियो।

केही वेर सिंहदरवारको रमझम हेरेर रमाइलो गर्दै दुवै आफ्नो डेरातिर फर्कन लागे। साँझ पर्ने बेला भइसकेको थियो। आफ्नो डेरा जाने सिलसिलामा उनीहरू सुनधारा पुगे। सुनधारामा मोहनले शिर ठाडो गरेर उभिएको धरहरा देख्यो जसलाई भिमसेन थापाले बनाएका थिए भन्ने मोहनलाई थाहा थियो। पहिले-पहिले यो धरहराको उपयोग सैनिक- कार्यहरूको निम्ति गरिन्थ्यो। धरहरामाथिबाट बिकुल बजाएपछि त्यो आवाज टाढासम्म पुग्न सक्ने र यसरी बिकुल बजाएपछि सैनिकहरू

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

टुँडिखेलमा जम्मा हुनु पर्ने रे भन्ने कुरा मोहनले सुनिराखेको थियो। पहाड र मधेशबाट आइरहेको केही नर-नारीहरू धरहरा हेर्न लागिरहेका उसले देख्यो। धरहराको अगाडि उत्तरतर्फ सुनधारामा मानिसहरु पानी पिउँदै गरेको उसले देख्यो। सुनधारामा अविरल पानी आइरहन्थ्यो। दुवै जना एकछिन नयाँसडक घुमेर खाना खान होटलमा पसे।

परीक्षा नजिकै आइसक्यो। यो प्रश्न आउन सक्छ, उ प्रश्न आउन सक्छ भन्ने हल्ला बराबर चलिरहन्थ्यो। विराटनगरवाट आएका साथीहरूमध्ये केहीले काठमाडौंमा पढ्ने विद्यार्थीहरुलाई चिनेका थिए। तिनीहरूबाट " गेस कोइसन" सुन्न पाइन्थ्यो। कहिंलेकाहीं विराटनगरका कुनै साथी त्यस डेरामा आएर " के पढेको ? के के हल्ला छ ? जाँचमा के आउन सक्छ ? केही सुनेको भए हामीलाई पनि भन। हामीले त यो विषयमा यस्तो आउँछ भनी हल्ला सुनेको थियौं " भन्दथे। मोहन र कृष्ण पनि गेस पेपरको कुरा बुझ्न कहिलेकाहीँ' विराटनगरवाट आएका साथीहरूको डेरामा जान्थे। विराटनगरवाट आएका साथीहरूमध्ये कोही भोसिको टोल, कोही पाको पोखल्ड्याङ, कोही झोंछे, कोही जैंसीदेवल, त कोही किलागलतर्फ डेरा गरी बस्दथे। एक-दुईजना साथी बागबजार डिल्लीबजारमा आफन्तकहाँ बसेका थिए।

परीक्षाको तीन दिन मात्र बाँकी रह्यो। कृष्ण र मोहन दुवैजना एड्मिट-कार्ड (प्रवेश-पत्र) लिन सरस्वती सदन गए। सरस्वती सदन रानीपोखरीको छेउ स्थित थियो। बाटोको पश्चिममा सरस्वती सदन र पूर्वमा सामुन्ने नै त्रिचन्द्र कलेज थियो। त्रिचन्द्र कलेज प्रधानमन्त्री चन्द्र शमसेरको पालामा बनेकोले यो कलेजको नाम नै निजको नाममा राखिएको थियो। यो घण्टाघर त्रिचन्द्र कलेजको हाताभित्र पर्दथ्यो र यसमा चारैतिरबाट देखिने गरी घडी जडान गरी राखिएको थियो र त्यो घडीले प्रत्येक १५ मिनेटमा समयको संकेत-ध्वनी दिन्थ्यो। घडीले दिने आवाज ठूलो भएकोले निकै टाढाबाट समेत सुनिन सक्दथ्यो र निस्तब्ध र सुनसान रात्रीमा यसको आवाज निक्कै परबाट सुन्न सकिन्थ्यो। त्रिचन्द्र कलेजको करिब १ हजार फिट उत्तरमा राजदरबार थियो।

"भोलिदेखि परीक्षा शुरू हुन्छ। यसो विचार गर्दा त राम्रोसंग पढेको जस्तो लाग्छ। तर कृष्ण मेरो मन भने त्यसै डराई रहन्छ। कत्तिकै चेष्टा गर्दा पनि भयले मलाई छाडेन " - मोहनले भन्यो।

कृष्णले भन्यो - " मै हुँ भन्नेको पनि परीक्षा भनेपछि मनमा डर नलागी

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

छाड्दैन । तिम्रो र मेरो त के कुरा, डर लाग्नु स्वभाविक नै हो । म पनि डराइरहेको छु । आ, जे होला देखाजाला भनी मनमा त विचार गर्दछु, तर डर भने एक कुनामा लुकेर नै बसिरहन्छ । सबै जाँच दिनेहरूलाई यस्तै हो ।"

" हुन त सबै जाँच दिनेहरूलाई मनमा डर लागी नै रहन्छ, र यो डर तिम्रो र मेरो मनमा मात्र आएको होइन, त्यो मलाई थाहा छ । मैलै त आफ्नो मनको कुरा मात्र भनेको हुँ । आजै तीन-चारवजेतिर त्रिचन्द्र कलेज गएर हाम्रो सिट कुन कोठामा पर्छ भनी हेरिराख्नु ठीक होला अनि भोलि बिहान खोज्ने झन्झट गर्नु परोइन । जाँच कस्तो बिहान आठ बजे नै राखेको होला, र त्यही पनि डबल सिटिंग । पर्सि शनिवार नपरेको भए त सास समेत बिसाउन नपाउने ! " मोहनले भन्यो ।

" त्यो त हो, विहान र दिउँसो गरी ६ घण्टा लेख्दा त हात फत्रक्कै गल्ला । आज त्यतिका लेखेर आयो भोलि पनि त्यत्तिकै लेख्नु पर्ने, र पर्सि पनि त्यत्तिकै ! धन्न वीचमा शनिवार परेर एक दिन छुट्टी पाइयो । नत्र भने त पाँच दिनमै जाँच चट् ! तर भाइ-भाको दिन भने सूचनामा तोकेको छैन, कहिले पो गर्ने हो ? " कृष्णले भन्यो ।

मोहनले भन्यो, "हो, भाइ-भाको दिन तोकेको छैन । कोही-कोही के त भन्थिए, दश-पन्ध्र दिन पछि पनि भाइ-भा हुनसक्छ रे । कहिलेकाँही यस्तो पनि भएको छ रे । पटना यूनिभर्सिटीबाट भाइ-भा लिन प्रोफेसर आउछ रे । त्यसको डर र पीर मनमा अझै बाँकी नै छ । "

" अहिले त्यसको चिन्ता किन लिनु ? पहिले त भोलिदेखि चल्ने जाँचको चिन्ता लिउँ । पहिले यो जाँच सकौं - अनि भाइ-भा देखा जाला । जस्तो पर्ला त्यस्तै टर्ला" - कृष्णले भन्यो ।

जाँच शुरू भयो । मोहन र कृष्ण दुवै परीक्षा दिन त्रिचन्द्र कलेज जान्थे । तिनीहरूको कोठा बेग्लाबेग्लै परेको थियो । ऊ बस्ने कुर्सी थियो जसको दाहिनेपट्टिको हात कापी राखेर लेख्न सकिने जति चौडा बनाइएको थियो । त्यसैमाथि कपी राखेर लेख्नुपर्दथ्यो । त्यो कोठामा त्यस्ता कुर्सीहरू मात्र थिए । कुर्सीलाई एकपछि अर्को गरी राखिएको र बीचमा निरीक्षक हिँड्न सक्ने गरी बाटो राखिएको थियो । पहिलो वार्निङ्गको घण्टी बज्यो । परीक्षार्थीहरू आ-आफ्नो ठाउँमा आएर बसे । त्यसपछि परीक्षा शुरू भएको सूचना दिनें पहिलो घण्टी बज्यो । प्रश्नपत्रहरू बाँडिए । मोहनको हातमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पनि प्रश्नपत्र पर्‍यो। यही बीचमा उत्तर-पुस्तिका पनि बाँडिइयो। उत्तरकापीमा सिम्बोल नं, परीक्षा केन्द्र, विषय र नाम लेख्नु पर्थ्यो। परीक्षार्थीहरूमा केटाकेटी दुवै थिए, त्यसमा दुईवटा प्रश्नहरू निकै गाह्र थिए। प्रश्न बहुतै गाह्रे भएकोले कोठाभित्रका कतिपय विद्यार्थीहरूले लामलामो सास लिएको र खुइ ...... य गरेको आवाज बरावर आइरहेको थियो। कतिपय विद्यार्थीहरूको अनुहार फुङ्ग उडेजस्तो भयो। सबै आत्तिएका झैं देखिन्थे। मोहनले परीक्षा दिंदै गयो। प्रत्येक दिन विहानको परीक्षा दिइसकेपछि खाना खाएर अपरान्हको जाँच दिन त्रिचन्द्र कलेज जानुपर्थ्यो। परीक्षाको दोस्रो वैठक दिनको दुई बजे शुरू भएर पाँच बजे सकिन्थ्यो। साँझमा लखतरान भएर डेरा फर्कियो, चिया वनाएर खायो, थाकेको हुनाले पढ्न मन पनि लाग्दैनथ्यो, अनि खाना खान गयो, र खाना खाएर आएपछि मात्र पढाइ शुरू गर्थे। अन्ततः परीक्षा सकियो। परीक्षा सकिएकै भोलिपल्ट भाइ-भा हुने दिन तोकिएको सूचना टाँसियो। सात दिनपछि भाइ-भा थियो। यस परीक्षामा उत्तीर्ण हुनु अनिवार्य थियो। यस्तो परीक्षा वाणिज्यशास्त्रतर्फ आई.कम. देखि नै लिइन्थ्यो।

सात दिनको छुट्टीमा के गर्ने ? भाइ-भामा यो सोध्ला र यसबाट प्रश्न आउँछ भन्ने कुनै निश्चित हुँदैनथ्यो। परीक्षकले जताबाट पनि सोध्न सक्थे। यसकारण, के पढ्ने त्यसको ठेगान गर्न गाह्रो थियो किनभने भाइ भा जाँचमा परीक्षकले मौखिक प्रश्न सोध्ने र परीक्षार्थीले मौखिक जवाफ दिनु पर्थ्यो। भरखरै मात्र परीक्षा दिएकोले परीक्षा दिइसकेको विषयमा जानकारी छँदै थियो। तसर्थ पढ्नु पर्ने खास केही थिएन। मोहनको नातागोता, इष्ट-कुटुम्ब काठमाडौंमा कोही नभएकोले कसैलाई भेट्न जानु पनि थिएन। मोहन र कृष्ण दुवैले घुम्न बाँकी रहेको ठाउँहरू यही सात दिनको छुट्टीमा हेर्ने र घुम्ने विचार गरे।

कहाँ जाने भनी विचार गर्दा पाटन घुम्न जाने निधो भयो। टुँडिखेलबाट पाटनढोका जाने वसमा चढेर गए। पाटन-ढोकामा ओर्लि गल्लीको बाटो गरी मंगलबजार -तिर लागे। पहिले अशोक सिनेमा पुगे। त्यसपछि पसल-पसलमा सोध्दै मंगलबजार पुगे। यहीं कृष्ण मन्दिर र पाटनको दरवार थियो। पाटनको कृष्ण मन्दिर कालो पत्थरले बनेको थियो।

मोहनले कृष्ण-मन्दिर देखाउँदै भन्यो - " यो मन्दिरको बनोट अरू मन्दिरहरूभन्दा वेग्लै छ। पुस्तकको चित्र हेर्दा भारतीय मन्दिरजस्तो देखिन्छ। यो एउटै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पत्थरबाट बनाइएको भनिन्छ। ऊ हेर, यो दरबार कस्तो राम्रो छ। यसका ढोकामा, खापामा र टुँडालहरूमा कस्तो कलात्मक चित्र कुँदिएको छ। पाटनको प्राचीनकालमा विकसित कला र संस्कृतिको यो टड्कारो उदाहरण हो। होइन त कृष्ण ?

" हो मोहन, ललितपुर काठ र ढुंगा दुवैमा कलात्मक चित्र कुँद्नमा धेरै माथिल्लो स्तरमा पुगेको कुरा इतिहासले भन्छ। ढलौटको मूर्ति र सामान बनाउने काममा पनि यस ठाउँको नाउँ अति नै अग्रणी छ। यसो त, काठमाडौंको तीनै शहरमा पुरातन उत्कृष्ठ कलाकृतिका नमूनाहरू जतातत‍ै मन्दिरहरूमा देखिन्छन्। ऊ, त्यो झ्याल हेर त, त्यहाँबाट राजा र प्रधानमन्त्रीले हेरे भने उसको ठूलो अहित हुन्छ भन्ने भनाई छ "- कृष्णले भन्यो।

मोहनले पुनः भन्यो , " पाटनमा जस्तो गल्ली काठमाडौंमा पनि छैन भन्छन्। मलाई त काठमाडौंमा गल्लीमा हराइएला भनी पस्न डर लाग्छ, झन् पाटनमा त गल्ली देख्नासाथ पन एकदमै झसङ्ग हुन्छ। यहाँको जान्ने मानिस एउटा गल्लीमा पसेपछि त्यसलाई भेट्टाउन सकिँदैन भन्छन्, त्यो गल्ली गल्ली हुँदै बेपत्ता हुन सक्छ र। सबै गल्ली एक-अर्कोसित जोडिएका छन् भन्दछन्। "

कृष्णले भन्यो - " मैले पनि त्यस्तै सुनेको छु। हामी दुवैको यो पहिलो पाटन भ्रमण हो। यहाँ नजिकै सिद्धिविनायकको मन्दिर छ रे। काठमाडौं उपत्यकाभित्रका चारै विनायकको दर्शन गर्न नसके पनि सिद्धिविनायकको दर्शन त गरौं। यसो त हामी दुवैले काठमाडौं गणेशको दर्शन गऱ्यौं, उनी पनि कम प्रख्यात छैनन्। कुनै ठूलो काम गर्दा राजाको समेत त्यहाँ पूजा गर्ने चलन छ। "

मोहनले सोध्यो - " मैले विनायकबारे सुनेको छैन । तिमीले सुनेका रहेछौं । पाटनमा नै जाउलाखेलमा चिडियाखाना छ भनी सुनेको थिएँ, त्यो पनि हेर्ने मेरो विचार छ। चार कुन-कुन विनायक छन्, भन त कृष्ण ! "

कृष्णले उत्तर दियो, " चार प्रख्यात विनायकहरूमा सूर्य विनायक, सिद्धि विनायक, जल विनायक र दुग्ध विनायक पर्दछन् भनी सुनेको हुँ। कार्यविनायक ललितपुरमा र सूर्यविनायक भक्तपुरमा छन् भन्ने सुनेको थिएँ। तर अरू विनायक कहाँ-कहाँ पर्दछन्, मलाई पनि थाहा छैन। सिद्धि विनायकको मन्दिर कहाँ पर्छ भनी पसलेलाई सोध्न पर्ला।"

पसलेहरूसंग सोध्दै मोहन र कृष्ण सिद्धिविनायक मन्दिरमा पुगे। त्यहाँबाट हिड्दै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पुल्चोक पुगे र त्यसपछि जाउलाखेल गए। जाउलाखेलको चिडियाखानामा टिकट किनेर उनीहरू भित्र पसे। चिडियाखानामा थरी-थरीका चरा-चुरूङ्गी, सर्प, बाघ, भालु, चितुवा, हरिण, बाँदर आदि देखेर दुवैजना खुशी भए। विराटनगरमा यस्तो चिडियाखाना थिएन। दुवैले जाउलाखेलबाट पैदल हिड्दै डेरा फर्किने विचार गरे। जाउलाखेलबाट पुल्चोक हुँदै अलिक ओरालो बाटो हिँडेर कानदेउतास्थान पुगे। बाटोमा कुपण्डोल हनुमानको दर्शन भयो। त्यसको नजिकै बागमती नदीमा फलामको बीममाथि काठ तेर्स्याएर बनाएको पुल थियो। मोटर र मानिसहरू यही पुलमाथिबाट हिँड्थे। वागमतीको पुल तरेर दुवै थापाथली पुगे, त्यसपछि त्रिपुरेश्वर आइपुग्यो, त्यहाँबाट उत्तरतर्फ अलि उकालो बाटो हिँडेर सुनधारा पुगे। सुन्धाराबाट टेबहाल नजिकै थियो।

भोलिपल्ट दुवैजना विहान पशुपति जान हिँडे। पशुपति धेरै टाढा नभएकोले पैदल जाने विचार गरे। डेराबाट निस्की नयाँसडक ढोका नाघेर उत्तरतर्फ टुँडिखेलको किनारै-किनार लागे। दरवार हाइस्कूलनिर पुगेपछि पूर्वपट्टि लागे। टुँडिखेल नाघेर वागबजार, पुतलीसडक, डिल्लीबजार, मैतीदेवी, धोवीखोलाको पुल, वानेश्वर, वत्तीसपुतली हुँदै गौशाला पुगे। बाटोमा सवारीहरू गुडिरहेका, मानिसहरू आवागमन गरिरहेका, पसलेहरू सामान बेचिरहेका, चिया मिठाइ खाइरहेका दृश्यहरू हेर्दै अगाडि बढे। गौशाला पुगेपछि पूर्व-उत्तरको बाटो हुँदै श्लेषमान्तक वन हुँदै पशुपति पुगे। पशुपतिको ढोका अगाडि बाटोको करीव एक सय पचास फिटको दुवै छेउमा मिठाइ-पसल र मूर्तिहरू बेच्ने पसल थिए। पशुपतिनाथको मूल ढोका अगाडि फूल बेच्नेहरू वसेका थिए। पशुपतिनाथको मूल ढोकामा पुलिसको पहरा थियो। पशुपतिनाथको मन्दिरको मूल ढोकाभित्र जुत्ता लगाएर जान नपाइने। हिन्दूले मात्र जान पाउने व्यवस्थाको रेखदेख गर्नका लागि पुलिस राखिएको थियो। दर्शनार्थीहरू फूल बेच्नेसँग फूलको टपरी किन्थे र आफ्नो जुत्ता कुर्ने जिम्मा फूलवालालाई दिएर भित्र जान्थे।

पशुपतिनाथको भव्य मन्दिर देखेर मोहनले भन्यो, "कृष्ण! कृष्ण, हेर कस्तो भव्य मन्दिर छ। मन्दिरको गजूर सबै सुनको रे! यसको छानामा पनि सुनको पालिस लगाएको छ भन्छन्।"

कृष्णले भन्यो, "मैले पनि त्यस्तै सुनेको छु। ऊ, ढोकाको अगाडि कत्रो वसाहा छ। मन्दिर पनि राम्रो छ। यो पशुपतिनाथको स्थापना शुक्राचार्यले गरेको भन्छन्। यसको पुजारीमा पहिलो दण्डस्वामी थिए रे। तिनले छोडेपछि दक्षिण-भारतको भट्टलाई

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पुजारी बनाउने चलन चल्यो रे ! "

मोहनले भन्यो, "पशुपतिनाथलाई पारसनाथ पनि भन्ने गर्दछन् । यसमा पारस पत्थर छ रे र त्यस पत्थरलाई जुन कुरासँग छुआयो त्यो कुरा सुन हुन्छ रे । त्यस्तो हुने भए नेपालमा सुनको कमी हुने थिएन । पत्थर ल्याउँदै पारस पत्थरमा छुवाउँदै थुप्रै सुन वनाउँदा कस्तो मज्जा हुने थियो, हैन त ?

कृष्णले भन्यो, " यस प्रकारको किम्वदन्ती छ । तर त्यो पारस पत्थर भने कसैले भेट्न सकेको छैन । एउटा कुरा के हुनसक्छ भने यस पवित्र मन्दिरमा आउने र श्रद्धा एवम् विश्वासका साथ दर्शन र भक्तिभाव गर्नेको मनमा पवित्रता आउँदछ । यो कुरा कम महत्वको छैन । एक प्रकारको व्यक्तिको मनको पापरूपी कालो पत्थरलाई पशुपतिको दर्शनबाट पारसले छोए झैं स्वर्ण कान्तिमय पवित्रतामा परिणत हुन जाने कुरालाई नै पत्थरलाई पारस छुवाएर सुन बनाएसरह लिन सकिन्छ ।

मोहन- " अँ, त्यसरी पनि पारसनाथको व्याख्या गर्न सकिन्छ ।"

पशुपतिनाथको मन्दिरमा चारढोका र भित्र चतुर्मुखी महादेव राखिएको थियो । दर्शनार्थीहरूले वाहिरवाटै मन्दिरमा महादेवलाई चढाउन पुजारीलाई फूल-प्रसाद दिन्थे र पुजारीले सो चढाएर केही फूल-प्रसाद चढाउनेलाई फिर्ता दिन्थे । मन्दिरको प्राङ्गणको छेउमा घरैघर र विभिन्न देवी-देवताहरूको मूर्ति देखिन्थ्यो । पूजा गर्न आउने र पूजा सकेर जाने भक्तजन प्रशस्त देखिन्थे । कतै भजनमा र कतै पूजा होममा साधुहरू लीन देखिन्थे । मन्दिर वरिपरि एक अलौकिक र मधुर वातावरण देखिन्थ्यो । कृष्ण र मोहनले उन्मत्त भैरव पनि देखे र एक हजार आठ महादेवलाई पनि परिक्रमा गरे । भुइँमा रहेको कीर्तिमुख भैरवको पनि दर्शन गरे ।

पहिला पशुपतिनाथका चारै दिशामा र माथि समेत गरेर पाँच मुख थिए रे र त्यसबेला पुजारीको काम दण्डस्वामीले गर्थे रे । पूजा गरिसकेपछि दण्डस्वामीले मूर्तिलाई ढोग्नुको साटो हातको डण्डालाई धुवाउँदथे रे । यो कुरा विरूद्ध राजा कहाँ उजुर गरेपछि राजाले पनि नीज दण्डस्वामीको काम असन्तोषजनक हुनाको साथै देउताको अनादर गरेको महसुस गरे । उनले दण्डस्वामीलाई भगवानलाई ढोग्न अह्राए । पहिले त दण्डस्वामीले " यसो गर्दा अनिष्ट हुन्छ " भनी ढोग्न मानेनन् रे तर राजाले धम्काएपछि राजाज्ञा मानी भगवान्लाई ढोग्न तयार भए । दण्डस्वामीले भगवान्लाई ढोग्ने बित्तिकै महादेवको पाँचौ मुख उडेर बाहिर कीर्तिमुख भैरब भएर

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

वसेको रे भन्ने किम्वदन्ती थियो । अहिले पनि पशुपतिनाथलाई भोग लगाउँदा चारै मुख र कीर्तिमुखबाट समेत धागो राखी पाँचै मुखलाई धागोको माध्यमले सन्धि गरी भोग लगाइन्छ । कीर्तिमुख भैरवमा बलि पनि दिइन्छ । मोहनले पशुपतिनाथको पूर्वपट्टि बगिरेहेको बागमती नदी देख्यो जसको किनारमा आर्यघाट थियो । बागमतीको किनारामा बज्रको श्रीयन्त्र पनि देख्यो । बागमती नदीमाथि पुल थियो । त्यो पुल तरेर पारिपट्टि गुहेश्वरीको मन्दिर जानुपर्थ्यो । गुह्येश्वरीको मन्दिर अग्लो थुम्कामा भएकोले प्रशस्त सिँढी चढेर गएपछि मात्र मन्दिरमा पुगिन्थ्यो । दुवैजना गुहेश्वरी मन्दिर पुगे । यो माता पार्वतीको मन्दिर हो भन्ने भनाइ थियो । शिव र शक्ति बागमतीको दुई किनारामा अवस्थित थिए । त्यस मन्दिरमा पनि पूजा गर्ने भक्तजनको घुइँचो रहेको दुवैले देखे ।

तेश्रो दिन कृष्ण र मोहन स्वयम्भूतर्फ घुम्ने विचारले हिँडे । उनीहरू काठमाडौं गणेशस्थानबाट पश्चिम लागे र केही ओरालो बाटो पार गरेर विष्णुमती नदीको पुल तरेर पारी पुगी छाउनी हुँदै स्वयम्भु पुगे । छाउनीमा म्यूजियम रहेको कुरालाई दुवैलाई थाहा थियो । तर त्यो दिन कुन्नि कुन कारणले हो बन्द थियो । स्वयम्भूमा विशेष गरी बुद्ध-धर्मावलम्बीहरू आउँथे । यो स्थल अलि अग्लोमा भएकोले उकालो चढेर पुग्नु पर्थ्यो । दुवै उकालो चढी स्वयम्भू थान पुगे । यो बौद्धमार्गीहरूको गुम्बा हो । यहाँ लामाहरू बस्दथे । स्वयम्भूबाट हेर्दा काठमाडौं शहर पर-परसम्म फैलिएको प्रष्ट देखिन्थ्यो । धरहरा पनि देखिन्थ्यो । स्वयम्भूका गुम्बामा दुइटा ठूलाठूला आँखाका चित्र अंकित थियो जुन टाढैबाट प्रष्ट देखिन्थ्यो । स्वयम्भू काठमाडौंको पश्चिममा पर्दथ्यो र यहाँबाट काठमाडौं शहरको पश्चिमदेखि मध्य भागसम्मको रमाइलो दृश्य देखिन्थ्यो ।

अर्को दिन दुवै जना बालाजु जान भनी हिँडे र टुँडिखेलबाट बस चढेर बालाजु पुगे । बस राजदरबार-मार्ग हुँदै पश्चिमतिर लाग्यो र सोह्रखुट्टे पाटी हुँदै बालाजु तर्फ लाग्यो । बालाजु उद्यान रमाइलो थियो । बाइसधाराबाट कलकल गरी बगेको संग्लो पानी देखी दुवै खूब रमाए । यस ठाउँको रमाइलो र मनमोहक दृश्यबाट प्रभावित भएर नै आदिकवि भानुभक्तले " अलकापुरी कान्तिपुरी नगरी " भन्ने कविता रचेका थिए । त्यहाँ एउटा तलाउमा शेष नागमाथि भगवान् विष्णु शयन गरेको पत्थरको अजंगको मूर्ति देखे जुन अलि राम्रो गरी बनाइएको र हेरूँ-हेरीरहूँ जस्तो थियो । यो मूर्ति मौलिक मूर्तिको प्रतिमा मात्र थियो । मौलिक मूर्ति बुढानिलकण्ठमा थियो । बुढानिलकण्ठलाई नेपालको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

राजाले हेर्न नहुने र हेरेमा अहित हुने भन्ने किम्बदन्ती भएकोले राजाले बूढानिलकण्ठको दर्शन गर्न भनी त्यसको प्रतिरूप बनाई यहाँ स्थापित गरिएको हो रे । त्यहाँको शान्त र स्निग्ध वातावरणबाट मोहन र कृष्ण दुवै औधी मुग्ध भए ।

अब दुवैको बाँकी कामहरूमा केही सामानहरू किन्ने काम थियो । भोलिपल्ट असन-इन्द्रचोकमा गई किन्नुपर्ने कुरा किन्ने निर्णय गरे । भाइ-भा सकिनासाथ दुवैलाई आफ्नो घर विराटनगर जान हतार थियो । मोहनको किनमेल धेरै थिएन । बाबुका लागि डम्वरकुमारी खास्टो, दुखियालाई चट्टी, अरूहरूलाई कोसेली दिन गुँदपाक र रूक्मिणीका लागि नेपाली भाषा प्रकाशिनी समितिले प्रकाशित गरेको गद्य संग्रह र पद्य संग्रह किन्नु थियो । यी कितावहरू विराटनगरमा पाइँदैन थियो । यो ९ कक्षादेखि नै पाठ्यक्रममा समाविष्ट थियो । गाउँले रूक्मिणीले ती किताबहरू ल्याइदेउ भनेकोले उसको कुरा मोहनले काट्न सक्दैनथ्यो । रूक्मिणी भनेपछि उसलाई त्यसै-त्यसै राम्रो लाग्दथ्यो - किन हो कुन्नी ?

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

तेश्रो अध्याय

मोहनको भाइ-भा परीक्षा सकियो । कुनै खास प्रश्न सोधिइएन । मौखिक जाँच दिन मोहनलाई बहुतै डर लागिरहेको थियो । पटनाबाट आउने प्रोफेसरले कस्तो प्रश्न सोध्ला, जवाफ दिन नसकिने पो हो कि भनी ऊ डराइरहेको थियो । तर प्रोफेसरले भने बडो मिजासिलो पाराले ऊसँग व्यवहार गऱ्यो । उसको डर त कता हरायो कता ! मोहनले प्रोफेसरले सोधेका तीनै प्रश्नहरूको फटाफट जवाफ दियो । उसलाई भाइ-भा राम्रै भएजस्तो लाग्यो । अरू विषयहरूको जाँचमा पनि उसले राम्रै उत्तर दिएको थियो । कृष्णको पनि भाइ-भा लगायत सबै पेपरहरू राम्रै भएका थिए । दुवैजना परीक्षामा पास हुने भइयो भनी ढुक्क भए ।

अब काठमाडौंबाट विराटनगर घर फर्कने हतार थियो । कृष्णले चिनेका दुइजना मानिस कामको सिलसिलामा काठमाडौं आएका रहेछन् । तिनीहरू दुई दिनपछि विराटनगरतर्फ हिड्ँने भनी कृष्णले उसलाई भन्यो । दुवैथरीले सँगसँगै विराटनगर प्रस्थान गर्ने निधो गरे र विराटनगर जाने दिन पनि आइपुग्यो । कृष्णले चिनेका मानिस हरि दाइ र श्याम दाइले बसको टिकट लिइसकेका थिए । सुन्धाराबाट बस छुट्ने कुरा दुवैलाई थाहा थियो र उनीहरू बिहान चार बजेदेखि नै सुन्धारा पुगे । बस पाँच बजे बिहान छुटेर बीरगन्ज साँझपख पुग्छ भनी दुवैले सुनेका थिए । हरि दाइ र श्याम दाइले त आफ्नो कामको सिलसिलामा बराबर काठमाडौं आइरहनु पर्छ र सालको ६/७ पटक ओहोरदोहोर गरिरहनु पर्दो रहेछ । एकछिन पछि हरि दाइ र श्याम दाइ पनि दुवै आइपुगे । ती दुवैजना जैसीदेवलमा श्याम दाइको नातेदार कहाँ बसेका थिए । ती दुवैजनासँग विराटनगर जान पाइने संयोग मिलेकोमा आफ्नो भ्रमण सफल हुने कुराप्रति उनीहरू आश्वस्त थिए ।

" नमस्कार हरि दाइ, नमस्कार श्याम दाइ "- कृष्ण र मोहनले भने ।

" नमस्कार बाबु, नमस्कार" दुवैले नमस्कार फर्काए ।

" हैन, बाबुहरू निक्कै बिहान पो बस-अड्डामा आउनु भयो कि क्या हो ? कति बजे आइपुगेको ? चिया पनि खाएको छैन होला, जाउँ, ऊ त्यो पसलमा गएर चिया

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पिउँ । चैत लागिसकेपछि पनि जाड्जाडै छ," हरि दाइले भने ।

कृष्णले जवाफ दियो - " विराटनगर जाने भन्ने मनमा लागेपछि हामी दुवैलाई रातभरी राम्ररी निन्द्रा पनि लागेन । कहिले छिटो विराटनगर पुगौं जस्तो मनमा लागिरह्यो । हामी दुवै विहान साढे चार बजे नै यहाँ आइपुग्यौं । त्यति विहानै चिया बनाउने सुर पनि हामीलाई आएन । त्यसमा पनि राति नै भाँडा-कुँडा र स्टोव समेत पोकामा बाँधेर राखिसकेका थियौं ।

सबैले पसलबाट चिया लिएर पिउन थाले । त्यहाँ तीन-चारवटा बस उभिएका थिए । बसमा यात्रुहरू चढ्दै थिए । बसमाथि खलासीले यात्रुको सामान राख्दै थियो । मोहनलाई हामी कुन बसमा जाने होला भनी मनमा लागेर सोध्यो - " हरि दाइ, हामी कुन बसमा जाने होला ? यहाँ त तीन-चारवटा बसहरू छन् ।"

" हामी ऊ त्यो ४६८ नम्बरको बसमा जाने । अब बस चढ्ने मेलो गर्नुपर्छ । सिट पनि अगाडिकै परेको छ । बस छुट्न पन्ध्र मिनेट मात्र बाँकी छ, जाऔं र सामान बसको छानामा राख्न दिउँ " - हरि दाइले भने । सबैजना बसतर्फ लम्किए । मोहन र कृष्णले आफ्नो सामान बसको छतमा राख्न खलासीलाई दिए । श्याम दाइ र हरि दाइसँग लगाउने लुगाको झोला मात्र थियो ।

" ए श्यामे ! कहिले आइस् तँ । हरि पनि यही देख्छु । हलका गोरूजस्तो दुवैलाई जहिले पनि साथसाथै देख्छु । तिमीहरूलाई त काठमाडौं पानी-पँधेरो नै भयो ", एउटा अधबैंसे मानिसले अलि हाँसेजस्तो गरेर भने । श्याम दाइ र हरि दाइ दुवैले त्यसतर्फ फर्केर भने, " ओहो ! काका पनि यहाँ ? " दुवैले " नमस्कार काका " भने । हरि दाइले भने - "काकालाई पनि काठमाडौंसम्म त्यस्तो के काम पऱ्यो ? कहिले आउनु भयो ? आज जान लागेको जस्तो छ नि ! "

काकाले भने, " म जस्तो गृहस्थ मानिसको काठमाडौंमा के काम पदर्छ र ? आफ्नो खेतीपाती, घर विराटनगरमा छ र काम पनि त्यहीं नै पर्छ । यहाँ पशुपति, गुहेश्वरीको दर्शन गर्न मात्र आएको हुँ । अब बूढो भइयो, धर्म कर्म पनि गर्दै लग्नुपऱ्यो । आएको सात दिन भयो र म पनि त्यो बसबाट जान लागेको हुँ । तिमीहरू कुन बसबाट जान्छौ ? "

श्याम दाइले भने - " काका र हामी जाने बस एउटै परेछ । हामी पनि त्यही बसबाट जान्छौं । बाटोभरी रमाइलो हुने भयो ।"

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

चालीस वर्ष जति उमेर पुगेका अर्का एक व्यक्तिले आएर " नमस्कार ! नमस्कार " सबैलाई भने । " ओहो, नारायण बाबू तपाई पनि काठमाडौं घुम्न आउनु भएछ । कहिले आउनु भयो ?"

नारायण बाबूले भने - " हरे म किन काठमाडौं घुम्न आउँथे ? एउटा मुद्दाको सिलसिलामा आएको थिएँ । "

हरि दाइले भने - " नारायण बाबुजस्तो मानिसमाथि पनि केको मुद्दा ? न लप्पन न छप्पन ! आफ्नो बाटो हिडँयो, अरू कसैलाई दु:ख नदियो । मलाई त मुद्दाको कुरा सुनेर अचम्म लाग्यो ।"

नारायण बाबुले भने, " मुद्दा पर्नलाई केही चाहिँदैन । एकजनाले यस्सो उजुर हाल्यो, मुद्दा शुरू भइहाल्छ । मेरो जग्गा सम्बन्धी मुद्दा हो । एउटा सँधियारले मेरो जग्गा मिच्यो भनेर उजुर हालेको थियो - त्यो पनि दश वर्ष भइसक्यो । इलाका अदालत र अपील अदालतमा जितें । अहिले प्रधान न्यायालयमा मुद्दा चल्दैछ । पेशी भनेर आएको थिएँ, तर उजुर गर्ने व्यक्तिले बिरामी परेको भनी डाक्टरको सर्टिफिकेट पेश गरेर उपस्थित हुन नसक्ने भएँ भनेर निवेदन दिएपछि अर्को तारिख तोकियो । आज फर्किदै छु । हामी सबै जाने बस पनि एउटै जस्तो लाग्यो ।"

बसको इन्जीन स्टार्ट भइसकेको थियो । ड्राइवरले हर्न दिएर त्यस बसमा यात्रा गर्नेहरूलाई आ-आफ्नो सिटमा बस्न सूचित गर्ने प्रयत्न गरिरहेको थियो । हामी सबैजना आ-आफ्नो सिटमा बस्यौं । हामी चारै जना अगल -बगल परेको थियौं । संयोगवश काकाको सिट पनि हाम्रै नजिक थियो । काकाले भने - " यी नानीहरू को हुन् ? "

कृष्णले जवाफ दियो - " म र मोहन (मोहनलाई देखाउँदै) परीक्षा दिन विराटनगरबाट काठमाडौं आएका थियौं । हरि दाइ र श्याम दाइ पनि विराटनगर जाने चाल पाएपछि हामी पनि दाइहरूसँग जान लागेको हौं । "

काकाले भने, " नानीहरूले के - के परीक्षा दिएको ? आजकल त जताजतै स्कूल-कलेज खोलिन लागेकोले पढ्ने विद्यार्थी प्रशस्तै भइसके । पहिले चन्द्रशमसेरले म्याट्रिक पास गर्दा सिन्दुरे-जात्रा गरिएको थियो रे । अहिले त म्याट्रिक त के आइ.ए, बी.ए. पास गर्ने पनि थुप्रै भइसके ।"

कृष्णले भन्यो - " हामीले आइ.कम.को परीक्षा दियौं । त्यो अस्ति मात्र सकियो ।"

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

काकाले सोधे- " नानीहरूको घर विराटनगरमा कहाँ पर्छ ? कसका छोरा हुनुहुन्छ ? "

कृष्णले भन्यो - " मेरो घर मधुमारामा समरबहादुर - अमरबहादुरको घरको दक्षिण पर्छ । मेरा पिताको नाम नवराज हो । उहाँ नेपाल बैंकमा काम गर्नु हुन्छ ।"

काकाले भने- " नानी नवराजको छोरा ? उहाँलाई म राम्रोसँग चिन्दछु । आफू पनि पढेलेखेको भएर छोरालाई पनि पढाउनु भएछ । साह्रै राम्रो ।"

मोहनले भन्यो " म कालेको छोरा । घर र पसल दुवै मधुमारामा छ । पसल रंगेली-रोडमा छ ।"

काकाले भने - " ओहो ! नानी कालेको छोरा रे । उही गोश्वारामा एकताक सिपाहीमा काम गर्थे । कालेले पसल राखेको त मलाई पनि थाहा छ । "

मोहनले भन्यो, - हो ।"

काकाले भने - " कालेले त गजबै गरेछ । आफ्नो छोरालाई यतिविध्न पढाइसकेछ । "

यसै बीचमा बस हिँडिसकेको थियो । बसका सबै सिटमा मानिस बसेका थिए । मोहनले बसभित्र बसेका मानिसहरू एकापसमा कुरा गरिरहेको आवाज सुनिरहेको थियो । बसले त्रिपुरेश्वर र कालीमाटी नाघेर थानकोटतिर लम्क्यो । मोहनले बसबाट काठमाडौं उपत्यकाको दक्षिण-पश्चिम भेगको प्राकृतिक सौन्दर्य देख्यो । काठमाडौंको शहरी क्षेत्र नाघेपछि मोहनले बस्ती पातलिँदै गरेको र घरहरू पनि कतै-कतै मात्र भएको देख्यो । बाटोको दुवैतर्फ अब प्रकृतिको खुल्ला वातावरण थियो । बाटोमा ट्रक, बस र केही मोटरकारहरू बराबर हिँडिरहेको देखिन्थ्यो । निकै टाढा अगाडितर्फ नागार्जुनको अग्लो डांडा थियो । आफ्नो दायाँ-बायाँ बाहिर धेरै टाढा पहाडको फेदीसम्म फैलिएको अलि अलि उकालो- ओरालो परेको हरियो भूमिमा कतिपय ठाउँमा रूखहरू, झाडीहरू र स्याना खोल्साहरूले त्यस क्षेत्रको सौन्दर्यलाई निखारिरहेको थियो । बस थानकोट पुग्यो । त्यहाँ एकछिन रोकिएपछि पुनः हिड्यो । थानकोटमा स्थापित स्तम्भ र महादेवको मन्दिरलाई मोहनले बसभित्रैबाट देख्यो । अब बस ओरालो लाग्न थाल्यो । ओरालो औधी खतरनाक र ठाडो थियो । केही छिनपछि नै बसभित्रको कुनै यात्रुले भनेको उसले सुन्यो - "यहीं ठाउँमा दश दिन अघि होला बीरगन्ज जान लागेको एउटा ट्रक ब्रेक फेल भएर तल झर्‍यो । पाँच सय फिटभन्दा तल खसेको ट्रक ध्वस्त भयो

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

र त्यसमा भएका पाँच जना मानिस पनि ठहरै मरे। " मोहनले बसको झ्यालबाट बाहिर हेऱ्यो। यहाँ सडक निकै भिरालो परेर गएको थियो, बाटो एकदमै घुमाउरो र धेरै मोडहरू पनि थिए। डाँडा काटेर बाटो निकालिएकोले बसभित्रबाट टाढा-टाढासम्मको दृश्य देखिन्थ्यो। तल निक्कै तल पर उही एउटै बाटो कतिपय ठाउँमा नागबेली परेर गएको देखिन्थ्यो। बाटामा आउन-जान लागेका बस-ट्रक र अरू गाडी धेरै स्यानो आकारमा देखिन्थे र ती गुडिरहेका जस्ता देखिन्थे। चारैतिर पहाडका भीर र पहराहरू देखिन्थे। त्यस बीचबाट निकालिएको बाटो नागबेली हुँदै, ओरालो अनि झन्-झन् ओरालो हुँदै अवछिन्न गइरहेको थियो। मोहनले चढेको बस त्यसै बाटोमाथि गुडिरहेको थियो। मोहनले भने झ्यालबाट टाउको बाहिर छिराएर बाहिरको दृश्य हेरिरहेको थियो। साथमा बसेको कृष्ण पनि बाहिरको दृश्य हेर्नमा तल्लीन थियो।

त्रिभुवन राजपथको घुमाउरो बाटोमा मोडहरू सानो भएकाले मोटर घुमाउन नसकी ब्याक गरेर मात्र मोड्नु पर्दथ्यो। केही वर्ष अघि मात्र बनेको बाटो भएकोले बाटोको अवस्था राम्रो थियो। आरोलो सकेपछि बस वेशीमा पुग्यो। त्यसको दुर्वतर्फ खुल्ला फाँट मोहनले देख्यो। बाटोमा तल र माथि जमिनलाई खेती गर्ने उद्देश्यले गराहरू बनाइएका थिए। बस अब खानीखोला नाघेर नागबेली बाटोमा उकालो उक्लन थाल्यो। सोप्याङ् नाघेर बस अघि बढ्यो। माथि डाँडा, तल भीर हुने गरी पहाडको किनारालाई काटेर बनाएको बाटोमा बस हिंड्न थाल्यो। कहिले पूर्वको त कहिले दक्षिणको अग्लो डाँडाले बाटोलाई छेक्दथ्यो। बसबाट टाढा-टाढासम्मको दृश्य देखिन्थ्यो। अलि नजिकको प्रष्ट देखिने पहाड, त्यसपछि अलि टाढाको पहाड-अनि धेरै टाढा-टाढा तुँवालोले ढाकिएर अस्पष्ट देखिने पहाड मोहनले देख्यो। एकपछि अर्को पहाड राखिएको जस्तो लाग्दथ्यो। माथि नीलो आकाश आँखाले देखेसम्म टाढा-टाढा व्याप्त थियो। कतै-कतै बादलका सेता साना टुक्राहरू हावाको बहावले शनैः शनैः ठाउँ सरिरहेको देखिन्थ्यो। तल कता हो कता सडक गहिरो र भिरालो परेर गएको थियो। बाटोमा खोल्सा र साना नालाहरूमाथि पुल बनाइएको थियो। मोहनले तल गहिरोमा भिरालो परेर गएको अगाडिपट्टिका पहाडका फेदहरू देख्यो र त्यसै गरी रूख र बुटाहरूले ढाकिएका उत्तुङ्ग टाकुराहरू पनि देख्यो। आफूभन्दा अगाडिपट्टि पारीतिरको पहाडमा त्यही नै बाटो नागबेली परेर घुमेर गएको पनि मोहनले देख्यो। कुनै–कुनै पहाडमा त सयौं फुट नाङ्ग चट्टानहरू देखियो। मोहन आफूले यस अघि कहिल्यै नदेखेको प्राकृतिक छटा र दृश्यबाट

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मुग्ध थियो, रोमाञ्चित थियो । उसले बसभित्र हेऱ्यो, कोही आँखा चिम्लेर बसेका थिए, कोही बाहिर हेर्दै थिए र धेरैजसो व्यक्तिले गफ गर्न छाडिसकेका थिए । हरि दाइ, श्याम दाइ र काका आँखा चिम्लेर बसेका थिए - तिनीहरू सुतेका थिए वा जागै, यो भने मोहनले ठम्याउन सकेन । नारायण बाबु कहिले झ्यालबाट हेर्दथे त कहिले आँखा चिम्लेर बस्थे । मोहनले कृष्णसँग भन्यो - " कस्तो गरी बाटो बनाएको रहेछ ? पहाड र पहरा काटेर बाटो बनाउन कत्ति मुश्किल पऱ्यो होला ! दृश्य त साह्रै रमाइलो देखिँदा रहेछन् । तर घुमाउरो र साँगुरो बाटो अनि एकदमै अग्ला चुचुराहरू छिचोलेर जाँदा त मनमा डर लाग्ने ! "

कृष्णले भन्यो- " बाटोबाट प्राकृतिक दृश्य साह्रै रमणीय देखिँदो रहेछ । म त आफै दङ्ग परेको छु । तर बाटो भने कहाली नै लाग्ने खालको घुमाउरो रहेछ ।"

मोहनले भन्यो - " मैले पहिले देखेको पहाडको मोटर-बाटो नै यही हो । अरू देखेको छैन ।" कृष्णले भन्यो,- " पहाडी बाटो यस्तै हुन्छ कि ? डाँडाकाँडा भएकोले सोझै बाटो बनाउन नसकिने होला । "

बस टिष्टुङ्ग पुगेर रोकिइयो । यहाँ खानपिन गर्ने रे । बिहानको १० बजिसकेको थियो । टिष्टुङ्गमा २/४ दुकानहरू थिए । चिया, निम्की, खजुरी आदिका साथसाथै खाना पनि पाइने रहेछ । अर्को बस पनि त्यहीं आएर रोकियो । बसबाट यात्रुहरू धमाधम ओर्लिए । मोहन र कृष्ण पनि ओर्लिए । दुवैले खाना खाए । कोहीले चिया खाए, कोहीले खाना र कोही भने आफूसँग ल्याएको खाना खाए । करीब पैंतालीस मिनेटपछि बस हिंड्यो । पहिलेको जस्तै नागवेली परेको घुमाउरो बाटो हुँदै बस पालुङ पुग्यो । पालुङ बेसी भएकोले त्यहाँ समथर थियो । यहाँको खेत पनि गरा-गरा पारेर बनाएको थियो र बाटोका अरू ठाउँको दाँजोमा पालुङको बस्ती बाक्लो थियो । केही बेर त्यहाँ बस रोकिएर पुनः अगाडि बढ्यो । सम्म बाटो केही बेर हिंडेपछि बस उकालो उक्लन लाग्यो ।

मोटर -बाटो निकै ठाडो-उकालो परेको र त्यसमा प्रनि धेरै घुम्ती भएको थियो । बस माथि पुगेपछि बसबाट पालुङ बजार र त्यसका वरिपरिको गरा बनाइएको हरियो खेत तथा त्यसको बीचबाट नागबेली परी बगेको स्वच्छ पानी भएको नदी देखिन्थ्यो । उत्तर पूर्व हेर्दा टाढा-टाढासम्म खुल्ला थियो । अनि परको पहाडका ताँती एक-पछि अर्को हुँदै अस्पष्ट नहुन्जेल आँखाले भ्याएसम्म गएको देखिन्थ्यो । अनि निकै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

उत्तरतर्फ एक छेउदेखि अर्को छेउसम्म हिमशिखर प्रष्टै देखिन्थ्यो। प्रकृतिले सजाएको-सवाँरिको त्यहाँको मनमोहक दृश्यले मोहनको मनलाई मुग्ध पाऱ्यो र ऊ साह्रै आनन्दित भयो।

बस अघि बढ्दै दामन पुग्यो। त्यहाँबाट अघि बढ्दै सिम भज्याङ्ग पुग्यो। सिम भज्याङ्ग दुई पहाडको बीचमा पर्दथ्यो र त्यो ठाउँ करीब आठ हजार फिटको उचाइमा रहेकोले त्यसलाई तिनताक संसारको सबभन्दा अग्लो ठाउँमा रहेको मोटरबाटो पुगेको ठाउँ भनिन्थ्यो। बसबाट ओर्लनासाथ मोहनलाई चिसो लाग्यो। त्यो ठाउँलाई हुस्सुले छोपेको हुँदा घाम लागेको थिएन। पहिले नै रोकिएको बीरगन्ज जाने बस हिड्यो। बीरगन्जबाट आएको एउटा बस काठमाडौंबाट आएको एउटा ट्रकसँग ठोक्कियो। यस ठाउँमा फुसका ३/४ घरहरू थिए र प्रत्येकमा चिया-पसल थियो, जसमा चिया, बिस्कुट, अण्डा आदि किन्न पाइन्थ्यो।

सबै यात्रुहरू बसमा चढे र बस त्यहाँबाट ओरालो लाग्यो। ओरालो निकै ठाडो र घुम्ती पनि प्रशस्त थियो। बस अघोर, महावीर अनि लामीडाँडा हुँदै अगाडि बढ्यो। बाटोमा महावीरभन्दा अलि अघि भिरतर्फ रहेको एउटा ठूलो ढुंगा देखियो जसमा " लभर्स चेयर " भनी लेखिएको थियो। कृष्णले भन्यो, " मोहन, कस्तो ठाडो ओरालो पारेर यो बाटो बनाइएको रहेछ, छेउतर्फ हेर त, तल कत्ति गहिरो छ, हेर्दा कहाली नै लाग्दो छ। "

मोहनले भन्यो - " साँच्चि, कस्तो ओरालो परेको बाटो! बस ठाडै तल गुल्टिए जस्तो लाग्छ। ब्रेक फेल भएर बस तल खस्यो भने हाडखोर भेटिन समेत मुश्किल छ।

अन्त्यमा बस ओरालो लाग्दै कालीटार पुगेर अलि सम्म परेको बाटोमा हिँड्न लाग्यो। केही बेरपछि बस भैंसे पुग्यो अनि भैंसेको पुल पार गरी राप्ती नदीको किनारैकिनार स्थित हेटौंडा पुग्यो। केही बेर हेटौंडामा रोकिएपछि बस पुनः हिड्यो र चुरे पहाडको सुरूङ्ग हुँदै, अमलेखगन्जको बाहिरी भाग भएर सिमरा नाघेर बीरगन्ज पुग्यो। साँझ पर्न लागिसकेको थियो। बीरगन्जमा बस अडिएपछि सबैजना ओर्लन थाले। खलासीले बसको छानाबाट यात्रुहरूको सामान उनीहरूलाई दियो। भोलिपल्ट दश बजे बिहान मात्र रक्सौलबाट रेल जाने भएकोले हरि दाइ र श्याम दाइले त्यो रात बीरगन्जमा नै बस्ने विचार गरे। नारायण बाबु र काकाको नाता-कुटुम्ब बीरगन्जमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

भएकोले उनीहरू त्यसैतर्फ गए। मोहन र कृष्ण भने टाँगा चढेर बीरगन्जको टिवडेवाला धर्मशालामा बस्न गए।

बीरगन्ज बजारलाई राणा प्रधानमन्त्री र वीर शमसेरले बसाएका थिए। काठमाडौं जान अथवा आउन बीरगन्ज नपुगी धरै थिएन। भारतीय रेल रक्सौलसम्म आउँथ्यो। यहाँबाट बीरगन्ज आठ-नौं किलोमिटर मात्र पर्दथ्यो। नेपालको रेल पनि रक्सौलेदेखि अमलेखगन्जसम्म चल्दथ्यो। केही बेरपछि रात परिहाल्यो र दुवै माइस्थान नजिकको एउटा होटल़मा गएर खाना खाए। भोलिपल्ट विहान आठ बजे टाँगा चढेर सबैजना रक्सौल रेल्वे स्टेशनतिर लागे।

नेपालको सीमा र भारतीय सीमालाई सानो नदीको काठको पुलले छुट्याउँदो रहेछ। त्यसलाई पार गरेर उनीहरू भारतको सीमामा प्रवेश गरे। केही समयपछि रक्सौल बजार आइपुग्यो। मानिसहरूको संख्या पनि नेपालभन्दा बाक्लो देखिन थाल्यो। मोहनलाई अलि गर्मी भएजस्तो लाग्यो। उसलाई भारत गयो कि गर्मी महसुस हुने गर्दथ्यो। विराटनगरमै छँदा पनि जोगवनी अर्थात् भारत सीमामा प्रवेश गरेपछि उसलाई गर्मी भएजस्तो लाग्थ्यो। रक्सौल स्टेशन आइसकेपछि सबै टाँगावाट ओर्लेर स्टेशनतर्फ लागे।

मोहनले जोगवनी रेल्वे स्टेशन देखिसकेकोले उसका लागि रक्सौलको स्टेशन खास नौलो रहेन। हरि दाइले टिकट-काउण्टरमा गई चारै जनाका निम्ति जोगवनीसम्मको रेलको तेश्रो श्रेणीको टिकट ल्याए। करीब पैंतालीस मिनेटपछि प्लेटफार्ममा रेल आइपुग्यो। सबैजना रेलमा चढे। केही समयपछि रेल हिँड्यो। एक स्टेशनपछि अर्को स्टेशन आउँदै गए र प्रायः प्रत्येक रेल्वे स्टेशनमा रेल रोकिइन्थ्यो। रेलबाट कोही ओर्लन्थे भने कोही त्यसमा चढ्दथे। कुनै-कुनै स्टेशनमा त रेल चढ्ने र त्यसबाट ओर्लनेहरूको भीड प्रशस्त हुन्थ्यो प्रायः प्रत्येक स्टेशनमा चिया वेच्ने र पान बेच्नेहरूको आवाज सुनिन्थ्यो। रेल्वे कुल्लीहरूको कुदाकुद् पनि देखिन्थ्यो। दरभंगा, समस्तीपुर भएर बरौनी जक्शन करीब ११ वजे राति पुग्यौं। बरौनीबाट कटिहार जाने रेल राति १ बजेमात्र पाइन्थ्यो। सबैजना प्लेटफार्ममा नै बसे। राति १ वजे रेल चढेर विहान कटिहार पुगे। कटिहारबाट जोगवनी जाने रेल चढेर भोलिपल्ट दिउँसो १ बजे जोगवनी पुगे। आफ्नो सामान आफैले बोकी पैदल हिँडेर नेपालको सिमाना प्रवेश गरे। रानी भन्सारले सबैको सामान जाँच गऱ्यो। त्यसपछि भाडाको मोटर चढी सबै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

विराटनगर पुगे ।

कृष्ण र मोहन दुवै मधुमारा पुगे । कृष्णलाई मूलबाटो छाडेर अलि भित्रसम्म जानुपर्ने भएकोले ऊ अगाडि बढ्यो । मोहन आफ्नो घरभित्र पस्यो । छोरा आएको देखेर उसको बाबु बहुतै खुशी भयो । मोहनले अघि बढेर बाबुको खुट्टा ढोग्यो । उसको बाबुले, " आइपुगिस् ! राम्रै गरी बित्यो, होइन त ? सबै ठीक नै रह्यो ? "

मोहनले उत्तर दियो, " जाँच राम्रै भयो, पास हुन्छु होला । कृष्णको पनि जाँच राम्रो भयो, ऊ पनि पास हुन्छ होला । अरू सबै कुरा राम्रो गरी बित्यो । स्वास्थ्य पनि राम्रै रह्यो । "

मोहनको बाबुले भन्यो, " ल ठीक छ । राम्रै भयो, राम्रै भयो । " अनि उठाएर मोहनको टाउको सुमसुम्याउन लाग्यो । उसको आँखाभित्र खुशीको चमक थियो, मुखमा प्रसन्नताको आभा थियो, अनि थियो सन्तोष ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

चौथो अध्याय

विराटनगर बजार- यो स्थान नेपालको पूर्वी भागमा र काठमाडौंबाट करिब पाँच सय किलोमिटर पूर्वमा पर्दछ। यो मोरङ जिल्लाको सदरमुकाम हो। पश्चिमतर्फ केशलिया नदी र पूर्वतर्फ सिंग्याइ नदीको किनारमा अवस्थित विराटनटरको आफ्नै विशेषता छ । यो स्थान महाभारतकालीन विराट् राजाको राज्य हो भन्ने किम्वदन्ती छ। तर, यो विराट् राजाको राज्य नै हो भन्ने कुनै ऐतिहासिक तथ्य र प्रमाण भने फेला परेको छैन । पुराना बासिन्दाहरूबीच यस किसिमको जनश्रुति भने छ । श्रावण र भाद्र महिनामा मध्य रातमा तोप पड्केको जस्तो मधुरो आवाज आउँछ । यो तोप विराट् राजाको नै हो भन्ने जनश्रुति छ। तर महाभारतकालमा तोप प्रयोग गरिएको वर्णन कतै छैन । जनश्रुतिको निम्ति त आधार चाहिँदैन पनि । किम्वदन्ती भन्या किम्वदन्ती नै हो, त्यस्तै भनाइ पनि छ। यहाँ एक रूपियाँले पहिले मानिस बाँचुन्जेल र त्यसको काजक्रिया समेत गर्न पुग्थ्यो अरे। विराटनगर जंगल फाँडेर बसाइएको र त्यसको छेउ-छाउ जंगलै - जंगल भएकोले पिउने पानी त्यति राम्रो नभएको, स्वास्थ्यप्रति मानिसमा चेतना जागृत भइनसकेको, पिउने पानी पनि त्यति राम्रो नभएको, लामखुट्टेहरूको रजाइँले गर्दा पानी-सम्बन्धी विरामीहरू र औलोको प्राचुर्यले गर्दा र स्वास्थ्योपचारको समेत राम्रो बन्दोबस्त नभएकोले बाहिरबाट आएका मानिसहरूलाई रोग लागी छिट्टै मर्न सक्ने हुँदा यस्तो किम्बदन्ती चलेको थियो। अलि हुने -खाने मानिसहरू यस ठाउँमा हिउँदमा मात्र आउने र अरू समयमा चाहिँ यहाँ बस्दैनथे । तर, विराटनगरको आवादी बढ्दै गएको, बन्द ब्यापार बढ्दै गएको, स्कूलहरू खुलेर जन-शिक्षा बढेको, कार्यालयहरूको संख्या बढेको; औषधि-उपचारको व्यवस्था पनि राम्रो हुँदै गएको र पिउने पानी पनि टंकी मार्फत प्रशोधित रूपमा वितरण गरिन लागेकोले रोगको ब्यापकता हराइसकेको थियो। पुराना कुरा-कहनीहरूले जनश्रुति र किम्बदन्तीको रूप लिइसकेको थियो ।

पहिले झापा, मोरङ्ग र सुनसरी एउटै जिल्लामा थियो। यस ठाउँलाई त्यसताका मोरङ्ग झापा भनिन्थ्यो। गोश्वाराअड्डा रंगेलीमा थियो। बडाहाकिम त्यहीं बसेर प्रशासनिक

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रेखदेख गर्दथे । भारतीय रेल्वे जोगवनीसम्म आइपुगेको थिएन । तिनताक रेल जोगवनीभन्दा १४/१५ किलोमिटर दक्षिणमा पर्ने फार्विसगन्जसम्म मात्र आउँथ्यो । त्यसताक विराटनगर जंगलात र सानो गाउँ मात्रै थियो। कालान्तरमा पहिले झापालाई प्रशासकीय दृष्टिकोणले बेग्लै जिल्ला बनाई रतुवा नदीदेखि पूर्व मेची नदीदेखि पश्चिमको भू-भागलाई त्यसभित्र पारियो । रंगेलीवाट भारतको फार्विसगन्ज जानु पर्दा वक्रा नदी तरेर भारतको कुआडी हुँदै फार्विसगन्ज जानु पर्दथ्यो। फारविसगन्ज र रंगेली वीच कच्ची वाटो थियो । सवारी साधनको रूपमा टट्टू, घोडा, गोरू वा पाडा-गाडी उपलब्ध थिए। रंगेली बक्रा नदीको किनारमा अवस्थित थियो । पछि गोश्वारा अड्डा रंगेलीबाट सरेर विराटनगर आयो । जोगवनीसम्म भारतीय रेल चल्ने हुनाले भारतको सिमाना नजिक नेपालतर्फका क्षेत्रहरूमा दुईवटा जूट मिल, कटन मिल, चिनी मिल आदि कारखानाहरू स्थापित भए। त्यस ठाँउमा ठूला-ठूला कारखानाहरूको स्थापना भएकोले त्यस ठाउँको नाउँ मिल्स एरिया भनी प्रचलित भयो । त्यहाँ वस्तीहरू पनि वढ्न थाल्यो । जोगवनी स्टेशन विराटनगरवाट करिव १२/१३ किलोमिटर पर्दछ ।

मोरङ्गको माटो बहुतै उब्जाउ छ। सुनसरी र मोरङ एउटै जिल्ला हुन्जेल त्यसको प्रशासन विराटनगरमा वस्ने बडाहाकिमले हेर्दथे। २००७ सालसम्म पनि यो जिल्लाभित्र यी दुवै ठाउँ पर्दथे । साँच्चि भन्ने हो भने त्यसताक सुनसरी भन्ने कुनै ठाउँ नै थिएन। एउटा सुनसरी नदी मात्र थियो। प्रशासकीय दृष्टिकोणले मोरङ र सुनसरी वेग्ला-वेग्लै जिल्ला वनेपछि मोरङ जिल्लामा बूढी नदीदेखि रतुवा बीचको भू-भाग पर्न गयो भने बूढी नदीदेखि पश्चिम कोशी नदीदेखि पूर्वको भू-भाग सुनसरीमा पर्न गयो। नयाँ वनेको जिल्लाको नाम सुनसरी नदीको नामबाट सुनसरी जिल्ला राखियो र जिल्लाको सदरमुकाम इनरूवालाई बनाइयो। प्राकृतिक दृष्टिकोणले मोरङ्ग जिल्ला निक्कै उब्जाउ र जंगलले भरिभराउ थियो। मोरङ जिल्लाको भू-भाग बूढी नदीदेखि रतुवा बीचमा प्रत्येक पाँच-छ किलोमिटरमा वर्षैभरी पानी चल्ने साना-ठूला नदीहरु पर्दछन्, ती नदीहरू हुन - वूढी, केशलिया, सिँग्याइ, जुडी, लोहन्द्रा, चिसांग, ओद्रा र रतुवा आदि। एक ठाउँबाट अर्को ठाउँमा जाने सबै बाटो कच्ची थिए। कतिपय ठाउँमा त हिउँद नभई आवत जावत गर्न नसकिने थियो। वर्षायाममा पानी परेपछि पानी जमेर बाटो हिलाम्य भई कुनै पनि सवारी साधन आवतजावत गर्न सक्दैनथ्यो। पैदल हिंड्न समेत धौ-धौ पर्थ्यो। त्यसताक मोरङ जिल्लामा प्रशस्त बन जंगल थियो। विराटनगर नगिचै सिँग्याइ नदी र केशलिया

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

नदीका किनारामा पर-परसम्म बन जंगल थियो, वाक्ला झाडीहरू थिए - राति हिंड्ने त कुरै थिएन । वेला-बेलामा सवारी चल्ने विराटनगर जोगवनीको बाटोमा वीचतिर सुनसान थियो, बस्ती थिएन, झार जंगल थियो, तेलियापोखरी भनेपछि मानिसहरू त्यसै डराउँदथे, वाटोमा चोर-डाँका समेत कहिलेकाँही लागेको सुनिन्थ्यो । तसर्थ त्यो वाटोमा एक्लै-दुक्लै हिंड्न मानिसहरू दिउँसै पनि डराउँथे ।

विराटनगर क्रमशः विकसित हुँदै गयो । रानी, सिकियाही र मिल्स एरियामा उत्पादन सम्वन्धी क्रियाकलाप वढेको, रोजगारीको अवसर वढेको र त्यसले गर्दा बन्द-व्यापार पनि बढेकोले विराटनगरमा चौतर्फी गतिविधि बढ्न थाल्यो । विराटनगरमा लेटांगबाट बिजुली गइसकेको थियो । बजार वढ्दै गयो र आवादी पनि वढ्दै गयो । नयाँ गाउँ-वस्ती पनि वस्न थाले र नयाँ घरहरूको निर्माण शुरू भयो । विराटनगरमा विभिन्न अड्डा अदालतहरुको स्थापना भयो, अन्य कार्यालयहरू बढे, स्कूलहरु खुले अनि यी सव कारणले गर्दा स्थानको उन्नतिमा सघाउ पुग्न थाल्यो । मोरङ जिल्लाका आदिवासीहरू थारू, बाँतर, धिमाल, माझी, मुसहर, खवास र राजवंशी आदि थिए । नेपाल-भारत सिमानामा दुवैतर्फ मुसलमानहरुका केही वस्ती पनि थिए । विराटनगर गुल्जार हुँदै गएको -देखि मारवाडी-बनियाँ आदि व्यापार गर्ने उद्देश्यले आए । कारखानाहरू खुलेकोले भारतका विभिन्न जातिका मानिसहरू यहाँ ज्यामी काम गर्न आउन थाले । कतिले त घर समेत वनाए । विभिन्न कामको सिलसिलामा भारततर्फबाट विभिन्न जातिका मानिसहरू आएर वसे । तीमध्ये कोही खेतीसँग सम्वद्ध भए, कोही हजामको काम गर्न थाले, कोही सिकर्मी, नकर्मी, डकर्मी आदि काम गर्न थाले । केही बंगालीहरू पूर्वी पाकिस्तानबाट भागेर र कोही वंगालबाट आई काम गर्न थाले भने कोही चाहिं सानतिनो काम र व्यापार समेत गर्न थाले । त्यसै गरी मानिसहरू विभिन्न जिल्लाबाट नोकरीको सिलसिलामा विराटनगर आए र घर खेत जोरी यतै बस्न थाले । खेती, नोकरी र अन्य सुविधाहरू उपलब्ध हुने देखि पहाड, काठमाडौं र अन्य जिल्लाहरूबाट पहाडी मूलका धेरै मानिसहरूले आफ्नो घरवास विराटनगरमा बनाउन थाले । कतिपय व्यक्तिहरू रंजनी, होक्लाबारी, रंगेली आदि गाउँ-देहातमा खेत किनेर त्यतै बसोबास गर्न थाले ।

विराटनगर बजारको मुख्य सडक दक्षिण-उत्तरको थियो र बजारको पश्चिम छेउबाट जोगवनी धरान जाने मलाया रोडको नामले प्रख्यात सडक गएको थियो । बजारको दक्षिण-उत्तर मूल सडक मलाया रोडबाट बीचमा छुट्टिई उत्तरामा पानीटंकीसम्म

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पुगेको थियो। यो मूल सडकलाई पूर्व-पश्चिमका साना सडकहरूले ठाउँ ठाउँमा काटेको थियो। यी काट्ने सडकहरूमा ढाकुरवाडी रोड, रंगेली सडक, गोश्वारा रोड र महावीर रोड प्रचलित थिए। विराटनगरको मुख्य सडक बजारअड्डावाट शुरू भएर उत्तरतर्फ बढ्दै जान्थ्यो र यसमा बुधवारे हाट र शनिवारे हाट पर्दथे । विराटनगरको महावीर मन्दिर, कालीस्थान, सत्यनारायणको मन्दिर यही सडकमा पर्दथ्यो । बुधवारे हाट, नजिकबाट पूर्व पश्चिम जाने सडक, रंगेली सडकमा मिल्दथ्यो र यस सडकमा नै ठाकुरवाडी मन्दिर पर्दथ्यो। अर्को मूल सडकलाई छुने रंगेली सडक घोघापुल, बालिका विद्यालय, विराटनगरको अस्पताल, वनसखण्डी महादेव मन्दिर, जेल, सिंग्याइ नदी आदि हुँदै रंगेली नाघेर समेत जान्थ्यो र यसै सडककमा जलजला सिनेमा भवन थियो । गोश्वारा रोड मूल सडकदेखि गोश्वारा अड्डासम्मको पूर्व-पश्चिमको बाटोलाई भनिथ्यो। अर्को बाटो मूलसडकबाट नै दक्षिण-उत्तर गएको थियो र यो बाटोमा तीनपैनी टोल, विराटनगर हाइस्कूल, गणेशस्थान, मालपोखरी आदि पर्दथे तथा यो बाटोले रंगेली सडक र ठाकुरवाडी रोडलाई समेत भेटेको थियो। गोश्वारा अड्डाको पूर्वतर्फ खदरा टोल थियो भने त्यसको अगाडिपट्टिको खुल्ला चौर थियो। अनि दक्षिण-पूर्व धर्मभखारी र गहेली टोल आदि पर्दथे।

मोरङ र राजधानी बीच नेपालको बाटो भई कुनै सम्पर्क थिएन - बीचमा कोशी नदी तगारोको रूपमा उभिएकी थिइन्। काठमाडौं जानका निम्ति या त प्लेनबाट जानु पदर्थ्यो अथवा भारतको बाटो भई जानुपर्थ्यो । विराटनगरमा कार्यालयहरूको संख्या, आवादी, शैक्षिक क्रियाकलाप, बन्द व्यापार, उद्योगधन्दा आदि निरन्तर बढिरहेकोले त्यहाँ आई काम गर्न, सुविधाहरूबाट लाभान्वित हुन भारततर्फबाट र नेपालका अन्य ठाउँहरूबाट मानिसहरू ओइरिँदै गए । सानोतिनो काम पाउन कुनै गाह्रो पर्दैनथ्यो । आर्थिक र प्रशासनिक दुवै दृष्टिकोणबाट विराटनगरमा पहाडी र मारवाडी-समाज बलियो भएको थियो। मारवाडी-समाजले बन्द-व्यापार तथा प्रमखु उद्योगधन्दामा आफ्नो प्रभुत्व जमाउन सक्षम भई आर्थिक दृष्टिबाट समृद्ध हुनसके भने पहाडी समाज चाहिँ सरकारी नोकरीमा आफ्नो प्रभुत्व जमाउन सकी शासक-वर्गमा हुने शक्तिबाट सम्पन्न हुन पुगे । भारतबाट आएका अरू व्यक्तिहरू सानातिना काममा सम्मिलित भएका र तिनको कुनै सांगठनिक स्वरूप नभएकोले कुनै दरिलो शक्ति स्वरूप पलाउन सकेनन्। मोरङका आदिवासीहरू पनि यस श्रृंखलामा निकै पछाडि परे। आदिवासीहरूमध्ये

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

दुई-चार जना माथवर पोटवाल हुन पुगे र विराटनगरमा घर पनि बनाए, तर अधिकांश आदिवासीहरू विराटनगरबाट टाढा गाउँ- देहातमा नै वस्न रूचाए, र विराटनगरको शहरी वातावरणलाई आत्मसात् गर्न सकेनन् ।

विराटनगरको शहरीकरणले गर्दा बढ्दै गएको आवादीमा नेपालका अरू जिल्लाबाट आएका पहाडी समाजको घरवार र भारततर्फबाट आएका मारवाडी तथा अन्य व्यक्तिहरूको बसोवासले नै प्रधानता पायो । यस तवरले आदिवासीहरू आधुनिक वातावरणबाट अलग्गै रहन पुगे । यसले गर्दा मोरङ्गमा मधेशे र पहाडे भन्ने अवैधानिक विभेदको सिर्जना भयो । आदिवासीहरूको शोषण मात्र भयो । तिनीहरूलाई आधुनिक वातावरणमा मिसिइन र जनजीवनको एक अभिन्न अंग वन्न कतैबाट पनि प्रेरित गरिएन र कहिं-कतैबाट प्रयास समेत गरिएन । आदिवासीमध्ये शक्तिशाली वन्न पुगेका केही प्रमखु व्यक्तिहरू समेतबाट आदिवासीहरूको उन्नतितर्फ पनि कुनै सकारात्मक प्रयास गरिएन, तिनीहरूले वरू पहाडी समाजको नै एक अभिन्न अंग भएर वस्ने चेष्टा गरे । इतिहासको यस धारामा नेपालका केही छोरा पिछडिन पुगे ।

मोहनको बाबु कालेको पुर्ख्यौली घर ओखलढुङ्गामा थियो । ओखलढुङ्गालाई पूर्व ३ नम्बर भनिन्थ्यो । त्यहाँ उसको पहाडी ग्राम्य जीवन राम्ररी बितिरहेको थियो । उसलाई संसारको अन्य विषयमा धेरै कुरा थाहा थिएन- उसले चासो राख्नु जरुरी पनि थिएन । घाँस काट्नु, आफ्नो खेतबारीमा काम गर्नु, बस्तु-भाउ चराउनु आदि कामले नै उसको जीवन वितिरहेको थियो । काठमाडौंबाट र ब्रिटिश फौजमा भारतमा काम गरेर छुट्टीमा फर्केकाहरूसंग गाउँघरका वूढापाकाले कुरा गर्दा उसले पनि बाहिरी दुनियाँका विषयबारे केही कुरा सुन्न पाउँथ्यो । तर ऊ ती सुनेको कुराबाट कुनै अर्थ निकाल्न सक्दैनथ्यो । उसलाई ती कुराहरू अचम्मको लाग्दथ्यो । उसको समय छँदै बिहे भयो र स्वास्नीसँग खूबै मन बस्यो । दुवैमा खूबै प्रीति थियो । स्वास्नी पनि सरक्क परेकी मज्जाकी थिई । घरको काममा त्यत्ति नै सिपालु थिई । घरका ठूला-ठालु र अन्य सबैजना कालेकी स्वास्नीसँग खुशी थिए । धेरै वर्षसम्म उसको सन्तान भएन । धेरैपछि उसकी स्वास्नी गर्भवती भई । यो कुरा चाल पाएर काले दङ्ग पऱ्यो । 'अब बाबु हुने भइयो' भनेर उसको खुट्टा भूइँमा थिएन । कालेकी स्वास्नी माहिलीको गर्भ दुई महिनाको भइसकेको थियो । एकदिन दुवै जोई-पोइ घाँस काट्न

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गएका थिए । कसो-कसो भएर कालेकी स्वास्नीको खुट्टा चिप्लिएर ऊ लडी र भीरबाट खसी । अलि पर घाँस काटिरहेको काले पहिले झसङ्ग भयो- अनि एकाएक उसको सातो गए झैं भयो । अर्को बाटो भएर स्वास्नी नजिक पुग्दा त स्वास्नी मरिसकेकी ! ऊ धेरै रोयो- डाँको छोडेर रोयो । उसले ठूलो डाँको छोडेर रोएको सुनेर अलिक परतिरका मानिसहरू 'के भएछ ? ' भनी हेर्न आए र सबैले मद्दत गरेर उसको स्वास्नीको मृत देह माथि ल्याए ।

स्वास्नी मरेपछि कालेको मन नै भरङ्ग भयो । ऊ त्यसै-त्यसै सुर हराएको झैं भयो । निद्रा र भोक दुवै बेपत्ता भए । उसको मन असह्य वेदनाले जहिले पनि दुखित रहन थाल्यो । उसको हँसिलो अनुहारबाट खुशीका रेखाहरू विलिन भए । घर-गाउँका मानिसहरूले कति सम्झाए- बुझाएँ, सान्त्वना दिए तर केही लागेन । उसको मन पीरै-पीरले एकतमासको भयो । उसलाई के तरंग उठ्यो कुन्नी, अहिले बसेको ठाउँमा उसलाई बस्न मन लागेन । पहिले-पहिले रमाइलो मानी उसले हिँडने गरेको भीर-पाखा, डाँडा-काँडा, झाड-जंगल, खोलानाला सबै निरस भएजस्तो उसको मनमा लाग्यो । अन्ततः उसले आफ्नो गाउँ छाडेर मधेश जाने अठोट गऱ्यो । मधेशबाट बेला-बेलामा उसको गाउँ वरपरका मानिस त्यहाँ आउने-जाने गर्दथे । पारी गाउँका काकाको पछि लागेर ऊ मधेश जाने भयो । घरका दाजु-भाइ, काकाहरुले कति फकाए, कति सम्झाए, तर उसले मानेन । एकदिन ऊ घर छाडी पारिगाउँका काकाहरूसँग मधेश जान हिँड्यो ।

पारी गाउँका काकाहरूसँग लागेर ऊ सप्तरी जिल्लाको राजबिराज आइपुग्यो । काकाहरू उनकै एक नातेदारकहाँ बसे । काले पनि त्यहीं बस्यो । भीर-पाखामात्र देखेको काले तराईका समथल जमिन देख्दा छक्क पऱ्यो । त्यहाँ डांडा-काँडा भनेको छँदै थिएन, उकालो-ओराले हिंड्न पनि पर्दैनथ्यो । समथलमा हिंड्दा उसलाई अचम्म लाग्यो । शुरू-शुरूमा हिँड्दा कता-कता हिँड्नै नजान्या जस्तो उसलाई लाग्यो । तर पछि-पछि बानी पऱ्यो र हिँड्दा अप्ठेरो लाग्न छाड्यो । काकाहरू एक महिनासम्म राजबिराजमा बस्ने भए र कालेलाई आफूसँगै वास दिए । यो चिनजान नभएको बिरानू ठाउँमा उसको जाने ठाउँ पनि कतै थिएन । काकाहरूको नातेदार गोश्वारामा मुखिया रहेछन् । ६/७ दिन बितेपछि काकाहरूले कालेसँग ' के गर्छस्' भनी सोधे र कालेले " केही न केही गर्नै पर्ला । अब मेरो घर फर्कने विचार छैन । यतै केही

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

काम गरेर वस्नु पर्ला ।" एउटा काकाले भने - " घर नफर्किने भएपछि हामी तँलाई एउटा काम खोजिदिन्छौं, त्यहाँ वसिस् भने केही समयपछि गोश्वारा अड्डामा जागिर पाउने छस् ।" कालेले भन्यो, " काकाहरूले जे भन्नुहुन्छ, त्यही म मानिहाल्छु । मलाई नराम्रो काम गर् भनी काकाले भन्नुहुन्न क्यार ?" एउटा काकाले भने, " हरे ! हामी तेरो कुभलो किन चाहन्थ्यौं ? सके त हामी सँगसँगै घर फर्की । तेरो घरमा नपुग्ने के छ र ? सबै थोक छँदैछ ।"

कालेले भन्यो, " घर फर्कने अब मेरो बिचार छैन । दुःख पाए पनि सुख पाए पनि यतै बस्छु । जहान वितेपछि मेरो मन नै घरवाट विरक्तियो ।" एउटा काकाले भने, " हाम्रा यी मुखिया दाइसँग गोश्वारामा काम गर्ने खरदारले घरमा काम गर्न एकजना मानिस खोजेको छन्, तिनी साह्रै असल छन् रे र झन् जहाज चाहिँ त साक्षात् देवी नै छिन् अरे । घरमा अरू कोही छैनन् रे । दुई छोरा ठूला-ठूला भएर काठमाडौंमा काम गर्छन् र कहिलेकाहीं मात्र राजविराज आउँछन् रे । परिवार पनि स्यानो छ, घरको कामधन्धा गर्दा धेरै दुःख पनि हुँदैन । गोश्वारामा म्यादी सिपाही भर्ना भइरहन्छन्, तँलाई पनि भर्ना गरी दिइहाल्छन् । सबै कुराबाट तेरो भलो नै हुनेछ । पछि कथंकदाचित् यहाँ वस्न मन नलागेमा घरतर्फका मानिसहरू यहाँ वरावर आइरहन्छन्; हामी नैं पनि आउनसक्छौं, घर फर्के पनि भइहाल्छ ।" कालेले उत्तर दियो - " यो जीवनमा म घर फर्किन्न । घर-गाउँको माया सधैंका निम्ति मारेर हिँडेको हुँ । काकाले भनेपछि म खरदार साहेवकहाँ वसी हाल्छु । इमान्दारीका साथ काम गर्नेछु । "

यसरी गोश्वाराका खरिदार नूतन सिटौलाका घरमा काले बस्ने भयो । उनकी धर्मपत्नी साँच्चि नै औधी दयालु र सहृदय रहिछन् । कालेलाई कुनै गाह्रो परेन । काले पढ्न लेख्न जान्दैन थियो । खरदारनी साहेवले कालेलाई सहीसम्म गर्न सिकाइदिइन् । तीन वर्ष पछि खरदार साहेव बढुवा भई विराटनगर गोश्वाराको सुब्बा पदमा सरूवा भयो । काले पनि त्यही परिवारसँग विराटनगर आयो । राजविराज छँदा खरदार साहेबले कालेलाई बेला-बेलामा म्यादी जागिरमा अल्झाइदिएका थिए । विराटनगर आएको एक वर्षपछि सुब्बा साहेवले कालेलाई स्थायी सिपाहीमा जागिर गराइदिए । यतिन्जेल काले पनि निकै चलाख भइसकेको थियो । सुब्बा साहेब झण्डै आठ वर्ष जति विराटनगर बसेर काठमाडौं सरूवा भए । उनको घर काठमाडौं थियो । सुब्बिनी साहेवले सरूवा भई जाने बेलामा कालेलाई सँगै काठमाडौं जाऔं भनेकी थिइन्, तर

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कालेलाई विराटनगर छाड्न मन लागेन ।

सुब्बा साहेव उनको बदलामा अर्का सुब्बा नआईकनै काठमाडौं रवाना भए । काले अव एक्लै भएकोले कार्यालयको टेबुल कुर्सीहरू र अड्डा-कोठाहरू पुछपाछ गर्ने काम लिएर गोश्वारा अड्डामा नै सुत्ने-वस्ने भयो । नयाँ सुव्वा आए, बहाल गरे । केही समयपछि सुब्वा साहेवले कालेलाई आफैंकहाँ राखे । तर अरू सुब्बाहरूको छिटोछिटो सरूवा भयो । ५ वर्ष नवित्दै तीन वटा सुब्बाहरुको सरूवा भयो र चौथा नयाँ सुब्बा आए । नयाँ सुब्बा शुरूमा आफू एक्लै मात्र आए, तसर्थ खाना पकाउने कामका निम्ति कालेलाई राख्नु पर्‍यो । चार महिनामा नै कालेले सुब्बा साहेवलाई रत्यायो । सुब्बा साहेब अलि बूढो नै भइसकेका थिए । उनको उमेर ५५ वर्षजतिको थियो । चार महिनापछि सुब्बिनी साहेव, उनका तीस-वर्षे छोरा र साथमा काम गर्ने तेंत्तीस-चौंतीस वर्षकी एउटी आइमाई पनि लिएर आए । छोरा भैरहवा वन-जाँच अड्डामा काम गर्दा रहेछन् । उनी आमालाई विराटनगर पुऱ्याउन मात्र आएका रहेछन् । सात दिन जति वसेर भैरहवा फर्के । झण्डै पचास वर्ष नाघिसकेकी भएर पनि सुब्बिनी साहेव रसिली र मजाकी थिइन् । सधैं हाँसेर वोल्ने, कहिल्यै नरिसाउने र उनको मन पनि उच्च-स्तरको थियो । उनी प्रत्येक दिनजसो विराटनगरको कुनै न कुनै मन्दिरमा जाने गर्थिन् । कहिले वनसखण्डी, कहिले ठाकुरवाडी, कहिले कालीस्थान त कहिले सत्यनारायणको मन्दिर दर्शन गर्न जान्थिन् । खुवै भक्ति भावमा लागेकी थिइन् । सुब्बिनी साहेव फरासिली, कुरा गर्न पनि विछट्टै आउने र ख्याल - ठट्टा गर्ने वानी पनि उनमा राम्रै थियो ।

कालेलाई एक्लै भएको सुब्बिनी साहेवले चाल पाएपछि जोडी नबाँधीदिई भएन । काले भने बिहे गर्ने सुरमा थिएन, तर सुब्बिनी वज्यैले उसको केही चल्न दिइनन् । दिनहुँ त्यही बिहेको कुरो चलाएर टिक्नै दिइनन् । हाकिमनी साहेबलाई भनोस् त कालेले के भनोस् ? ऊ फसादमा पऱ्यो, के गरूँ के गरूँ जस्तो भयो । एकपटक मन भाँचिएकोले उसलाई फेरि विहे गर्ने कहिल्यै विचार आएन । तर सुब्बिनी साहेबको जिद्दीका अगाडि अन्त्यमा कालेको केही लागेन । "हुन्छ गर्छु" भन्नै पऱ्यो । सुब्बिनी साहेवले आफूसँग काम गर्न ल्याएकी आइमाईसँग, उसको नाम मालती थियो, कालेको विहे गरि दिइन् । विहे गरेपछि पनि मालती र काले सुब्बा साहेबकहाँ नै वसे । तीन वर्षपछि सुब्बा साहेबको बीरगञ्जमा सरूवा भयो । सुब्बा साहेब र सुब्बिनी साहेव गएपछि कालेले विराटनगरको जुद्ध हाइस्कूल पछाडि डेरा लिई बस्यो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पाँचौ अध्याय

कालेले पुनः विराटनगरमा घरजम गरेर वस्यो। जुद्ध हाइस्कूलको पछाडि उसको डेरा थियो। डेरा लिएको घरको छाना फुसले छाएको र चारैतिरबाट बाँसको टाटी लगाएको र कोठाभित्र लगाएको टाटीको भित्ता माटोले लिप्सेको थियो। दुईवटा कोठा र एउटा भान्साले उसलाई मनग्य पुग्दथ्यो। विराटनगरको स्कूलको नाम जुद्ध हाइस्कूल राणा प्रधानमन्त्री जुद्ध शमसेरको नाममा राखिएको थियो। विराटनगरमा पढाइ-लेखाइका निम्ति प्रयासको थालनी गर्ने कृष्णप्रसाद कोइराला थिए। उनले आफ्नै घरमा स्कूल चलाएका थिए रे। तर त्यसताक दशौं कक्षाको टेष्ट जाँच पास गरेपछि एस.एल.सी जाँच दिन वीरगन्ज जानुपर्थ्यो। नेपालमा प्रजातन्त्र आएपछि एस.एल.सी.को परीक्षा केन्द्र विराटनगरमा पनि राखियो।

कालेको जीवन आनन्दपूर्वक वितिरहेको थियो। वेला-वेलामा उसको मनमा जेठी पत्नीको सम्झना आए पनि धेरै समय बितिसकेकोले उसको सम्झना अब विस्मृतिको गर्भमा लुकिसकेको जस्तो भइसकेको थियो। उसकी नयाँ पत्नी मालती सबै काममा सिपालु थिई। चार वर्ष बितिसक्दा पनि उनीहरूको कुनै सन्तान भएन। यस वीचमा कालेलाई आफ्नो घर बनाउने सुर चल्यो। अलिकति पैसाको जोहो भइसकेको थियो। उसले मधुमारामा जग्गा किन्यो। घर बनाउन नसकेकोले काले हाल डेरामा नै बसेको थियो।

मालती गर्भवती भई र उसले छोरा पाई। काले अब छोराको बाबु भयो। चालिस वर्षको उमेर नाघिसकेर पनि सन्तानको मुख देख्न पाएकोमा काले दङ्ग पर्‍यो। दिन बित्दै गए र छोरा पनि पढ्ने उमेरको भयो। नगिचैको हाइस्कूलमा पढ्ने केटाहरू दिनहुँ स्कूल आए-गएको देख्दा कालेलाई पनि आफ्नो छोरालाई पढाउन मन लाग्यो। कालेले मानिस नपढी ठूलो हुन सक्दैन भन्ने कुरा बुझिसकेको थियो। आफ्नो अड्डामा र अरू अड्डामा आउने खरिदार, सुब्बा र हाकिम पदमा पढे-लेखेका मानिस मात्र रहेको कुरा उसले थाहा पाइसकेको थियो। आफ्नो छोरालाई धेरै - धेरै पढाएर हाकिम बनाउँछु भन्ने सुर कालेको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

थियो । स्कूल पनि नजिक भएकोले छोराले पढ्नका निम्ति धेरै टाढा जान पनि पर्दैनथ्यो । छोरा जहिले पनि आफ्नी पत्नीका आँखा अगाडि नै भइरहने थियो । कालेले छोराको नाम स्कूलमा लेखाइदियो । चार वर्षपछि नेपाली काँग्रेसका विषयमा निकै गाइँगुइँ भएको कालेले आफ्नो अड्डामा सुन्न थाल्यो । केही समयपछि काँग्रेसले ठाउँ-ठाउँ कब्जा गऱ्यो रे आदि सुन्दासुन्दै एक दिन त " विराटनगर घेरा गऱ्यो " भनी चाल पायो । मुक्ति सेना र सरकारी सेनाका बीच गोली हानाहान भएकोले र गोश्वारामा नै लडाइँ भइरहेकोले एक रात आफ्नो परिवार लिएर गाउँका अरू मानिसहरूसँग ऊ निस्क्यो र मिल्स एरियामा एउटा परिचितकहाँ गएर वस्यो । लडाईं रोकियो, नेपाली काँग्रेसको जीत भयो । केही समयपछि राणा-सरकारको पतन भयो । राणा-शासनको थिचोमिचोले गर्दा देश छाडी नयाँ दिल्ली गएका नेपालका राजा त्रिभुवन काठमाडौं फर्किए । नयाँ गठन भएको सरकारमा नेपाली काँग्रेसका नेताहरू पनि समावेश भएका थिए । काले पनि आफ्नो परिवार लिई पुन: साविकको डेरामा फर्क्यो । सिपाहीको जागिर गोश्वारामा छँदै थियो । समय-क्रममा हाइस्कूलको नाम फेरिएर मोरङ्ग आदर्श विद्यालय राखियो ।

मोहनको पढाइले गर्दा कालेले आफ्नै घर बनाएर अन्यत्र सर्न पत्नीले मानिन । दुवैको एउटा मात्र सन्तान भएकोले मोहन आँखाको नानी झैं थियो । काले र मालती दुवै छोरा भनेपछि हुरूक्कै हुन्थे । आफ्नो सावगासले भ्याएसम्म मोहनलाई सवै सुविधा दिएका थिए । मोहनको कुनै कुरा भूइँमा पर्न पाउँदैनन्थो, त्यो पूरा गरिदिन दुवैको प्रयत्न हुन्थ्यो । साल वित्दै गए, मोहन पनि वढ्दै गयो र कक्षा पनि उक्लँदै गयो । छिमेकमा विनोद नाम गरेका एउटा शिक्षककहाँ मोहनलाई ट्यूसन पढ्न पठाइन लाग्यो । विनोदजी अर्कै स्कूलमा मास्टरी गर्दथे । छोरा नौं वर्ष जतिको भएपछि कालेले अब आफ्नै घर वनाउनु पर्ला भन्ने विचार गऱ्यो । ऊसँग घर बनाउन पैसा नभएको होइन । तर छोरालाई स्कूल नगिचै भएर मात्र उसले घर बनाएको थिएन । मधुमाराबाट मोहनले पढ्ने गरेको स्कूल अलि टाढा नै पर्दथ्यो । स्कूल जाँदा बाटोमा छोरालाई केही होला कि भन्ने दुवैलाई चिन्ता थियो । आफूभन्दा पछि-पछि विराटनगर आएका र पछि सिपाहीमा भर्ना भएकाहरूले घर बनाइसकेको देखेर कालेले पनि अब आफ्नो घर नबनाई भएन भनी विचार गऱ्यो । जोई-पोइ दुबैले सल्लाह मिलाए र घर बनाउने तरखरमा लागे ।

तर एक दिन अचानक मालतीलाई अस्पताल पुऱ्याइयो । डाक्टरले जाँच गरेपछि

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

" न्यूमोनिया भएछ" भने। डाक्टरले औषधी र छातीमा लगाउने मलहम पनि लेखिदिए तर मालतीको रोग भने झन् झन् बढ्दै गयो र पाँचौं दिनमा मालती मरी पनि हाली। कालेमाथि अर्को ठूलो वज्र पर्‍यो। ऊ साह्रै दिक्क भयो, पीर मान्यो अनि विलौना गर्न थाल्यो। तर उसलाई छोडेर जाने मालती त गइसकेकी थिई। अब मोहन बाहेक उसको अरू कोही थिएन। मोहनको कलिलो अनुहार हेरेर उसले मन बाँध्नै पर्ने भयो। उसलाई लाग्यो - " म आफू नै आत्तिएँ भने यो स्यानो छोरोको भविष्य के होला ?" उसले आफ्नो मनलाई दरो पार्‍यो। मालतीको दाह-संस्कार आदि सकियो।

मोहन आफ्नी आमाको निधन भएकोमा धेरै दुःखी भयो, रोयो। अब, आमा फर्केर आउँदिन् भन्ने उसको कलिलो मनले चाल पायो र रून थाल्यो। बाबुलाई पनि भ्याउरिएको देख्यो। दिन बित्दै गए। कालेले आफूलाई सम्हाल्दै लग्यो। अब छोराको पूरै अभिभारा उसमाथि नै थियो। कालेले मोहनलाई यथासम्भव कुनै कुराको दुःख पर्न दिएन। समय-समयमा खान दिनु, अरू हेरविचार गर्नु, छोराले मागेको पुर्‍याईदिनु आदि सबै कुरा गर्न लाग्यो। केही महिना बितेपछि कालेले फुसको छाना भएको आफ्नो घर बनायो। छोराको पूरै हेर-विचार गर्नुपर्ने भएकोले घरको अगाडि पसल थाप्ने र जागिर छाड्ने विचार गर्‍यो। आफ्नो एक्लो छोरोलाई ऊ कुनै प्रकारको दुःख दिन चाहँदैनथ्यो। उसले आफ्नो पदबाट राजिनामा दियो। " राजिनामा न दे, नोकरी छाड्नु ठीक होइन, भइरहेको जागिर पनि कोही छोड्छ ? मान्छेले नोकरी पाउन अचेल कति धौ-धौ पर्न लागिसक्यो, अरू प्रवन्ध मिलाएर छोराको काम चलिहाल्छ" भनी साथीहरूले कति सम्झाए। तर कालेले नोकरी छाड्ने पक्का निधो गरिसकेको थियो। आफूले नहेरे छोराको स्याहार पुग्दैन र छोराले दुःख पाउला भन्ने उसको मनमा थियो। अन्ततः उसको राजीनामा स्वीकृत भयो। उसले पेन्सन पाउने भयो। कालेले पसल थाप्यो। अब जुनबेला पनि ऊ छोराको हेरविचार गर्नसक्ने भयो। मोहन मधुमाराबाट पढ्न जाने अरू ठूला-साना केटाहरूको साथ लागेर स्कूल जाने आउने गर्न थाल्यो। अरू बेला कालेले छोरालाई आफू नगिचै राखिरहन्थ्यो। कालेको सास नै अब छोरा माथि थियो।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

छैटौं अध्याय

"चकलेटको दाम कति ?" सात वर्षकी रूक्मिणीले सोधी ।

" दुई पैसे गोटा", मोहनले जवाफ दियो । काले केही कामले घरभित्र पसेको थियो र आफ्नो सट्टा दोकानमा छोरोलाई एकछिनका निम्ति राखेको थियो । मोहन फुर्सद भएको वेला वावुसँग नै दोकानमा वस्दथ्यो र वावुलाई दोकानको काममा सघाउँथ्यो । वरावर दोकानमा वस्नु पर्दा वेच्नु पर्ने सवै चीजको दाम राम्ररी थाहा थियो ।

" चार पैसाको देउ त !" मोहनले हातमा लिएको कागजको फूल भुँइमा राखेर दुइवटा चक्लेट चक्लेट राखेको शिशीबाट झिकी रूक्मिणीलाई दियो । पैसा लिएर खुत्रुके-वाकसमा खसाल्यो । रूक्मिणीले त्यो कागजको फूललाई टक्क उभिएर नियाली एकछिन हेरी रही र भनी- " यो फूल तिमीले वनाएका हौ ?"

मोहनले भन्यो, " हो, तर पूरा बनिसकेको छैन । अलिकति बाँकी छ ।"

रूक्मिणीले भनी, " कति राम्रो फूल छ ! कस्तो राम्रो फूल बनाउन जानेको ! मलाई पनि सिकाइदेऊ न ।"

मोहनले भन्यो-" मिती धेरै स्यानी छ्यौ, कैंची चलाउन जान्दिनौ हउली ।"

रूक्मिणीले भनी, " म सानी भएर के भयो त ? सिकाएपछि जानिहाल्छु । म कखग, एवीसी पढ्न जान्दछु । मलाई चिया पकाउन पनि आउँछ । "

मोहनले भन्यो, " कुरा चाहिँ तिमी निकै बाठो गर्दिरहिछ्यौ, हुन्छ म सिकाइदिन्छु ।"

रूक्मिणीले भनी, " म भोलि आउँछु नि , मलाई पक्कै सिकाइदेऊ । आज म आमा-बासँग एकछिन पछि मामाकहाँ धरान जान्छु ।"

मोहनले भन्यो, " भोलिदेखि मलाई स्कूल जानुपर्छ, चार नवजी घर आउन पाउँदिन ।"

रूक्मिणीले भनी, " म पनि त स्कूल जान्छु । म तिमी स्कूलबाट फर्केपछि

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आउँला । " यत्तिकैमा काले घरभित्रवाट पसलमा आयो । रूक्मिणीलाई देख्यो र भन्यो, " नानीलाई के चाहियो ? मोहनले दिएन् ? "

रूक्मिणीले भनी, " मैले यी चकलेट किनिसकें। मोहनले दिइसक्यो। मलाई पनि फूल बनाउन सिकाइदेऊ भनेका ।" रूक्मिणीको कुरा सुनेर काले हाँस्यो र भन्यो- " नानीलाई पनि फूल बनाउन सिक्न मन लाग्यो ? यसले फूल निक्कै राम्रोसँग बनाउन जानिसक्यो, मानवहादुरले दुई महिनामा नै जान्ने पारिदिई सक्यो ।"

रूक्मिणीले भनी, " म पनि फूल बनाउन जान्ने हुन्छु । मोहनले सिकाइदिन्छु भनेको छ । भोलिदेखि सिक्छु ।"

रूक्मिणीको कुरा सुनेर कालेले फेरि खिसिक्क हाँसेर भन्यो - " ए, त्यसो भए त राम्रै भयो। तर नानी, कैंची चलाउन राम्रोसित जान्नुपर्छ। यसले एक-दुई पटक कैंचीले आफ्नो हात काटिसक्यो । नानीको पनि काट्ला ।"

रूक्मिणीले भनी, " म राम्रो गरी चलाउने कोसिस गरूँला।" अनि रूक्मिणी दगुर्दै घरतर्फ लागी ।

काले मधुमारामा आफ्नो घरमा सरेको वर्ष दिन नाघिसकेको थियो । उसको दिनचर्या प्रायः प्रतिदिन एकै किसिमको थियो। विहानै आफू उठ्नु अनि छोरालाई उठाउनु, छोरालाई खाना खुवाइ माष्टरकहाँ पढ्न पढाउनु, चिया पसल भएकोले विहानै पसल खोल्नु, आफू दिनभरी पसलमा बस्नु, स्कूलबाट आएपछि छोरालाई खाजा ख्वाएर कहिलेकाहीं दिनमा एक-डेढ घण्टा पसल बन्द गरेर बजारबाट सामान किनेर ल्याउँदथ्यो । सप्ताहको प्रत्येक दिन उसले पसल खोले पनि शनिवार भने दिउँसो पसल खोल्दैनथ्यो । कहिलेकाहीं भारततर्फको जोगवनी पुगी पसलका लागि सामान किनी ल्याउने गर्थ्यो ।

चिया खान बिहानै अनेक थरीका मानिस आउँथे । आउनेहरूमा प्रायः कर्मचारी, अल्लारे ठिटाहरू, अधबैंसे आईमाइहरू र जन-मजदुर थिए। राजनीतिमा रूचि भएकाहरू पनि आउँथे । आ-आफ्नो विषयमा छलफल र कुराकानी गर्दथे । पसलमा बिहानको वातावरण निकै चाखलाग्दो हुनेगर्थ्यो । एक दिन एउटा बूढो मानिस चिया खान आयो। ऊ राम्ररी हिंड्न सक्दैनथ्यो र उसले एउटा आँखा देख्दैनथ्यो। विपन्नताको मारले गर्दा पेटभरी खान नपाएकोले दुर्वल र निन्याउरो देखिन्थ्यो। उसले लगाएका लुगा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पनि भुत्रा भइसकेका थिएन। ऊ आएर पसलको एक कुनामा बसिरह्यो, कालेले पनि उतिर ध्यान दिएन। उसलाई त्यो कुनै माग्ने भएको जस्तो लाग्यो। तर त्यस व्यक्तिले केही पनि मागेन। ऊ चुपचाप नै बसी रह्यो। धेरै समयसम्म पनि ऊ उठेर नगएकोले कालेलाई यो को रहेछ भनी खसखस लाग्यो र सोध्यो, " दाइ, तपाईको हुनुहुन्छ ? तपाई आएर बसेको निकै बेर भइसक्यो। केही माग्नु पनि हुन्न । कसैलाई खोज्नु भएको हो कि ?"

त्यस बूढोले भन्यो, " म मानबहादुर हुँ। मेरो घर पहिले भोजपुर थियो। अहिले म चतरामा जीवन गुजारा गरेर वस्दछु। यहाँ अस्पतालमा सित्तै औषधि गर्छ भनेर आएको छु। अस्पतालबाट हिँडदा-हिँड्दै यहाँ आइपुगें। रिंगटा लागेजस्तो भएर यहाँ बसेको हुँ। रोगले शरीर खाइसक्यो, त्यसमा पनि वूढो शरीर यसै पनि मक्किसकेको हुन्छ। तातो चिया खाउँ भने पैसा छैन, कसैलाई भेट्न जाउँ भने यहाँ आफन्त कोही छैन।"

कालेले सोध्यो, " तपाई यस्तो सारो विरामी मानिस चतरादेखि यति टाढा कसो गरे आउनु भयो त ?"

मानबहादुरले भन्यो, " मेरो घरमा कोही छैन। म एक्लै मानिस, मसँग साथ आउन के मान्ला र ? म एक्लै आएँ। गाँउको ठूले धरान आउन लागेको रहेछ, मलाई धरानसम्म गोरू-गाडामा ल्याइदियो। खानपिन पनि उसैले गरायो। विराटनगर आउन भनेर चार रूपियाँ खर्च समेत दियो। म त हिजै विराटनगर आएको साँझपख अस्पतालमा रोगीको जाँच गरिंदो रहेनछ, भोलि आऊ भनेकोले आज अस्पताल गएँ। हिजो कालीस्थान मन्दिरमा सुतें। ज्वरोले अझै छाडेको छैन। "

कालेलाई उसको त्यस्तो अवस्था देख्दा साह्रै दया लाग्यो। तातो चिया एक ग्लास बनाएर दियो अनि दुईवटा विस्कुट पनि दियो। मानबहादुरले चिया-विस्कुट खायो। एक छिनपछि कालेले फेरि सोध्यो, " तपाईको हालत यस्तो छ। सद्देमा त तपाईलाई अप्ठेरो छ। झन् बिरामीले साह्रै गालेको बेला अब कसरी घर फर्कनुहुन्छ ? तपाईको त म राम्रो देख्दिनँ।"

मानबहादुरले भने, " खोइ, के गरूँ, म त बाटो देख्दिन। चतरा आफ्नो घरसम्म पनि पुग्न सक्छु कि सक्दिन ? विराटनगरमा २/४ दिन बसुँ भने पनि ठाउँ छैन। रोगले एक छिन पनि छाडेको होइन। जे होला, ईश्वरको इच्छा। " अनि शरीरमा साह्रै सकस परे झैं लामो सास फेऱ्यो। एक छिन बोल्दा समेत स्वाँ-स्वाँ हुने र अत्यन्त

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कमजोरीले गर्दा ऊ साह्रै नै थकित जस्तो भयो ।

मानवहादुरको बिजोग देखेर काले द्रवीभूत भयो । " यस्तो अवस्थामा विचरा कसरी जान सक्ला ? गरीब दुःखीको मद्दत गर्नु पनि धर्म नै हुन्छ" भनेजस्तो उसको मनमा लाग्यो र भन्यो - " तपाईको हालत एकदमै ठीक छैन । यस्तो अवस्थामा दुई-चार दिन मकहाँ नै वस्नोस् । अस्पताल पनि नगिच नै पर्छ औषधि गर्न पनि तपाईलाई सजिलो हुन्छ । दुई-चार दिन वसेर अलि तग्रिएपछि जानुहोला । "

कालेको कुरा सुनी मानवहादुर औधी खुशी भयो । उसको अहिलेको असहाय र विवश अवस्थामा कालेको भनाईले उसलाई ठूलो सहारा दियो । मानवहादुरले भन्यो – " म बिरामी मानिस, यहाँ वस्दा तपाईलाई दुःख होला ।"

कालेले भन्यो – " दुःख सुख त्यस्तै हो, आउँछ-जान्छ । त्यसमा तपाईले अन्यथा मान्नु पर्दैन ।" मानवहादुरलाई कालेले आफ्नो घरभित्र लग्यो । मानबहादुरको घर त्यति फराकिलो र ठूलो थिएन । दुईटा कोठा थिए, अनि बलेसीलाई घेरेर सानू अर्को एउटा कोठा निकालेको थियो । त्यो स्यानो कोठामा बाँसको किला ठोकी सुत्न-पल्टिन मिल्ने गरी मचान बनाइएको थियो । भान्साघर भने अलग्गै थियो । काले आफू सुत्ने कोठामा छोरालाई पनि साथै सुताउँथ्यो । पढ्नका लागि छोराको निम्ति पुरानो एकजोर कुर्सी टेबुल किनिदिएको थियो । किताब राख्ने र्‍याक पनि बनाइदिएको थियो । अर्को कोठा चाहिँ भण्डारको रूपमा प्रयुक्त हुन्थ्यो । आँगनमा ट्यूबवेल गाडेको थियो ।

मानबहादुरलाई बलेसीमा निकालेको कोठामा राखियो । ओछ्यानका निम्ति गुन्द्री दियो । ओढ्ने मानबहादुरसँगै थियो । मानबहादुर बाँसको मचानमाथि पल्टियो । ज्वरो आइरहेकोले ऊ मुख छोपेर सुत्यो । चार बजेपछि मोहन स्कूलबाट फर्क्यो । कोठामा पस्न लागेको मात्र के थियो बलेसीको सानो कोठामा ओड्नेले मुख छोपेर सुतेको मानिस देख्यो । " यो को होला ।" भन्ने उसको मनमा खुल्दुली भयो । आजसम्म उसको घरमा कोही बसेको त थिएन । काले पनि छोराको पछि-पछि आइपुग्यो । मोहनले प्रश्न-चिन्ह लिएको आँखाले सोध्यो – " को मानिस सुतेको बा ?" कालेले भन्यो ' बिचरा बूढो मानिस हो । साह्रै बिरामी छ । हिँड्डुल गर्नै सक्दैन र एकदमै अशक्त छ । दुई-चार दिन वस्छ अनि जान्छ । नाम मानबहादुर हो । "

मानबहादुर २/४ दिन बस्ने भनेको त झन् ऊ थलै पर्‍यो । आठ दिनपछि ऊ अलि चहलपहल गर्नसक्ने भयो । एक त बूढो अर्को सिकिस्त बिरामी र त्यसमा पनि

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

एउटा खुट्टा राम्ररी नचल्ने, अनि चहलपहल गरेको पनि घर्म्रेजस्तो देखिन्थ्यो । कालेले उसलाई खाना दियो, औषधि किनिदियो, तातो पानी तताएर खान दियो, तातो चिया खान दियो । उसले मानबहादुरको यथासक्य सेवा गऱ्यो । कुनै-कुनै वेला मोहनले खाना ल्याइदिन्थ्यो । मानबहादुर अलि तंग्रिएपछि कालेसँग सोध्यो, " यी नानी त तपाईका छोरा हुन् क्यार ? जहान भने देख्दिनँ, कता गइन् ? " उसको प्रश्न सुनेर काले अलि उदास भयो र भन्यो, " जहान खसी हाली, धेरै भयो । घरमा बाबु छोरा मात्र छौं ।" कालेलाई उदास भएको देखेर " कस्तो नचाहिँदो कुरा सोधेछु " भनी बूढोको मनमा चुकचुकी लाग्यो ।

मानेको र मोहनको हित्तचित्त मिल्यो । मानबहादुर अलि तंग्रियो । मानबहादुरले मीठा-मीठा कुरा गर्ने- कथा भन्ने गरेको सुनेर मोहन त्यसबाट खूबै लट्ठियो । छोराले मानबहादुरलाई मन पराएको देखेर काले विचार गर्नथाल्यो - " म एक्लैले मात्र मोहनको पूरै हेरविचार गर्न सक्दिन, मैले दोकानमा वस्नै पऱ्यो । अर्को एकंजना मानिस घरमा भयो भने उसले समय बिताउने राम्रो मौका पाउँछ । मानबहादुरसँग त मोहन एकदमै रत्तिए भैं भयो । मानबहादुरको पनि कोही छैन । उसलाई जहाँ वसे पनि उस्तै हो । शरीरले अशक्त भए पनि सद्दमा त केही न केही न केही सघाउन सकिहाल्ला ।" मनमा यस्ता विचार खेलाएर कालेले मानबहादुरलाई भन्यो - " तपाईको कोही छैन भन्नुहुन्थ्यो, चतरामा घर छ पनि भन्नुहुन्थ्यो । अहिले त्यो घर कसले हेरेको होला ?"

मानबहादुरले भन्यो, घर के भन्नु दुःखीको एक सानो छाप्रो छ । छाप्रोको जमिन पनि मेरो होईन । अैलानी जमिनमा बनाएको थिएँ । तर बसेको चाहिँ धेरै भइसक्यो । अब त म अलि तंग्रिइ पनि सकें भोलि-पर्सिमा जान्छु होला । भाइले मेरो कत्ति दुःख उठाइरहनु ? मैले निक्कै दुःख दिन पुगें ।" कालेले फेरि ऊसँग सोध्यो – "दाइको परिवार के भयो त ? परिवार अवश्य नै थिए होलान् । यत्रो संसारमा आफ्नो भन्नु कोही-न कोही त अवश्यै नै होला ?" मानबहादुरले लामो साँस फेर्दै भन्यो – " भाइ, सबै कुरा थिए । उहिले बैंस थियो । तल्ला गाउँको ठूला सुब्बाको छोरा चन्द्रे भारतको गोर्खा फौजमा भर्ना भएर केही वर्ष काम गरी छुट्टीमा घर आएको थियो । गाउँमा छदाँ त त्यति फूर्तिलो-फार्तिलो थिएन । फौजमा भर्ना भएर फर्किएपछि त उसको ठाँट-बाँठ नै अर्को, फूर्ति नै अर्कै भएको थियो । यसो त उसका बाबु पनि फौजमा काम गरी पेन्सन पाउने

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

भई गाउँ फर्केका थिए। निक्कै पैसा कमाएर ल्याएका हुनाले आफ्नो बन्दोबस्त राम्रो मिलाएका थिए। चन्द्रेलाई पनि उनैले फौजमा पठाएका थिए। चन्द्रेको कुरा सुन्दा मलाई पनि फौजमा भर्ना हुन जाउँ जस्तो लाग्यो। उसको भन्दा मेरा जिउ कुनै कमको थिएन, वरू म नै बलियो थिएँ। तर मेरो विहे भइसकेको थियो। जे भए पनि फौजमा भर्ना हुनजाने पक्का निर्णय गरेर चन्द्रेसँग कुरा गरेँ। चन्द्रेले पूरै मद्दत गर्ने भयो। फौजमा भर्ना हुन म चन्द्रेसँग हिँडे। म फौजमा भर्ना भएँ। शुरूमा वडो कडा तालिम गर्नुपऱ्यो। तालिममा मैलै राम्रो गरेँ। पछि जीवन सजिलो हुँदै गएको थियो। वेलावेलामा म छुट्टीमा घर फर्किन्थेँ। पाएको तनखा जोगिहाल्थ्यो। जहान र घर-गाउँका मानिसका निम्ति सामान ल्याउथेँ। तर संसारलाई युद्धको वादलले घेऱ्यो। जापानी फौज़ले जताततै हमला गर्नथाल्यो। जर्मनीले पनि जताततै जित्यो। जापानले भारतमा पनि हमला गर्न थाल्यो। कलकत्तामा बमवारी गऱ्यो। त्यसताक जापानले वर्मामाथि कब्जा गरिसकेको थियो। उसको दाउ भारतमाथि कब्जा गर्ने थियो। लडाइँ बढ्दै आसामसम्म आइपुग्यो। अंग्रेजले इम्फालमा मोर्चावन्दी गरे। म भएको फौज पनि इम्फाल पठाइयो। त्यहीँ लडाइँमा परेकोले छुट्टी मिलेन, कहिले यो मोर्चा त कहिले त्यो मोर्चा, कहिले चाहिँ ट्रेनिंग भनेर धेरै समय बित्यो। एउटा लडाइँमा साह्रै घाइते भएँ। आँखा त्यसैबेला फुटेको हो र खुट्टामा गोली लागी खोरण्डो भएँ। झण्डै एक वर्ष अस्पताल बस्नुपऱ्यो। लडाइँ सकिइसकेको थियो। आफूले चिनेका कैयौं साथी-भाइहरू मरे। झण्डै नौं वर्षपछि म घर फर्के। गाउँमा म मरे भन्ने हल्ला फिँजिएको रहेछ। त्यही हल्ला सुनेर र म पनि धेरै अवधिसम्म नआएको देखि हल्लाई साँचो ठानी मेरी जहान अर्को एकजनासँग हिँडिछ। घर फर्केपछि मैले यो कुरा थाहा पाएँ। तर हुने कुरा त भइसकेको थियो। मनलाई बाँधे। आफ्नो शरीर केही अशक्त भएकोले दोस्रो विवाह गर्ने विचार पनि गरिनँ। घरका २/३ जनाले त विहे गर् भनेका थिए। तर आँखा फुटिसकेको र एउटा खुट्टा समेत लँगडो भएकोले अर्काको जीवन विगार्नु ठीछ छैन भन्ने मेरो मनमा लाग्यो। गाउँमा तेह्र–चौध वर्ष बसेँ। मैले पैसा राम्रो कमाएर ल्याएको थिएँ। एक पटक अतिवृष्टि भई मेरो खेत र घर नै पहिरोले लग्यो। वस्तु-भाऊ पनि त्यही पहिरोमा पुरिइए। मानिस भने धन्नै परेनन्। आफूसँग भएको केही पैसा लिई दिक्क मानी गाउँबाट हिडेँ। जोगी बनूँ जस्तो लाग्यो। चतरा किनारमा आएर एउटा छाप्रो बनाएर बसेँ। पूजा-पाठमा नै समय बिताएँ। जोगी भनेर यता-उताकाले अलिअलि अन्नपात दिन्छन्। त्यसले मेरो

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गुजारा चलिहाल्दछ । "

कालेले भन्यो, " तपाईको जीवन-कथा साह्रै मन छुने खालको रहेछ । तपाई हामीसँग वस्नोस् भन्न खोजेको थिएँ । एकभन्दा दुई भएपछि अलि सजिलो हुन्छ । मेरो पनि छोरो वाहेक अरू कोही छैन । तपाईलाई जहाँ बसें पनि एउटै हो जस्तो मलाई लाग्यो । " मानवहादुर एकछिन घोरियो, केही बोलेन । केही वेरपछि उसले भन्यो, "भाइ मेरो झन्झटमा किन पर्छौ ? तिम्रो जीवन र व्यवहार राम्रोसँग चलिरहेको छ । मेरो भारी वोक्नु ठीक होओइन ।"

कालेले भन्यो - " तपाईलाई वस्ने इच्छा छैन भने त मेरो केही भन्नु छैन, होइन भने के झन्झट, कस्तो झन्झट ? मालिक ईश्वर हुन्, सवै उनले मिलाएर लगिहाल्ने छन् ।" मानवहादुरले भन्यो, "तपाईलाई झींझो छैन भने म वस्छु । एक्लो ज्यानलाई जहाँ वसे पनि उस्तै हो ।"

अनि मानवहादुर कालेसँग नै वस्न थाल्यो ।

मधुमाराको चौकमा रंगेली सडक वारपार भएर गएको वाटो वुधवारे हाटवाट ठाकुरवाडी मन्दिर, धोवीटोला आदि हुँदै आएर तेस्रो वाटोमा मिसिएको थियो । चौकवाट पचास पाइला पूर्व गएपछि मधुमारा टोलमा दक्षिणतर्फ भएर अर्को वाटो गएको थियो । मधुमारा चौकको ठीक अगाडि दुईसय फिट जति उत्तरतर्फ विराटनगर जेल थियो । चौकको उत्तर-पश्चिमतर्फ आँपको बगैंचा र त्यसको मध्यमा विराटनगरको सवैभन्दा पुरानो, बनसखण्डी मन्दिर थियो । बनसखण्डी महादेवको बगैंचा सकिनासाथ धर्मभखारी चौकसम्मको उत्तर-दक्षिण बाटोमा मिसिएको पूर्व-पश्चिमको एउटा सानो गोरेटो थियो । जनु पश्चिमको अन्त्यमा उत्तरतिर मोडिएर मालअड्डा पुग्दथ्यो । बनसखण्डी महादेवको बगैंचा टाँसिएर पश्चिमतर्फ अस्.ताल थियो । अस्पतालको पश्चिमतर्फ खाली चउर थियो । मालअड्डाबाट दक्षिण-पश्चिम भएर गोरेटो निस्किएको थियो र यो गोरेटो गएर गोश्वारा अड्डाको पश्चिमबाट दक्षिण- लागेर गएको र रंगेली रोडलाई भेट्ने बाटोमा मिसिन्थ्यो । साविकको मालअड्डालाई भत्काई त्यसको उत्तर-पश्चिम धेरै अड्डा बस्न हुने गरी एउटा कार्यालय-भवन बनाइएको थियो । यो नयाँ कार्यालय भवनको अगाडि चौतारा समेत बनेको वहरको रूख, त्यसपछि कोइरालाको रूख र एकातर्फ

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

जामुनाको रूख थियो भने बहरको रूखको लगत्तै पश्चिम मालपोखरी थियो । मालपोखरीको दक्षिण भएर एउटा सानो बाटो थियो जसले बैंक-रोडलाई भेट्दथ्यो ।

मोहन मधुमारामा वस्दावस्दै टोलको धेरै मानिसलाई चिन्ने भइसकेको थियो । केटाकेटी भएकोले अरू केटाकेटीहरूसँग लागी तिनीहरूको घर पनि गइसकेको थियो । कालेको बोली वचन राम्रो भएको र मिजासिलो पारामा कुरा गर्ने बानी भएकोले सबै उसलाई मन पराउँदथे ।

मोहन मधुमारा घर सरेपछि शुरू-शुरूमा जेलको सामुन्नेका क्रियाकलापलाई हेरीरहन्थ्यो । ठूला-ठूला पर्खालले घेरिएको जेलको चारै कुनामा पालो-पहरा बस्नका लागि बुर्जा बनाइएको थियो । ती सबै बुर्जाहरुमा बन्दूक बोकेका सिपाहीहरूं पालोमा वस्दथे । बाहिरबाट ठूलो पर्खालले घेरेकोले जेलभित्र भने देख्न सकिँदैनथ्यो । पश्चिमतर्फ मूल ढोका थियो, त्यसमा पनि वन्दूक वोकेर सिपाही पालोमा रहन्थ्यो । जेलको चारैतिरका खुला जमिन निकै नै थियो, त्यसलाई काँडे-तारले घेरेर राखिएको थियो । प्रत्येक घण्टामा रात दिनमै घण्टी बनाइन्थ्यो । जति बजेको हो त्यति पटक घण्टी बजाइन्थ्यो । घण्टी बजेपछि सबैले कति बज्यो भनी चाल पाउँथे । राति वातावरण शान्त र निस्तब्ध हुने भएकोले वरपर निकै टाढासम्म घण्टीको आवाज प्रस्टै सुनिन्थ्यो ।

प्रायःजसो प्रत्येक दिन विहान गंजी र कट्टु लगाएका सिपाहीहरू व्यायाम गर्दथे । कहिलेकाहीं बन्दूक समेत बोकेर र सिपाहीको पूरै वर्दी लगाएर सिपाहीहरूलाई कवाज खेलाइन्थ्यो । सिपाही साँझपख भलिवल खेल्दथे । कैदीहरूलाई दिनमा बाहिर निकालेर खाली जमिनमा तरकारी लगाउन, घाँस-झार सफा गर्न, फूल रोप्न, पानी पटाउने आदि काममा लगाएको देखिन्थ्यो । अड्डा लागेका दिन कैदीका आफन्त अथवा चिनेका मानिस भेटन् आउँदा कहिलेकाहीं जेलको ढोका अगाडि भीड हुन्थ्यो । बेला-बेलामा हथकडी लगाइएका बन्दीहरूलाई बन्दूक बोकाई दुई-तीन सिपाहीहरूका साथ जेलबाट बाहिर लगिँदै गरेको मोहनले देख्दथ्यो । यी सबै कुराहरू उसका निम्ति अचम्मका थिए । नगिचै जेल-टोलका केटाकेहीहरू उभिएर तमासा हेरिरहेका पनि देख्दथ्यो । पछि-पछि त ऊ पनि तमासा हेर्न नजिकै जान लाग्यो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

सातौं अध्याय

JAGADGURU VISHWARADHYA
JNANA SIMHASAN JNANAMANDAL
LIBRARY
Jangamwadi Math, Varanasi
ACC No.........8598.............

मानवहादुर कालेको परिवारको सदस्य भएर बस्यो । मानवहादुरको रोग त ठीक भइसकेको थियो, ऊ अझ कमजोर भने छँदैथियो । विस्तारै-विस्तारै ऊ तंग्रियो र उसको स्वास्थ्य राम्रो भयो । एउटा खुट्टाले राम्रोसँग काम नगर्ने भएको र निकै बूढो पनि भइसकेकोले ऊ लठ्ठी टेकेर हिँड्ने गर्दथ्यो । मानवहादुर दुई दिनका निम्ति चतरा गयो र तहाँ भएको झिटी - गुन्टा लिएर आयो । मानवहादुर बसिदिएकोले कालेलाई पनि सजिलो नै भएको थियो । सँगसँगै बस्दाबस्दै मानवहादुले पनि दोकान राम्रैसित चलाउन सक्ने भयो । काम विशेषले कहिलेकाहीँ यताउता जानुपर्दा " मानवहादुर दाइ, मलाई वाहिर जानुपर्ने भयो, तपाईले म नआउन्जेल दोकान हेरिदिनु पऱ्यो" भनेर हिँड्न पनि कालेलाई सजिलो भयो । अरू दिन पनि एकाध-घण्टा मानवहादुर दोकानमा बसिदिन लागेकोले कालेलाई सजिलो भएको थियो । मानबहादुरले चूप लागेर बस्न जानेको थिएन । काले दोकानमा बसेको बेला मानबहादुर वारी गोड्न पुग्थ्यो । साग-सब्जी पनि लगाउन भ्याएको थियो । भान्साको काममा पनि सघाउने गरेको थियो ।

मोहन मानबहादुर भनेपछि लठ्ठ थियो । मानवहादुर पनि मोहनलाई बिछट्ट माया गर्दथ्यो । हुँदाहुँदा मानबहादुरले मोहनको सम्पूर्ण याद-विचार गर्नलाग्यो । मोहनका लागि खाना बनाइदिने, खाना ख्वाउने, लुगा लगाइदिने, खाना पकाइ दिने, खाना ख्वाउने आदि सबै काममा मानबहादुर अघि सर्दथ्यो । मानवहादुर अपढ थिएन । उसले फौजमा साथीभाइसँग लागेर पढ्न जानेको थियो । हिसाब गर्न पनि उसलाई राम्ररी आउँथ्यो । बरू हिसाबमा त काले नै धेरैजसो लटपटिन्थ्यो । मोहन र मानवहादुरको कुरा खूब मिल्दथ्यो । मानवहादुरले केही सीप पनि जानेको थियो । फौजमा छँदा उसले एकपटक गोरा साहेबसँग दुई वर्षसम्म बस्नुपरेकोले त्यसबेला उसले अंग्रेजी कनीकुथी सिक्ने प्रयास गरेको थियो । गोर साहेब नेपाली नजान्ने र अंग्रेजीमा मात्र बोल्ने तर मानबहादुर भने अंग्रेजी भनेपछि फुट्टी पनि नजान्ने भएकोले गोरा साहेबले बोलेको बुझ्न र अलिकति भए पनि जवाफ दिनका लागि पनि उसले अंग्रेजी सिक्न बाध्य नै हुनुपऱ्यो । मानबहादुर

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

JAGADGURU VISHWARADHYA
JNANA SIMHASAN JNANAMANDAL
LIBRARY
Jangamwadi Math, Varanasi
ACC No. ....

कथा-कहानी हाल्नुमा पनि सिपालु थियो । मानवहादुरले मोहनलाई त्यस्तो माया र व्यवहार पुऱ्याएको देखेर काले प्रसन्न थियो । वेलाबेलामा मोहन मानबहादुरसँग लुटुपुटु गरिरहन्थ्यो ।

एक दिन साँझपख मोहन चक्कु लिएर पेन्सील ताछ्दै थियो, मानबहादुर ऊ नजिक बसिरहेको थियो । कसो-कसो गरी मोहनको चक्कु चिप्लिएर औँला काटियो र मोहन "ऐया" भनी कराउन थाल्यो । मानबहादुर मोहनतर्फ फर्कियो । औँला अलिकति काटिएर रगत आएको देखी भन्यो, " ल नानीले पेन्सिल काट्दाकाट्दै आफ्नै औँला काट्न पुगेछन् । यताउति हेरेर काटेको होला, चक्कुले औँला भेटी हाल्यो । भित्र गएर औषधि लगाइहाल । पेन्सिल र चक्कू मलाई देउ, म पेन्सिल ताछिदिउँला ।"

मोहनले भन्यो, " चालै नपाई चक्कू चिप्लियो । अर्कालाई कस्तो दुख्यो ।"

मानवहादुरले भन्यो, - " काटेपछि दुख्छ । राम्रो विचार पुऱ्याएर काम गर्नुपर्छ । छिटैभित्र गएर औषधि लगाऊ ।"

कहिलेकाहीँ साँझमा मोहनले मानवहादुरलाई कथा सुनाउन कर गर्थ्यो । उसले मानवहादुरलाई "ठूलो-वा" भन्न थालेको थियो । " आज कथा भन्नुहोस् ठूलो-वा", मोहनले भन्यो । "हिजो मात्र कथा सुनाएको होइन, नपढी-नपढी कथा सुनेर समय खेर फाल्नु राम्रो छैन,", मानवहादुरले भन्यो । मोहनले भन्यो, "आज होमवर्क पनि छैन । अरू पढिसकेँ । भोलि त छुट्टी छ ।" मानवहादुरले भन्यो, "भोलि केको छुट्टी ? स्कूल जान मन लागेन कि छुट्टी भनेको त होइन ।" मोहनले भन्यो, "भोलि शनिवार हो ।" मानवहादुरले भन्यो, "मैले कस्तो चाल नपाएको ? शनिवार त सबै स्कूल बन्द हुन्छ । " मोहनले भन्यो, " ठूलो-वा, मलाई कथा सुन्न साह्रै मन लागिरहेछ, भन्नुहोस् न।" मानवहादुरले भन्यो, " तिम्रो बुबा खोइ त ? " मोहनले भन्यो, "बुबा कोठमा बुबासँग सोधेर आएको हुँ । मानबहादुरले भन्यो, " बस नानी, धेरै कथा सुन्ने बानी गर्नु राम्रो होइन । बढ्ता मन पढ्नमा लगाउनु पर्छ । अनि पछि सबैले मोहनबाबु भन्छन् । पढेन भने त हामीजस्तै जैरे हुनुपर्ला ।" मोहनले भन्यो, " अँ यताउतिको कुरा गरेर टार्न खोजेको होला, म कथा नसुनी जाँदै जान्न । मैले आफ्नो पढ्ने कुरा कहिले बाँकी राख्छु र ? सबै दिन पढिरहेको छु। परीक्षामा पनि राम्रै गरेको छु।" मानवहादुरले भन्यो, " नानीले पढेको छैन भनेको कहाँ हो र ? जहिले पनि पढ्न मन लगाउनु पर्छ भनेको मात्र हुँ । अनि धेरै पढ्न सकिन्छ। तिमी आज कथा नसुनी नछाड्ने, हैन त नानी ?" अँ, ठूलो-वा म

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

त छाड्दै छाड्दिन" मोहनले भन्यो, " जुनसुकै कथा भने पनि एउटा राम्रो कथा भन्नुहोस् ।"

मानबहादुरले भन्यो, " ल अब म कथा भन्छु । तिमी राम्ररी सुन । आज म राजकुमारको कथा भन्छु । एउटा देशमा एउटा राजकुमार थियो । ऊ बहुतै सुन्दर, धेरै गुण भएको अनि त्यत्तिकै बहादुर पनि थियो । ऊ केही काम गर्न पनि पछि पर्दैनथ्यो । उनी बहुतै बलिया थिए, एक्लै बाघसँग पनि लड्न सक्दथे । ऊ आमा-बाबुका एकदमै भक्त थिए । उनको बहादुरीको विषयमा संसारमा नसुन्ने कोही थिएनन् । राजा-रानी पनि यस्तो मातृ-पितृभक्त र बहादुर छोरा पाएकोमा बहुतै खुशी थिए । ती राजाको राज्यमा सबै कुरा राम्रो थियो । सुख-शान्ति थियो । चोर-डाँकूहरू थिएनन् । फटाहा र बदमाशहरू पनि थिएनन् । सबै जनताले पेटभरी खान पाउँथे । जनता पनि राजासँग बहुतै खुशी थिए र जनताहरू पनि राजाको भलो हुने काम मात्र गर्दथे । जनतालाई कहिल्यै दुःख पर्न दिँदैनथे । कसैले दुःख पाएको चाल पाएपछि आफैं गएर उसको दुःख हटाउने प्रयत्न गर्थे, मद्दत गर्थे । राजा जहिले पनि प्रजाको सुखसुविधाका लागि प्रयत्नशील रहन्थे । यस्तो राजा पाएर प्रजा आफूलाई धन्य ठान्थे । त्यो राज्यमा धेरै बेरसम्म सुख शान्ति रह्यो । बुझ्यौ नानी ? सुन्दै त छौ ?"

मोहनले उत्तर दियो, " ठूलो-बा, सुन्दैछु, अनि के भयो ?"

मानबहादुरले भन्यो, " तर एक दिन राजा बिरामी परे । पहिले-पहिले त शरीर अस्वस्थ भएजस्तो, थाके जस्तो, बसिरहुँ जस्तो लाग्यो । तर दिन बित्दै गएपछि बढी निद्रा लाग्न थाल्यो, र उनी जहिले पनि निदाउने मात्र भए । बिरामी राजाको जान्ने बैद्य र धामी-झाक्रीहरूबाट इलाज चल्यो । औषधि पनि दिइयो । ग्रह-शान्तिका निम्ति पूजापाठ पनि गरियो, तर राजालाई सन्चो भएन । अब के गर्ने भनी भारदारहरूमा चिन्ता बढ्यो । राजकुमारलाई राज्यको काम थाहा थिएन । छिमेकी शत्रुले चाल पायो भने दुःख दिनसक्छ भन्ने डर भारदारहरूलाई भयो ।

राज्यको निर्णय लिने कोही भएन । यस्तै प्रकारले धेरै दिन बिते । राजालाई निको भएन । राजा जुन बखत पनि निदाई मात्र रहने भए । अनि त्यो राज्यमा एक दिन विचित्रको साधु आयो । ठूल्ठूला जुँगा भएका, लामा-लामा दाह्री भएका, बलेको आगोजस्तो रातो ठूल्ठूला आँखा भएको, पहेंलो कछाड बाँधेको, माथिको शरीर नाङ्गै भएको, घाँटीमा सर्प बेह्रेको, एक हातमा खप्पर लिएको र अर्को हातमा सर्पजस्तो बेरिएको लठ्ठीलिएको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

थियो । साधु अजंगको र हेर्दै डरलाग्दो थियो । साधुले त्यहाँ सवैको अनुहार मलिन रहेको देखेर त्यसको कारण सोधे र मानिसहरूले पनि राजाको हालतवाट आफू चिन्तित रहेको कुरा वताए । सवै कुरा चाल पाएर साधु राजदरवारतिर लाग्यो । राजदरवारमा उसलाई स्वागतका साथ लगियो र उसले निदाइरहेका राजालाई हेऱ्यो । राजालाई एकछिन हेरेर मुखले केही फत्फताउँदै आँखा चिम्लियो ... र एकछिन पछि आँखा उघाऱ्यो । अनि साधुले भन्यो, " ओहो, राजालाई असाध्य रोगले च्यापेछ, यसको इलाज नभएको होइन तर औषधि ल्याउन असाध्य कठिन छ । "नजिकै उभिएको राजकुमारले साधुलाई प्रणाम गर्दै भन्यो,- "महाराज, कुरा चाल पाएँमा ज्यानै जान्छ भनेर्पनि उपाय गर्दो हुँ । वावुको कामका लागि छोराले ज्यानै अर्पण हुनजाने काममा समेत पछि पर्नु हुँदैन ।"

साधुले राजकुमारलाई हेरेर भन्यो, " स्यावास् ! छोरामा हिम्मत भनेको यस्तै हुनुपर्छ । एकदिन सवैले मर्ने पर्छ । जस्तो सुकै गाह्रो काम भए पनि छोराले पछि हट्नु ठीक हुँदैन । वावुको भलो हुने काममा छोराले ज्यान-जोखिमको पनि परवाह गर्नु हुँदैन । ल सुन, अब म भन्छु । यसको औषधि यहाँदेखि धेरै उत्तरतर्फ पाइन्छ । त्यो ठाउँ नगिच वाटो छैन । वाटो वहुतै खतरनाक छ । बाटो जंगलै-जंगलले भरिएको र त्यहाँ हिंस्रक जनावारहरू पनि निक्कै छन् । अनि ठाउँ-ठाउँमा त राक्षसहरू समेत छन्, जसले मानिसलाई पायो कि खाइहाल्ने गर्दछन् । वाटोमा नदी-नालाहरू प्रशस्त छन्, कतैकतै नदीमा गोहीहरू समेत फेला पर्दछन् । ती सव वाटो पार गरेर गएपछि एउटा बाक्लो जंगल आउँदछ । त्यो भित्र पोखरी छ जसमा रातो फूल फूलेको छ । पूर्णिमाको दिनमा ठीक राति वाह्र बजे त्यो पोखरीवाट नागहरू निस्कन्छन्, पोखरी नजिकका घाँसहरू वास्नादार छन् । जंगल पूरै सुवासित हुन्छ । नागका राजाले मुखवाट नागमणि ओकलेर राख्दछन् । नागमणिको प्रकाशले ठूलो भागमा उज्यालो फैलिन्छ । त्यही मणिको उज्यालोमा नागहरु नाच्न थाल्दछन् । बाजाको धुन आफै वज्न थाल्दछ । त्यो नागमणि र पोखरीवाट केही कमल ल्याउन सक्यौभने राजालाई निको हुन्छ । पहिले नागमणि कब्जा गर्नुपर्दछ । नागमणि कब्जा भएपछि विहान सूर्योदय हुनासाथ कमलको फूल टिप्नु पर्दछ । राति नै टिप्ने चेष्टा गऱ्यो भने मणि हराएका कारणले रिसाएका नागहरुले टोक्नेछन् । साथमा नागमणि भएपछि कमलको फूल आफै किनारतर्फ आउँछ । आठ-दशवटा फूल ल्याए पुगिहाल्दछ । मणि ल्याएर राजा सुत्ने कोठामा राखिदिनू र विहान-

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बेलुकी कमल पिँधेर पानीमा मिसाई ख्वाएमा राजा पूरै निको हुनेछन् । " साधु यति भनेर चूप लाग्यो । " अब म जान्छु " भनी साधु हिँडि पनि हाल्यो । नानी सुतिसकेको जस्तो छ नि ? कसो ?

मोहनले तत्कालै उत्तर दियो, " सुतेको छैन ठूलो-बा ! अनि अगाडि भन्नोस् न ।"

मानबहादुरले अगाडि भन्यो, " ल, सुन, नसुत्नु नि । साधुको कुरा सुनेर राजकुमारले भोलिपल्ट मणि खोज्नका निम्ति जाने सुर कस्यो । भोलिपल्ट राजकुमार आफ्ना हातहतियारसहित एउटा राम्रो घोडामा चढी उत्तरतर्फ लाग्यो, ऊ धेरैदिनसम्म घोडामा चढी आफ्नो देशबाट धेरै टाढा पुगिसकेको थियो । एक दिन एउटा रूखमुनि बसेर उ विचार गर्न थाल्यो । " अब कता जाऊँ, कोसित सोधुँ, त्यो पोखरी कहाँ होला ? यहाँ कोही पनि भेटिदैंन ।" अनि राजकुमार फेरि हिँड्यो । उसलाई तिर्खा लाग्यो । पानीको खोजीमा यताउति हेऱ्यो । पर एउटा सानो खोला बगिरहेको देख्यो र घोडालाई त्यतै बढायो । खोला नजिक एउटी गाई हाड-छाला भएकी र हिँड्न नसक्ने भई मुख प्याक्प्याक गरिरहेकी उसले देख्यो । राजकुमारले खोलाबाट भाडामा पानी लिएर आफू पियो । घोडालाई पनि पानी पियायो । आफूले पानी पिएको भाँडालाई सफा गरेर त्यस खोलाबाट पानी लिएर बिरामी गाईको मुखमा खन्याउन थाल्यो । गाई साह्रै बिरामी र अशक्त भएकीले चटपटाउन सकिन, जिब्रो रसाएपछि आँखा खोली, अनि बिस्तारै-बिस्तारै पानी पिउन थाली । धेरैजसो पानी मुखबाट खसेर भूईंमा पोखिइयो । गाईको तिर्खा मेटिएको थिएन । राजकुमार फेरि पानी ल्याएर गाईको मुखमा हाल्न थाल्यो । गाईको तिर्खा मेटियो । अनि राजकुमार हिँड्नका लागि घोडामा चढ्यो । उसले "राजकुमार, राजकुमार" भनी कसैले बोलाएको सुन्यो् । यस्तो निर्जन ठाउँमा मलाई कसले बोलायो भनी छक्क पऱ्यो र बोलाउनेलाई खोज्दै यताउति हेर्न थाल्यो । कोही पनि नदेख्दा " भ्रम भए छ" जस्तो लाग्यो । राजकुमार फेरि घोडा चढ्न लागेको मात्र के थियो फेरि राजकुमार, राजकुमार, भनी बोलाएको सुन्यो । कसले बोलाएको होला, कोही पनि देख्दिनँ भनी राजकुमार विचार गर्न थाल्यो । हेर्दै जाँदा त आफैले अघि पानी पियाएको मर्न लागेकी गाईले आफ्नो मुण्टो ठड्याएर बोलाएको देख्दा ऊ झन् छक्क पऱ्यो । " अहो , यो बोल्ने गाई कस्ती होली ? ऊ आश्चर्य मान्दै गाई नजिक गयो । राजकुमार नजिक आएपछि गाई भन्न थाली, तिमी के कामले जान लागेको मलाई थाहा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

छ। मलाई माया गरी तिमीले पानी पिलायौ, म पनि तिमीलाई मद्दत गर्छु। म तिमीलाई दुई-थोक दिन्छु जुनले तिमीलाई औंधी काम दिनेछन्। ऊ त्यो भ्राडीमा ढाल र तरवार छ, त्यो तिमीले लिनू। त्यो ढाल र तरवारको गुण कस्तो छ भने त्यो ढाल र तरवार हातमा लिने मानिसको शरीरमा कुनै अस्त्रको चोट लाग्दैन र तरवारले जेलाई पनि तुरून्तै काट्दछ र कहिल्यै भाँचिदैन।" राजकुमारले भ्राडीमा गएर हेऱ्यो, साच्चिकै चमचम चम्किरहेको ढाल र तरवार देख्यो। उसले त्यो दुवै हातले उठायो। फर्केर हेर्दा त गाईलाई देखेन। यस्ती मर्न लागेकी गाई कता गइहोली भनी मनमनै विचार गर्दै यताउता हेऱ्यो, तर गाईलाई कतै देखेन। दैव नै मद्दत गर्न आएका होलान् भन्ठानेर ऊ घोडा चढी उत्तरतर्फ लाग्यो। मोहन नानी, ब्यूभ्रै छौ ?"

मोहन – ठूलो-वा, म सुन्दैछु, अरू भन्नुहोस् न "

मानवहादुरले अगाडि भन्यो – " धेरै दिन हिंडिसकेपछि राजकुमार ठूलो जंगलमा प्रवेश गऱ्यो। जंगलमा जाँदाजाँदै एक ठाउँमा एउटा बाघले हात्तीको बच्चा मार्न लागेको देख्यो। हात्तीको बच्चा पीडाले चिच्याइरहेको थियो। यताउता हेऱ्यो, हात्तीको भ्रुण्ड कतै देखेन। ' अहो, यो बच्चालाई एक्लै देखेर मार्न लागेछ' भनी विचार गऱ्यो। विचरालाई बचाउनु पऱ्यो भन्ने मनमा ठहर गरेर राजकुमार ढाल र तरवार लिई बाघमाथि जाइलाग्यो र बाघलाई तरवारले एकैचोटिमा दुई टुक्रा पारिदियो। हात्तीको बच्चा बाघको मुखबाट जोगिइयो। राजकुमार हिँडन मात्र के लागेको थियो त्यो हात्तीको बच्चाले भन्यो, 'राजकुमार, तिमीले मलाई आज कालको मुखबाट बचायौ, म सदाका लागि तिम्रो ऋणी भएँ। तिमी कुन काममा हिँडेका होऊ भन्ने मलाई थाहा छ। ऊ त्यो रूखमुनि एउटा टोड्को छ। त्यो टोड्कामा तीनवटा चीज छन्, एउटा बुटी छ, जुन साथमा राख्नेलाई विष र आगोले छुनै सक्दैन, दोस्रो लठ्ठी छ जुनलाई टेकेर हिँड्यो भने जत्ति हिँडे पनि थकाइ लाग्दैन र तेस्रो एउटा कचौराजस्तो भाँडा छ जसले जे मागे पनि दिन्छ; पानी मागे पनि दिन्छ; खाना मागे पनि दिन्छ। तिमी यी सबै कुरा लेऊ, यी चीज तिम्रा लागि धेरै कामका छन्।" राजकुमारलाई पोखरीको विषयमा हात्तीको बच्चासँग सोधुँ जस्तो लाग्यो र भन्यो, " पोखरीसम्म कसरी जान सकिएला, बाटो कुन हो ?" हात्तीको बच्चाले भन्यो, " तिमी तीन दिनको सोभ्रै बाटो गएपछि अर्को यस्तै एउटा विशाल जंगलमा पुग्नेछौ। त्यहाँ तिम्रो भेट मेरो हजुरबुबासँग हुनेछ। मैलै तिमीलाई दिएको कुरा साथमा लिएर जंगलमा छिरेपछि ती वस्तुहरूको सुगन्धबाट मेरो हजुरबावा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

'नाति आएछ' भनी खोज्न निस्कन्छन् अनि तिमीसँग भेट हुनेछ । यहाँ भएको सबै कुरा वेलिविस्तारसँग भन्नु र आफूले जान्न खोजेको कुरा पनि सोध्नू । हजूरवालाई थाहा नभएको कुरा केही पनि छैन । तिमीले आफ्नो प्रश्नको ठीक उत्तर पाउने छौ र तिमीलाई सजिलो हुनेछ ।" यति भनेर हात्तीको बच्चा अगाडि लम्कियो र एकैछिनमा लुप्त भयो ।

राजकुमार घोडा चढेर हिँड्यो । साँच्चि नै तेस्रो दिन अर्को ठूलो जंगलमा प्रवेश गऱ्यो । जंगलमा अगाडि बढ्दै जाँदा निक्कै बेरपछि अजंगको लामो-लामो दाँत भएको एउटा ठूलो हात्तीको सामुन्ने पुग्यो । हात्तीलाई राजकुमारले बच्चो हात्तीसँग कस्तो अवस्थामा भेट भएको थियो सबै वेलीविस्तार सुनायो र आफूले चाल पाउन खोजेको कुरा सोध्यो । त्यो हात्ती राजकुमारले भेटेको वच्चा-हात्तीको हजुरबुवा थियो । हात्तीले सबै कुरा सुनेपछि राजकुमारलाई त्यो कमलको फूल भएको पोखरीसम्म पुग्ने बाटोसमेत वतायो । राजकुमार आफूले जानुपर्ने वाटोका वारे जानकारी पाएपछि त्यहाँवाट पनि ऊ उत्तरतर्फ घोडामा चढी हिँड्यो ।

राजकुमारले वाटोमा अनेकौं हिंस्रक जनावर, मान्छेको मासु खाने राक्षसहरू, विषालु सर्पहरू भेट्यो, नदीमा ठूल्ठूला गोहीहरू पनि भेट्यो । तर तरवार र ढालले गर्दा सबैलाई चटाचट काटेर मारिदियो । तरवार भने अचम्मकै थियो । थुप्रै जनाले आक्रमण गर्दा पनि तरवार निकालेर हान्योभने त्यो तरवारबाट अरू थुप्रै तरवारहरू निस्केर सबैलाई काटिदिन सक्दथ्यो । जाँदाजाँदा अन्त्यमा पहाडको फेदी आइपुग्यो । फेदीमा घोडालाई छाडिदियो र आफूचाहिँ लट्ठी टेक्दै पहाड उक्लन थाल्यो । पहाड ठाडै उकालो थियो । तर लट्ठीले गर्दा जत्ति हिँडे पनि ऊ थाक्दैनथ्यो । पहाड काटेपछि बालुवैबालुवा भएको ठूलो मरूभूमि आयो । मरूभूमिमा सात दिन हिँड्नुपऱ्यो । बीचमा खानेकुरा पनि पाइँदैन्थ्यो । हात्तीले दिएको भाँडासँग खाना र पानी मागेर खायो । मरूभूमि नाघेपछि ठूलो फाँट हिँड्नुपऱ्यो । अनि एउटा विशाल र बाक्लो जंगल आइपुग्यो । दुई-तीन दिन हिँडेपछि उसले एउटा ठूलो पोखरी देख्यो जसमा कमलका असंख्य फूलहरू फुलिरहेको देख्यो । पोखरीको पानी निर्मल थियो र त्यसमा किनारामा ठाउँ-ठाउँमा अलि पातलो खालका रूखहरू थिए । राजकुमारले त्यो नै मैले खोज्दै हिंडेको हुनुपर्छ ।" भन्ने सोची त्यहीँ बस्ने विचार गऱ्यो । तर पूर्णिमा कहिले पर्छ उसलाई थाहा भएन । यस्तो घना र निर्जन जंगलमा सोध्ने ठाउँ पनि थिएन । ऊ त्यहीँ कुरेर बस्ने विचार गऱ्यो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

"जुन दिन पूर्णिमा हुन्छ, त्यही दिन नाग आफै निस्किहाल्नेछन्। त्यही वेला नागमणि लिने उपाय गर्नुपर्ला।" यस्तो विचार गरी ऊ त्यही ठाउँमा बस्यो। केही दिनपछि राति टहटह जूनको उज्यालो फैलन थाल्यो। एक दिन राति एक्कासि मध्यरातमा वजा बज्न थाल्यो, जंगल भरी मीठो सुवास फैलियो र पोखरीबाट असंख्य नागहरू निस्केर त्यसको डिलमा आए। राजकुमार एउटा रूखमा चढेर सवैथोक हेरिरहेको थियो। एक छिनमा एउटा नागले मुखबाट मणि ओकल्यो। मणिको प्रकाश फैलियो। मणिको प्रकाश र जुनेली रातको मिश्रणबाट अनौठो आभा व्याप्त भयो। राजकुमार कसरी मणि लिने भनी अलमल्लमा पऱ्यो। ऊ चढेको रूख नागहरू भएको ठाउँबाट टाढा थियो। उपाय विचार गर्दागर्दै नागले मणि निल्यो र सवै नागहरू पोखरीमा पसे। अब फेरि अर्को महिना नभई अर्को पूर्णिमा नआउने हुँदा राजकुमारले त्यति दिनसम्म त्यहीं बस्ने विचार गऱ्यो। अर्को पटक नागहरू आउँदा तिनीहरू आएपछि आफू रूखमा चढिराख्ने र नागले मणि भूइँमा ओकल्नासाथ माथिवाट भ्वाम्म कपडाले मणिलाई छोपिदिने विचार गऱ्यो। अर्को पूर्णे आयो। नागहरू पोखरीवाट निस्के। नागको राजाले मणि ओकल्यो र भूँइमा राख्यो। राजकुमार माथिबाट सवैथोक हेरिरहेको थियो। नागहरू नाच्न थाले। राजकुमारले मौका छोपी आफ्नो ओढ्ने मणिमाथि झारिदियो र मणिलाई ओढ्नेले छोपिदियो। मणि छोपिइनासाथ नागहरूमा खैलावैला मचियो। नागहरू मुन्टो ठाडो पारेर कुद्न लागे। अन्त्यमा विहान भयो। आकाशमा सूर्य उदाय। नागहरू पोखरीमा पसिसकेका थिए। राजकुमारले रूखबाट ओर्लेर नागमणि भूँइबाट टिपी पटुकामा कसे र कमलको फूल भएको पोखरीमा गयो। कमलका फूलहरू अर्को किनारतर्फ बगेर आए। राजकुमारले दशवटा कमलको फूल टिप्यो र त्यसलाई पनि मुठी बाँधेर झोलामा राख्यो। उसको इच्छित कार्य सिद्ध भयो र ऊ आफ्नो राज्यमा फर्किए र नागमणिलाई राजाको कोठामा राखिदिए र कमललाई पिसेर पानीमा मिसाई बिहान बेलुकी सात दिनसम्म राजालाई पिलाए। राजाको रोग राम्रो भयो। जहिले पनि निन्द्रा लाग्ने उसको रोग निको भयो। छोराको बहादुरी देखेर राजा खुशी भए। केही वर्ष पछि राजकुमारको विहे एउटी अति सुन्दरी र सुशिल राजकुमारीसँग गरिदिए। प्रजा सवै खुशी भए। धेरै वर्ष राज गरेपछि राजाको मृत्यु भयो। त्यसपछि राजकुमार राजा भए। नानी, अब कथा सकियो। भित्र सुत्न जाउँ। ओहो, कस्तो लामो हाई गरेको ? कथा भनेपछि सुत्नु खानु पर्दैन ? अब सुत्न गइहाल।" मोहन कोठामा सुत्न गयो।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मानबहादुर वेला-वेलामा यस्तै राजाको कथा, परिकथा आदि मोहनलाई सुनाउँदथ्यो। कहिलेकाहीँ आफूले देखे-सुनेका कुरा गर्थ्यो, फौजमा कस्तो हुन्छ ? लडाइँमा कस्तो हुन्छ ? आदि आफ्ना अनुभवहरू पनि मोहनलाई सुनाउने गर्थ्यो। मोहन पनि चाख मानेर सुन्थ्यो । सरस्वती पूजाको भोलिपल्ट स्कूलबाट घर फर्किंदा मोहनलाई त्यही स्कूलमा पढ्ने मधुमाराकै एउटा ठूलो केटा रमेशले एउटा कागजको फूल दियो। फूल पहेंलो रंगको थियो। सरस्वती पूजामा स्कूलमा खूब धुमधामले पूजा गरिन्थ्यो। त्यस अवसरमा बीणा हातमा लिएकी माटोबाट बनाइएको सरस्वतीको भव्य मूर्तिलाई मण्डपमा राखिन्थ्यो र त्यही मण्डपलाई अशोकको पात र सिक्री फूलद्वारा सजाइन्थ्यो । विराटनगरका लब्धप्रतिष्ठित मानिसहरू त्यस पूजामा आउँथे । केटाकेटीहरूलाई प्रसादस्वरूप बुनियाँ बाँडिन्थ्यो। भोलिपल्ट सरस्वतीको मूर्तिलाई नदी अथवा पोखरीमा लगी विसर्जित गरिन्थ्यो । त्यो फूल त्यही सजाइएको कागजका फूलहरूमध्येको थियो र रमेश ठूलो केटा भएकोले उसको हात परेको थियो। मोहन कागजको फूललाई जतनसाथ लिएर घर फर्क्यो। उसलाई त्यो फूल साह्रै राम्रो लागेको थियो। फूल पाएकोमा ऊ निक्कै खुशी थियो। हातमा कागजको फूल जतनसँग लिएर घरमा यताउता फुरुंग परेर हिँडिरहेको मोहनलाई मानवहादुरले देख्यो। मानबहादुरले एकछिन हेरिरह्यो र मोहनलाई नगिचै बोलाएर भन्यो, " नानीलाई आज एकदमै खुशी देख्दछु। हातमा फूल पनि लिएका छौं। केले गर्दा यस्तो दंग परेका हौ ?" मोहनले भन्यो, "हेर्नोस् त ठूला-बा, कति राम्रो फूल छ, रमेश दाइले मलाई दिनु भएको हो ।" मानबहादुरले भन्यो, " तिमीलाई यो फूल धेरै राम्रो लाग्यो ? " मोहनले उत्तर दियो, - " हो, ठूला-बा। " मानबहादुरले भन्यो, " तिमीले यस्तो फूल आफैले बनाउन जान्यौ भने के होला ?" मोहनले छक्क परी अविश्वापूर्वक भन्यो, "मैले बनाउन जानेको छैन, अनि म कसरी यस्तो राम्रो फूल बनाउन सकुँला ?" मानबहादुरले भन्यो, "मैले फूल बनाउन सिकाइदिएँ भने ?" मोहनले खुशी हुँदै भन्यो, ठूलो-बालाई बनाउन आउँछ ? मलाई सिकाइदिनोस् न । अनि म पनि राम्रा-राम्रा फूलहरू बनाउनेछु ।" मानबहादुरले भन्यो, "पहिले सामान जम्मा गरूँ, अनि नानीलाई फूल बनाउन सिकाइदिन्छु।" मानबहादुरले भोलिपल्टै कैंची, गूँद र कागज जम्मा गऱ्यो। मोहन पनि बडो उत्साहका साथ फूल बनाउन सिक्न थाल्यो । शुरूमा त मोहनलाई अलि अप्ठारो लाग्यो तर पछि कागजको फूल र सिक्री दुवै आफैले बनाउन जान्यो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मानबहादुरले आफूले जानेको अर्को सीप पनि मोहनलाई सिकाइदियो ।

मानबहादुर चित्र बनाउन राम्रो जान्दथ्यो । कुनै पनि मानिसको चित्र ऊ एकै छिनमा बनाइ दिन्थ्यो । फौजमा छँदा उसको एकजना साथी चित्र बनाउनमा खप्पिस थियो र उसैसँग मानबहादुरले चित्र बनाउन सिकेको रहेछ । मानबहादुरले धेरै मेहनत गऱ्यो ।आफ्नो साथी जत्तिको राम्ररी चित्र बनाउन नसके पछि मानवहादुर राम्रै चित्र बनाउँथ्यो । मानवहादुरले मोहनलाई स्लेटमा पेन्सिलद्वारा चित्र बनाउन सिकाउन थाल्यो । केटाकेटी भएकोले मोहनले चाँडै नै चित्र बनाउने तरिका टिप्यो । मोहन पनि चित्र बनाउन जान्ने भयो । पछिपछि पेन्सिलले सादा कागजमा चित्रहरू बनाउने प्रयास गर्न थाल्यो । मानबहादुको मद्दतले त्यसमा पनि मोहन निक्कै सिपालु भयो ।

"मोहन, मोहन ! कोही छैन कि क्या हो ?" छिमेकी सुशिलाले बोलाइन् । बोलाएको सुनेर मोहन घरभित्र आयो र भन्यो, " किन सुशिला काकी ?" बोलाउँदा पनि कस्तो नसुनेको ? तिम्रो कान छैन कि क्या हो ? यो तरकारी दिनलाई बोलाएकी, " सुशिलाले भनिन् । मोहनले काकीको हातबाट कचौरा लिँदै भन्यो, "काकीले बोलाएको सुन्ने बित्तिकै म बाहिर आइहाले ।"

कालेको घरसँगै साँध जोडिएको घरमा मुखिया नारायण बस्दथे । मुखिया साहेब माल अड्डामा काम गर्थे । उनको मूल घर पश्चिम नुवाकोटमा थियो । पहिले उनी कलिलै उमेरमा आफ्ना भान्दाइसँग नोकरी गर्न काठमाडौं आएर उनीसँगै बसे । उनका भान्दाइ अमिनीमा हाकिम थिए । त्यसो हुँदा नारायणले म्यादी जागिर पाउन कुनै मुश्किल परेन । पाँच वर्षपछि पजनीमा परी भान्दाइको जागिर गयो र नारायणको पनि नोकरी टुंगियो । ६/७ महिना उनी ढाक्रे भई बसे । संयोगवश, आफ्नै गाउँका काका पर्ने एकजना डिठ्ठा भएर विराटनगर जाने भए । उनले नारायणलाई पनि ' जाने हो ?' भनी सोध्दा नारायण विराटनगर जान तयार भए । यस क्रमले उनी विराटनगर आएका थिए । उनी लेख-पढ गर्न सिपालु हुनाका साथै उनको हस्ताक्षर पनि साह्रै राम्रो थियो । उनको काकाले मौका मिलाएर हाकिमलाई भनी उनलाई म्यादी बहिदारमा भर्ना गराइदिए । नारायण सिपालु भएकाले हाकिमलाई पनि खूबै रिझाए । खोजवीन गर्दै जाँदा हाकिम पनि सगोत्री र टाढाका नाता पर्ने नै रहेनछन् ।

शुरू-शुरूमा नारायण निकै वर्ष डेरामा बसे । पछि मौका मिलाई मधुमारामा घडेरी किने । समयक्रममा र फुसैको भए पनि एउटा अलि ठूलो र राम्रो खालको घर

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

ठड्याए । काले गोश्वाराको सिपाहीमा काम गर्ने र अड्डाको चिट्ठी-पत्र बुझाउन माल गइरहने हुँदा उसले नारायणलाई राम्ररी चिनेको थियो । जहिले भेट हुँदा पनि कालेले सलाम गर्थ्यो र नारायण पनि कालेसँग सन्चो-विसन्चो सोधि रहन्थे । पछि-पछि गएर नारायण मुखिया भए । उनको घरको बन्दोवस्त राम्रो भइसकेको थियो । एक माना खान पुग्ने गरी बविया विर्तामा दश विघा जमिन समेत किनिसकेका थिए । तर उनका स्वास्नीभने दुईवटा थिए । पहिलो पत्नीबाट धेरै वर्ष वित्दा पनि कुनै सन्तान हुन सकेन । सन्तानको आशाले दोस्रो बिहे गरे । तर दोस्री स्वास्नीबाट पनि कुनै सन्तान भएनन् । केही सयमसम्म उनको घरमा अशान्ति भइरह्यो । "दुई जोईको पोइ, कुना पसी रोई " भन्ने उखान चरितार्थ हुन पुगेको थियो । केही समयपछि कडा रोग लागी जेठी स्वास्नीको निधन भयो । त्यसपछि उनको घरमा शान्ति रह्यो ।

उनकी कान्छी स्वास्नी सुशिला थिइन् । वानी-वेहोरा र वोलीवचन साह्रै मीठो थियो । उनी व्यवहार-कुशल पनि थिइन् । नगिचका सबै घरका मानिससँग तिनको मिल्ती थियो । सुशिला मोहनलाई माया गर्थिन । आफैकहाँ बोलाएर बरावर खाजा खान दिन्थिन्, खाना ख्वाउँदथिन् । कहिलेकाहीं 'खाना खाऊ' भनेर दुई-चार पैसा पनि दिन्थिन् । मोहनलाई उनीहरू राम्रो लाग्थे र समय पाएका वखत ऊ एक छिनका लागि भए पनि त्यहाँ जाने गर्दथ्यो । दुवै घरको बीचमा बाँसको हाँगाहरू (कर्ची) को टाटी थियो । मुखिया साहेव पनि मोहनलाई मन पराउँथे, माया गर्थे । मुखिया साहेबकहाँ गीताप्रेस, गोरखपुरबाट प्रकाशित हुने 'कल्याण' पत्रिका आउने गर्थ्यो । त्यस पत्रिकाका वार्षिक विशेषाङ्कहरू पनि निस्कन्थे । पत्रिका हिन्दी भाषामा निस्कने गर्थ्यो । विराटनगरको मानिसलाई हिन्दी भाषा बुझ्न कुनै गाह्रो पर्दैनथ्यो । तिनताका तराईमा हिन्दी भाषामा नै छापिएका पुस्तकहरू पढाइन्थे । मोहनलाई कल्याणमा छापिएका घतलाग्दा र स्वादिला धार्मिक कथाहरू पढ्न औधी मन लाग्थ्यो । ऊ त्यो पत्रिका मागेर घरमा ल्याई पढ्ने गर्दथ्यो । धर्म-सम्वन्धी गूढ कुराहरू उसले नबुझेको भए पनि बाह्र वर्षको उमेरमा नै रामायण-महाभारत आदिका कथाबारे उसलाई राम्रो ज्ञान भइसकेको थियो ।

सुशिला काकीले बेला-वेलामा पकाएको तरकारी, खीर, चाम्रे आदि पठाइ दिन्थिन् । कहिले आफैले बोलाएर दिने गर्थिन् ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आठौं अध्याय

"काले काका, मोहन कहाँ छ ?" रूक्मिणीले पसलमा चिया बनाउँदै गरेको कालेसँग सोधी। "घरभित्र होला, किन नानी ?" कालेले उत्तर दियो। रूक्मिणीले भनी, "मोहनले मलाई फूल बनाउन सिकाइदिन्छु भनेको थियो।" कालेले खिसिक्क हाँस्दै भन्यो, "नानीलाई फूल वनाउन सिक्ने रहर ? मोहन भित्र होला, जाउ।" रूक्मिणी कालेको घरभित्र पसी। मोहन किताव पढ्दै थियो। उसको परीक्षा नगिच आइसकेको थियो। चाल नपाउने गरी रूक्मिणी विस्तारै हिंडेर मोहनको नगिच गएर उभिइ र मोहनले के पढ्न लागेको रहेछ भनी किताव हेरी। मोहनले क्यालेण्डर-रिडर वुक पढ्दै रहेछ। मानवहादुर अलि परतिर वलेसीमा बोरामाथि वसिरहेको थियो। मोहनले थाहा नपाएको देखि रूक्मिणीले भनी, " ए मोहन, कस्तो एक सुरले किताव पढेको ? म आएको पनि चाल पाएनौं ?" मोहनले रूक्मिणीलाई हेऱ्यो। रूक्मिणीले फेरि भनी, "मलाई फूल बनाउन सिकाइदिन्छु भनेको होइन ? विर्सियौं जस्तो छ। तर मैले भने सम्झिरहेको छु। म सिक्न आइहालें। मोहनले उत्तर दियो, " मैले विर्सिएको छैन। म सिकाइदिहाल्छु नि।" दुवैको कुरा मानवहादुरले सुनिरहेको थियो, अनि उसले हाँस्तै भन्यो, "ओहो, नानीलाई पनि फूल बनाउन सिक्न मन लाग्यो। तिमी अहिले धेरै सानी छ्यौ। अलि ठूलो भएपछि सिक्दा सजिलो पर्छ।" रूक्मिणीले भनी, "नाइँ म त अहिल्यै सिक्छु। मलाई कत्ति सिक्न मन लागेको छ। बनाउने तरिका सिकाएपछि त म टिपिहाल्छु। म घरको कति काम गर्छु। फूल बनाउन पनि सिक्न सक्छु।" मानवहादुरले फेरि भन्यो, " सानी भएपछि नानी त कुरा निकै टाठो गर्दिरहिछन्। मोहन, तिमीले सिकाइ दिन्छु भने पछि अब सिकाइ देऊ।" मोहनले भन्यो, "रूक्मिणी, मलाई ठूलो-वाले फूल बनाउन सिकाइदिएको हो। ठूलो-बा कस्तो राम्रो गरी फूल बनाउनु हुन्छ, ठूला-बा, ठूला-वा, रुक्मिणीलाई पनि तपाईले सिकाइदिनोस् - न।" मोहनको कुरा सुनी मानवहादुर मुसुमुसु हाँसेर भन्यो, " बोलाउने बेलामा आफूले बोलाउने, अनि सिकाउने भारी चाहिँ ममाथि हाल्ने। अँह, म त सिकाउन्न। जसले बोलाएको हो, उसैले नै सिकाउनु पर्दछ।" मोहनले भन्यो,

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

"सिकाउन म पनि सक्छु, तर ठूला-वा जस्तो राम्रो गरी वनाउन अझै मलाई आइसकेको छैन ।" रूक्मिणी दुवैका कुरा सुनिरहेकी थिई । ऊ पनि बोली- "तपाई नै मलाई सिकाइदिनोस् - न, तपाईले राम्रो गरी जानेको छ भनी मोहन भन्दछ । म पनि छिट्टै सिकिहाल्छु ।" मानवहादुरले हाँस्तै भने, " ल, ल, नगिच आऊ, मोहन सामान ल्याऊ ।"

मोहन सवै सामान लिएर आयो ।

फूल बनाउन सिक्न रूक्मिणी मोहनकहाँ बरावर आउन थाली । मानवहादुर उसलाई कागजको फूल बनाउन सिकाउन थाल्यो । रूक्मिणी पनि मन लगाएर सिक्न थाली । छिट्टै नै ऊ पनि कागजको फूल वनाउन जान्ने भई । एक दिन आफ्नो घरवाट दुइटा कागजको फूल वनाएर उसले ल्याई । कागजको फूल राम्रो गरी वनेको थियो ।

रूक्मिणीको वाबुको नाम दिनेश कार्की थियो । उनको उमेर यही करिव ४०/४२ रहेको हुनुपर्छ । उनको पुस्तैनी थलो गोर्खा हो रे र उनको च्यापुज्यू पृथ्वीनारायण शाहको फौजमा राम्रो पदमा थिए रे । पछि-पछि उनका सन्तानहरू सुविधानुसार वसाइसर्दै आए रे । दिनेश कार्कीका वाबुले काठमाडौंको महाराजगन्जमा घर वनाए । दिनेश कार्की काठमाडौंमा नै हुर्के, पढे लेखे ।

तर उनको वाबुलाई सरकारी वाँकी लागेर अलिकति सम्पत्तिवाहेक अरू सवै सरकार लाग्यो । दिनेश कार्की टाठा-वाठा र अलिकता पढे-लेखेका पनि थिए । उनीहरूको मोरङ्गमा केही जमिन थियो । त्यो खेती दिनेश कार्कीको अंशमा पर्न गएकोले उनी विराटनगरमा नै बस्न थाले । उनले मधुमारामा डेरा लिएका थिए । विराटनगर आएको र यहाँ नै बसिरहेको चार वर्ष नाघिसेको थियो । दिनेश कार्कीले चार कठ्ठा घडेरी आफू वसेको डेरा अघिल्तिरै किनेका थिए । दिनेश कार्कीलाई खेतीबाट वर्षैभरी चामल खान पुगेर पनि केही धान बेच्न समेत पुग्थ्यो । उनी ठेक्काको काम गर्दथे । ठेक्का लिने सिलसिलामा उनी वरावर वाहिर गइरहन्थे । काठमाडौंमा पनि वर्षमा ३/४ पटक पुग्दथे । उनको परिवारको नाममा स्वास्नी र एक छोरी मात्र थिए । ठेक्काको सिलसिलाग उनी प्रायः घरवाहिर नै रहने गर्दथे । उनको चेहरा राम्रो, शरीर गठिलो थियो । उनको नराम्रो लतवारे केही सुनिएको थिएन । उनको घरमा मानिसहरू आए भने चिया र बिस्कुट

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कालेकै पसलमा लिन पठाइने गरिन्थ्यो। दिनेश कार्कीको घर कालेको घरभन्दा तीन घर पछि थियो, टाढा थिएन। मोहन पनि कहिलेकाहीँ दिनेश कार्कीको घरमा जान्थ्यो। उनकी पत्नी उर्मिला राम्रै व्यवहार गर्दथिइन्। मोहन उनलाई 'काकी' भनेर संवोधन गर्दथ्यो।

दिनेश कार्कीले आफ्नो घडेरीमा काठको घर वनाउन शुरू गरिसकेका थिए। उनले ठेक्कावाट निकै पैसा कमाए भन्ने गाइँ-गुइँ थियो। हालसालै उनले वीरगन्जवाट एउटा पुरानो मोटरसाइकल किनेर ल्याएका थिए र उनी त्यही चढेर हिँड्दथे। कहिले-कहिले उनी चुरोट-सुपाडी किन्न कालेको पसल अगाडि मोटरसाइकल रोक्दथे। मोहनलाई मोटरसाइकल गुडेको हेर्न खूब मजा लाग्दथ्यो। दिनेश कार्कीले आफ्नो घरवाट वाहिर जान र वाहिरवाट घरमा आउन कालेको पसल भएर नै गुज्रनुपर्थ्यो। त्यो गाउँमा त्यही मात्र एउटा मोटरसाइकल थियो। यसो त विराटनगरमा नै पनि मोटर साइकल कम थियो। केटाकेटीका तिखा कानले पहिले नै मोटरसाइकलको 'भटटट.... भररर' आवाज सुनिहाल्दथे। मोहन पनि घरभित्रैदेखि त्यसको आवाज सुन्दथ्यो। मोटर साइकलको आवाज सुन्नासाथ 'रूक्मिणीको बूबाको मोटरसाइकल' भन्ने आवाज मोहनको मनमा आफै उठ्थ्यो।

समयको वेग रोकिँदैन। समय वित्दै गयो। दशैं आयो। नेपालीको सवैभन्दा ठूलो चाड विजयादशमीमा सवैतिर उल्लासको वातावरण छाउन थाल्यो। मानिसहरू आफ्नो घर-वारीको चारैतिरका फोहर र झारहरू सफा गर्न थाले। घरलाई धोइ-पखाली गरे, जताततै सफा-सुग्घर गरे। विजयादशमीको चाड नौ दिनको नवरात्रिको रूपमा र दशौं दिन, टिकाको रूपमा मान्यजनहरूवाट टीका थापी मनाइन्थ्यो। अड्डा-अदालत र स्कूलहरू नवरात्रि शुरू भएदेखि नै बन्द हुन्थे र पूर्णिमासम्म बिदा हुन्थ्यो। तर, अरू कार्यालयहरूमा भने सप्तमीदेखि मात्र विदा दिइन्थ्यो।

हिजो-अस्ति मोहन आफ्नो बाबुसँग विहानै कालीस्थान दर्शन गर्न गएको थियो। आज भने ऊ रूक्मिणीको आमा र रूक्मिणीसँग लागेर कालीस्थान दर्शन गर्न जाने भएको थियो। रूक्मिणीले झिसमिसेमा नै मोहनलाई बोलाई। मोहन पनि तयार भएर वसेको थियो। रूक्मिणीको आमालाई मोहनले 'नमस्कार काकी' भन्यो। उर्मिलाले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

भनिन्, 'छिटोछिटो जाऔं ।

"आज अष्टमी हो । धेरै नै भीड हुन्छ होला ।" सबैजना छिटछिटै हिँडे । बाटोमा कालीस्थान दर्शन गर्न जान पूजाको सामान बोकेर अरू आइमाई र केटाकेटीहरू पनि गइरहेका थिए । कोही कालीस्थानको दर्शन गरेर फर्किंदै पनि थिए । लोग्नेमानिसहरू पनि दर्शन गर्नका निम्ति उत्तिकै गइरहेका थिए ।

रूक्मिणले भनी, "मलाई दशैं रमाइलो लाग्दछ । बिहानै कालीस्थानमा दर्शन गर्न जाँदा कस्तो मज्जा लाग्दछ ।" तिमीलाई नि मोहन ?

मोहनले भन्यो, "दशै मलाई पनि रमाइलो लाग्छ । कालीस्थानमा दर्शन गर्न जाँदा कस्तो रमाइलो हुन्छ । थुप्रै मानिसहरू आउँछन् । मन्दिरमा कत्ति भीड हुन्छ । खुट्टा हाल्ने ठाउँ हुँदैन । कालीलाई कति राम्रोसँग सजाइएको हुन्छ ।"

उर्मिलाले फर्किएको एकजना अधबैंसे आइमाईसँग भनिन्, "ओहो, बज्यै कति छिटो दर्शन गरेर फर्किसक्नु भएको । म पनि छिटो जाउँली भनेकी त कसोकसो अवेला भइगयो । मन्दिरमा धेरै नै भीड होला ।"

वजैले भनिन्, "त्यत्ति भीड भइसकेको छैन । म चार वजे नै गएकी थिएँ । घरमा वुहारी पर सरी राखेकीले घरको काम-धन्दा गर्नुपऱ्यो, छिट्टै गयो, छिट्टै फर्कियो । घरको काम भ्याउनै पऱ्यो । अहिले पनि अबेला भइसकेको छैन, पाँच मात्र वज्यो होला । कजिनी साहेव पुग्दा ठिकठिकै हुन्छ ।"

उर्मिलाले सोधिन् - "वज्यैलाई सन्चो सुविस्तै छ ? यो बोकेको नाति होला । कत्ति मज्जाको छ । यति बिहानै यसलाई पनि किन लगेको होला ?"

वजैले भनिन, " सबै कुरा राम्रो छ । यो नाति म बाहेक अरूसँग सुत्नै मान्दैन । बिहानै मन्दिर जाउँ भनेर उठेकी त स्याराक-सुरूक भएछ क्यार यो पनि विउँझीहाल्यो । अनि मलाई छाडेकै होइन । यसलाई पनि लिएरै जानुपऱ्यो ।"

उर्मिलाले भनिन्, "वेसै भयो, यसले पनि दर्शन गर्न पायो, जाउँ है ।"

जति-जति मन्दिर नगिच पुग्दै गयो मानिसहरूको घुइँचो पनि त्यतित्यति बढ्दै गयो । कतिपय आइमाईहरू सिंगारपटार गरी राम्रो लुगा लगाएका देखिन्थे । गरीब-गुरूवा पनि दर्शन गर्न आएका थिए । यति बिहानै भए पनि तरूनी केटीहरूलाई हेर्ने निहुँले तन्नेरी केटाहरूको जमात पनि ठाउँ-ठाउँमा देखिंन्थ्यो । मन्दिरमा त्यत्ति भीड भइसकेको थिएन । उर्मिला, रूक्मिणी र मोहन पंक्तिमा उभिए । मूल ढोकाबाट भित्र पसे । देवी

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

र देवताका मूर्तिहरू दक्षिणतर्फ मुख फर्किएको थियो । मन्दिरलाई भित्र बाहिर निकै सजाइएको थियो । मन्दिरभित्रै महाकाली, दुर्गा भवानी, गणेश र कुमारको मूर्ति थियो। रूक्मिणी र मोहनले क्रमैसँग देवी-देवताहरूलाई ढोगे। मोहनले महाकालीलाई चढाएको एउटा रातो घण्टेफूल लियो। रूक्मिणीले मोहनसँग भनी, " देवी-देवताहरू कति राम्रा देखिएका छन्, होइन त ?" मोहनले उत्तर दियो, " हो रूक्मिणी । राम्रो गरी सिँगारेको पनि छ। " दर्शन गरेर उनीहरू बाहिर निस्किए। उर्मिलाले दुवैलाई लड्डु प्रसाद खान दिइन्। उनीहरू फर्किन लागे। मोहनले भन्यो, " एक छिनपछि यो चोकमा बोकालाई मार हान्छन्। रगतैरगतले चोक भरिन्छ। काट्न लागेको देख्दा मलाई डर लाग्छ। " रूक्मिणीले भनी, " म त डरले हेर्नै जान्न। विचरा बोकाहरूलाई किन काट्या होला ?" मोहनले भन्यो, " भगवतीलाई बली दिएको रे। त्यसबाट देवी खुशी हुन्छिन् रे। दशैंमा घरघरै खसी-बोका काटिन्छन्।" रूक्मिणीले भनी, " मासु खान मज्जा लाग्छ, तर काटेको हेर्दा नरमाइलो लाग्छ।" मोहनले भन्यो, " आज दिउँसोदेखि यहाँ मेला लाग्छ। गाउँ-देहातबाट नरनारीहरू आउँछन्। धेरै भीड हुन्छ। तर रमाइलो पनि निक्कै हुन्छ। बाटोका दुवैतिर स-साना दोकानहरू निकै सजाएर थापिन्छ। केटा-केटीहरुले फुक्ने बेलून र अन्य खेलौनाहरू बाँसमा झुण्ड्याएर बेच्न हिँडिरहेका मानिसहरू पनि धेरै देखिन्छन्। मेरो त आज यहाँ घुम्न आउने विचार छ, तिमी पनि आऊ-न।" रूक्मिणीले भनी, "मोहन, कति बजे जाने ? म पनि आउँछु, रमाइलो हुन्छ।" मोहनले भन्यो, "दुई बजे ठीक हुन्छ।" रूक्मिणीले भनी, " म आइपुग्छु, सँगै जाउँला। बसी राखे ।"

कालीस्थानमा प्रत्येक दशैंमा अष्टमी, नवमी र दशमीमा मेला लाग्दथ्यो । आइमाईहरूले आफूसँग भएका राम्रा राम्रा लुगा लगाएका हुन्थे र साथमा ल्याएका केटाकेटीहरूले पनि राम्रो लुगा लगाएका हुन्थे। घोघा पुलदेखि विराटनगर बाहिर गाउँ-देहातबाट आएका मानिसहरूको भीड लाग्थ्यो। तर खास भीड भने जलजला सिनेमा हलदेखि महावीर मन्दिरसम्मको बाटोमा हुन्थ्यो। महावीर मन्दिरको अलिकता उत्तरतिर कालीस्थान थियो। बाटोमा दुवैतिर मिठाई, खेलौना, रंगी-बिरंगी रेडिमेड लुगा, फुक्ने बेलून आदिले सिँगारिएका पसलहरू खुल्दथे। घरको भान्सामा चाहिने सामानहरूको दुकान पनि हुन्थ्यो। गाउँ-देहातबाट मानिसहरू तमासा हेर्न आउँथे। मिठाईको पसल र अरू खानेकुराको पसलमा प्रायः भीड रहन्थ्यो। प्रत्येक दोकानमा प्रायः ग्राहकहरूले केही न केही किनिराखेका देखिन्थे। सिट्टी र बेलून बेच्नेहरू पनि सिट्टी बजाउँदै र रंग-

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

विरंगी वेलूनहरूलाई वाँसको लट्ठीमा बाँधेर हावामा फहराउँदै गरेको लिएर हिँडिरहेका त्यत्तिकै देखिन्थ्यो । केटाकेटीहरू विभिन्न प्रकारका सिट्टीहरूबाट भिन्न आवाजहरू निकाल्दै वजाइरहेका देखिन्थे । कसैको वेलूनमा हावा भरिएको हुन्थ्यो भने कति चाहिँ मुखले हावा भर्ने प्रयत्नमा लागेका देखिन्थे । कतै-कतै साथमा गएका ठूला मानिसहरूले वेलूनलाई आफ्नो मुखले हावा भरिदिई केटाकेटीहरूलाई दिँदै गरेको देखिन्थ्यो । त्यहाँको वातावरण पूरै उल्लासपूर्ण र रोमान्चकारी हुन्थ्यो ।

मोहन र रूक्मिणी दशैंको मेलामा घुम्न हिँडे । रूक्मिणीले पल्लो घरकी आफू जत्रै एउटी केटी पनि साथमा ल्याएकी थिई । उसको नाउँ देवकी थियो । मेलामा भीड थियो । मोहनले बेलुन किन्यो र रूक्मिणीलाई दियो । तीनै जना मुखबाट हावा वेलुनमा भर्न थाले । मोहन अलि ठूलै भएकोले छिटै नै रातो बेलुनमा हावा भऱ्यो र दुवैलाई भन्यो, " यी मेरो वेलुन त तयार भयो ।" रूक्मिणी र देवकी भने बेलुनमा हावा भर्ने चेष्टा गर्दैथिए । अलिकति फुकिन्थ्यो । अनि हावा गइहाल्थ्यो । मोहनले उनीहरूसँग वेलुन मागेर हातले तनाक्-तुनुक पारेर तन्कायो र भन्यो, " अव फुक त । यो फुली हाल्ला ।" रूक्मिणीको बेलुन चाहिँ फुल्यो तर देवकीको भने फुलेन । मोहनले देवकीको वेलुनमा पनि हावा भरिदियो । तीनै जना हातमा एकोटा बेलुन लिएर मेलामा यताउति हिँडे । रूक्मिणीले मुखले फुकेर वजाउने पीँ-पीँ बाजा किनी र देवकीले पनि किनी । दुवैजना खुशी हुँदै वाजालाई मुखले फुकेर पीँ-पीँ बाजा वजाउन थाले । तीनै जना खुशी थिए । मोहनले एउटा ' यो-यो ' किन्यो । घुम्दैघुम्दै तीनै जना थाके । एउटा पसलबाट मोहनले चकलेट किनी ल्यायो र दुवैलाई बाँड्यो । तीनैजना चकलेट खान थाले । दुई घण्टाभन्दा बढी यता-उता घुम्दै विभिन्न पसलमा सजाएर राखिएका सामानहरू टाढैबाट हेर्दै, आएका मानिसहरू रंगी-चंगी विभिन्न लुगा हेर्दै, उनीहरूले आनन्द मान्दै समय बिताए । अनि तीनैजना आ-आफ्नो घर फर्के

वर्ष बित्दै गयो । कालेको पसलमा चल्ती बढ्दै गयो । मोहन पनि परीक्षामा उत्तीर्ण हुँदै, कक्षा उक्लँदै गयो । दोकानको चल्ती धेरै हुन थालेकोले काले एक्लैले भ्याउन नसक्ने भयो । मानबहादुर झन् बूढो भइसकेको र शरीर पनि अशक्त भएकोले उसको मद्दत हुँदाहुँदै पनि पसलको काम भ्याउन नसकिने भयो । मोहन आफ्नो पढाइ-लेखाइ र

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

खेलकूदमा नै व्यस्त रहन्थ्यो । पसलमा सामान बेच्न भ्याएपनि चियाको जूठो कप भने धोइरहन कालेले भ्याएन । जेल-टोलमा बस्ने एकजना आइमाईलाई त्यस कामका लागि राख्यो । दुखिया मोरङ्गकै आदिनिवासीमध्येकी थिई । उसको लोग्ने सिपाहीमा काम गर्थ्यो । दुखियाका दुई छोरा पनि थिए । लोग्ने रक्सी बहुतै पिउँथ्यो र उसले पैसा रक्सीमै सिध्याउँथ्यो । दुखियाको लोग्ने वढी रक्सी पिउने भएकोले उसको शरीर जीर्ण हुँदै गयो, एक दिन एउटा नालीमा उसलाई मृत अवस्थामा पाइयो । दुखियाको ठूलो छोरा बुहारीको कारणवाट आमासँग मिल्न नसकी मिल्स एरियामा नै कसैको काम गरेर वस्थ्यो र आमाको खोज-खवर पनि गर्दैनथ्यो । कान्छो छोरो र बुहारी साथमा थिए । वुहारी अलि रोगी खालको परेकी थिई । दुखियाको एउटा बस्ने सानो कोठा भएको छाप्रो बाहेक अरू सम्पत्ति केही थिएन । कान्छो छोरा बनी-ज्यामी गरेर केही पैसा पाउँथ्यो । दुखिया अरूहरूको घरको भाँडा माभ्ने काम गरेर गुजारा गरिरहेकी थिई । दुखियाको पोई र काले दुवैजना गोश्वारामा सिपाहीको काम गर्दथे । काले दुखियाको पोई जिउँदै छँदा उसको घर पनि गएको थियो । तसर्थ दुखियालाई ऊ राम्ररी चिन्दथ्यो । चियाको कप सफा गर्ने एउटा मान्छेको खाँचो परिरहेको वेला दुखिया विडी किन्न भनी दोकानमा पसी । कालेले दुखियासँग सोध्यो, "अचेल के गर्दछौं ?" दुखियाले भनी, "उही त हो नि, भाँडा माज्ने काम गर्छु, कुनै किसिमले गुजारा चलिरहेको छ ।" कालेले फेरि सोध्यो, " छोराहरू पनि थिए, ती ठूलै भइसके होलान् । उनीहरूले भर-थेक गरेकै होलान् । " दुखियाले भनी, " ठूलो छोरा मिल्स एरियामा गएर बसेको छ । त्यसले हाम्रो खोजखवर नै गर्दैन । कान्छो छोरा सँगै वसेको छ, वनी-ज्यामी काम गरेर अलिकता कमाउँछ । "कालेले भन्यो, " गर्ने भए म एउटा काम भन्छु ।" दुखियाले भनी, " गर्नसक्ने काम भए किन नगर्नु ?" कालेले भन्यो, " मलाई चियाको गिलास पखाल्ने एकजना मानिस चाहिएको छ, त्यो काम गर्नेभए यहाँ गरे हुन्छ ।" दुखियाले विचार गरी, घर-घर गएर भाँडा माज्नुसट्टा एकै ठाउँमा काम गर्नु सजिलो होला, अनि स्वीकारोक्तिस्वरूप भनी, 'हुन्छ, म गर्छु ।' त्यसपछि दुखिया त्यो पसलमा काम गर्न थाली ।

मोहन कहिलेकाहीं पसलमा निकै बेरसम्म बस्दथ्यो । ऊ अब अलि ठूलो भएकोले चिया बनाउनेदेखि अरू सबै काम राम्रो गरी सम्हाल्न सक्दथ्यो । तर, दुखियाचाहिँ उसलाई बराबर जिस्क्याउँदथी । मोहनचाहिँ " यो बूढी के के भन्छे, के के ? तिम्रो आफ्नो मात्र सुर छ ।" दुखिया भन्दैथिइ, " छ, छ, मेरो सबै सुर छ, वरू नानी नै अल्मलिएलाउ, हिसाब

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आउँछ, आउँदैन ? सामान वेच्दा खुस्किएला !" मोहनले हेपेभैं गरेर भन्यो, " तिमी नै खूब जान्दिछयौ । आफ्नू काममा भने गल्ती गर्ने, अरूको काममा भने बाठो हुने । अस्ति मात्र तीनवटा गिलास फुटाएकी होइनौ ?"

"दिदी त यहाँ पो काम गर्न लागिछन् ।" थोत्रो लुगा लगाएकी दुब्ली आइमाईले भनी । दुखियाले फर्केर हेरी र भनी, "यो बहिनीलाई के चासो ? म जहाँसुकै काम गरू ।" "त्यसो गरी नरिसाउन दिदी, मैले राम्रै कुरा भनेकी हुँ । दिदी यहाँ काम गरेकोमा मलाई पनि फाइदा छ ।" दुखियाले सोधी, "तँलाई के फाइदा छ ?" उसले भनी, "कहिलेकाहीँ दिदीले मलाई पनि तातो चिया खान त देउली कि ?" दुखियाले भनी, "अँ पाउलिस्, यो मेरो दोकान हो र ? सोध् त नानीसँग ।" मोहनले भन्यो , "पैसा दिएमात्र म चिया दिन्छु ।" त्यसो नभन-न वाबु, गरीबलाई माया गर्नुपर्छ । मलाई चिया खान कस्तो मन लागेको छ । " मोहनले भन्यो, "पैसा छ ?" 'उसले भनी, पैसा भए नेहोरा नै गर्ने थिइँन, फुत्त पैसा निकालेर चिया किनिहाल्थें नि । आजलाई यत्ति जनी गर वावु । बाबु त साह्रै असल र ज्ञानी छन् ।" मोहनलाई के लाग्यो कुन्नि उसले त्यसलाई एक कप चिया खान दियो । त्यसले चिया खाएर आशीष पनि दिएर गई । त्यो गएपछि दुखियाले भनी, " लौ, नानीले त्यसलाई पल्काउनुभयो । यो यसरी नै मागेर खान पल्केकी छ । काम गर्न भनेपछि अल्छी गर्छे । त्यसले भाँडा माज्ने काम नपाउने हो र ? काम पाए पनि नगर्‍यो । एक ठाउँ गयो निहोरा गरेर, मागेर लियो, फेरि अर्को ठाउँमा गयो, विजोग देखायो, मागेर लियो । यसलाई त पल्काउनै हुँदैन । दुःख दिइरहन्थे ।" मोहनले भन्यो, " आजलाई दिइहालें । पछिपछि दिन्न । म कहिलेकाहीँ मात्र दोकानमा बस्ने त हुँ नि । वाले दिनुहुन्न ।"

पैसा कमाएकोले कालेले फुसको घर भत्काई इँटको गाह्रो र टिनको छाना हालेर घर बनायो । पसललाई पनि ठूलो पारेर बनायो । कालेले एउटा पुरानो रेडियो पसलमा ल्याई राख्यो । रेडियो वाकसजस्तै थियो । एकजनाले त्यो रेडियो कालेकहाँ बन्धक राखेको थियो । तसर्थ अचेल कालेको पसलमा रेडियो घन्किन थाल्यो । बेला-बेलामा गीत तथा समाचार आउँथ्यो । रेडियो नेपाल पनि प्रस्ट सुनिन्थ्यो र मोहनलाई पनि रेडियोवाट प्रसार भएको गीत सुन्न खूब मनपर्थ्यो । रेडियो हर समय बजिरहने हुँदा उसको पसलमा समाचार सुन्ने अथवा फिल्मी गीत सुन्ने मानिसहरू निकै आउँथे । त्यो कारणले गर्दा पसलमा मानिसहरूको आवत-जावत बढ्यो र निकै बेर मानिसहरू पसलमा बस्ने हुनाले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पसलमा विक्री पनि वढ्यो। आज मोहन पसलमा एक्लै थियो। मोहनको स्कूलमा गर्मीको छुट्टी थियो। मानवहादुर अलि सन्चो नभएकोले आफ्नै ओछ्यानमा पल्टिरहेको थियो। नत्रभने मोहन पसलमा बसेको चाल पाएपछि प्रायः गरेर ऊ पनि नगिचै आएर वस्दथ्यो। काले केही कामले धरान गएको थियो। दुखिया पनि रेडियोवाट गीत सुन्न पाएकोमा दंग दिई तर वकम्फुसे मानिसहरू रेडियो सुन्ने निहुँले पसलमा आएर वसिरहेकोमा भने उसको कन्पारा तात्दथ्यो। कहिलेकाहीं ऊ गिलास माज्दै गरेको वेला पारी त्यस्ता मानिसहरूलाई सुनाएर अनेकौं कुरा फलफताउँदथी।

"मोहन, आज तिमी पसलमा वसेका रहेछौं। काले काका कता जानुभयो ?", रूक्मिणीले सोधी। उसको हातमा किताब र कापी थियो। मोहनले उत्तर दियो, "बा धरान जानुभएको छ, ठूलो-वालाई संचो छैन। आज मैले दिनभरि दोकानमा वस्नुपर्छ। रेडियो सुन्यो, वस्यो।" रूक्मिणीले भनी, "रेडियोमा कत्ति मज्जाका गीतहरू आउँछ, सुनिरहुँ जस्तो लाग्छ। तर आमाले पढाइ विग्रिन्छ भनेर सुन्न दिनुहुन्न। रेडियो बन्द गराई हाल्नुहुन्छ। त्यो गर्दा मलाई साह्रै नमज्जा लाग्छ।" वीचैमा दुखियाले भनी, "नानीलाई मोहनकहाँ दिनको एकपटक नआई त चित्तै बुझ्दैन।" रूक्मिणीले भनी, " तिमी चूप लाग, बीचैमा वोल्नु किन पऱ्यो ? काम भएपछि आउँछु त, एकचोटि मात्रै त के दशचोटि आउँछु।" मोहनले बीचैमा कुरा काट्दै सोध्यो, " तिम्रो हातमा त किताव-कापी छ। कता हिँडेकी ? " रूक्मिणीले भनी, "तिमीकहाँ नै आएको। हिसाबमा ऐकिक-नियम आउँदैन, तिमीसँग सिक्न आएकी।" मोहनले भन्यो, "मलाई त्यो हिसाव राम्ररी आउँछ। म तिमीलाई सिकाइदिने छु। देख्दिनौं, अहिले फुर्सत नै छैन। मानिसहरू सामान किन्न पसलमा आइरहन्छन्, मैले सामानहरू दिइरहनु पर्छ। यस्तो वेफुर्सतमा सिकाउन अप्ठेरो हुन्छ। भोलि विहान आउ, म सिकाइदिन्छु। " रूक्मिणीले पनि पसलमा मानिसहरू माल-सामान किन्न आइरहेको देखी। वेला-वेलामा मोहनले चिया वनाउन उठ्नुपरेको पनि देखी। रूक्मिणी भोलिपल्ट विहान आउने विचार गरेर " म भोलि विहान आउँछु ", भनेर फर्की।

तिहारको रमाइलो याम थियो। विजयादशमी वितेको लगत्तै नेपालीहरूको रमाइलो चाड तिहारले पदापर्ण गरेको थियो। विराटनगरमा मनाइने लक्ष्मीपूजामा दिपावलीको विशेष आकर्षण रहने गर्दछ। वजारभरी वाटाको दुवै छेउमा केराको थाम गाडी त्यसमा वाँसको भाटालाई उत्तानो पारी वाँधेर राखी त्यसमाथि माटोको दियो

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

राखी वत्ती वालिन्थ्यो। बजार नै वत्तीले झकिझकाउ हुन्थ्यो। यो भव्य र रमाइलो दृश्य हेर्न मानिसहरू विराटनगरको बजारमा हूलका हूल बाँधेर हिँड्दथे। मोहन पनि त्यसवेला वावुसँग बजार घुम्न जान्थ्यो। छोराको इच्छा पुऱ्याइदिन काले कहिल्यै चुक्दैनथ्यो। तिहारको साथसाथै मानिस तास, पासा, कौडा, लगुरवुर्जा आदि खेल्थे। राणाको पालमा जस्तो जूवा खुल्ला थिएन, जूवा खेल्नु-खेलाउनु गैरकानूनी थियो। तर परम्पराको पासोमा वाँधिएका मानिसहरू पचकमा लुकी-लुकी घरै-घरमा जूवा खेल्थे, अनि खेलाउँथे।

तिहारको साथसाथै केटाकेटीमा चंगा उडाउने धुन आउन थाल्दथ्यो। मोहनलाई पनि यस पटक चंगा उडाउने धुन चलेको थियो। धागोमा माझा लगाउने भनेर उसले आरारोट, काँचको धुलो, घिउकुमारीको डाँठ जम्मा गरेको थियो र ऊ अचेल प्रायः चंगा, लटाइँ र धागोमा नै मस्त रहन्थ्यो। खास गरेर, केटाहरूले चंगा उडाउने गर्दथे। आकाशमा धेरै माथिसम्म चंगा उडेपछि उडाउनेको प्रयासवाट चंगाले गोता खाँदा अथवा घुम्दै-घुम्दै माथि-माथि उड्दै जाँदा उडाउने र ऊ नजिक वसेर हेर्नेलाई ठूलो आनन्द महसुस हुन्थ्यो। चंगा उडाउनेहरू आफ्नो चंगा अरूको चंगासँग लडाउने गर्दथे। यसरी चंगाहरू आपस्तमा लड्दै गरेका थुप्रै देखिन्थे। दुवै थरीले एक-अर्कोको चंगा काट्न आफ्नो लटाइँबाट धागो छाड्दथे। अन्त्यमा एउटाको चंगा 'फा-कटा' हुन्थ्यो। काटिएको चंगा आधारहीन आकाशमा हावाको प्रभाववाट ढल-पल ढलपल गर्दा बिस्तारै तलतल झर्दै गरेको कतैकतै देखिन्थ्यो। जसको चंगा काटिइँदैनथ्यो त्यसले लटाइँबाट धागो बेरेर चंगालाई माथि आकाशमा उठाउँदथ्यो र चंगा पनि विजेताले मुन्टो ठाडो गरे झैं सर र गर्दै आकाशमाथि उकासिइन्थ्यो। भविष्यको अनन्तकाशमा मानवजीवनको उडान चंगासँगै वहुतै सादृश्य रहेको छ। मानवजीवन हर समय परिस्थितिसँग संघर्षरत रहेकै हुन्छ। असफल मानिसको जीवन काटिएको चंगा झैं ढलपल-ढलपल गर्दै तलतल झर्दै जान्छ भने सफलको जीवन नकाटिएको चंगा झैं आकाशमा मुन्टो ठाडो पारेर उडेजस्तै हुन्छ।

माथि नीलो स्वच्छ आकाशमा रातो, नीलो, पहेंलो, हरियो आदि अनेकौं रंगका पुच्छर गाँसिएका अथवा नगाँसिएका चंगाहरू उडिरहेका थिए। चंगाहरू उडाउनेहरू कोही आफ्नो घरको छानामा बसेर उडाइरहेका थिए, त कोही चौरमा उभिएर

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

उडाइरहेका थिए। उडाउनेहरू आफ्नो चंगालाई गोता ख्वाएर सरर गर्दै एक दिशाबाट अर्को दिशामा लैजान अथवा लाट ख्याउँदै आकाशमा माथि उकास्ने बराबर प्रयत्न गर्दथे। आफ्नो प्रयासअनुरूप चंगा उडेमा उनीहरू आनन्दित हुन्थे। काटिएको चंगा लुट्न सानातिना केटाहरू चंगाको पछाडि-पछाडि माथि आकाश हेर्दै दौडन्थे। कत्तिलाई काँडि-झारले कोर्दथ्यो भने कति भूईंमा लड्दथे र तुरून्तै उठेर दर्गुन थाल्थे, तर काटिएको चंगा लुट्नेहरूको ध्यान भने काटिएर ढलपल गरी तल खस्दै गरेको चंगालाई हेर्न आकाशमा नै केन्द्रीत रहेको हुन्थ्यो। लुट्ने उमंग र जोशका अगाडि कोरिएको, तछारिएको र लडेको कुनै वास्ता नै हुँदैनथ्यो। मोहन पनि चंगा लुट्न कतिपटक दौडेको थियो, लडेको पनि थियो, एकपटक खुट्टामा काँढा निकै नराम्ररी बिझेको पनि थियो। मोहन चंगा उडाइरहेको थियो। छोराको रहर पुऱ्याउनका लागि काले आफैले लटाइँ-धागो किनेर ल्याइदिएको थियो। चंगा उडाउन लागेपछि चिनेका-नचिनेका दुई-चार केटाहरू नगिचै आएर बसी चंगा उडाएको हेर्न लागी हाल्दथे। मोहनको नगिचै पनि यस्ता तीन केटाहरू जम्मा भएका थिए, जो मोहन सँगसँगै चंगा उडेको स्वाद लिंदै थिए।

अन्नपानीको शरीर, कहिले सन्चो कहिले बिसन्चो हुनु स्वाभाविककै हो। मोहनलाई ज्वरो आयो। उसलाई ज्वरो नआएको सात-आठ वर्ष भइसकेको थियो। सानोमा निक्कै बिरामी परेको थियो भन्ने कुरा बुवाबाट सुनेको थियो। तर उसलाई भने याद थिएन। सर्दी लागेको थियो, अलिअलि खोकी पनि आउँथ्यो। ज्वरोले दुई-तीन दिन नै छाडेन्। कालेले मोहनलाई अस्पताल लगी डाक्टरबाट जँचायो अनि डाक्टरले लेखिदिएको ओखती किनेर ख्वाउन थाल्यो। काले बराबर मोहनकहाँ नै बसिरहन्थ्यो। मोहनको आमा ज्वरोबाट मरेको कुरा सम्झिई काले डराइरहेको थियो। मोहन उसको प्राण नै थियो। मोहनलाई केही होला भनेर ऊ एकदमै आत्तिएको थियो। मोहनलाई कुनै कडा रोग लागेको थिएन, सर्दीको ज्वरो थियो। रूक्मिणी पनि बराबर हेर्न आई रहन्थी। मोहनलाई ज्वरोले आजदेखि छाड्यो, तर सर्दी र खोकी भने लागि नै रहेको थियो। मोहनलाई ज्वरोले छाडेपछि काले ढुक्क भयो। रूक्मिणीले भनी, "ज्वरो आउँदा सुतेर बसिरहनु पर्छ। खेल्न पनि आमा-बाले दिँदैनन्। साह्रै नरमाइलो हुन्छ।" मोहनले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

भन्यो, "मलाई ज्वरो आएको थाहै थिएन। बुवाले हेरेको हेर्‍यै। सुतेर बसिरहनु पर्दा भने अलि नमज्जा चाहिँ लाग्छ।" रूक्मिणीले भनी, "धेरै बेमज्जा हुन्छ। फेरि आमाले तीतो दवाई ख्वाउनुहुन्छ, दबाई सम्झिदैमा डर लाग्छ।" मोहनले भन्यो, " मेरो त आमा छैन। अस्ति राति मलाई निक्कै ज्वरो आएको थियो। बाले मेरो खूवै स्याहार गर्नुभयो, दिनभरिको काम, त्यसमा मेरो स्याहार, थाकेर निदाउनुभयो। मलाई राति निद्रा आएन। धेरै वेर निन्द्रा परेन। यता छटपटिएं, उता छटपटिएँ। नगिचै बा निदाइरहनु भएको थियो। मैले त्यसबेला आमालाई खूब सम्झेँ। आमा हुँदा मेरो मुख अलिकति निदाउरो भएको देख्नासाथ ' के भयो वाबु ?' भनेर कत्ति सुम्सुम्याउनु हुन्थ्यो, काखमा लिएर राख्नुहुन्थ्यो। त्यो झलझल्ती सम्झिएँ। आमा नहुनु पनि दुर्भाग्य हो।" रूक्मिणीको आमा भएको हुनाले यस्तो कुरा उसले महसुस गरेकी थिइन। ऊ चूप लागेर वसिरही।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

नवौं अध्याय

विराटनगरको आवादी बढ्दै गएको थियो। हिजो-अस्तिसम्मका खुल्ला ठाउँमा घरहरू बने। जन-घनत्व बढ्दै गयो। कालेको पसलको कारोवारमा पनि यसको प्रभाव पऱ्यो। मुद्दा-मामिला गर्नेदेखि कुल्ली कवाडीसम्म, नेतादेखि साधारण मानिसहरूसम्म सबै थरीका मानिसहरू उसको पसलमा आउँथे। उसको दोकानमा रहेको रेडियोबाट समाचार र छलफलहरू सुन्नका निम्ति पनि मानिसहरू निकैबेर बसेर मात्र जान्थे। मुद्दा-मामिलामा आएका व्यक्तिहरू आफ्नै मुद्दा-मामिलासम्वन्धी कुरा गर्न व्यस्त हुन्थे भने आफै नेता हुँ भनाउँदाहरू वर्तमान स्थितिबारे टिका-टिप्पणी गर्थे, वाद-विवाद गर्थे। कालेको दोकान विहान प्रायः खुलेकै हुन्थ्यो। कालेलाई चिया, चुरोट, विडी, सुपाडी आदि बेच्दैमा फुर्सद थिएन। दुखिया चिया खाएका गिलास सफा गर्दथी। अरूका कुरा सुनी बीचैमा वोल्ने दुखियाको वानी भएकोले वेला-वेलामा दुई-चार शव्द ऊ पनि वोलिहाल्थी।

कालेको पसलमा चिया खान फर्निचर पसलको काम गर्ने केही मानिसहरु सधैं आउने गर्थे। दुईजना मिलेर केही समय अघिमात्र कालेको पसलभन्दा अलि पर फर्निचर बनाउने पसल खोलेको थिए। त्यस फर्निचर पसलमा चार-पाँचजना मानिसहरू काम गर्दथे। ती मानिसहरूलाई कालेको पसलका सबैले चिनिसकेका थिए। मुख्य दुईजनाको नाम हरिप्रकाश र रामसिंह थियो। ती दुवै दरभंगावाट आएका थिए। पहिले ती दुवै वीरगञ्जमा काठको काम गदथे। हरिप्रकाश फर्निचरमा रंग लगाउंन सिपालु थियो भने रामसिंह सिकर्मी-सम्बन्धी काम गर्न पोख्त थियो। हरिप्रकाशको भिनाजु विराटनगरमै बस्दथ्यो। उसले घरवार समेत जोडिसकेको थियो। भिनाजुले वोलाएको हुंदा हरिप्रकाश विराटनगर आएको थियो। केही दिन दिदी-भिनाजुकहाँ बसीसकेपछि भिनाजुको "यहीँ फर्निचरको पसल खोल, यहाँ फर्निचरको पसल धेरै नभएकोले तिम्रो पसल चल्छ। म पनि फर्निचर बेच्नमा तिमीलाई मद्दत गर्नेछु किनभने मैले यहाँका धेरै साहू-महाजनहरू चिनेको छु" भनी सल्लाह दिएपछि हरिप्रकाशले विराटनगरमा फर्निचर बनाउने पसल

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

खोल्ने निधो गरेको थियो । मालिकसँग केही दिनका लागि छुट्टी मागेर हरिप्रकाश विराटनगर आएको र उसको सबै सामान वीरगञ्जमा रहेको तथा केही पैसा मालिकसँग लिन बाँकी रहेकोले ऊ वीरगन्ज गयो। वीरगन्जमा रामसिंहसँग कुरा भयो र हरिप्रकाशले विराटनगरमा आफ्नो दोकान खोल्ने विचार बतायो। ती दुवैजनाको खूब मेल थियो । वीरगन्जमा सँगसँगै वसेको चार-पाँच वर्ष भइसकेको थियो । दुवैको घर दरभंगा जिल्लामा नगिचैको गाउँमा पर्थ्यो । रामसिंहले ऊ पनि हरिप्रकाशसँग विराटनगर जाने कुरा भन्यो र दुवैको सल्लाह मिल्यो। ती दुवैको विवाह भइसकेको थियो। अहिले दुवैका पत्नीहरू दरभगा जिल्लामा आ-आफ्ना घरमा थिए । ती दुवै विराटनगर आए र हरि प्रकाशले आफ्नो भिनाजुको मद्दतले फर्निचर बनाउने कारखाना राख्ने ठाउँ खोज्यो। केही दिन ती दुवैले मात्र काम गरे । केही दिनपछि दुई सिकर्मी र एकजना सहायक राखे ।

मोहनले आफ्नै पसलको नगिच फर्निचर पसल खुलेको देख्यो। यहाँ काठको काम लगातार भइरहन्थ्यो। उसलाई पनि फर्निचर बनाएको हेर्न मनपर्थ्यो। सिकर्मीहरू कहिले आरा, कहिले वसिला, कहिले रण्डा आदि चलाइरहन्थे । काठलाई ठिक्क पारी चिल्लो पारेर मेच-टेवुल वनाउँथे। त्यसमा रंग लगाएर टल्किने पार्दथे। फर्निचरलाई रंग लगाई घाममा सुकाउन राखिन्थ्यो । मोहन रंग लगाएको देख्दा खूव स्वाद.लाएर हेर्थ्यो । ऊ मनमनै विचार गर्थ्यो, "कसरी रंग वनाउदा होलान्? बजारमा बनाएकै रंग किन्न पाइँदो हो कि ?" एक दिन उसलाई सकसक लागेर हरिप्रकाशसँग सोध्यो, "यो रंग बजारमा किन्न पाइन्छ ?" हरिप्रकाश उसको जिज्ञासा सुनेर मुस्काउँदै भन्यो, "बजारवाट सामान किनेर ल्यायो, अनि त्यसलाई मिलाएर हामी रंग बनाउँछौं । सबै किसिमको बनिबनाउ रंग बजारमा पाइँदैन। केही बनेकै रंग पनि पाइन्छ। विभिन्न फर्निचरका निम्ति विभिन्न किसिमका रंग चाहिन्छ । त्यो बजारमा पाइँदैन । त्यसैले हामीलाई चाहिने धेरैजसो रंग बजारवाट समान किने ल्याई आफै बनाउँछौं ।" मोहनले अलि उदेकलाग्दो पारामा भन्यो, " एउटै प्रकारको रंगले सबै फर्निचरलाई हुन्छ भनी मैले ठानेको थिएँ। अनि कुनल कुरालाई कस्तो रंग चाहिन्छ भन्ने कुरा कसरी थाहा पाउने ?" हरिप्रकाशले भन्यो, "त्यो काम गर्दै गएपछि मात्र सिकिदै जान्छ । भनेर मात्र जानिदैंन ।" मोहनले झन् उत्सुकतापूर्वक सोध्यो, " मलाई पनि सिक्न रहर लाग्यो, मलाई पनि सिकाइदिनु हुन्छ ?" हरिप्रकाशले हाँस्दै भन्यो, " त्यो काम गर्दै गएपछि सिकिन्छ, फेरि बाबु त स्कूलमा पढ्दै हुनुहुन्छ, त्यसमाथि बुबाको पढाउने कत्रो इच्छा छ, त्यो त हामीजस्ता सानो

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मानिसले गर्ने काम हो। पढे-लेखेपछि यस्तो काम गर्नु पर्दैन। फेरि वावुले रंगको काम सिक्दै गरेको चाल पाएँ भने वाबु पनि हामीसँग रिसाउनु हुन्छ।" मोहनले भन्यो, " बुवा रिसाउनु हुन्न, म आफ्नो पढ्ने बेलामा पढिहाल्छु। फुर्सद-फुर्सदमा सिक्ने भनेको पो। मलाई सिकाईदिनोस्-ल।" हरिप्रकाशले भन्यो, " मोहन वाबु यो काम एकै दिनमा जानिदैंन। राम्रोसँग जान्नका लागि धेरै दिन लाग्छ। बिस्तारै-विस्तारै मात्र जानिन्छ। वाबु, फुर्सत-फुर्सतमा आउँदै गर्नु, म रग बनाउन र लगाउने काम सबै सिकाइदिन्छु।" मोहनले 'हुन्छ' भन्यो।

मोहनले बराबर त्यो फर्निचर पसलमा फुर्सत-फुर्सतमा जान्थ्यो। समय वित्दै गयो। हरिप्रकाशले मोहनलाई रंग वनाउन र लगाउन सिकाइदियो। विस्तारै-विस्तारै मोहन त्यस काममा निकै सिपालु भयो। कालेसँग यो कुरा लुकेको थिएन। मोहनले एउटा सीप जान्न लागेकोमा उसले विरोध गरेन, तर मोहनलाई आफ्नो पढाइ विगारेर अरूतिर नलाग्नू भनी अर्ती दियो। मोहन एक दिन फर्निचरको पसलमा वसिरहेको बेला रामसिंह वाहिरवाट आयो। र आफूले साथमा ल्याएको कागज हरिप्रकाशलाई देखायो। दुवै कुरा गर्न थाले। कागजमा बनाइनुपर्ने फर्निचरको नाप-नक्शा नजान्ने मानिसले बनाएजस्तो थियो। मोहनले भन्यो, " यसको म राम्ररी नक्शा बनाइदिन्छु।" अनि पेन्सिल लिएर एउटा सानो कागजमा प्रष्ट र राम्रो नक्शा बनाइदियो। त्यो देखेर दुवै प्रसन्न भए। अनि पछि-पछि कहिलेकाहीँ उनीहरू मोहनसँग नक्शा बनाइमाग्थे। मोहनले आफैले फर्निचर बनाउन नसके पनि फर्निचर कसरी बनाइन्छ भन्ने पूरै जानकारी पायो।

यसपालिको दशैंमा मोहनलाई आफ्नो घरको झ्याल-ढोकामा रंग लगाउन लहड चल्यो। उसले रंग-सम्बन्धी विभिन्न सामानहरू किनेर ल्यायो। त्यसबाट आफ्नो मनले चाहेको रंग बनायो। बुरूसले झ्याल-ढोकामा पालैपालो रंग लगाउन थाल्यो। रंग लगाइसकेको झ्याल-ढोका उज्यालो देखिने भयो। ऊ दत्तचित्त भई रंग लगाइरहेको बेला रूक्मिणी उसको घरमा आई। मोहनले रंग लगाइरहेको देखी र ऊ एकछिन हेरिरही, अनि बोली, "ओहो, तिमी त रंग लगाउन सिपालु भइसकेछौ।" मोहनले भन्यो, "रंग लगाउन सिपालु मात्र होइन, रंग बनाउन पनि सिपालु। यो रंग मैले आफैले बनाएको हुँ। चाहिने सामानहरू बजारबाट किनिल्याएँ र तिनलाई मिसाई मैले यो रंग बनाएको हो। रंग कस्तो लाग्यो तिमीलाई ?" रूक्मिणीले सोधी, "तिमी आफैले बनाएका हो त

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

यो रंग ? रंग बनाउन समेत जान्ने भइसक्यौ तिमी ? मलाई त थाहा नै थिएन । रंग बनाउन कसरी जान्यौ ?" मोहनले उत्तर दियो - " हरिप्रकाशको फर्निचर पसल छ नि, उसले नै मलाई सिकाइदिएको ।" "झ्याल-ढोकामा रंग लगाई सकेपछि अर्को खालको रंग बनाएर मेरो पुरानो टेबुल-कुर्सीमा पनि रंग लगाउने छु । रूक्मिणीले हाँस्तै भनी, " रग लगाएपछि अव ती नयाँ हुने भए ।"

हिन्दू संस्कृति र संस्कारमा उपनयनको ठूलो महत्त्व छ। पहिले-पहिले छोरा दश वर्ष ननाध्दै उपनयन गरिदिने परम्परा थियो । समयको प्रवाहका साथै रूढिवादी परम्परामा खुकुलोपन आउँदै गएकोले केही रूढिवादी प्रकृतिको घरमा मात्र पुरानै परम्पराको अनुसरण भइरहेको थियो भने जनसाधारण तागाधारीले आफ्नो सुविधा अनुसार व्रतवन्ध गर्ने प्रवृत्तिको नै प्राधान्य समाज स्थापित भइसकेको थियो। वूढो हुँदै गएको कालेले मानवजीवन को कुनै भरोसा नभएको, कर्कलाको पातमा अडेर बसेको पानीको थोपालाई हावाले अलिकता पात हल्लाउनासाथ पानी पातवाट झर्न सक्नेजस्तै कुनै पनि वखत मृत्युलाई वरण गर्नुपर्ने प्राकृतिक एवम् कठोर सत्य बुझेको थियो । वृद्धावस्थामा मृत्यु हुनु नै मानवजीवनको अन्तिम वरदान हो । हिन्दू संस्कृतिअनुसार व्रतवन्ध नगरेको छोराले आफ्ना-पितालाई दागवत्ती दिन पाउँदैन, दाह-संस्कार गर्न पाउँदैन र क्रिया गर्न मिल्दैन। पुत्रले बाबुको दाहसंस्कार र अन्येष्टि नगरे पितृ तर्दैन भन्ने जनभावना अनुरूप कहीं आफ्नो मरण भएमा सोबाट आफू बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले छोराको व्रतबन्ध गरिदिई राख्ने सुर कालेले कस्यो । ऊ क्षेत्री भएकोले तागाधारी थियो । आफू पूजा-आजा नगर्ने भएकोले विधिविधानवारे राम्रो जानकारी थिएन । तसर्थ उसले दिनानाथ पुरोहितसँग आफ्नो मनसाय जाहेर गर्न सम्पर्क गरे । दिनानाथ पण्डितजी साठी वर्ष उमेर पुगिसकेका र पाको थिए। उनको घर मधुमाराको उत्तरपट्टि छेउकै गहेली टोलमा पर्दथ्यो । उनी धेरै पहिलेदेखि लमजुङ्गबाट बसाइँ सरी विराटनगर आई बसेका थिए। कर्मकाण्डबारे उनका बावु काशीवासमा छँदा उनले केही ज्ञान सिकेको थिए। उनका एक मात्र छोरा कृष्णनाथ पनि पुरेत्याइँ गर्दथे। दिनानाथको वोली-वचन नरम र मिजासिलो थियो। कालेले पण्डित दिनानाथलाई चिनेको धेरै वर्ष भइसकेको थियो । घर बनाएर मधुमारामा सर्दा वास्तु आदि पूजा उनीद्वारानै कालेले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

सम्पन्न गरेको थियो । कालेको इच्छाअनुसार पण्डित दिनानाथले मोहनको व्रतबन्धका लागि साइत हेरिदिए । साथै व्रतबन्धका निमित्त चाहिने सामानहरूको सूची पनि बनाइदिए ।

कालेको घरमा आइमाई कोही पनि नहुँदा व्रतवन्धको निमित्त चाहिने सामानको जोरजाम गर्न अन्य प्रबन्ध गर्न आफूलाई गाह्रो पर्ने देखी कालेले आफ्नो असल-छिमेकी मुखिया नारायणसँग मद्दत माग्यो । व्रतबन्ध गर्ने दिन आँगनमा यज्ञकुण्ड बनाइयो । यज्ञ चारै कुनामा केराका थाम गाडियो । जग्गेलाई अशोकपत्र आदिले सजाएको थियो । विभिन्न रंगका कागजका फूलहरू बनाई मोहन आफैंले बनाई जग्गेलाई सजाएको थियो । रूक्मिणीले पनि त्यस काममा पूरै सहयोग गरेकी थिई । पुरेतले मण्डपमा रातो, सेतो, पहेंलो रंग मिलाएको चामलको पीठोले रेखा कोरी मण्डपको भूइँ सजाइरहेका थिए । दिनानाथको छोरा कृष्णनाथ पनि साथमा नै थिए । काले एकदम व्यस्त थियो । ऊ यताउति दौडधूपमा लागेको थियो । व्रतवन्धमा कि आमाले कि मामाले भिक्षा दिनुपर्नेमा मोहनका ती दुवै जना थिएनन् । मामा बनेर भिक्षा मुखिया साहेबले नै दिने निर्णय भयो ।

मुखिया नारायणकी स्वास्नी सुशिलालाई फुर्सत थिएन । व्रतवन्धलाई चाहिने र आमन्त्रितहरूलाई ख्वाउन चाहिने सामानहरू जुटाउनु र अन्य सम्पूर्ण व्यवस्था उनकै काँधमा परेको थियो । उनले टोलका अरू चार-पाँचजना आइमाईहरू यसका लागि बटुलेकी थिइन् । उनीलाई यो कामबाट फुर्सत नभएको निकै दिन भइसकेको थियो । अक्षता केलाउन लगाउनेदेखि लिएर पातका बोहता र टपरी गाँस्ने काममा उनी व्यस्त थिइन् । कोही व्रतबन्धका निम्ति चाहिने सेल-रोटी, पुरी आदि पकाउँदै थिए भने कोही अचार बनाइरहेका थिए । ज्यालामा राखेको हलवाइले जिलेबी, बुनियाँ बनाइरहेको थियो । घरभरि नै उमंग र उल्लासको वातावरण थियो । आमन्त्रित गाउँले, ठूला-साना मानिस र आइमाईहरू आएका थिए । कतिका साथमा तिनका केटाकेटीहरू पनि थिए । व्रतबन्धमा भिक्षा दिने उद्देश्यले कतिपय आइमाईहरूको हातमा चामल राखेको डालो थियो । केटाकेटीहरूमा चलपहल थियो । तिनीहरू हल्ला गर्दै यताउति कुदिरहेका थिए । खान पाइन्छ भन्ने लोभले गाउँका दुईचार कुकुरहरू पनि जम्मा भएका थिए ।

कालेले व्रतबन्धमा आफूले चिनेजति मानिस प्रायः बोलाएको थियो । एउटै छोरो, त्यसको व्रतबन्ध राम्ररी नै गरूँ भन्ने उसको लालसा थियो । व्रतबन्धको दिन उर्मिला र रूक्मिणी पनि आए । रूक्मिणीका बाबु भने विराटनगरभन्दा बाहिर भएकोले आउन

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पाएनन् । मानबहादुर र दुखिया दुवैलाई कालेले नयाँ लुगाफाटो हालिदिएको थियो । उनीहरू दुवै नयाँ लुगा-लगाएर बसेका थिए । ती दुवै जना औधी खुशी थिए । मानबहादुरले पनि आफ्नो जिउले भ्याएसम्म सहयोग गरिरहेको थियो भने दुखियाले पनि आफूसक्दो काम गरिरहेकी थिई । कालेले कहिल्यै बन्न बन्द नगरेको पसल आज बन्द गर्‍यो । पुरेतले यज्ञको काम शुरू गरे । उनी र उनका छोराको मुखबाट संस्कृतका श्लोकहरू धाराप्रवाह रूपले निस्कनथाले, दुवैका हातले मन्त्र साथसाथै यज्ञमा पूजा-सामग्रीचढाइरहेको थियो ।

व्रतवन्धको मुख्य मानिस त मोहन नै हो । मोहनको कपाल खौरिदिइएको थियो । उसले पहेँलो धोती लगाएको थियो । उसलाई यज्ञमा एक कुनामा राखियो । पुरेतले जे-जे भने उ त्यही-त्यही गर्दै गयो । यज्ञमा आगो बालियो र होम गरियो । होममा तिल-चामल-घिउ आदि मिसाइएको चरू अर्पण गरियो । अनि मोहनले भिक्षा माग्ने काम शुरू भयो । भिक्षा दिन आएकाहरू समीप गई मोहनले आफ्नो हातमा लिएको भाँडा थापेर भिक्षा माग्यो । उसको रूप यसबेला व्रम्हाचारी योगिको जस्तो देखिएको थियो । आफ्नो वहुरूपी अवस्थाबाट मोहनलाई अलि संकोच र असजिलो भाव मनमा उत्पन्न भएको थियो । भिक्षा दिन नगिच जाँदा उसलाई हेरी कतिजना हाँसे र भिक्षा दिए । उसको यो अवस्था देखेर रूक्मिणी पनि हाँसेकी थिई । मुखिया नारायणले उसलाई समातेर ल्याई मामाको दायित्व पूरा गरे । व्रतवन्धको कर्म सिद्धियो । उसको काँधमा जनै थियो । उसले पुरेतको मुखबाट नित्य पाठ गर्नुपर्ने मन्त्र सुन्यो र पुरेतले त्यो मन्त्र विर्सिएला भनी कागजमा लेखेर पनि दिए ।

विहानैदेखि मोहनले भोकै बस्नुपरेको थियो । व्रतवन्धको सबै प्रक्रिया सकिन निकै समय लाग्यो । उसलाई भोक लागिसकेको थियो । आमन्त्रितहरूमध्ये कतिपय एक छिन बसेर फर्के र कोही भिक्षा दिइसकेर आफ्नो घरको जरूरी काम सम्झँदै फर्के । खानका लागि पनि निकै व्यक्तिहरू बसेका थिए । सबैलाई मिठाई, पुरी, तरकारी आदि ख्वाइयो । चार-पाँच जना माग्नेहरू पनि खान पाइने आशले आएका थिए । तिनीहरूलाई पनि खान दिइयो । काले, मानबहादुर र दुखिया खाना बाँड्ने काममा लागे । मोहन परै बसिरह्‍यो । उसलाई हिँड्न मन लागेन किनभने ऊ भोकले रन्थनिइसकेको थियो र थकित देखिन्थ्यो । रूक्मिणीले नगिच गएर भनी, "तिमी योगि जस्तो देखिएका थियौ । त्यस्तै भेषमा एउटा फोटो खिचाउनु पर्ने थियो । फोटोमा कस्तो आउँथ्यो

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

होला।" अहिले मोहनले कमिज र पाइजामा लगाइसकेको थियो। टाउको मुडुलो भएकोले टाउको छोप्न उसले ढाकाको टोपी लगाएको थियो । मोहनले भन्यो, "व्रतवन्धमा पनि के-के गर्नुपर्दो रहेछ । म त भोकले भुतुक्कै भएको थिएँ । कहिले सकिएला र खाउँला भन्ने मात्र मनमा लागिरह्यो ।" रूक्मिणीले भनी, " एक दिन अवेला खाएर के हुन्छ ? म कहिलेकाहीँ व्रत लिन्छु र भोकै बस्छु।" मोहनले भन्यो, "केटीमान्छेको कुरा अर्कै हुन्छ, हामी केटा मान्छे भोको वस्न सक्तैनौं । रूक्मिणीले भनी " केटीमान्छेको जीउ होइन त, केटी मान्छे भने भोको वस्न सक्ने, केटामान्छे भोको वस्न नसक्ने, त्यो कहीं हुन्छ ।" मोहनले अलि हाँसेर भन्यो, " रूक्मिणी, तिमी नै व्रत लिएर भोको वस्न सक्छु भन्छ्यौ, मैले भनेको छैन । मैले त आफ्नो कुरा मात्र गरेको थिएँ । म भोक खप्न सक्तिनँ। तिमीले भोको बस्ने बानी पर्छौ र मलाई भने त्यो बानी छैन। रूक्मिणीले एकछिन घोरिएर भनी, " हो यो बानीकै कुरा होला । होइन, पुरेतले तिम्रो कानमा खुसुखुस गर्दै थियो, उसले के भनेको तिमीलाई ? " मोहनले भन्यो, " व्रतवन्ध गरेपछि मन्त्र दिइन्छ । त्यो मन्त्र उनले मेरो कानमा अरूले नसुन्ने गरी भनेका थिए । त्यो विर्सिएला भनी कागजमा लेखेर पनि दिएको थियो ।" मोहनले भन्यो, " मन्त्र आइमाई जातिले हेर्न हुँदैन रे ।" रूक्मिणीले छक्क परेर सोधी, "आइमाई जातिले मन्त्र हेर्न र पढ्न नहुने के रहेछ ? किन मोहन ?" त्यसको कारण उसलाई पनि थाहा थिएन । अनि ऊ आफै अलमलिँदै भन्यो, "खोइ किन हो, मलाई कारण भने थाहा छैन। पुरेतले यो कुरा मलाई भन्नुभएको थियो।" 'किन मन्त्र पढ्न नहुने रहेछ' भन्ने प्रश्नको उत्तर जान्न रूक्मिणीको मनमा जिज्ञासा रहिरह्यो ।

परीक्षाका लागि मोहनलाई अचेल निकै पढ्नु पर्दथ्यो। पढनु पर्ने सबै विषयमा उसको ज्ञान राम्रो थियो । विहान एक घण्टा अंग्रेजी र हिसाबको ट्यूसन पढ्न जाने गर्दथ्यो । सबै स्कूलहरूमा परीक्षाको समय भएको थियो । रूक्मिणीले पढ्दै गरेको मोहनसँग आएर सोधी, "यो सरलीकरणको हिसाव मलाई आउँदै आएन, एउटा गरेर जान्यो, अनि फेरि अर्कोमा अलमलिन्छ। कस्तो-कस्तो हिसाव राखेको होला ?" मोहनले आफ्नो हातमा लिएको किताब राखेर रूक्मिणीसँग उसको हातको किताब लियो र सोध्यो, " कुन परिच्छेदको।" मोहनले एक्काइसौं परिच्छेद हेर्न थाल्यो। अनि हाँसेर भन्यो, "यस्तो

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

सजिलो हिसाव पनि आएन तिमीलाई ?" रूक्मिणीले भनी, " जान्नेलाई सजिलै लाग्छ। तर मलाई भने आएन। मैले जानेपछि मलाई पनि सजिलो लाग्नेछ।" मोहनले भन्यो, "ट्वाक्क जवाफ दिन तिमीसँग कसैले सक्दैन। ल राम्ररी हेर र सुन, म यो हिसाव वनाएर तिमीलाई देखाउँछु अनि सम्झाउँदै जान्छु।" मोहनले हिसाव वनाउँदै रूक्मिणीलाई सम्झाउन थाल्यो। रूक्मिणी पनि 'अँ, वुझें, वुझें' भनेर वेलावेलामा भन्दैथिई। रूक्मिणी हिसाव, अंग्रेजी र नेपाली तीनै विषयमा ट्यूसन पढ्दैथिई। पढाउने माष्टर घरमै आउँद्थ्यो। तर रूक्मिणीलाई भने मोहनसँग नसोधी हुदैनथ्यो। मोहनले हिसाव गरिसिध्यायो। रूक्मिणीले भनी, "अहिले मलाई आमासँग वजार जानु छ। एक छिनमा आइपुग्छु भनी आएकी थिएँ। तिमीसँग अंग्रेजी पनि सोध्नु छ। पछि आउँला।" रूक्मिणी आफ्नो घर गई। मोहन आफ्नो पढाईमा लाग्यो।

....

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

दशौं अध्याय

मोहन आठौं कक्षावाट उत्तीर्ण भई नवौं कक्षामा प्रवेश गर्‍यो । आफ्नो छोरा वर्षेपिच्छे क्लास उक्लँदै गएकोमा काले अति प्रसन्न थियो । मानबहादुर पनि धेरै खुशी थियो । दुखियाले प्रसन्नता जाहेर गर्दै भनी, "नानी पास भएको खुशीयालीमा मलाई के दिने ?" मोहनले भन्यो "मसँग के छ र तिमीलाई दिउँ ।" दुखियाले भनी, "ओहो, कस्तो वाठो कुरा गरेको ? दिनुपर्छ भनेर केही छैन जस्तो गरेको । यस्तो हर्षमा नदिए कहिले दिने ? लौ यो त भएन, वावुले यस खुशियालीमा मलाई केही नदिई कहाँ धर पाउनुहुन्छ र ?" दुखियाले मोहनसँग कुरा गरेको कालेले पनि चाल पाएको थियो । हालसालै मात्र दुखियाकी वुहारी सुत्केरी भएर छोरा पाएको उसले चाल पाएको थियो । कालेले मोहनसँग भन्यो, "नानी, दुखियाले भनी हाली, यसलाई पेट भर्ने गरी मिठाई ख्वाइदेउ । तातो जिलेबी आधा सेर किनेर यसलाई देऊ ।" कालेको विचारमा दुखियाले जिलेवी पाएपछि आफ्नी वुहारीलाई पनि खान देली भन्ने थियो ।

मोहन नारायण मुखियाकहाँ समय-समयमा गइरहन्थ्यो । सुशिलाले उँसलाई राम्रै गर्दथिन् । सुशिलाले मोहनसँग भनिन्, "नानी, कतिमा पास भएको रे ? 'मोहनले उत्तर दियो, "काकी, आठौंबाट नौ कक्षामा चढें । सुशिलाले भनिन, साह्रै खुशीको खवर सुन्न पाइयो । यस्तै गरी पछि पछि पनि उत्तीर्ण हुँदै जानू । घरमा आऊ त ।" मोहन नारायण मुखियाको घरमा पस्यो । उसलाई भित्र आएको देखी सुशिलाले भनीन्, "मोहन, मलाई तिमी उत्तीर्ण भएको कुरा सुनेर साह्रै हर्ष लाग्यो , वस, तिमीलाई खाजा र चिया दिन्छु ।" मोहनले मुखिया नारायणलाई नदेखेकोले सुशिलासँग सोध्यो, "काकी, काकालाई देख्दिनँ नि, कता जानुभयो ?" सुशिलाले जवाफ दिइन्, "काका आउने बेला भयो, दर्जीकहाँ लुगा लिन जानुभएको छ ।" सुशिला यत्ति भन्न नपाउँदै सिलाएको कपडाको पोको लिएर मुखिया साहेब भित्र पसे । सुशिलाले मुखिया साहेवलाई भनिन्, " यी नानी आठ पास गरेर नौ कक्षामा चढेछन् । मलाई हर्ष लागेर खाना खान बोलाएकी हुँ ।" मुखिया साहेबले मोहनसँग सोधे, 'हो नानी ।' मोहनले उत्तर दियो, 'हो काका ।' अनि मुखिया

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

साहेबले भने, "अति राम्रो भयो । नानी उत्तीर्ण भएकोमा बधाई छ ।" एकछिनपछि सुशिलाले मोहन र आफ्नो श्रीमान्‌लाई खाजा र चिया दिइन् । दुवैले खाजा खाए ।

चिया खाइसकेपछि मोहनले मुखिया साहेबसँग भन्यो, "काका मैले यहाँ भएको "कल्याण" पत्रिकाका सबै अकहरू पढिसकें । कस्ता राम्रा कथा-कहानीहरू छन् । रामायण र महाभारतको कथा पूरै छ ।" मुखिया साहेबले भने, "कल्याण"मा कथा-कहानी छ, तर त्यसमा भएको उपदेश पनि वुझ्नु पर्दछ । ती कति बुझ्नसक्यौं ?," मुखिया साहेवले भने, "अहिले तिमी सानै भएकोले जति आफ्नो बुद्धि छ त्यतिमात्र वुझ्न सक्छौ । उमेर धेरै हुँदै गएपछि त्यही कथा-कहानीबाट जे पनि आफ्नो अनुभव र ज्ञानअनुसार झन्‌झन् वढी वुझ्न सक्ने हुन्छौं । " मोहनले भन्यो, "काकाले भनेको कुरा ठीक होला । अँ, काका, पढ्न किताब कहाँ पाउन सकिन्छ ।" मुखिया साहेवले भने, "आदर्श पुस्तकालयको नाम सुनेका र देखेका होलाउ नै ।" मोहनले भन्यो, "हो" । मुखिया साहेवले भने, "पुस्तकालयमा सदस्य वन्नुपर्छ । वर्षको ५-६ रूपियाँ जति शुल्क लिन्छ होला । यहाँ राम्रा-राम्रा पुस्तकहरू छन् । तर स्कूलमा पढ्ने विद्यार्थीले वाहिरी किताबहरूमा धेरै समय खर्च गर्नु हुँदैन । आफ्नो स्कूलको पढाइ विग्रिन्छ । कहिलेकाहीं पढ्ने भनेको अर्कै कुरा हो । तिमीले आफ्नो पढाइमा धेरै ध्यान दिनु राम्रो हुनेछ । तिम्रो वावु कालेले कत्रो आशा लिएर तिमीलाई पढाउँदै छ ।" मोहनले उत्तर दियो, "काका म आफ्नो पढाइ छाडेर वाहिरी किताब पढ्दिनँ । तर कहिलेकाहीं पढ्न मन लाग्छ । बाहिरी किताव पढ्दा धेरै कुराको ज्ञान हुन्छ, धेरै कुराहरूबारे थाहा पाउन सकिन्छ ।" मुखिया साहेबले भने, "आफ्नो पढाइमा नै मुख्य ध्यान देउ । फुर्सतमा कहिलेकाहीं बाहिरी किताव पढे कुनै बिगार हुँदैन । बाहिरी किताबबाट धेरै कुरा चाल पाइन्छ भनी तिमीले भनेको कुरा ठीक हो ।" मोहन मुखिया साहेबको घरवाट बिदा भई बाहिर निस्कियो ।

सबैजसो स्कूलको परीक्षाको परिणाम निस्कने समय यही थियो । मधुमाराका केटाकेटीहरू विभिन्न स्कूलहरूमा पढ्दथे । मोहनले चिनेका धेरैजसो केटाकेटीहरू उत्तीर्ण भएका थिए । केही केटाहरूलाई केही विषयमा पास-मार्क ल्याउन नसकेकोले प्रमोटेड मात्र गराइएको थियो । रूक्मिणीलाई आइरहेको देखी मोहनले सोध्यो, "रूक्मिणी तिम्रो रिजल्ट के भयो ?" रूक्मिणी प्रसन्न देखिन्थी । उसले तुरून्त उत्तर दिई, "पास भएँ, अब ६ कक्षामा पुगें । मोहन, तिमी पनि पास भयौ नै होला ।" मोहनले भन्यो, " हो म पनि पास भएँ । यस पालि मेरो कक्षामा सबै पास भए । प्रोमोटेड हुनेहरूको संख्या धेरै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

छ ।" तर म भने फयरली नै पास भएँ । रूक्मिणीले भनिन्, " म पनि फेयरली नै पास भएँ । म तिमीकहाँ अघि मात्र आएको थिएँ । तिमी कहाँ गएका थियौ ? " मोहनले भन्यो, "ए, त्यसवेला सुशिला काकीले म उत्तीर्ण भएको खुशियालीमा खाना ख्वाउन बोलाउनु भएकोले काकी कहाँ गएको थिएँ । काकासँग धेरै बेर कुरा भयो ।" रूक्मिणीले भनी, "त्यसैले पो मैले नभेटेकी रहिछु । तिमी पास भएकोमा ख्वाउने मानिस निस्कयो, तर म पास भएकोमा आमाले पनि भोज ख्वाउने होइन भनी जिस्किनुभयो ।" मोहनले भन्यो, "दुखिया छ नि, त्यसले खान नदिई छाड्दैछाडिन् । वुबाले आधा सेर जिलेबी किनेर देउ भन्नुभयो र मैले जिलेवी किनेर दिएपछि मात्र भन्न छाडी ।" रूक्मिणीले भनी, "यसपालिको परीक्षा तिमीले गरेर म पास भएँ । मलाई हिसाब र अंग्रेजी ग्रामर तिमीले राम्रोसँग नवुझाइदिएको भए मलाई पास हुन अप्ठेरो पर्थ्यो ।" मोहनले भन्यो, "तिमी आफ्नै मेहनतले पास भयौ । मैले त अलिकति मद्दत मात्र पो गरेको थिएँ ।"

मोहनले आदर्श पुस्तकालय देखेको थियो । यो ठाउँ मोहनले पढ्ने गरेको मोरङ्ग आदर्श विद्यालयभन्दा टाढा थिएन । तर उसको घर र पुस्तकालय विपरीत दिशामा पर्ने भएकोले ऊ त्यस भित्र पसेको थिएन । पुस्तकालयको सदस्य वन्न एकजना परिचितले जमानत वसिदिनु पर्छ भन्ने नियम उसले सुनेको थियो । उसलाई पुस्तकालयको सदस्य वन्ने इच्छा थियो, तर कसलाई जमानत बस्नका लागि भनूँ भन्ने विचार गरिरहेको थियो । जमानत वस्नका लागि पुस्तकालयको सदस्य अथवा गन्यमान्य व्यक्ति चाहिने कुरा पनि उसलाई थाहा थियो । सोधखोज गर्दा आफूसँग पढ्ने साथीको एकजना दाजु पुस्तकालयका सदस्य थिए, ती व्यक्ति वन-जाँचमा काम गर्थे । उसको साथी गोश्वारादेखि पूर्व पर्ने सदरा टोलमा बस्दथ्यो । साथीको दाजुलाई जमानत बसालेर मोहनले आदर्श पुस्तकालयको सदस्यता लियो । वार्षिक सदस्यता-शुल्क ६ रूपिया तिऱ्यो ।

पुस्तकालयमा रिडिंग-रूम भनेर एउटा कोठा छुट्याइएको थियो, त्यसमा लामो टेवुल राखेर दुवैतर्फ कुर्सीहरू राखिएको थियो । टेवुलमाथि दैनिक अखवारहरू राखिएको थियो र मानिसहरू बसेर अखवार पढ्दै थिए । एक कुनामा स्ट्याण्ड राखिएको थियो, जसमा अघिल्लो दिनका अखवारहरू झुण्ड्याएर राखिएको थियो । अर्को कोठामा पुस्तकालयको कार्यालय थियो र त्यही कोठामा दराजहरूमा लहरै पुस्तकहरू सजाएर राखिएको थियो । अंग्रेजी र अन्य किताबहरूको वेग्लै सूची वनाएर राखिएको थियो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

त्यो सूची हेरी किताव लाइव्रेरियनसँग माग्नु पर्थ्यो, र उसले त्यो किताव खोजी सदस्यहरूलाई दिने गर्दथ्यो ।

मोहन आदर्श पुस्तकालयको सदस्य भयो । उसको हातमा सदस्यता कार्ड थियो । त्यसताक नेपाली भाषामा धेरै पुस्तक निस्केका थिएनन् । पुस्तक-प्रकाशकहरू पनि कम थिए । स्तरीय पुस्तकहरू नेपाली भाषा प्रकाशिनी समितिले प्रकाशित गरेको थियो, जसको सख्या सीमित थियो । तीमध्ये धेरैजसो पाठ्यक्रममा समावेश भएका कारणले एक-न-एक विद्यार्थीले पढ्नु नै पर्दथ्यो। नेपाली भाषाको आउट-वुकको प्रकाशन र उपलब्धता सीमित थियो। नेपाली भाषामा रामायण आदि धार्मिक पुस्तकहरू बनार सवाट प्रकाशित भएका थिए। दार्जिलिङ्गबाट प्रकाशित केही कथा-कहानीका पुस्तकहरू पाइन्थे । अंग्रेजी र हिन्दी पुस्तकको नै आधिपत्य थियो । विशेष गरेर हिन्दी भाषामा लेखिएका पुस्तकहरू पढ्ने चलन थियो । मोहनले पुस्तक-सूची हेरेर एउटा पुस्तक माग्यो । यो मधुमालतीको कथा थियो । मोहन वेला-वेलामा पुस्तकालयबाट पुस्तक ल्याएर पढ्न थाल्यो । कहिलेकाहीँ पुस्तकालय गएको वेला एक छिन बसेर नेपाली र हिन्दी अखवार पढ्न थाल्यो ।

मोहनले पुस्तकालयमा भएको नेपाली भाषा र हिन्दी भाषाको पुस्तक पालैसँग लग्ने गर्दथ्यो । नेपाली भाषाका दश-पन्ध्र पुस्तक मात्र भएकोले ती सबै उसले पढिसक्यो । पुस्तकालय पनि नेपाली भाषामा पुस्तक मगाएर राख्ने प्रयत्न गर्दैनथ्यो । स्थानीय बजारमा नेपालीका आउटबुक पाइँदैन थियो । त्यसताक काठमाडौंबाट नेपाली भाषाको पुस्तक मगाउन अप्ठेरो परेको पनि थियो । अनि हिन्दी भाषामा लेखिएका नयाँ पुस्तकहरू भने पुस्तकालयमा बराबर थपिँदै गएको थियो ।

मोहन सानै भएकोले गूढ एवम् गहनतम पुस्तकहरू बुझ्न सक्दैनथ्यो । उसलाई कथा-कहानीको पुस्तक बढी मन पर्दथ्यो । पुस्तकालयमा उपलब्ध हिन्दी जासुसी उपन्यासमा उनको आकर्षण बढ्यो । तीमध्ये कतिपय अंग्रेजीबाट हिन्दीमा अनूदित थिए । अनि उसले टार्जनको हिन्दी अनुदित पुस्तकहरु निकै पढ्यो । एक दिन मुखिया नारायणसँग कुरा हुँदा उनले मोहनलाई "जासुसी किताव पढेर ज्ञान हुँदैन । एकछिन पढुन्जेलको रमाइलो मात्र हो । राम्रो लेखकहरूले लेखेका पुस्तकहरू पढ्नुपर्दछ । त्यसबाट ज्ञान र बुद्धि बढ्छ । हिन्दी भाषामा ठूला-ठूला लेखकहरूले लेखेका वा अनुवाद गरिएका किताबहरू पुस्तकालयमा थुप्रै छन्" भने र केही लेखकहरूको नाम बताए । मोहनले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

उनको सल्लाह मान्यो। उसले क्रमैसँग प्रेमचन्द मुन्शी, शरद्चन्द्र चक्रवर्ती, बंकिमचन्द्र, रवीन्द्रनाथ ठाकुर, मन्मनाथ गुप्त, देवीकीनन्दन खत्री आदिले लेखेका कथा-कहानी र उपन्यासका पुस्तक उपलब्ध भएसम्म पढ्यो। मोहनको पुस्तक पढ्ने रूचि भने निरन्तर वढ्दै गयो। फुर्सतको समयमा ऊ किताव पढ्नमा नै समय बिताउँदथ्यो। ती किताबहरू पढेर उसले के बुझ्यो ? उसको ज्ञान कति वढ्यो ? त्यो मोहनलाई समेत थाहा थिएन। तर उसको मानसमा अनेकौं कथा-कहानीको संस्मरण भने रहेको थियो।

मोहन पसलमा बसेको थियो। काले पनि सँगै बसेको थियो। मानबहादुर अलि पर स्टूलमाथि बसेको थियो। काले पसलको सामान गर्दै थियो। आज उसलाई पसलका लागि सामान किन्न भारतको फार्बिसगञ्जसम्म पुग्नु थियो। एकछिन पछि उसको त्यसतर्फ हिंड्ने सुर थियो। कालेले मोहनलाई भन्यो, "नानी, आज म दोकानको सामान लिन पारी जान्छु। तिम्रो स्कूलमा छुट्टी छ क्या रे। आज दोकानमा नै वस्नू। दाइ बूढो मानिसलाई जिम्मा लगाएर सुत्न नजानू। दाइले मन गरेपनि दाइको शरीरले दिंदैन। यो दुखिया पनि वसिरहन्थे। (दुखियालाई देखेर भन्दै) तँ पनि आफ्नो घर खुसुक्क हिँडिहाल्ने होइन नि। नानीलाई एक्लै नछोड्नू। मलाई जान-आउन सात-आठ घण्टा लागिहाल्छ।" मोहनले भन्यो, "बुबा, म कहीँ जान्न, बसिरहने छु।" दुखियाले भनी, "हुन्छ, म पसलमा नै वसिरहन्छु।" कालेले मानवहादुरलाई हेर्दै भन्यो, "दाइले मोहनलाई छुट्टी नदिनू। यो दाइसँग सोधेर हिँड्न पल्कन लागेको छ। तपाईको शरीर सन्चो पनि छैन, पसलमा वस्दा धपेडी पर्न सक्छ।" मानवहादुरले खिसिक्क हाँसेर भन्यो, "भाइले ढुक्क भएर गए हुन्छ। नानी आजकाल बसेर किताब मात्र पढिरहन्छन्। किताब पढ्न अप्ठेरो पऱ्यो भनेर रेडियोको आवाज सानो पार्ने गरेको छ। नानी कतै जाँदैनन्।" काले हिँड्यो।

पसलमा विभिन्न सामानहरू किन्न मानिसहरू आइरहन्थे। मोहनले कहिले सामान दिनुपर्थ्यो त कहिले चिया बनाउनु पर्दथ्यो। हातमा लिएको पुस्तक उसले पढ्न पाएको थिएन। पुस्तकमा केही बेर आँखा लगाउना साथ कोही-न-कोही ग्राहक पसलमा आइहाल्दथे। अनि किताबलाई एक छेउमा राखेर ग्राहकसँग कुरा गर्नुपर्थ्यो र सामान दिनुपर्थ्यो। पढ्न आठ-दस पटक व्याघात परेको देखी मानवहादुरले भन्यो, "नानीले आज पुस्तक पढ्न पाउला जस्तो छैन। ग्राहकहरू पसलमा आइरहन्छन्। पसलमा जत्ति ग्राहक

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

धेरै आयो त्यत्ति राम्रो।" मोहनले भन्यो, "हेर्नोस् न ठूलो-वा, यो साथीसँग मागेर ल्याएको पुस्तक भोलि फिर्ता दिनु छ। आज पढ्न पाइरहेको छैन। पढ्दा कस्तो रमाइलो लाग्छ। यसो त पसलमा ग्राहकहरू आउँछन् नै र त्यसवाट पढ्न नमिल्ने कुरा स्वभाविक पनि हो।" दुखियाले भनी, "मोहन वावुले किताव हातमा लिएर आउनेलाई ध्यान नदिएमा ग्राहक भड्किएलान्। आज एक दिन नपढे त के भयो त ?" अनि मानवहादुरतिर हेर्दै भनी, 'होइन त, दाइ ?' मोहनले भन्यो, "त वूढी चूप लाग्। वुझ्नु-सुझ्नु केही छैन, वीचमा वाठो भएर वोल्ने वानी राम्रो होइन।" दुखियाले भनी, "अँ, नवुझी-नवुझी मेरा यी कपाल सेता हुन लागेका होलान्। वावुलाई वुबाले पसलमा राम्रोसँग हेर्नू भनी राखेको हो। मैले वेठीक कुरा भनेको छैन।" मानवहादुरले भन्यो, "यो दुखियासँग जिरह गरेर साध्य छैन। नानी, पसलमा वसेपछि पढ्न मिल्ला जस्तो छैन। यस्सो ध्यान लगाएर पढ्न थाल्यो कोही-न-कोही आइहाल्छ, अनि पढाइ छाडिरहनु पर्छ। त्यसवाट झर्को लागेर आउँछ। अव वुवा आएपछि पढ्नु पर्ला।"

"दिदीलाई खोज्दै म घर गएकी थिएँ। दिदी यो पसलमा हुनुहुन्छ भनी वुहारीले भनी। अनि खोज्दैखोज्दै म यहाँ आइपुगेँ।" दुखियालाई गाउँवाट आएकी एक आइमाईले भनी। उसको साथमा एकजना अधवैंसे आइमाई पनि थिई। दुखियाले उसलाई कसले वोलायो भनी हेरी। "ए, तँ पो रहिछस्। विराटनगर कहिले आइपुगिस् ?" दुखियाले त्यो आइमाईलाई सोधी। यो उसकी कान्छी वहिनी रामप्यारी थिई। "दिदी, म अहिले आउँदैछु। साथमा वहाँ पनि हुनुहुन्छ, तर अहिले मालिककहाँ जानुभएको छ। यो काईली छोरालाई भेटछु भनी साथ लागेर आएकी छे। यसको छोरो चामल मिलमा चौकीदार छ। दिदीको नाति कस्तो राम्रो रहेछ। वुहारी भने किन विरामी जस्तो देखिन्छे।" रामप्यारीले उत्तर दिई। दुखियाले बोली, "खोइ जत्ति औषधी-मुलो गरे पनि बुहारीको जिउ त्यस्तै हो। कहिल्यै सन्चो हुँदैन। उतातिरको हालखबर कस्तो छ ?" रामप्यारीले भनी, "मेरो हालखबर सबै राम्रो छ। वस्न हुने गरी एउटा स्यानो घर उभ्याएका छौं। उहाँले नहर खनिरहेको ठाउँमा यस पाली ६ महिनैसम्म काम गर्नुभयो। अलिकता पैसा वचेको थियो, यसले केही जग्गा किनेका छौं।" दुखियाले भनी, "तेरो निकै राम्रो भएछ। खुशी लाग्यो। तर तेरो बच्चा किन भएन ? औषधी-मुलो गरिनस् ?" रामप्यारीले भनी, "खोइ, किन भएन किन ? भक्तिभाव त गर्दैछु। अरू ईश्वरको इच्छा। हजुरका ज्वाइँले अर्को पटक यहाँको अस्पतालमा देखाउने भन्नुभएको छ। डाक्टरको दवाइले पनि फाइदा हुन्छ भन्नुहुन्थ्यो।" दुखियाले भनी, "अँ, डाक्टरलाई

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

देखाउने कुरा पनि ठीक हो । आजकाल सबै कुराको औषधी–मुलो हुन्छ भन्छन् । परार तँसँग आएकी काहिँली यिनै होइनन् ? साथमा तरूनी हुन लागेकी छोरी पनि थिई । अहिले देख्दिनँ, विहे भयो कि कसो ?" रामप्यारीले भनी, "ऊ त पारिगाउँको देवेन्द्रसँग हिँडिगई । धनकुटा हो कि कतावाट आएर त्यहाँ चार विधा खेत लिएर बसेका अलि पुड्को-पुड्को काँटको इन्द्रवहादुरलाई दिदीले पनि देखेकै छौं । देवेन्द्र उसैको छोरा हो ।" दुखियाले भनी, "ए, त्यो, अँ मलाई अलिअलि सम्झना आउँछ । म त्यतातर्फ नगएको धेरै भयो । यता बसेको धेरै भएछ, त्यसतर्फ अब जाने विचार पनि आउदैन ! उमेर पुगेकी छोरी-वेटी हिँड्ने डर सधैं रहन्छ । म सँगसँगै केटाकेटीमा खेल्ने ठूलीमाया, त्यो पनि तिम्रो गाउँ नजिकै बस्छे । कहिलेकाहीं भेटघाट हुन्छ कि हुँदैन ? उसको राम्रो बन्दोवस्त थियो । दुइटा छोरा, दुइटी छोरी थिए । सबैको विहे भइसक्यो क्यार । म उता जान्न, त्यो यता आउँदिन, हाम्रो भेटघाट नै छैन । त्यसको खालखबर कस्तो छ ?" रामप्यारीले भनी, "उसको हालखबर सबै ठीक छ । तर उसको गोठमा अस्ति चितुवा पसेर दुइटा गाईको वाच्छा मारेछ । राति निकै हल्ला-खल्ला भएको थियो, हामीले परै भए पनि खलबल सुनेका थियौं । त्यसवेला त्यो गाउँमा के भएछ भनी हामीलाई निकै खुल्दुली लागिरहेको थियो । भोलिपल्ट सबै कुरा चाल पायौं । राति चितुवालाई खेद्दा एउटा गोठालो-केटालाई पनि चितुवाले नङ्ग्रोले कोरेछ । त्यो मूर्खले वाछालाई मुखमा राखेर चितुवा भाग्न लागेको देखेर वाछालाई छुटाउन चितुवालाई समाउन पुगेछ । झण्डै चितुवाले त्यसलाई मारेको ।" रामप्यारीले भनी, "देहातमा यस्ता घटनाहरू भइरहन्छन्, अहिले पो जंगल मासिँदै गएकोले यस्ता घटनाहरू हुन धेरै कम भयो । पहिले-पहिले वाक्लो जंगल भएकोले चितुवा र बाघले बराबर पशु मारेको, मान्छेलाई घाइते पारेको वा मारेर खाएको सुनिन्थ्यो । तँ त आज बस्छिस् होली ।" रामप्यारीले भनी, "हो साँझपख दिदीकहाँ आउँछु । अहिले काहिँलीसँगै यसको छोराकहाँ जानु छ । काइँली छोरासँगै बस्छे । ल, अहिले जान्छु दिदी ।" अनि रामप्यारी र काइँली हिँडे ।

मोहन तिनीहरूले गरेको कुराकानी सुनिराखेको थियो । दुखिया कुरा गर्दै गिलास पनि माझ्दै थिई । तिनीहरू गएपछि मोहनले दुखियासँग भन्यो, "आज त धीत मर्ने गरी कुरा गर्न पायौ ।" दुखियाले भनी, "मोहन वावु, मेरो अब यही वहिनी बाँकी छ । मभन्दा मुनीकी एकजना थिई, राति सुतेको वेला घरमा आगो लागेर पूरै सन्तान समेत मरिहाले । यो वहिनीको मलाई धेरै माया लाग्छ । परबाट आफ्नो भनेर भेट्न आउने मेरो यही वहिनी मात्र छ अब ।" अनि दुखिया अलि गम्भीर भई ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

एघारौं अध्याय

हिन्दू संस्कृतिका आफ्नै अनेकौं परम्पराहरू छन् । त्यस परम्परामा जेलिएर रहेको समाजले आफ्नो आर्थिक स्तरअनुसार त्यस्ता परम्पराहरूलाई निर्वाह गर्दै आएको देखिन्छ । हिन्दू धर्म मानिसको सर्वाङ्गीण क्रियाकलापका सम्बन्धमा आफ्नो नियम बनाएको पाइन्छ । जन्म, मरण, बिहा, व्रतबन्ध अनि प्रत्येक चाडवाडको पूजा पद्धतिका साथै कर्मकाण्ड आदि सबै कुराहरूको प्रतिपादन गरिनुपर्ने आचार-संहिता बनाएको पाइन्छ । नेपाली तागाधारीरूले प्राय: माघ महिनामा स्वस्थानीको कथा भन्ने प्रचलन छ। यो घरघरै भनिन्छ र यसको पूजा-अर्चना र कथावाचन प्रत्येक राति माघ महिनाभरि नै गरिन्छ । कालेको घरमा पनि स्वस्थानी भनिन्थ्यो । स्वस्थानी मोहनले भन्नुपर्दथ्यो । माघ महिनामा स्कूलको जाँच सकिई परीक्षाको नतिजा समेत प्रकाशित भइसकेको थियो । मोहन पनि नौ कक्षाबाट उत्तीर्ण भई दशौं कक्षामा उक्लिसकेको थियो ।

स्वस्थानीको कथा शिव भगवानसँग सम्वन्धित छ । यसमा शुरूका परिच्छेदहरूमा शिव र सतीदेवीको बिहे, आमन्त्रित नगरिएकी सतीदेवी शिवले रोक्दारोक्दै पनि बावु दक्षप्रजापतिको घरमा यज्ञमा सम्मिलित हुन जानु, सतीदेवीले आफू र आफ्ना पतिलाई नबोलाइएको बारे बावुसँग सोध्नु, बावु दक्षप्रजापतिले सतीदेवीको सामुन्ने शिवको अग्घोर निन्दा गर्नु, पतिनिन्दा सुनेर सतीदेवीले होमको अग्नीमा आहूति दिनु, महादेवकहाँ यो खबर पुग्न, रिसले महादेवले आफ्ना केही जटा उखेलेर पछारेपछि महाकाली र वीरभद्रको उत्पत्ति हुनु, महादेवले वीरभद्रलाई दक्षको यज्ञ भंग गरेर सबै कुरा नाश गरिदिने आदेश दिनु, वीरभद्र र महाकालीले शिवसेना साथ लिई दक्षकहाँ धावा बोल्नु, देवता र तिनीहरूको घनघोर युद्ध हुनु, देवताहरू हारेर भाग्नु, वीरभद्रले दक्षको टाउको काटी होममा चढाई दिनु, सबैतिर हाहाकार हुनु, ब्रम्हा, विष्णु, लगायत सबै देवताहरू महादेवकहाँ गई स्तुति गरेपछि महादेव प्रसन्न हुनु, दक्षलाई बोकाको टाउको लगाइदिई जिउँदो पारिदिनु आदि पर्दछन् । अनि सतीदेवीको वियोगले सतीदेवीको मृत-देह बोकी महादेव धेरै वर्ष भौंतारिइनु, तारकासुरको संकट पर्नु, सतीदेवीको लाश कुहिएर

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

झरेपछि महादेव तपस्या गरी बस्नु, सतीदेवी हिमालकी छोरी पार्वती भएर जन्मिनु, महादेवको क्रोधबाट कामदेव भष्म हुनु, पार्वतीले महादेवलाई पतिरूपमा पाउँ भनी तपस्या गर्नु, पार्वती र महादेवको विहे हुनु, कुमारको उत्पत्ति, तारकासुरको नाश, गणेशको उत्पत्ति, सती वृन्दावारे कथा, जालन्धरको नाश आदि कथा हुन्। मोहनले कथा भन्दा काले र मानबहादुर खूबै ध्यान दिएर सुनिरहन्थे। सधैँजसो बाहिरका एक-दुई मानिस पनि त्यहाँ आई कथा सुन्दथे।

रूक्मिणीका बावुलाई काम विशेषले महिना दिन नै बाहिर बस्नुपर्ने भयो। उनी काठमाडौं गइहाले। दुई-चार दिन रूक्मिणीले कथा भनी र उनी सात कक्षामा पढ्ने भए पनि कनीकुथी मात्र स्वस्थानी पढ्न सक्दथिई। रूक्मिणीको आमा त्यत्ति पढेलेखेकी थिइनन्, तसर्थ उनी कथा भन्न सक्दिन थिइन्। रूक्मिणीलाई रूघा-खोकी लागी सन्चो भएन। रूक्मिणीको आमा आएर मोहनलाई उसको घरमा आएर कथा भन्दिन भनिन्। मोहनले नाइँ भन्न सकेन। तसर्थ मोहन अहिले उनीहरूकहाँ कथा भन्न जाने गरेको थियो। मोहनले रूघा-खोकी लागेकी रूक्मिणीलाई भन्यो, "तिमीलाई पनि रूघा-खोकीले छोएछ। औषधी खाएकी छ्यौ कि छैनौं ?" रूक्मिणीले भनी, "खादै छु। हेर-न, कस्तो स्वर नै ब्याप्प बसेको छ। बोली नै भास्सिएको छ।" मोहनले भन्यो, "तिम्रो बोली सुन्दा त अर्कैले बोलेजस्तो सुनिन्छ। तिमीलाई ठण्डीले निकै समाते छ। ठण्डीबाट जोगिइनु पर्दछ। " रूक्मिणीले भनी, "बसिरहँदा वाक्क लाग्दछ। यस्सो बाहिर निस्केर यताउति हिँड्न खोज्यो, आमाले हपारी हाल्नुहुन्छ।" मोहनले भन्यो, "ज्वरो छ कि छैन ? डिग्री लगाएको हो ?" रूक्मिणीले भनी, "ज्वरो छैन। डाक्टरलाई पनि देखाइसकेँ। डाक्टरले दिएको ओखती खाँदैछु। अस्तिभन्दा आज अलिक विसेक भएको छ। " मोहनले भन्यो, " म छिटोछिटो स्वस्थानी पढेर घर जान्छु। त्यहाँ पनि स्वस्थानी पढ्नु छ। बा र ठूला-बा आश गरेर बसिरहेका होलान्।" मोहनले स्वस्थानी पढ्न थाल्यो। रूक्मिणी, उसकी आमा र त्यस घरमा काम गर्ने आईमाई कान्छीले स्वस्थानीको कथा सुने। मोहन स्वस्थानी दुई अध्याय पढेर घरतिर लाग्यो।

स्वस्थानी पढ्नलाई मोहनले दिन्हौं साँझ भएपछि रूक्मिणीको घर जानु पर्दथ्यो। आज पनि गयो। उसलाई देखेर रूक्मिणीकी आमाले भनिन्, "नानी, तिमी आइपुग्यौ। म पढ्नै सबै कुरा ठीक पार्छु।" अनि कान्छीलाई अह्राउँदै उनले भनिन्, "ए कान्छी, कान्छी। किताब र पूजासामान छिटै ले त।" रूक्मिणी आज टाठो भएर

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

वसेको देखी मोहनले भन्यो - " तिमीलाई अब बिसेक भएजस्तो देख्दछु। तिमीले स्वस्थानी पढे हुँदैन र ?" रूक्मिणीले भनी, " हिजो अस्तिभन्दा निकै जाती छ। तर म तिमीजस्तो फरर्र पढ्न सक्तिन। तिमी त पण्डितले पढेजस्तो नअड्किएर पढ्न सक्छौं। मलाई पढ्न भने ठाउँ-ठाउँमा कन्नु पर्छ। " मोहनले भन्यो, "पढ्दै जाँदा वाचा फुकेर गइहाल्छ। विस्तारै वानी पनि पर्छ।" रूक्मिणीले भनी, "आज तिमी नै पढिदेऊ। भोलिदेखि म पढुंला।" रूक्मिणीको आमाले भनिन्, "नानी, आज तिमीले नै पढिदेऊ। ६-७ दिनपछि वल्ल आज तंग्रिएकी छ। आज एक दिन यसलाई धपेडी नपरोस्। फेरि यो नानी जस्तो राम्रो गरी पढ्न पनि सक्तिन, एकछिन पढेपछि कन्न थाल्छे। सानै भएर पनि होला। अनि नानी, पढिसक्नासाथ आज गइ नहाल्नू। म ख्वाएर मात्र पठाउँछु।"

मोहनले स्वस्थानीको दुई अध्याय पढ्यो। मोहनलाई आज खानेकुरा दिइयो। मोहन खान थाल्यो। तर उसको मन चाहिँ घर पुग्न हतारिइरहेको थियो। त्यहाँ स्वस्थानी सुन्न ठूला-वा र वुवा पर्खिरहेका होलान् भन्ने ठानेको थियो। रूक्मिणीकी आमाले भनिन्, "अव घर फर्केपछि के गर्छौ ? सुत्छौ कि लेख-पढ गर्छौ ?" मोहनले भन्यो, " घरमा गएर पनि स्वस्थानी पढ्नु छ। ठूलो-वा र वा पर्खिरहेका होलान्। दुई-चारजना मानिस पनि वाहिरवाट स्वस्थानी सुन्नका निमित्त आउने गर्छन्। आज त यहाँ खाँदै छु, नत्र भने स्वस्थानी सकी खाना खायो, त्यसपछि अलिकति पढ्यो, अनि सुत्यो।" रूक्मिणीको आमाले 'ए' भनिन्। रूक्मिणीले भनी, "स्वस्थानीको कथा मलाई साह्रै राम्रो लाग्दछ। सुनी रहुँजस्तो लाग्छ। आफूले पढ्दा मात्र अप्ठेरो हुन्छ।" मोहनले भन्यो, "हो कथा राम्रा छन्। तिमी पढ्छ्यौ भने मसित एउटा कथाको किताब छ जसमा नल-दमयन्ती र राजा हरिश्चन्द्रका कथाहरू छन्। कस्तो पढिरहुं जस्ता कथा छन्।" रूक्मिणीले भनी, "मलाई पनि कथा पढ्न खूब मन लाग्छ। कोर्सबुकको नेपालीका किताबका सबै कथाहरू हिजो-अस्ति नै पढिसकें। मोहन, तिमीसँग भएको किताब मलाई पढ्न देऊ, म पढेर फर्काइदिउँला। म भोलि कुनै वेला किताब लिन आउँला।" मोहनले भन्यो, "तिमीलाई राम्ररी सन्चो भइनसकेकोले बढी हिडँडुल गर्न ठीक छैन। कसो काकी ? म आफै भोलि त्यो किताव ल्याएर तिमीलाई यही दिउँला।" यति भनेर मोहन घरतर्फ लाग्यो।

भारत फार्बिसगन्जमा मेला चलिरहेको थियो। त्यो मेलाको रमाइलो हेर्न विराटनगरका मानिसहरु पनि गइरहन्थे। विराटनगरदेखि जोगवनीसम्म बस र त्यसपछि

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

फार्राविसगन्जसम्म रेल चढेर जानुपर्थ्यो । जोगवनीबाट फारविसगन्ज दुई स्टेशनमात्र पर्दथ्यो । मधुमारामा वस्ने उदयसिंह अलि लहडी स्वभावका थिए । तिनको उमेर पचास-साठी वर्ष पुगेतापनि हाउभाउ र कुराकानी भने पट्ठोले गरेझैं गर्थे । उनमा अहिले पनि युवक पाराको जोश थियो । उनको जीविकाको मुख्य साधन कृषि थियो । कालेको पसलमा एक दिन उनी चिया खाइरहेका थिए । त्यस्तैमा त्यहाँका दुई गाउँले युवकहरू आए । एउटा युवक (जसको नाम वद्री थियो)-ले उदयसिंहसँग भन्यो, "काका, हामीलाई फारविसगन्ज मेला घुमाउन लाने होइन ?" उदयसिंहले भन्यो, "जाने भए ल जाऔं । तर तिम्रा साथमा जाने गुदी त छ ?" अर्को केटा देवले भन्यो, "काकाले पनि यस्तो कुरा गर्दिने ? सुहाएन काका । काका हुन्जेल भतिजाहरूलाई केको पीर ? " उदयसिंहले भन्यो, "कुराले मात्र फारविसगन्ज पुगिंदैन । । त्यहाँ जान, आउन, खान अनि तमासा हेर्न पैसा चाहिन्छ । पैसा निकाल्छौ भने म तयार छु । पैसा छैन भने मुख मात्र वजाएर केही काम हुँदैन ।" वद्रीले भन्यो, "एक महिना अघिमात्र काकाले हामीलाई फारविसगन्ज घुमाउन लैजाने वचन दिएको कुरा कस्तो विर्सिएको ? यस्तो वेइमानी काम गर्न काकाले सुहाउँछ र ? हामीलाई घुमाउन नलगुन्जेल काकालाई हामी धर नै दिन्नौं । काकालाई पैसाको के चिन्ता ? यस्सो हात फटकार्‍यो, आईहाल्छ ।" उदयसिंहले भन्यो, "हात फट्कार्दैमा केही हात लाग्दैन । तर मैले भनेको साँच्चि हो । ल, भोलि जाने । तिमीहरू तयार रहनू ।" वद्रीले बोल्यो, "भोलि बिर्सिन पाइन्न नि काका । हामी त अहिले जाने भने पनि तयार छौं ।"

त्यतिवेला मोहन केही कामविशेषले पसलमा आइपुग्यो । मोहनलाई देखेपछि उदयसिंहले कालेसँग भन्यो, "तिम्रो छोरा कतै पनि गएको छैन । यसरी बसिरह्यो भने काम नलाग्ने हुन्छ । धेरै सोझो मानिसको संसारमा केही काम छैन । तिम्रो शेषपछि यसले कसरी जीवन चलाउला ? संसारमा चलाख नभई वाँच्न सकिंदैन । छोरा-मानिसले यताउता घुमेर संसार हेर्दै गर्नुपर्छ । घरमा मात्र बस्ने गर्‍यो भने लाटोकोसेरोजस्तो हुनेछ ।" कालेले भन्यो, "काजी, म के गरूँ" उदयसिंहले भन्यो, "यसलाई यताउति घुम्न पठाउनु पर्दछ । सुन्छ, देख्छ, वेहोर्छ, अनि टाठोवाठो हुन्छ ।" कालेले भन्यो, "खै, यो आफै कतै जाँदैन । जान्छु पनि भनेको छैन । म कहाँ पठाउँ यसलाई ?" उदयसिंहले भन्यो, "भोलि म फारविसगन्ज मेला हेर्न जान्छु । मेलामा मोहनले तमासा हेर्छ । भारततर्फ जाँदा धेरै कुरा हेर्ने-जान्ने मौका पाइन्छ । तिम्रो छोरालाई कुनै तकलिफ हुन

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पाउँदैन। तर छोराले तकलिफ भने बेहोर्नु पर्छ। भन्दछन्, बाउन्न घुस्सा र त्रिपन्न ठक्कर नखाएको छोरा पक्का हुँदैन। मैले जिम्मा लिएर लगेपछि पीर गर्नु पर्दैन।" उदयसिंहले भन्यो, "त्यो त ठीक कुरा हो काजी, तर मोहन को के इच्छा छ सोधुं।" अनि मोहनतिर फर्कंदै भन्यो, " ए, तँ काजीसँग फारविसगन्ज मेला हेर्न जान्छस् ? तेरो के विचार छ ?" मोहनले बाबुको कुरा सुनेर भन्यो, "मेलामा रमाइलो हुन्छ भनेर सुनेको हुँ। पाए जान्छु, बुवा।" उदयसिंहले मोहनको कुरा सुनेर भन्यो, "सुन्यौ छोराको कुरा ? उसलाई पनि हेर्न-सुन्न मन लाग्छ। यताउताका कुरा जान्ने-सुन्ने इच्छा लाग्ने उसको उमेर भइसक्यो।"

मोहन उदयसिंहसँग फारविसगन्ज गयो। साथमा बद्री र देव भन्ने युवकहरू पनि गए। जोगवनीबाट रेल चढेर फारविसगन्ज पुगे। बाटोभरी ती दुवै युवक अनेकौं कुरा आपस्तमा गरिरहे। बीच-बीचमा उदयसिंह र तिनीहरूबीच वाद-विवाद भइरहन्थ्यो। मोहनको निम्ति भने यो यात्रा पहिलो थियो, त्यसैकारण उसका लागि सबै कुरा नयाँ थियो। बाबुसँग जोगवनी आउँदा उसले रेल आए-गएको देखेको थियो, तर चढेको थिएन। रेल-यात्रा पनि उसको निम्ति नयाँ थियो। रेल फारविसगन्ज स्टेशनमा अडेपछि सबैजना उत्रिए। पहिले फारविसगन्ज बजार घुमे। फारविसगन्ज बजार ठूलो थिएन। कतै-कतै मात्र पक्की दोकान थियो, अरू दोकानहरू जस्ताबाट बनाइएको थियो। इँट छापेर बनाइएको सडकको अवस्था राम्रो थिएन। फारविसगन्जमा मानिसको घुइँचो बढी थियो। मेला लागेकोले गर्दा मेला हेर्ने मानिसहरू पनि भएकाले घुइँचो बढी देखिन्थ्यो। तिनीहरूले दिउँसोको खाना त्यही बजारमा खाए। सिनेमा हेरे। साँझपख सबैजना मेला लागेको ठाउँमा गए। विजुली बत्ती झकिझकाउ थियो। अस्थायी पसलहरू थुप्रै खोलिएका थिए, जसमा खानेकुरा, कपडा-लत्ता, आदि विभिन्न मालसामान बिक्री गर्नका लागि राखिएको थियो। मेला-स्थलमा भीड बढ्दै जानथाल्यो। तिनीहरूले 'मौत का कुआं' भन्ने मोटरसाइकलको खेल र सर्कस पनि हेरे। अनि मेलामा यताउता तमासा हेर्दै घुमिरहे। भोक लागेपछि पसलमा खाजा खाए। फारविसगन्जबाट रेल चढी जोगवनीतर्फ फर्किए। रेल बिहानीपख जोगवनी पुग्यो।

मुखिया साहेब आफ्नो कामत जानका लागि चाँजो-पाँचो मिलाउन लागेका थिए। यस पटक मुखिनी साहेबलाई पनि कामत जानुपरेको थियो, तसर्थ मुखिया

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

साहेवलाई चाँजोपाँजो मिलाउनु पर्ने भएको थियो। मुखिया साहेव एक्लै जानु परेको भए कुनै प्रबन्ध नगरी हिंडे पनि हुन्थ्यो। तर साथमा धर्मपत्नी पनि लग्नुपरेकोले आफ्नो अनुपस्थितिमा घरको रखवाली गरिदिने देखि कामतमा दिनचर्याका लागि चाहिने सामानहरूको पोको समेत तयार गर्नुपरेको थियो। मुखिया साहेबकहाँ काम गर्ने मानिस नभएको होइन, अधवैंसे उमेरको वीरेलाई राखेका थिए, तर वीरे अलि लठेब्रो र ज्यादै सोझो थियो। त्यसले मात्र आफू नभएको वेलामा घरको पूरै रेखदेख गर्नसक्ला भन्ने कुरामा मुखिया-मुखिनी दुवैलाई शंका थियो। तसर्थ मुखिया साहेवले उनको घरको रेखदेख गर्नका लागि कालेलाई भनेका थिए। कालेले हुन्छ भनेको थियो। मोहनलाई पनि आफ्नो साथै लग्ने मुखिनी साहेवको मन थियो। अनि उनले सो कुरा कालेसँग भनिन्। मुखिनी साहेबले भनिन्, "काले दाइ, मोहनलाई पनि साथै लैजाने मेरो इच्छा छ। यसो दुइ-चार दिन घुमेर आउँछ। आफ्नो ठाउँका वारे केही कुरा चाल पाउँछ। मोहनका लागि थोरै समय भएपनि ठाउँ फेरिन्छ। तपाईले यसको कुनै चिन्ता गर्नु पर्दैन। म पूरै हेर-विचार गर्नेछु।" कालेले "हुन्छ लैजानोस्" भन्यो। मोहन यसपालि घुम्न पाएकोमा खुशी थियो। केही दिन अघि मात्र फारविसगन्ज घुमेर आएको थियो। अब देहात घुम्न जानेभयो।

मोहन, मुखिया र मुखिनीसँग उनीहरूको कामतमा जाने भयो। उनीहरूको कामत बविया विर्तामा पर्दथ्यो। त्यो ठाउँ विराटनगरवाट साढे-चार कोश पूर्व उत्तरमा पर्दथ्यो। मोहन पूर्वमा सिंगियाही नदीसम्म मात्र गएको थियो। एकपटक ऊ आफ्नो बाबुसँग त्यहाँ गएको थियो र अर्को पटक आफ्ना कक्षाका साथीहरूसँग बन-भोज खान सिंगियाही नदीको किनारमा गएको थियो। साथमा शिक्षक र खाना पकाउने मानिस पनि थिए। त्यो नदी स्यानो थियो। मधेशमा नै यसको मुहान भएकोले यो खोला गहिरो, चौडा र ठूलो थिएन। यो तर्दा मुश्किलले घुंडा-घुंडासम्म पानी हुन्थ्यो। यस सिंगियाही खोलाको पश्चिम किनारामा चिहानघाट भएकोले विराटनगरमा कोही मानिस मऱ्यो भने यहीं लगेर त्यसको दाह-संस्कार गरिन्थ्यो। सिंगियाही खोलाका दुवै किनारामा दक्षिणपट्टि सिमल र अरू जातका ठूल्ठूला रूखहरू थिए र प्रशस्त झाडीहरू पनि थिएन। चितुवा पनि लाग्दथ्यो। यस ठाउँमा स्यालहरू बस्ने भएको हुँदा साँझ पर्न लागेपछि तिनीहरू हुआँ-हुआँ गरी कराएको विराटनगरमा प्रस्टै सुनिन्थ्यो। बन-भोजमा जाँदा साथीहरूसँग लागी बयरको झाडीबाट बयर टिप्न जाँदा काँडाले उसको हातमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

घांचेको सम्झना मोहनको मनमा ताजै थियो। ऊ डरले एक्लै सिंगियाही खोलातिर जान सक्तैनथ्यो।

पाडा-गाडीमा मुखिया-मुखिनी र मोहन चढेर बिहानै उनीहरु कामततर्फ हिंडे। पाडा-गाडीलाई बहलमान भीमले हाँकेको थियो। पाडा-गाडीको गति बहुतै सुस्त थियो। सिंगियाही नदीमा पुगेर पाडा-गाडी नदी तर्नथाल्यो। कुनै पुल नभएकाले पानीमाथिबाट भएर नै जानुपर्थ्यो। नदीमा उत्रिंदा सजिलो भएपछि नदीको पारिको किनारबाट ठाडै उक्लन पर्ने? त्यसमाथि पनि पहेंलो माटो र पानीले भिजेको लिप्सेको डिलमा बडो मुश्किलले पाडाले घुंडामारी गाडीलाई तानेर पारी लग्यो। अनि उबड-खाबड भएको कच्ची बाटोमा पाडा-गाडी हिंद्दै गयो। सिंगियाही खोला नाघेपछि उत्तर, दक्षिण र पूर्व टाढा-टाढासम्म खेत र कतै-कतै रूख देखिन्थे। निकै पर चाहिं जंगलको आकार स्पष्ट देखिन्थ्यो। खेतमा धान काटिसकेकोले धानको बोटका ठुटा मात्र देखिन्थे। केही बेरपछि कटहरी गाउं आयो। यस गाउँमा केही फुसका घरहरू देखिए। गाडी बिस्तारै हिंडेर कुकुर पुल्लाको सानो काठे-पुल तरेर जुडी खोलामा पुग्यो। यो खोलामा पुल नभएकोले पाडा-गाडीले बहुतै मुश्किलले खोला पार गर्‍यो। खोला धेरै चौडा नभए पनि अलि भासिलो भएकोले गाडीको पांग्रा माटोमा धस्न गई गाडीलाई अगाडि लैजान गाह्रो पर्न गएको थियो। भीमले बडो परिश्रम र जुक्ति लगाई अन्त्यमा गाडी पार लगाइछाड्यो। करीब १ बजेतिर गाडी लोहन्द्रा नदीको किनारमा पुग्यो। सबै भोकाइसकेका थिए।

लोहन्द्रा नदीको किनारमा फुसका छाप्रा भएका केही पसलहरू थिए। पसलमा दही-चिउरा, तरकारी र चिया पाइन्थ्यो। त्यो बाटो भएर हिंड्ने टाढाका मानिसहरू प्रायः त्यहाँ एकछिन बसेर सुस्ताउँथे र खान-पान गर्दथे। सबैजनाले दही-चिउरा र तरकारी खाए। पाडालाई पनि पराल-पानी दिए। आधाघण्टाभन्दा बढी बसेर नदीको किनारै-किनार पाडा-गाडी उत्तरतिर हिंड्न लाग्यो। मोहनलाई त्यहाँको दृश्य अत्यन्तै रमाइलो लाग्यो। जताततै खेतै-खेत थियो। बीच-बीचमा विभिन्न जातका रूखहरू देखिन्थे। पर, धेरै पर, एक-दुइटा गाउँहरू देखिन्थ्यो। टट्टु घोडा र गोरू-गाडी आदिमा वा पैदल हिंड्ने फाटफुट मानिस देखिन्थे। आबादी थिएन। पूर्वतर्फ लोहन्द्रा नदी बगिरहेको थियो। जंगलमा विभिन्न प्रकारका चरनहरू देखिन्थे। बाँदरहरू कुदिरहेका र निकै पर फाट्ट-फुट्ट हरिणहरू कुदेको पनि देखिन्थ्यो। हरिण कुदेको मोहनले देख्यो।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मोहनलाई रमाइलो लाग्यो । एक ठाउँबाट पाडा-गाडीले लोहन्द्रा नदी पार गर्‍यो । त्यसपछि गाउँ आयो । त्यस गाउँलाई नाघेर गएपछि सखुवाघारी आइपुग्यो । सखुवाघारीको बीचबाट गएको कच्ची बाटोमा पाडा-गाडी अगाडि बढ्दै थियो । भीमेले गाडीलाई यथासम्भव छिटो हाँक्न पाडालाई बराबर लौरोले हिकाईरहन्थ्यो । पाडा स्वभावत: नै ढिलो हिँड्ने भएकोले भीमेले जतिसुकै बल गरे पनि गाडी धेरै छिटो हिँड्न सकेन । सखुवाको बोट टाढा हुँदै गएकोले पातलिँदै गएको देखियो र एकछिन पनि अस्पष्ट नै भयो, र एकछिन पछि गाडी खुल्ला चउरमा निस्क्यो । एक किलोमिटर जति अगाडि गाउँ देखिन थाल्यो । खुल्ला ठाउँमा गाडी आएपछि भीमेले भन्यो, "यो सखुवाघारी भएको ठाउँमा बाघ पल्केको छ भन्दथे । पन्ध्र दिन अघि मात्र एउटा घोडालाई बाघले मारी खाएछ । अब फर्किने बेलामा भाला लिनेछु । सतार गाउँमा एउटा भाला माग्नु पर्ला ।" मुखिया साहेबले भने, "पहिले यतातिर बाघ लाग्दैनथ्यो, कसो गरी आइपुगेछ ?" भीमेले भन्यो, "अँ, साहेब, पहिले केही पनि थिएन । बाघ लागेको चाल पाएको पनि त्यही घोडालाई मारेर खाएपछि मात्रै हो । घोडा मारेको तीन दिनपछि नै परको गाउँको दनुवार कहाँबाट राति सुंगुर तानेर लग्यो भन्थे । सुंगुर खाने बाघले त मानिस पनि खान्छ भन्छन् ।" कुरा गर्दागर्दै मुखिया साहेबको कामत आइपुग्यो । सबै ओर्लिए । फुस र काठले बनेको दुई-तल्ले घर थियो । त्यसको उत्तरतर्फ दाइँ गर्न धानका बोझाहरू मिलाएर चाङ पारी राखिएको थियो । धान दाइँ गर्ने ठाउँलाई माटोले लिपेर सफा पारेर राखिएको थियो ।

आठ-नौ घरको गाउँ थियो । सबैभन्दा ठूलो घर मुखिया-साहेबकै थियो । त्यहाँ भएका सबै घरका मानिसहरूले मुखिया साहेबको खेत अधियामा कमाएका थिए । गाई-गोरू बाँध्ने लामो एउटा गोठ थियो । घरहरू सबै फुसका छाना र फुसकै टाटी भएको भए तापनि आँगन, पीँढी, र भित्रको टाटी चिल्लो पारी लिपपोत गरिएको थियो । त्यहाँका निवासीहरूमा राजवंशी, थारू र खवास थिए । साँझ पर्दै गएपछि दुईटा मूढा जोरेर घूर बालियो । जाडोको महिना थियो । हामी घुरको एक कुनामा बस्यौं । मुखिनी साहेब भान्साको मेलोमा लाग्नुभयो । मुखिया साहेबसँग त्यहाँका मानिसहरू कुरा गर्न थाले । आफ्नो परिस्थिति र खेतीकाबारे कुरा भयो । मोहन छेउमा बसेर कुरा सुनिरह्यो । केही बेरपछि खानपिन भयो । अनि सबैजना सुत्ने तरखरमा लागे ।

बिहानैदेखि कामतको गतिविधिमा हलचल देखियो । घुर बलिरहेकै थियो । केही

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

व्यक्तिहरू उठेर घुर ताप्न लागिसकेका थिए । खम्हारमा (दाइँ गर्ने थलो) दाइँ गर्नका निम्ति धानको बोझा फुकाएर त्यसलाई बराबर हुने गरी छरिँदै थियो । एकातिर घुरमा चिया पाकिरहेको थियो । मुखिनी साहेबले सबैलाई चिया खान दिनुभयो । घाम अलि माथि पुगेपछि गाई-गोरू चराउनेहरू वस्तु-भाउ लिएर चराउन हिँडे । सबैजना आ-आफ्नो काममा अग्रसर भए ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बाह्रौं अध्याय

"मोहन, ए मोहन ! खुब पढ्दैछौ नि ?" रूक्मिणीले मोहनलाई भनी रूक्मिणीको हातमा किताव, कलम र इन्स्ट्रमेन्ट वक्स थियो। मोहनले रूक्मिणीतर्फ मुख फर्काएर भन्यो, "टेष्ट परीक्षा मुखमा आइसक्यो, नपढी भयो त ? टेष्टमा पास भएन भने एस.एल.सी को फाइनल दिन पाईदैन। तर तिमी यति विहानै आइपुगी छौं। ट्यूसन पढ्न गइनौं ? तिम्रो पनि परीक्षा आइसक्यो, होइन र ?" मोहन ओछ्यानमा पल्टेर पातलो ओढ्ने ओढी पढ्न लागेको थियो। उसको ओछ्यानमा किताव र कापीहरू यताउति छरिएको थियो। टेवुलमा पनि किताव-कापी छरिएका थिए। "मलाई ट्यूसन पढाउने शिक्षक तीन दिनका लागि आफ्नो घर गएका छन्। फेरि शिक्षकले पढाएको राम्ररी वुझ्दिन। साँध्न पनि अप्ठेरो र डर लाग्छ। तिमीले हात-मुख त धोयौं ? अहिले विहानै छैन, साढे-आठ वजिसक्यो। वाहिर निस्केर हेर त, घाम कति माथि निस्किसक्यो। झ्याल-ढोका थुनेर विजुली वत्तीको प्रकाशमा पढिरहनाले तिमीलाई विहानैजस्तो लागिरहेछ।" मोहनले भन्यो, "मैले हात-मुख धोएर चिया खाइसकें। पढ्नमा एकाग्रचित्त भइएछ क्या, समय गएको चाल नै पाइनँ। टेवुलमा भएको घडी हेर त ६ मात्रै वजेको छ। हिंजो दम दिन विर्सिएछु।" रूक्मिणीले भनी, "पढ्नु राम्रो हो। तर कोठा कस्तो रछ्यानजस्तो पारेका ? हेर त सामानहरू जताततै फालिएको छ। मिलाउन-सकिंदैन ?" मोहनले भन्यो, "सक्न त सकिन्छ, तर फुर्सत नै मिलेन। यी कुराहरू छाडीदेऊ। तिमी किताव र कापी लिएर के साँध्न आयौ ? हातमा इन्स्ट्रमेन्टवक्स पनि देख्छु।" रूक्मिणीले भनी, "ज्यामिति मैले वुझ्दै वुझिनँ। कोण, त्रिभुज आदि के के भन्छन्, म विर्सिहाल्छु।"

मोहन ओछ्यानबाट उठ्यो र कुर्सी तानेर वस्यो। रूक्मिणी अर्को कुर्सीमा वसी। मोहनले भन्यो, "ज्यामिति सजिलै हुन्छ, अलिकता विचार भने पुऱ्याउनु पर्छ, वुझिहालिन्छ। मलाई त त्यति गाह्रो लागेन।" रूक्मिणीले मोहनतिर हेर्दै भनी, "मलाई ट्यूशन पढाउने शिक्षकले पनि कत्ति वुझाउन खोज्छन्, मेरो भने मगजले नै काम गर्दैन। कहिलेकाहीं वुझेंवुझेंजस्तो लाग्छ, तर पछि गर्न खोज्यो केही आउँदैन।" मोहनले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

भन्यो, "शिक्षकले समेत बुझाउन नसकेको मैले तिमीलाई कसरी बुझाउन सकुँला ?" रूक्मिणीले भनी, "तिमीले बताएको मलाई राम्रो लाग्छ। म बुझि पनि हाल्छु। शिक्षकसँग मनमा धक लागेर नबुझेकी होली। तिमीसँग धक लाग्दैन। तिम्रो बताउने तरिका मलाई राम्रो लाग्छ।" मोहनले भन्यो, "आफ्नो तारिफ सुन्दा सबैलाई खुशी लाग्छ, मलाई पनि खुशी लाग्यो । तर तिमीले पालिस लगाएको कुरा नगरेकी भएता पनि म सिकाइ दिनेथें । " रूक्मिणीले आँखा तर्दै भनी, "मैले आफ्नो मनको कुरा तिमीलाई भनेकी हु, कुनै पालिस लगाएर भनेकी होइन, साँचो र मनमा लागेको कुरा भन्न नपाउनु अन्याय हो ।" मोहनले भन्यो, "तिमीसँग कुरामा म जित्न सक्दिनँ । म त्वम् शरणम् छु । कुन कुन आउँदैन, भन त ?" रूक्मिणीले भनी, "कुन आउँदैन भनुँ, मलाई ज्यामिति केही आउँदैन । शुरूदेखि नै बुझेकी छैन ।" मोहनले छक्क परेर रूक्मिणीलाई हेर्दै भन्यो, "स्कूलमा पढाइ भएको धेरै समय भइसक्यो, झण्डै साल सकिन थालिसक्यो । स्कूलमा शुरूदेखि पढाएको होला, होइन त ? परीक्षाका लागि दुई महिनामात्र बाँकी रहँदा पनि केही पनि बुझिन भन्नु मलाई कस्तो-कस्तो लागिरहेछ। तिमीलाई यस विषयमा मैले झण्डै पन्ध्र-वीस दिन पढाउन पर्दछ। मेरो टेष्ट तीन सातामात्र बाँकी रहेकोले अहिले चार-पाँच दिन जत्ति पढाउँला । अरू टेष्ट सकिएपछि पढाउने छु ।" रूक्मिणीले भनी, "सात कक्षामा अनिवार्य हिसाबमा यो ज्यामिति किन राखेको होला ? अंक गणित र अल्जेब्रा भने बुझ्दछु, जानेकी पनि छु, तर ज्यामिति भने शुरूदेखि नै बुझ्न सकिनँ । तरिका नजानेर नबुझेकी हुँ, वा मेरो बुद्धि नै मन्द भएर नजानेकी हुँ, त्यो कुरा मलाई थाहा भएन । परीक्षामा यस विषयबाट पनि प्रश्न आउने भएकोले जतिसम्म सकिन्छ जान्ने प्रयास गर्नै पर्‍यो ।" मोहनले भन्यो, "तिम्रो बुद्धि मन्द भएर नबुझेको होइन । तिम्रो मनमा ज्यामिति गाह्रो छ, बुझ्न कठिन छ भन्ने लागेर नबुझेकी हौ । विषयलाई गाह्रो मान्नु ठीक होइन। गाह्रो मान्यो कि पढ्न मन लाग्दैन। गाह्रो छ म बुझ्दिनँ भनेर मनमा आइहाल्छ, अनि मगजले बुझ्न छाड्दछ। सबै विषयहरू एकैनासका छन्, कुनै गाह्रो र सजिलो हुँदैन। राम्रो गरी प्रयास गर्‍यो भने सबै विषय बुझ्न गाह्रो हुँदैन ।" रूक्मिणीले बीचैमा बोली, "पण्डित, तिम्रो उपदेश छोड । ज्यामिति मलाई शुरूदेखि नै सम्झाऊ ।"

मोहनले रूक्मिणीलाई ज्यामिति सम्झाउन थाल्यो । शुरूमा परिभाषा र साधारण नियमहरू बताउन थाल्यो । रेखा कोरेर आफ्नो भनाइ सम्झाउने चेष्टा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गऱ्यो। रूक्मिणी खुव ध्यान दिएर सुनी। ऊ वीच-वीचमा वुझेजस्तै गरी मुण्टो हल्लाउँदै पनि जान्थी। केही वेर पढाएपछि मोहनले भन्यो, " आजलाई यत्ति मात्र। एकैचोटि धेरै पढ्यो भने वुझिँदैन, उल्टो लटपटिन्छ।" रूक्मिणीले भनी, "तिमीले ठीक कुरा भन्यौ। मलाई पनि अलिअलि वुझेंजस्तो लाग्यो।" मोहनले भन्यो, "हिसाव र ज्यामिति पढेर मात्र त विर्सिहालिन्छ नि! यसको त वरावर अभ्यास गरिरहनु पर्दछ। ज्यामितिलाई चित्र वनाएर अभ्यास गरिरहँदा विर्सिंदैन र हेक्का पनि रहन्छ। " रूक्मिणीले भनी, "अव म पनि तिमीले भने भैं गर्छु। नत्र भने एक छिन आएजस्तो लाग्छ, पछि भुसुक्क विर्सिहाल्छु।"

रूक्मिणीले किताव-कापी टेवुलमा राखी, अनि छरिएको किताव-कापी मिलाई दिन थाली। त्यसपछि मोहन सुतेको ओछ्यान मिलाउँदै भनी " यस्तो गरी फोहोर पारेर वस्नु राम्रो छैन। अलिकता प्रयत्न गऱ्यो भने सफा भइहाल्छ। हेर्दा राम्रो देखिन्छ।" मोहनले भन्यो, "रूक्मिणी, तिमी यी कामहरू छाडिदेउ। मेरो वानी यस्तै छ। यसमा तिम्रो समय लगाउनुभन्दा आफ्नो पढाइमा समय लगाउनु उत्तम हुनेछ।" रूक्मिणीले भनी, मोहन, "तिमी पढाइमा राम्रो भए पनि कोठाचाहिँ फोहर राख्दछौ। कुनै चिज ठाउँमा हुँदैन। पढाइमा जस्तै राम्रो अलि कोठा सफा राख्नमा पनि होऊ। यसवाट केही वेफाइदा छैन। पन्द्र मिनेट समय लाग्ने त हो नि।" मोहनले भन्यो, "म मनमनै विचार गर्छु कोठासफा राखुँला भन्ने, तर के हुन्छ, के हुन्छ, त्यो मैले गर्न सकिराखेको हुन्नँ। तिमीले धेरै पटक यस विषयमा मलाई भनिसक्यौं।" यही वीचमा काले मोहनको कोठामा पस्यो। कालेलाई देख्नासाथ रूक्मिणीले भनी हाली "काका, हेर्नोस् मोहनले सामानहरू कस्तो छरेर राखेको ? काकाले पनि भनिदिनु पऱ्यो।" कालेले भन्यो, "नानी, खोइ म मोहनलाई के भनुँ ? पढोस् कि कोठा मिलाओस्। सकेसम्म मैले विचार राख्ने गरेको छु।" रूक्मिणीले भनी, "काकाले विचार राखेर मात्र भएन। मोहनलाई कोठा सफा गर्न वरावर लगाइरहनु पऱ्यो। अनि वानी पर्छ।" कालेले हाँस्तै भन्यो, "हो, नानी अव त्यसै गर्नुपर्ला।" मोहनले भन्यो, "अव वल्ल तिम्रो चित्त वुझ्यो।" रूक्मिणीले कोठा मिलाइदिइसकेर हिँड्दै भनी, "म गएँ।"

मोहन टेष्टमा पास भयो। अनि एल.एल.सी परीक्षा दिनका लागि फर्म भऱ्यो। अव उसले एस.एल.सी.को लागि तयारी गर्नुपर्ने थियो। टेष्ट पास भएर फर्म

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

भरेपछि साथीहरूले "आज सिनेमा हेरिहालौं, फेरि धेरै दिनसम्म पाइदैन" भनेकाले मोहन पनि दिउँसोको सिनेमा हेर्न गयो । सिनेमा हेरिसकेपछि अरू साथीहरू आ-आफ्ना घरतिर लागे र मोहन पनि आफ्नो घरतिर लाग्यो । जलजला सिनेमाबाट उसको घर टाढा थिएन । घरमा रूक्मिणीलाई देख्यो । रूक्मिणीले मोहनलाई देख्ने बित्तिकै भनी, "तिम्रो परीक्षा नजिक आइपुगेर पनि सिनेमा हेर्न जान्छौ ? काकाले मोहन सिनेमा हेर्न गएको छ भन्दा मलाई पत्यार नै लागेन ।" मोहनले भन्यो, "के गर्नु, साथीहरूको भनाइमा लाग्नुपऱ्यो । सबैले भने, टेष्ट पास भई फर्म भरियो र आज सिनेमा हेरिहालौं । फेरि धेरै दिन हेर्न मिल्दैन । मैले नाइँ भन्ने स्थिति थिएन । अनि, म पनि सिनेमा हेर्न पुगें । तर, तिमी किन आयौ ?" रूक्मिणीले भनी, "म त्यसै आएको ।" मोहनले भन्यो, "केही काम भए भनी हाल । केही कुरा नबुझेर सोध्न आएकी हौ कि ?" रूक्मिणीले भनी, "होइन,. आज मेरा बा काठमाडौंबाट आइपुग्नुभयो । गुदपाक ल्याउनुभएको थियो । आमालाई मैले अलिकता मोहनको घरमा पनि दिने हो कि भनें र आमाले हुन्छ भन्नुभयो । त्यही लिएर आएकी । म पनि भर्खरै आइपुगेकि हुँ ।" मोहनले भन्यो, "गुदपाक मिठाइ हो ?" रूक्मिणीले भनी, "हो, त्यो काठमाडौंमा मात्र पाइन्छ । बा काठमाडौंबाट घर आउँदा जहिले पनि गुदपाक ल्याउनुहुन्छ । आमा र मलाई खुब मीठो लाग्छ ।" मोहनले भन्यो, "मैले त खाएको छैन । विराटनगरमा त्यो पाइँदैन ।" रूक्मिणीले भनी, "विराटनगरमा पाइँदैन । तिमी पनि खाएर हेर । तिमीलाई पनि खाउँ-खाउँ लाग्नेछ ।" मोहनले भन्यो, "ल्याइदिएकी छ्यौ, खाइहाल्छु । तिमी घर जाऊ, रात भइसक्यो । म पनि पुऱ्याउन आउँ कि ? " रूक्मिणीले भनी, "पर्दैन, घर त्यहीँ त हो । आमाले पनि पुऱ्याएर तुरून्तै आ भन्नुभएको छ । म हिंडे पनि ।"

❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁❁

मोहनको एस.एल.सी. परीक्षा सकियो । उसको अहिले केही काम थिएन । धेरैजसो आफ्नो पसलमा बस्दथ्यो । छोराले एस.एल.सी परीक्षा दिएकोमा काले धेरै खुशी थियो । रूक्मिणी पनि सात पास गरेर आठमा पुगेकी थिई । रूक्मिणीले बाबुको ठेक्काबाट पैसा निकै कमाएकोले थप खेत किनेको कुरा मोहनले सुनेको थियो । उनले मधुमारामा पनि आफ्नो साँधसँगैको तीन कट्ठा घडेरी किनेको थिए । उनी विराटनगर बसेको बेला उनको घरमा आउने-जाने मानिसको संख्या निकै बढेको हुन्थ्यो । सोही अनुरुप कालेको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पसलबाट चिया-विस्कुट, चुरोट, सुपारी पनि निकै बिक्री गर्दथ्यो ।

मोहनको काम पसलमा वस्नु, रेडियो सुन्नु र पुस्तकालयको किताव पढ्नु थियो । मानबहादुरको स्वास्थ्य अहिले त्यति राम्रो थिएन । वरावर विरामी भइरहन्थ्यो । दुखियाको जिउ भने अलि फेरिएको थियो । मोटाएर उज्याली भएकी थिई । पहिले काम गर्न विभिन्न ठाउँमा कुदिरहनु पर्दा धपेडी पर्दथ्यो भने अहिले एकै ठाउँमा काम गर्नुपरेकोले उसलाई धपेडी परेन । मोहन मानवहादुरसँग पनि वेला-वेलामा बसी रहन्थ्यो । उसलाई ठूला-बा असाध्य मनपर्दथ्यो । ठूलो-वाले पनि मोहनलाई धेरै माया गर्दथे । सकीनसकी उसको स्याहार गर्दथे । मानवहादुरलाई जीवनको धेरै अनुभव थियो । ऊ आफू गएको ठाउँवारे, आफूले देखे-सुनेका चीजवारे, आफूले वेहोर्न परेका कुराहरूवारे मोहनलाई जानकारी गराइरहन्थ्यो । ती कुराहरू सुन्दा मोहनलाई एक किसिमको रमाइलो अनुभव हुन्थ्यो । यसकारण वेला-वेलामा मोहन ती कुराहरू सुन्ने जिज्ञासा प्रकट गर्दथ्यो र मानवहादुर पनि उसको जिज्ञासा शान्त गराउने अथक प्रयास गर्दथ्यो । मानवहादुरको व्यथा वढ्दै गयो । ऊ त्यसै पनि धेरै बूढो थियो, व्यथाले च्याप्दै गएपछि झन् निष्प्राण जस्तो भयो । वृद्धावस्थाले त्यसै पनि जर्जर भएको शरीरलाई व्यथाले पूरै खँगाल्यो । ऊ राम्ररी उठ्न र हिँडडुल समेत गर्ननसक्ने भयो । आफ्नै ओछ्यानमा वरावर पल्टिरहन्थ्यो ।

मानवहादुरको छेउमा आएर मोहनले सोध्यो, "ठूलो-वालाई कस्तो छ ?" मानवहादुरले भन्यो, "नानी, यो घाटको पाहुनाको अवस्था के सोध्दछौ ? जति गरे पनि अब केही हुने छैन । जीवनको अन्तिम समय आएजस्तो लाग्छ ।" मोहनले भन्यो, " त्यसो नभन्नोस्, ठूलो-वा । तपाईलाई केही हुँदैन । अस्ति नै भन्दा अहिले तपाई कति राम्रो भइसक्नुभएको छ । केही दिनमा निको भएर पूरै तंग्रिनु हुनेछ । पहिलेको जस्तै हुनुहुनेछ ।" मानबहादुरले भन्यो, " जीवनका धेरै कुरा तिमी बुझ्दैनौ । अहिले कलिलै छौ । लामो जीवन वाँकी छ । मैले जीवनको लामो वाटो हिँडेर अब अन्त्य समयको संघारमा आइपुगेको छु । मेरो विषयमा चिन्ता नलेऊ । मलाई ठीकै छ । बरू तिम्रो जाँच कस्तो भयो नि ?" मोहनले भन्यो, "मेरो जाँच राम्रै भयो भनेर अस्ति नै भनेको थिएँ । ठूला-वाले कस्तो बिर्सिएको । आजकाल निकै कुरा विर्सिन लाग्नुभएको छ ।" मानवहादुरले भन्यो, "बिस्तारै अब सबै विर्सिन्छु होला । मैले यहाँ बसेर तिमीहरूलाई धेरै दुःख दिएँ । मेरा लागि तिमीहरूले धेरै दुःख पायौ ।" मोहनले भन्यो, "त्यस्ता

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कुरा नगर्नुहोस् ठूला-वा । हामी तपाईको हरविचार गर्छौं- धन्धा मान्नै पर्दैन । ठूला-वा पहिले-पहिले कस्तो जाँगरिलो कुरा गर्नुहुन्थ्यो, ठूला-वालाई ठीक भइहाल्छ ।" मानवहादुर एकछिन घोरिएर भन्नथाल्यो, "नानी, तिमी ठीक भन्छौ ।" मानवहादुरले मोहनको कलिलो मनमा जीवनको अँध्यारो पक्षको छाँया हाल्न चाहेन । युवक हुँदै गएको मोहनको उमंग भरिएको मनमा मानवहादुरले आफ्नो तीतो स्मृति र विचार घोल्न चाहेन । पछि गएर मानवहादुर तंग्रियो र हिँडडुल गर्न समेत थाल्यो ।

"काले काका, काका", मध्य र रातको बीचमा रूक्मिणीको घरमा काम गर्न बसेकी कान्छीले आएर बोलाई । कालेको घरमा सबै सुतिसकेको थिए । कान्छीले बोलाएको सुनेर काले र मोहन दुवै उठे । मानवहादुर पनि उठ्यो । कालेले सोध्यो, "को बोलेकी ?" म, कान्छी", कान्छीले उत्तर दिई । "मध्यरातमा तिमी किन आएको हैं ? के भयो ?", कालेले सोध्यो । कान्छीले जवाफ दिई "मालिक्नीलाई के भयो के भयो ? साँझमा पेट दुख्यो भन्दै हुनुहुन्थ्यो । झन् झन् बढी दुखेर सहनै नसक्ने भएर मालिक्नी छटपट गरिरहनु भएको छ । यति रातमा कसलाई बोलाउन जाउँ भनी विचार गर्दा रूक्मिणीले काकालाई खवर गरिदेऊ भनेकोले म आएकी हुँ । साहेव पनि हिजो मात्र नेपालगन्ज जानुभयो ।" कालेले भन्यो, "तिमी जाऊ, म आइहालें ।" कान्छी फर्की । मोहन अर्ध-निद्रामा नै थियो । रूक्मिणीकी आमालाई साह्रै नै पेट दुखेको सुनेर उसको निद्रा हरायो । ऊ पनि बाबुसँगै रूक्मिणीको घरमा गयो ।

काले रूक्मिणीको घरमा पुग्दा रूक्मिणीको आमा पेट दुखेकोले छटपटाइ राखेकी थिइन् । रूक्मिणी आत्तिएर के गरूँ ? कसो गरूँ भन्ने लागेर कहिले यता कहिले उता हेरिरहेकी थिई । कान्छी किंकर्तव्यविमूढ भई ठिङ्ग उभिरहेकी थिई । मोहनले रूक्मिणीको आमाको त्यस्तो अवस्था देखेर भन्यो, "काकीलाई तुरून्त अस्पताल पुऱ्याउनु पर्छ । इमरजेन्सीमा डाक्टर बस्छ । यस्तो साह्रो अवस्थामा त्यो वाहेक अरू उपाय केही देख्दिनँ ।" रूक्मिणीले तुरून्तै भनी "हो, आमालाई तुरून्त अस्पताल पुऱ्याउनु पर्छ । बा पनि घरमा हुनुहुन्न ।" कालेले भन्यो, "कुरा ठीक हो । बाहिर आंगनमा गाडी देखेको थिएँ, गोरू पनि होला । म तुरून्तै गोरू नार्छु । कजिनी साहेबलाई तुरून्तै अस्पताल पुऱ्याउनु पऱ्यो । साह्रै दुःख पाउनुभयो । " अनि काले हिँड्यो र गोरू-गाडी तयार पाऱ्यो । कजिनी साहेवलाई कान्छी, रूक्मिणी र मोहनले समातेर तल उतारे । बडो मुश्किले उनी गोरू-गाडीमा चढिन् । मोहन र रूक्मिणी उनलाई समातेर बसिरहे ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रूक्मिणीको आमा दुःखले छटपटाइरहेकी थिइन्। कालेले गोरू-गाडीलाई अस्पतालतर्फ लैजान अगाडि बढायो। सबैजना विराटनगर अस्पताल पुगे र रूक्मिणीको आमालाई इमरजेन्सी वार्डमा लगे। डाक्टरले तुरून्तै उपचार शुरू गरे। डाक्टरले " कहिलेदेखि दुख्न थाल्यो, कहाँ दुख्छ, पहिले दुख्थ्यो कि दुख्दैनथ्यो " आदि प्रश्नहरू सोध्यो र परीक्षण पनि गर्दैरह्यो। रूक्मिणीले भनी, " डाक्टर साहेब, साँझमा आमा पेट दुख्यो भन्दै हुनुहुन्थ्यो। झन् झन् दुखेर राती त बढेर झन् सहनै नसकिने भयो। आमालाई यसरी कहिल्यै पेट दुखेको थिएन "डाक्टरले सामान्य परीक्षण गरिसकेपछि भन्यो, " उहाँलाई के भएको हो भन्ने सबै कुराको टेस्ट भएपछि मात्र थाहा हुन्छ। पेटको एक्स-रे पनि गर्नुपर्छ। अहिले उहाँलाई दुख्न घट्ने सुई लगाइदिन्छु।" अनि डाक्टरले सुई लगाए।

रूक्मिणीकी आमा तीन दिन अस्पताल बसिन्। त्यसपछि उनी घर गइन्। रूक्मिणीका बाबुलाई नेपालगन्ज खबर पठाइयो। रूक्मिणीकी आमा डाक्टरले दिएको औषधि खाइरहेकी थिइन्। उनलाई दुख्न कम भएको थियो। कहिलेकाहीँ चाहिँ दुखेको भान हुन्थ्यो। रूक्मिणीका बाबु पनि नेपालगन्जबाट आइपुगे। उनले विपद्मा मद्दत गरिदिए बापत कालेलाई धन्यवाद दिए। "छिमेकीले आपद्-विपद्मा काम लाग्नुपर्छ, काजी। मैले कुनै ठूलो काम गरेको होइन, बरू कजिनी साहेबले नै धेरै दुःख पाउनुभयो," कालेले भन्यो।

"मोहन, हामी भोलि काठमाडौं जाँदैछौं, रूक्मिणीले भनी। मोहन मानबहादुर नगिच मेचमा बसी ऊसँग कुरा गर्न लागेको थियो। मोहनले भन्यो, " ए, ए, आमालाई कस्तो छ?" रूक्मिणीले भनी, "तिमीले जान लागेको कारण सोधेनौ। " मोहनले भन्यो, "तिमीले काठमाडौं जाने भनेर भनिहाल्यौ। बाबुसँग जाँदै होउली, घुम्न।" रूक्मिणीले भनी, "घुम्न जाने होइन। आमालाई एपेन्डिसाईटिस भएछ। अपरेशन गर्नुपर्छ रे। त्यो अपरेशन विराटनगरमा गर्नुभन्दा काठमाडौं ठूलो ठाउँ भएको र जान्ने डाक्टरहरू प्रशस्त भएकोले बुबाले त्यहीं अपरेशन गराउने विचार गर्नुभयो। अनि मलाई पनि बुबाले साथै लैजाने।" मोहनले भन्यो," अपरेशन नै गराउन पर्ने एपेन्डिसाइटिस भनिइने यो रोग कस्तो रहेछ, रूक्मिणी।" रूक्मिणीले भनी, "कुन्नि, आन्द्रा सुनिन्छ रे। मैले पनि राम्रोसँग बुझेको छैन। यहाँ घरमा कान्छीको दाजुलाई हाम्रो कामतबाट बोलाएर राख्ने भनी बुबाले भन्नुभएको छ। दाजु-बहिनी दुवै यहाँ घर रूङ्न बस्छन्।" मोहनले भन्यो, "काकीले

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

साह्रै दुःख पाउनुभयो । अव त पेट समेत चिनुपर्ने भयो । मलाई त सुन्दाखेरि नै डर लाग्छ ।" रूक्मिणीले भनी, " मलाई पनि आमाको पेट चिर्नेभन्दा झसङ्ग भएकी थिएँ । तर, त्यो नगरी निको हुँदैन रे । यस्तो रोग धेरै मानिसलाई लागिरहन्छ रे, तिनको पनि निको हुन अपरेशन नै गराउनु पर्छ भने ।" मोहनले भन्यो, " जे भए पनि पेट चिर्ने भन्दा डरले मुटु ढुकढुक हुन्छ । तिमी काठमाडौं पुगेर आऊ । आफूभने कहिले पुगिने हो ?" रूक्मिणीले भनी, "पुगीहाल्छौ कुनै दिन । काठमाडौं जाने कुराको खवर गर्न मात्र आएकी थिएँ ।" यति भनेर रूक्मिणी घरतर्फ लागी ।

रूक्मिणी काठमाडौं गई । मोहन परीक्षाको रिजल्ट पर्खिरहेको थियो । काठमाडौंतिर सम्पर्क भएका साथीहरूले रिजल्ट अब चाँडै निस्कन्छ भनी उसलाई भन्थे । काठमाडौंबाट प्रकाशित हुने दैनिक "गोरखापत्र" मा एस.एल.सी. परीक्षाको परिणाम प्रकाशित हुने गर्थ्यो । विराटनगरमा गोरखापत्र प्रायः सरकारी कार्यालय र पुस्तकालयमा आउने गर्थ्यो ।

आज साँझदेखि मानवहादुरलाई सन्चो भएन । उसको स्वास्थ्य एकाएक विग्रियो । वर्षा याममा घाम-छाया भइरहने जस्तै वृद्धवस्थामा शरीर सन्चो-विसन्चो भइरहनु स्वाभाविक प्रक्रिया नै थियो । तर व्यथाले मानवहादुरलाई झन्झन् च्याप्यो । जेनतेन गरेर रात बित्यो । काले र मोहनले सामर्थ्यले भ्याएसम्म स्याहार-सुसार गरे । मानबहादुरको व्यथा घटेन । साँझपख अस्थिपञ्चर शरीरलाई छाडी मानबहादुरको शरीरबाट प्राण-वायु उड्यो । मानबहादुर अब यस संसारमा थिएन । सुख-दुःख, माया-बन्धन र मान-अपमानको सांसारिक बन्धनबाट ऊ सदाका लागि मुक्त भयो । तर मोहनका लागि मानबहादुरको मृत्यु वज्रघात थियो । उसको लागि यो असहनीय र अपूरणीय क्षति थियो । उसको युवा-हृदयमा तीव्र व्यथाको अनुभूति, यो पहिलो थियो । मानबहादुरको लाश मोहनको अगाडि नै थियो-प्राणशून्य । यो तीतो सत्य र गहन पीडाका सामू जिउँदो मानिसले स्थितिलाई अनुकूल बनाउन नसक्ने असहाय र असामर्थ्यको ज्वलन्त उदाहरण मोहनको अगाडि थियो ।

मानबहादुरको निधनमा मोहन धेरै रोयो । मोहन पनि स्मशानघाट गएको थियो चितामाथि मानवहादुरको लाश राखी आगो लगाइयो । लाश डढेर खरानी भयो । एउटा व्यक्तिको अस्तित्व सदाका लागि महाशून्यमा विलीन भयो । उदास मन लिएर मोहन घर फर्क्यो । मोहनको मन धेरै दिनसम्म उदास रह्यो । कालेलाई पनि दुःख लागेको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

थियो। धेरै दिन सँगै बसेकोले दुःख लाग्नु स्वभाविक थियो। केटाकेटीमै आमा मरेकीले मोहनलाई आमा मर्दा पर्नसक्ने दुःखको ज्ञान थिएन, तर मानबहादुरको मृत्युले उसलाई निकै दुखित पाऱ्यो।

सुख-दुःखको भावनामा नबग्ने समय आफ्नै नियमित गतिमा अघि बढिरह्यो। आज-भोलि गर्दागर्दै डेढ महिना बित्यो। "मोहन, मोहन! तिमी कहाँ छौ ? " रूक्मिणीले बोलाएको सुनेर मानबहादुरले सुत्ने कोठाबाट मोहन बाहिर निस्कियो। मोहनले सोध्यो, "तिमी कहिले आइपुग्यौ ?" रूक्मिणीले भनी, " म हिजो साँझ आइपुगेँ। एस.एल.सी.को रिजल्ट निस्केपछि गोरखापत्रमा मैले तिम्रो रिजल्ट हेरेँ। मलाई तिम्रो सिम्बोल नम्बर थाहा थियो। तिमी पास भएछौ। मैले तिम्रो मुख मीठो पार्न गुदपाक ल्याएकी छु। घरमा सबैलाई ठीक छ ? तिमी जहिले पनि मानबहादुर काकासँग घुम्नेर बस्छौं। "रूक्मिणीले मानबहादुरको नाम लिएपछि मोहनको मुख अलि निदाउरो भयो र भन्यो, "रूक्मिणी, ठूलो-बा हामी सबैलाई छाडेर जानुभयो। बहाँ परलोक हुनुभयो। त्यो असह्य वेदनाले मेरो मनलाई जहिले पनि पिरिरहेको छ।" अनि लामो निःश्वास लियो, उसका आँखा रसिला भए।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

तेह्रौं अध्याय

यसपालि रूक्मिणीले जाँच दिन सकिन । टाइफाइड भएर निकै दिन थला परी । मोहन कलेजमा पढन लागिसकेको थियो । मोहनले पढ्ने गरेकै स्कूल-भवनमा कलेज पनि खुलेको थियो, दिनभरि स्कूलको पढाइ हुन्थ्यो भने साँझपख कलेजको कक्षा चल्दथ्यो । कलेजमा मोहनले पढन जाइरहन्थ्यो । डाक्टरको प्रेस्क्रिप्सन अनुसार ऊ वजारवाट औषधी किनेर ल्याइदिन्थ्यो । निकै दिनपछि रूक्मिणीलाई निको भयो । लामो समयसम्म विरामी भएकीले रूक्मिणी निकै दुब्लाएकी थिई । मोहनले रूक्मिणीलाई भन्यो, "तिमीलाई रोगले अब पूरै छाडेजस्तो छ । तर वडो सावधानीपूर्वक वस्नु पर्छ भन्छन् । अलि यताउति गऱ्यो कि यो रोग वल्भने वढी डर हुन्छ रे ।" रूक्मिणीले भनी, "अँ, विरामीले मलाई निकै गाल्यो । अब कति दिनमा पूरै तंग्रिने हुं ? खूव परहेजमा वसेकी छु । अलिकति यताउता गर्न खोज्यो भने आमाले एक डेग चल्न दिनुहुन्न ।" मोहनले भन्यो, काकीले ठीक गर्नुभएको छ । तिमी एक ठाउँमा स्थिर भएर वस्न सक्दिनौ । अझ केही दिन पूरै आराम गर्नुपर्छ । रोग पूरै निको भएपछि मात्र पहिलोजस्तो होइन्छ ।" रूक्मिणीले भनी, "एकै ठाउँमा चूप लागेर वस्न नसक्ने मेरो वानी नै खराव छ । परीक्षा दिन नपाएकीले बहुतै खल्लो लागिरहेछ । आफूसँगका साथी माथिल्लो कक्षामा जान्छन्, आफू तल्लो कक्षामा वस्नुपर्ने होइन्छ । मोहन, भन त , यो कत्ति दुःखलाग्ने कुरा हो ।" मोहनले भन्यो, "तिमीले परीक्षा दिन नसकेकोमा मलाई पनि दुःख लाग्यो । तर गर्ने के ? रोगले भेटेपछि कसको के लाग्छ ? अव सन्तोप गर्नैपऱ्यो । जिउ रहेत घिउ पिए भन्छन् । सवभन्दा पहिले आफू वाँच्ने उपाय गर्नुपर्छ ।" रूक्मिणीले भनी, "अव सन्तोप गर्नेवाहेक अरू उपाय पछि छैन । म पूरै ठीक कहिलेसम्म हुने होला ? यसरी थन्किएर वस्नुपर्दा छटपटिन्छु । पिंजराको सुगाजस्ती भएँ । जहिले पनि कोठाभित्रै ।" मोहनले भन्यो, "शरीरवाट बिमारी हटेपछि हप्ता दुई हप्तामा पूरै वल आइहाल्ला । त्यसपछि तिमीले पिँजराको सुगा हुनु पर्दैन ।" रूक्मिणीले भनी, "तिम्रो पढाइ-लेखाइ के भइरहेको छ ? आफू कहिले कलेजमा पुगिइने हो ? आठ कक्षामा नै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

यस पटक थन्किएँ। कलेजमा पढ्न जाने कुरा सपना हुने हो जस्तो छ।" मोहनले भन्यो, "यसरी मन छोटो गर्नु उचित छैन, आफ्नो कसूरविना एक वर्षको पढाइ बिग्रिन गयो भन्दैमा चिन्ता गर्नु राम्रो होइन। चिन्ता गरेर हुने केही पनि होइन। व्यर्थमा मन मात्रै दुखी हुन्छ। सन्तोष गर्नु उत्तम हुन्छ। कलेजमा तिमी एक न एक दिन नपुग्ने भन्ने कुरै छैन।" रूक्मिणीले फिस्स हाँसेर भनी, "त्यस्तो आशा मनमा राख्नै पर्‍यो। अरू उपाय पनि त के छ र? "

मधुमारामा डेरा गरी बस्ने र सँगै कलेजमा पढ्ने मोहनको एकजना कृष्ण भन्ने साथी थियो। कृष्णको बाबु शंकर लामिछाने नेपाल बैंक लिमिटेडको कार्यालय जनकपुरबाट बढुवा भई यहाँ सरूवा भएर आएका थिए। कृष्ण जनकपुरबाट एस.एल.सी.को परीक्षा दिई उत्तीर्ण भएको थियो। उसले कलेजमा नाम लेखाएपछि एउटै कक्षामा परेको र मोहन र ऊ एकै गाउँमा बस्ने भएकोले घनिष्टता बढ्दै गयो। कृष्ण पढाइमा राम्रो थियो र उसको नराम्रो लत केही थिएन।

मोहनको आइ.कम. को परीक्षा दिन काठमाडौं जानुपर्ने भयो। त्यसबखत विराटनगरमा आइ.कम. को जाँच दिने परीक्षा केन्द्र थिएन। काठमाडौं जाने कुराले मोहन खुशी थियो।

उसले काठमाडौंका विभिन्न ठाउँहरूबारे किताब पढेर जानेको थियो। ती सबै कुराहरू आफ्नै आँखाले देख्न पाइयो भने भनेर मोहन दंग थियो। उसको बाबु चाहिँ आफूसँग छुट्टिएर कहिल्यै पर नगएको एकमात्र छोरा कता हो कता डाँडापारि जाने भयो भनेर विस्मातमा थियो। उसको मनमा परीक्षा दिने ठाउँ विराटनगरमै भइदिएको भए कस्तो राम्रो हुने थियो र मोहनले घर छोडेर टाढा जानुपर्ने पनि थिएन। विराटनगरमा सबै कुरा भएपछि परीक्षा दिने ठाउँ किन नराखिएको होला भनी कालेले कारण बुझ्न सकेन। रूक्मिणी उत्तीर्ण भई नौ कक्षामा पुगिसकेकी थिई।

मोहन काठमाडौं जाने भन्ने रूक्मिणीलाई थाहा थियो। उसलाई नेपालीका केही किताब काठमाडौंबाट मगाउनु थियो। अर्काको किताब लिएर ऊ काम चलाउँदै थिई, जुन नौ कक्षाको परीक्षापछि फकाईसकेकी थिई। नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशित कोर्सबुकमा रहेका नेपालीका पुस्तकहरू स्थानीय पुस्तक-पसलमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पाईदैनथ्यो। रूक्मिणीले मोहनलाई सोधी, "तिमी काठमाडौं कहिले जाँदै छौं ?" "मोहनले उत्तर दियो, "पर्सि "। रूक्मिणीले सोधी, "परीक्षा कुन दिनदेखि शुरू हुन्छ ?" मोहनले उत्तर दियो, "परीक्षा ठीक अठार दिनपछि शुरू हुन्छ र पाँच दिन चल्छ। बीचमा एक दिन शनिवारको छुट्टी पर्छ।" रूक्मिणीले भनी, "त्यसपछि तुरून्तै विराटनगर फर्किहाल्छौ होला। अरू वढी बस्ने विचार छ कि ?" मोहनले उत्तर दियो, "परीक्षा सकिनासाथ म फर्किहाल्छु। काठमाडौंमा वढी वस्ने मेरो विचार छैन। बा पनि धेरै बूढो भइसक्नुभयो, फेरि एक्लै पनि हुनुहुन्छ। म नआउन्जेल मेरै चिन्ता गरेर वसिरहनु हुन्छ। फेरि काठमाडौंमा मेरो खास काम पनि केही छैन। अलिकता घुमफिर गरेर हेर्नु पर्ने हो, त्यो हेरिहाल्छु। अहिलेसम्म हाम्रो मौखिक जाँच भाइभा-भोस कुन मितिमा हुने हो, त्यसको सूचना निस्केको छैन। लिखित परीक्षा सकेर पनि भाइ-भाको लागि कमसेकम सात दिन वस्नुपर्ला जस्तो लाग्छ। त्यही बीचका दिनहरूमा काठमाडौंमा घुमफिर गरेर हेर्न भ्याएसम्म हेरी हाल्छु।" रूक्मिणीले भनी, "घुम्नलाई पनि समय पाउने रहेछौ। विराटनगरभन्दा काठमाडौं चीसो छ। धुलो र गर्मी कम छ। रमाइलो हुन्छ।" मोहनले सोध्यो, "तिम्रो मैले गरिदिनु पर्ने काम केही छ कि ?" रूक्मिणीले भनी, "मलाई नेपालीको गद्य र पद्य संग्रह त्यहाँबाट ल्याइदेऊ। यहाँ किन्न पाइन्न। अरूको किताब लिएर जाँच दिनुपऱ्यो। अर्काको किताव फर्काउनु पर्छ। किताव नभई हुँदैन। त्यत्ति ल्याइदेऊ।" मोहनले भन्यो, "म ल्याईदिउँला।" रूक्मिणीले फेरि भनी, "नविर्सी ल्याइदेउ। नत्र भने मलाई आपत नै पर्छ।" मोहनले भन्यो, "कस्तो मेरो विश्वास नगरेकी ? म जसरी भएपछि ती किताबहरू ल्याइदिउँला।" रूक्मिणीले भनी, "भोटाहिटीमा पुस्तकका पसलहरू छन्। त्यहाँ पाइन्छ।" मोहनले भन्यो, "ए, पुस्तक म अवश्यै ल्याइदिने छु, केही समय अघि तिमीहरूले किनेको घडेरीमा घर बनाउन थालेको जस्तो देख्दछु।" रूक्मिणीले भनी, "हो, घर बनाउन शुरू गरिसकेको छ।" मोहनले सोध्यो, "यता एउटा घर उता अर्को घर। मानिस भने त्यत्तिका त्यत्तिकै। नयाँ घरको के गर्ने होला ? अहिले नै तिमीहरूको घर ठूलो छ।" रूक्मिणीले भनी, "मलाई विशेष कुरा थाहा छैन। एकपल्ट बुवाले त्यहाँ पनि घर बनाउनु पऱ्यो भन्दा मालसामान कोठा भाडामा लिएर राख्नुभन्दा घर बनाएमा भाडा जोगिन्छ अनि सम्पत्ति पनि हुन्छ भनेकी सुनेकी थिएँ। के राख्ने हो, त्यो मलाई थाहा छैन। काठमाडौंमा मौसम फरक हुने भएकोले आफ्नो जतन गर्नु पर्छ। बिरामी परेर परीक्षा दिन नसक्लाउ। म अहिलेलाई 'जान्छु। तिमी जाने बेलामा भेट्न

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आउँली । "

मोहनले काठमाडौंबाट दुखियाका लागि कपडाको चट्‌टी र डम्बरकुमारीको खास्टो ल्याई दिएको थियो। छोराले आफूलाई सम्झेर खास्टो ल्याइदिएकोमा काले दंग थियो। कपडाको चट्‌टी लगाउन पाएकीमा दुखिया पनि दंग थिई। मोहन आएको कुरा सुनेर रूक्मिणी भेट्न आइपुगी। मोहनले रूक्मिणीले भनेको किताव नेपाल गद्य संग्रह र पद्य संग्रह दुवै भोटाहिटीको पसलबाट किनेर ल्याइदिएको थियो। साथै गुदपाक पनि सम्झेर ल्याइदिएको थियो। रूक्मिणीलाई देखेर मोहनले भन्यो, "रूक्मिणी, मैले तिमीले भनेका दुवै पुस्तकहरू ल्याइदिएको छु।" रूक्मिणीले भनी, "मेरोलागि त्यो धेरै राम्रो भयो। अब बल्ल नेपालीको किताव आफ्नै हुने भएकोले मलाई धेरै सजिलो हुन्छ किनभने यी दुवै किताव मसँग नभएर आपतै परेको थियो।" मोहनले सोध्यो, "तिम्रो के हालखबर छ? घरमा सबलाई कस्तो छ? काकीलाई भेट्न जानुपर्ने। आज जान्छु। हिजोमात्र म आएँ।" रूक्मिणीले भनी "घरमा सबैलाई राम्रै छ। बुवा भने सात दिन यहाँ, महिना दिन बाहिर। अस्ति फेरि बाहिर जानुभएको छ। मेरो हालचाल उस्तै छ- स्कूल गयो, खायो-पियो अनि सुत्यो। त्यस्तै छ। "

मोहन कोठाभित्र पस्यो। रूक्मिणी आँगनमा राखेको मेचमा बसी। काले त्यसैबेला दोकानमा बाहिर आँगनमा आइपुग्यो। साथमा सामान बोकेको एउटा केटो थियो। रूक्मिणीलाई देखेर कालेले खुशी हुँदै भन्यो, "नानी, मोहनले काठमाडौंबाट मलाई सम्झेर खास्टो ल्याइदिएछ। त्यत्ति टाढा पनि मलाई सम्झेछ।" सामान लिएको केटोभित्र पस्यो। मोहन हातमा किताव लिएर बाहिर आयो र रूक्मिणीलाई दियो। मोहनले किताव रूक्मिणीलाई दिएको कालेले देखिरहेको थियो। अनि ऊ घरभित्र पस्यो। रूक्मिणीले किताव हातमा लिँदै भनी, "काठमाडौं तिमीलाई रमाइलो लाग्यो होला। कहाँ कहाँ पुग्यौ, के के हेर्‍यौ?" मोहनले भन्यो, "परीक्षा मुखमा भएकोले शुरूमा पढाईमा ध्यान दिएँ। लिखित परीक्षा सकेपछि विभिन्न ठाउँ हेर्न गएँ। काठमाडौं र पाटनको शहरी-क्षेत्र घुमें। पशुपति, गुह्येश्वरी, कृष्ण मन्दिर हेरें। सिंहदरबार, धरहरा, घण्टाघर आदि पनि हेरें। नयाँसडक छेउमै डेरा गरिबसेकोले बिहान-बेलुका खान जान-आउन नयाँसडक हिँडनु पर्दथ्यो। हनुमान ढोका क्षेत्र बडो रमाइलो लाग्यो। तर काठमाडौं र पाटनको गल्ली भने मलाई बहुतै अप्ठेरा लागे। एक्लै जाने साहस कहिल्यै आएन। राजधानी भएकोले काठमाडौं यहाँभन्दा ठूलो, राम्रो र रमाइलो रहेछ। तिमीहरूले ती ठाउँ

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

हेरिसकेकी नै हौली । म टाढा-टाढा जान सकिनं । सुन्दरीजल, भक्तपुर र दक्षिणकाली जान सकिनं । मलाई काठमाडौं राम्रो लाग्यो । " रूक्मिणीले भनी, " मैले ती ठाउँहरू हेरिसकेको छु । आमाको अप्रेशन गर्न जाँदा आमालाई अलि बिसेक भएपछि बुबाले मलाई धेरै ठाउँ घुमाई दिनुभयो । " मोहनले भन्यो, "मैले गुदपाक पनि ल्याएको छु । काकीलाई भेट्न आउँदा म साथै लिएर आउँछु ।"

फलामजस्तो बलियो कालेको शरीर कहिले केही नभएकोमा यसपालि भने ज्वरोले उसलाई अचेट्यो । पहिले-पहिले त्यत्ति ध्यान दिएन, तर ज्वरोले निक्कै दिन नछाडेकोले अस्पताल गई डाक्टरी जाँच गरायो । औषधी खाएपछि ज्वरो घट्यो । तर लामो समयसम्म नै विरामी भएकोले काले अलि दुब्लाएको थियो र शरीरमा तागत घटेको थिए । मोहनले बाबु बिरामी पर्दा बाबुको स्याहार गर्नुका साथै पसल पनि धानेको थियो । त्यसकारण मोहनलाई फुर्सत भएन । बाबुलाई निको भएपछि पनि पूरै तंग्रिन समय लाग्ने भएको हुँदा दोकानको अभिभारा मोहनमाथि परी नै रह्यो । काले बूढो भइसकेकोले पसल तथा भान्साको गरी दुवै काम भ्याउन हम्मे-हम्मे परेकोले छगुनको छोरा मगनुलाई राखेको थियो । छगनुको घर मधुमारा टोलको दक्षिण सिरानमा पर्दथ्यो । वनी-बुतो र जन-मजदुरी गरी जीवन बिताउने छगनु एकपल्ट टांडे घर बनाउँदा माथिबाट तल खसी उसको दाहिने खुट्टा काम नलाग्ने गरी भाँचिएको र जन-मजदुरी गर्न नसकेकोले केही समय थला परेको पनि थियो । छगनुकी स्वास्नीले दुई घरको विहान-बेलुकी भाँडा माभ्ने काम गर्दथिई । छगनु काम गर्न नसक्ने भएको र साथै दुई छोरा र एक छोरी समेत गरी पाँच-पाँच जनाको भरण-पोषणको अभिभार उसकै स्वास्नीमाथि पर्न गएकोले छगनुको स्वास्नीको कामले मात्र परिवारलाई दुई साँझ पेटभरी खान पुग्दैनथ्यो । पाँच कक्षामा पढिरहेको चौध वर्षको छोरा मगनुको पढाइ आर्थिक स्थितिले गर्दा बीचैमा टुटेको थियो । यही छोरा मगनुलाई कालेको घरमा भात-भान्सा गर्न राखिदिएको थियो । मगनु फुर्तिलो थियो । सबै काम एकछिनमा नै सकी हाल्दथ्यो ।

समय बित्दै गयो । काले पूरै स्वस्थ भयो । मोहनको परीक्षाको परिणाम निस्किसकेको थिंएन । पटना यूनिभर्सिटीबाट रिजल्ट आउनु पर्ने थियो । अहिले कुनै काम

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

नभएकोले मोहनलाई फुर्सत थियो । पसलको काममा मद्दत गरिदिने, घुम्ने र किताब पढ्नेमा उसको दिन व्यतित भइरहेको थियो । मोहनलाई आफ्नो घरको भित्रका कोठाहरू सफा-सुग्घर गर्ने र सिंगार्ने सुर चल्यो । उसले परिश्रम गरेर कोठाहरू सफा-सग्घर पाऱ्यो । अनि झ्याल-ढोकाहरूमा आफूलाई मन परेको रंग बनाएर लगायो । कोठाका भित्ताहरूमा टाँगिएका पुराना चित्रहरूलाई फ्याँकेर बजारबाट नयाँ तस्वीरहरू किनेर ल्याई टाँस्यो । उसको कोठा अब हेर्दा सफा र राम्रो देखिने भयो । कालेले छोराले मेहनत गरी कोठा राम्रो पारेकोमा मोहनलाई "राम्रो गऱ्यौ" भनेर जस दियो । रूक्मिणी दशौं कक्षामा पढन थालिसकेकी थिई । अर्ध-वार्षिक टेष्ट दिन लागेकीले मोहनकहाँ निकै दिनदेखि आएकी थिइन् ।

रूक्मिणीले कालेको घरको कोठाभित्र पस्दा कोठाको नाप-नक्शा र अवस्थामा ठूलो परिवर्तन भएको देखि । सफा-सुग्घर, रंग लागेको र भित्तामा विभिन्न रंगमा भएका नयाँ तस्वीर टाँगिएकोले कोठा झिलिक्क भएको थियो । रूक्मिणीले कालेसँग भनी, "काका, कोठाभित्र निकै राम्रो पार्नु भएछ ।" कालेले भन्यो, "अँ, मोहनले सबै कुरा गरेको हो । त्यसलाई पनि बेला-बेलामा कुनै न कुनै कुराको सुर चलिरहन्छ । पाँच-छ दिनदेखि कोठालाई राम्रो पार्ने भनेर बिहानैदेखि दिनभरी नै मेहनत गरिरहन्छ ।" रूक्मिणीले भनी, "कोठा निकै सफा र राम्रो देखिएको छ ।" कालेले भन्यो, "त्यो त हो, नानी ।"

मोहन बाहिरबाट आँगनमा आइपुग्यो । रूक्मिणीलाई उसले देख्यो । मोहनले भन्यो, "तिमी आएको कति बेर भयो ?" रूक्मिणीले भनी, "एक छिन भयो । तिम्रो पुरूषार्थ हेर्दैथिएँ । कोठालाई राम्रो पार्न निक्कै मेहनत गरेछौं ।" मोहनले भन्यो, "तिमीलाई थाहै छ, अहिले मलाई फुर्सत छ । जाँचको परिणाम नआउन्जेल खाली नै बस्नुपर्छ । फुर्सतमा यो एउटा काम गरिहालौं जस्तो लाग्यो । अनि कोठालाई राम्रो पार्ने काममा लागें ।" रूक्मिणीले भनी, " यो काम सकिएजस्तो छ । अब अरू के गर्ने विचार छ ?" मोहनले भन्यो, "अब केही गर्ने विचार छैन । पसलमा बस्यो, डुल्यो, अनि पुस्तकालयबाट किताब ल्याएर पढ्यो, समय बितिहाल्छ ।" काले त्यहाँबाट गइसकेको थियो । रूक्मिणीले भनी, "कोठाभित्र पुरानो तस्वीरहरू पनि फेरेछौ । देउतै-देउताको चित्र लगाएछौ । त्यसबाट कोठा झन् राम्रो देखिएको छ । " मोहनले भन्यो, बुधवारे हाटमा भारतबाट आएको एकजनाले यस्ता फोटाहरू बेचिरहेको देखेको थिएँ । त्यहींबाट किनेर ल्याएँ ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रूक्मिणी कोठामा टाँगिएका चित्रहरू हेर्न थाली। भगवान शंकर, गणेश, लक्ष्मी, सरस्वती, लक्ष्मीनारायण र राधा-कृष्णका चित्रहरूलाई पालैसँग ध्यान दिएर हेरिरहेको देखेर मोहनले सोध्यो, "तिमीलाई कुन चित्र राम्रो लाग्यो ?" रूक्मिणीले भनी, " सबै चित्रहरू एक-से-एक छन्। " मोहनले भन्यो, "त्यसमा पनि आफूलाई कुनै न कुनै बढी मन पर्ने हुन्छ। तिमीलाई सबभन्दा बढी राम्रो कुन लाग्यो ?" रूक्मिणीले भनी, "मलाई यो राधाकृष्णको चित्र बढी मन पर्‍यो। " मोहनले सोध्यो, "किन ?" रूक्मिणीले भनी, "आमासँग म एकपटक दुई-चार दिन भागवत महापुराण सुन्न गएकी थिएँ। त्यसमा राधाकृष्ण बारेका अंश पण्डितले पढेको थियो र खूब मिलाएर अर्थ बताएको थियो। त्यसबेलादेखि नै मलाई राधाकृष्ण राम्रो लागेको थियो। हुनसक्छ, त्यही कुराले मलाई राधाकृष्णको चित्र बढी मन परेको होला।" मोहनले भन्यो, "मलाई शिवको चित्र बढी राम्रो लाग्दछ। स्वस्थानीमा शिवको महिमा कस्तो छ ?"

रूक्मिणी आँगनमा निस्किई। मोहनले सोध्यो, "मैले एउटा कुरा बुझ्न सकिरहेको छैन। आजकल तिमी मसँग हिसाब सोध्दिनौ, सबै हिसाब तिमीलाई राम्रो आयोजस्तो लाग्यो। त्यसो भएको हो भने धेरै राम्रो भयो। " रूक्मिणीले हाँस्तै भनी, "मलाई हिसाब पहिलेभन्दा निकै आउन लागेको छ। अल्जेब्रा र अर्थमेटीक राम्रैसँग बुझ्छु। ज्यामिति भने धेरै नआए पनि अलि-अलि आउँछ। अब केही दिनपछि तिमीलाई ज्यामितिको प्राक्टिकल सिक्ने विचार गरेकी छु। ऐच्छिक विषयमा मैले गृह-विज्ञान लिएकी छु।" मोहनले हाँसेर भन्यो, "त्यसो भए खानेकुरा राम्ररी पकाउन जान्ने भयौ।" रूक्मिणीले भनी, "गृह-विज्ञान स्कूलमा नपढ्दा पनि खान पकाउन मलाई राम्रोसँग आउँथ्यो। सिलाई -बुनाई पनि जानिसकेको थिएँ। बरू अघि नै ती कुराहरू राम्रोसँग जानी सकेकोले स्कूलमा मलाई धेरै सजिलो भएको छ। " मोहनले भन्यो, "तिम्रो घरमा खाना बनाउने मानिस पहिल्यैदेखि छ। तिमीले खाना बनाउनु पर्छ र ? तिमीले आफै बनाउन नपरेपछि कसरी खाना राम्रोसँग बनाउन जान्ने भयौ ?" रूक्मिणीले भनी, "हो, घरमा भात-भान्सा गर्ने मानिस छ। तर, आमाले मलाई पनि बराबर भात-भान्सा गर्न लगाउनु हुन्छ। आमा भन्नुहुन्छ छोरी-मान्छेले यी सबै काम जान्नुपर्छ। मैले पकाएको तरकारी धेरै स्वादिलो हुन्छ भनेर आमा-बा दुवै तारिफ गर्नुहुन्छ। बुवा विराटनगर बस्दा मैले नै बुबाका लागि तरकारी पकाइदिनु पर्दछ।" मोहनले भन्यो, "हो त, छोरी मान्छेले घरको सबै काम गर्न जान्नु पर्दछ। तर "मैले भने तिमीले पकाएको तरकारी खान पाएको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

छैन। खैर, कुनै न कुनै दिन त्यो पनि खान मिल्ला।" रूक्मिणीले भनी, "पर्सि शनिवार हो। म विहान आएर तरकारी पकाइदिने छु। आजलाई फुर्सत छैन। मेरो घरमा ट्यूसन पढाउन शिक्षक आउने बेला भयो।"

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

चौधौं अध्याय

मोहन आइ.कम.को परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण भयो। कृष्ण पनि द्वितीय श्रेणीमा पास भयो। प्रथम कलेजभरिमा कसैलाई पनि आएको थिएन। मोहनका धेरै सहपाठीहरू उत्तीर्ण भए। छोरा आइ.कम पास भयो भन्ने खबर सुन्नासाथ कालेको भूइँमा खुट्टा थिएन। कालेको घरमा सबै खुशी थिए, लाग्दथ्यो घर नै खुशीले हाँसिरहेछ। चिने-जानेकोले आफ्नो प्रसन्नता काले समक्ष जाहेर गरे। छोरालाई पढाउँदै लगेकोमा उनलाई स्यावासी दिए। रूक्मिणीले पनि कालेलाई बधाई दिई। रूक्मिणीको आमाले पनि प्रसन्न जाहेर गरिन्। मुखिया र मुखिनी दुवैले मोहनलाई स्यावासी दिए। सधैंजस्तो मोहनलाई मुखिनी साहेबले ऊ उत्तीर्ण भएकोमा खुशियालीमा खाना ख्वाइन्।

मोहनले अगाडि पढ्ने विचार गऱ्यो। अब ऊ बी.कम. मा पढ्ने छात्र हुनलागेको थियो। एक दिन कलेज पनि खुल्यो। अरू साथीहरूसँगसँगै मोहनले पनि बी.कम. मा नाउँ लेखायो। कक्षामा पढाइ शुरू भयो। आइ.कम. तुलनामा बी कम.का पुस्तकहरू धेरै मोटामोटा थिए। कोर्स पनि निक्कै बढी थियो। मोहन पढ्न जानलाग्यो। कक्षाहरू नियमित रूपले संचालित हुन लागे।

केही महिना मात्र पहिले बिरामी परेको कालेलाई फेरि बिसन्चो भयो। उसलाई ज्वरो आउथ्यो, सर्दी र खोकी पनि लागेको थियो। ऊ विरामीले ढल्यो। साह्रै बिरामी पऱ्यो। मोहनले बाबुको डाक्टरी जाँच गरायो, औषधी गऱ्यो। बाबु ऐक्कासी बिरामी परेकाले दिनमा पसल हेर्नुपर्ने भयो, अनि बाबुको सेवा गर्नुपर्ने भयो। रातिको कलेज भएकोले दिनमा पसल हेर्न कुनै अप्ठेरो पर्दैनथ्यो, तर मोहनलाई बिरामी बाबुलाई एक्लै छाडेर कलेज जान मन लागेन। तसर्थ उसको कलेजको पढाइ छुट्न लागे। पसलसम्वन्धी काममा मगनु पनि जान्ने भइसकेको थियो। आफू बाबुको सेवा-सुश्रुषामा लागेको बेला मगनुलाई मोहनले दुकानमा राख्ने गरेको थियो। दुखियाले उसको जिम्माको काम भ्याइरहेकी नै थिई। मोहन आफूलाई हेर्न बसी कलेज नगएको देखेर कालेको चित्त

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बुझिरहेको थिएन। केही दिन मोहनलाई पढ्न गएको नदेखेर कालेले भन्यो, "नानी, तिमी पढ्न किन नगएको हो ? मानिसले आफ्नो काम छाड्नुहुँदैन । तिमी पढ्न जाने गर । "बाबुको कुरा सुनी मोहनले भन्यो, "बालाई यस्तो बिरामी छाडेर मलाई पढ्न मन लाग्दैन । एक्लै कसरी छाडेर जाउँ ।" कालेले सुस्तरी भन्यो, "तिमी मेरो फिक्री नगर । मगनुले मेरो हेरविचार गर्न सकिहाल्छ । बूढो मानिस बिरामी भई नै रहन्छ । तिमी आफ्नो पढाइ नछाड । कलेज जाने गरे भई हाल्छ ।" मोहनले भन्यो, "दश-आठ दिन पढ्न नगएर केही हुनेछैन । भरखरै मात्र पढाइ शुरू भएको छ। पछि म त्यसलाई पूरा गरी हाल्नेछु । बाले चिन्ता नलिनुहोस् । बालाई एक्लै छाडेर म कतै जान सक्तिनँ ।" कालेले भन्यो, "नानी, अब म बूढो भइ सकें । बूढो भएपछि मानिसको शरीर कच्ची हुन्छ । बराबर बिरामी परी नै रहिन्छ । तिमीले बराबर पढाइ छाडेपछि तिम्रो पढाइ नै बिग्रन जाला । त्यसबाट तिम्रो जीवनमा नराम्रो असर पर्नसक्छ । तिमीले म बिरामी भएकोले बढी चिन्ता लिई पढाइ छाडी बस्ने कुनै काम छैन । मेरो त अब जिउने नै कति होला ? यस्तै हो, बूढो भएपछि एकछिनमा सद्दे र एकछिनमा बिसन्चो ।" मोहनले भन्यो, "बुबाले मेरो पढाइको विषयमा कुनै चिन्ता नलिउँ । त्यो म पछि मेहनत गरेर पूरा गरी हाल्छु । बरू डाक्टरले धपेडी पर्ने गरी नबोल्ने गर्नु भनेको छ। चूप लागेर सुतिरहनु राम्रो होला ।" मोहनले कुरा सुनेर कालेले केही बोलेन। उसलाई बोलेपछि थकाइ लागेजस्तो भयो र उसले आफ्नो आँखा चिम्लियो ।

पन्ध्र दिन थल्लिएपछि मात्र कालेको ज्वरो ठीक भयो । तर बिरामीले उसको शरीर निकै गालेको थियो । अहिले पनि ऊ डाक्टरले दिएको औषधी खाँदै थियो । बिस्तारै कालेको स्वास्थ्य सुधिँदै गयो। ऊ हिँडडुल गर्नसक्ने भयो। तर बिरामीले गालेको उसको शरीर पूरै तंग्रिन सकेन । उसको शरीर पहिलेभन्दा कमजोर देखिन्थ्यो । काले आफ्नो नियमित काममा व्यस्त हुनलाग्यो । मोहन पनि कलेज पढ्न जान लागिसकेको थियो । छुटेको पढाइलाई साथीहरूसँग सोधी पूरा गऱ्यो ।

रूक्मिणीको बाबुले नेपालगञ्जमा ठेक्काबाट निक्कै पैसा कमाएको चर्चा थियो। रूक्मिणीको पुरानो घर भत्काएर नयाँ घर बन्न शुरू भइसकेको थियो। रूक्मिणीको बाबुले मोटरसाइकल चढ्न छाडिसकेका थिए। उनले एउटा जीप किनेका थिए र त्यसैमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

चढ्दथे। उनको सैनिकको खाद्य सामग्रीको ठेक्का लिएको भन्ने खवर पनि मोहनले सुनेको थियो। आजकल मिलेट्रीको गाडी उनको घरमा आउने गरेको थियो। कहिलेकाहीं मिलट्रिको गाडीमा रूक्मिणीको वुवा चढेको मोहनले देख्दथ्यो।

शनिवारको दिन थियो। रूक्मिणीले दशौं कक्षाको टेष्ट पास गरिसकेकी थिई र एस.एल.सी. को जाँचको फाराम पनि भरिसकेकी थिई। रूक्मिणीलाई पढाइको व्यस्तता थियो। परीक्षाका लागि एक महिनाभन्दा पनि थोर समय बाँकी थियो। कहिलेकाहीं पढाइको सम्वन्धमा मोहनसँग सोध्न आउँथी। आज विहानै रूक्मिणी आई। माघको महिना जाडो थियो। मोहन ओछ्यानमा ओढ्नेले ओढेर कोर्समा पढ्नुपर्ने एडभान्स एकाउन्टेन्सीका प्रश्नहरूको समाधान गर्न लागिरहेको थियो। रूक्मिणी कोठा भित्र आएर मंचमा वसी र मोहनलाई भनी, "तिमीलाई पढ्न लागिरहेका छौ, तर तिम्रो परीक्षा नजिक छैनजस्तो लाग्छ।" मोहनले उत्तर दियो, "परीक्षाका लागि एक वर्ष बाँकी छ। एकाउन्टसका केही प्रश्नहरू गर्दैथिएँ, यो वरावर गरिरहेन भने भुसुक्क विर्सिन्छ। तर तिमी यति विहानै आएको देखी छक्क लाग्यो।" रूक्मिणीले भनी, " म आउनु हुँदैन कि क्या हो ? यसमा छक्क पर्ने कुरा के छ ? मोहनले भन्यो, "मैले भन्न खोजेको के भने तिम्रो जाँच मुखमा आइसक्यो। यतिवेला पढिरहनु पर्ने। यहाँ मकहाँ आएको देखेर छक्क लाग्यो। हातमा किताव देख्दिनँ, केही सोध्न आएकी हौ भने पनि।" रूक्मिणीले भनी, "आज विहान पाँचै वजेदेखि उठेर पढेकी थिएँ। दिन्हौं त्यसरी पढ्दा-पढ्दा दिक्क लाग्यो। अनि कहाँ जाउँ भन्ने मनमा आयो। तिमीलाई सम्झेँ, अनि यहाँ आएँ।

यति भनेर रूक्मिणीले एउटा रूमाल मोहनतर्फ देखाउँदै भनी, "हेर मैले यो वुनेको हो। पढ्दा-पढ्दै दिक्क लाग्यो भने कुरूसले केही न केही बुन्न थाल्छु। यो रूमाल मैले तिम्रो लागि वनाएको हुँ, लेऊ।" मोहनले रूमाल हातमा लिँदै "धन्यवाद" भन्यो। रूक्मिणीले भनी, " यसपालि काका धेरै बिरामी पर्नुभयो। बूढो मानिसले दुःख पाउनुभयो।" मोहनले भन्यो, "हो, यसपटक बुवा साह्रै बिरामी पर्नुभयो। शरीर गलेर आधा भएको छ। अहिले पनि स्वास्थ्य राम्ररी ठीक भइसकेको छैन। मैले राम्रोसँग औषधी र आराम गर्ने भन्दा म बूढो मानिसको चिन्ता नगर भन्नुहुन्छ। आफ्नो काम छाड्नुहुन्न। मलाई वाको चिन्ता लाग्दछ।" रूक्मिणीले भनी, "अँ, काका निक्कै दुब्लो देखिनु हुन्छ। तर बूढाबूढीले आफ्नो ढिपी छाड्दैनन्। आफूले जे मन लाग्छ त्यही गर्छन्। यसमा तिम्रो-हाम्रो कुरा सुन्दैनन्।"

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मोहन रूक्मिणीले दिएको रूमाल हेर्दै थियो। मोहनले भन्यो, "तिमी बुन्न सिपालु भइसकिछौ । रूमाल राम्ररी बुनिएको छ । " रूक्मिणीले भनी "म कुरूसबाट धेरै कुरा बुन्न जान्दछु। रूमाल बुन्नु साधारण कुरा हो।" मोहनले अलि हाँसेर भन्यो, " सबै समय रूमाल र अरू काममा लागेर पढन ढिलासुस्ती गर्‍यो भने परीक्षामा असर पर्दछ। सबैं ध्यान अहिलेलाई पढ्नमा दिनु उत्तम हुनेछ। " रूक्मिणीले भनी, " हुन त हो, अहिले पढी मात्र रहनु पर्ने हो, तर पढ्दा-पढ्दा पनि वाक्क लाग्दो रहेछ। कहिलेकाहीं त किताव हेर्न पनि मन लाग्दैन ।" मोहनले भन्यो, "अहिलेको वखत किताबबाट भाग्नु ठीक हुँदैन। ए, एउटा कुरा भनुँ भन्ने लागिरहेको थियो। अस्ति नै तिमी र अरू दुईजना तिम्रै साथी होलान्, खूब ठाँटिएर हिँडेका देखेको थिएँ। कहाँवाट त्यसरी ठाँटिएर आएका थियौ। तिमीले पनि मलाई देखेकी हौली, म अलि टाढा थिएँ।" रूक्मिणीले भनी, "हो, मैले तिमीलाई देखेको थिएँ। हामी एकजना साथीको विहेवाट आएका थियौं। साथीको घर कोइराला-निवास पछाडि पर्छ।" मोहनले छक्क परेर भन्यो, "एस.एल.सी.को परीक्षा एक महिना पनि बाँकी छैन, यस्तो बेलामा किन विहे गरिदिएको होला ? परीक्षा सकेर विहे गरिदिएको भइहाल्ने थियो।" रूक्मिणीले हाँस्तै भनी, "ऊ पोहोर साल फेल भएकीले यस पालि मात्र दशौं कक्षामा चढी। आमा-बाबुले हुर्केकी छोरी किन राखूँ भनेर विहे गरिदिहाले।"

मोहन एकछिन चूप लाग्यो । अनि हाँसेर भन्यो, तिम्रो पनि एक दिन बिहे हुन्छ। अनि म भोज खानेमा हुन्छु।" रूक्मिणीले लाज मानेजस्तो गरेर भनी, "धत्, अहिले मेरो विहेको कुरा कहाँबाट आयो ?" मोहनले भन्यो, "सबैको विहे हुन्छ। संसारको चलन यस्तै देख्दछु। तसर्थ तिम्रो पनि एक न एक दिन विहे हुन्छ नै। विराटनगरमा तिम्रो विहे भयो भने भोज खानेमा म पनि हुन्छु भनेको हो।" एक छिन घोरिइए पछि रूक्मिणीले भनी, "मेरो बिहे भएकोमा तिमीलाई खुशी लाग्छ, होइन ?" मोहनले भन्यो, "विहे भएकोमा, भोज खान गएकोमा सबैलाई खुशी भएको नै देख्दछु। विहे-घरमा पनि खुशी र चहलपहल देख्छु। तसर्थ, विहे खुशीको समय हो कि भन्ने मलाई लाग्छ। " रूक्मिणीले केही वोलिन। रूक्मिणी नबोलेको देखेर मोहनले भन्यो, " मेरो कुराले तिम्रो चित्त नबुझे जस्तो छ। मैले तिम्रो चित्त दुखाउन खोजेको छैन, प्रचलित कुरामात्र भनेको हुँ।" रूक्मिणीले भनी, "कुनै कुरा खुशीको हो भन्दैमा सबै खुशी नै हुन्छन् भन्नु सत्य हुँदैन। खुशीको अवसरमा पनि कोही बहुत दुःखी हुन पुगेको हुन्छ। तिमीलाई मेरो विहेमा

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

खुशी लाग्ला, तर त्यसपछि यो रूक्मिणी तिमीलाई भेट्न आउन पाउँदिन ।" रूक्मिणीको कुरा सुनेर मोहन हतप्रभ भयो । उसले साधारण रूपमा कुरा गरेको थियो । रूक्मिणीले हाँस्तै भनी, "मैले कुरामा कुरा गरेकी हुँ । पढ्न छाडेर कता हिँडी भनेर आमाको मनमा खसखस परिसक्यो होला । अब म हिँडु पनि ।" त्यसपछि रूक्मिणी घर गई ।

मोहनले रूक्मिणीको कुरा बुझ्न सकेन । उसका लागि त रूक्मिणी सधैँ यसरी भेट हुने हो कि भन्ने थियो । भेटघाट सामान्य कुरा स्वरूप थियो । तर रूक्मिणीले भनेअनुसार "रूक्मिणीको विहे पछि यो रूक्मिणी तिमीलाई भेट्न आउन पाउँदिन" भन्ने वाक्य उसको मनमा झझल्किरह्यो । उसले त्यस्तो स्थिति पर्नसक्ने परिकल्पना गरेको थिएन ।

मोहनको मन अलमलिरह्यो र प्रश्नको समाधान मस्तिष्कमा आउन सकेन् । रूक्मिणीसँग भेटै नहुन सक्ने कुरा विचार गर्दा उसको मनमा खोक्रोपन, पीडा र छटपटीको प्रादुर्भाव भएकोजस्तो मोहनले महसुस गर्नथाल्यो ।

मोहनको कलेजको पढाइ चलिरहेको थियो । ऊ पनि कलेज नियमित रूपले जाने गर्दथ्यो । रूक्मिणीको एस.एल.सी.को परीक्षा सकिसकेको थियो । "सबै पेपरहरू राम्रो गएका छन्, पास हुन्छु होला" भनेर रूक्मिणी भन्दथी । मगनुले घरको साथसाथै बेला-बेलामा पसलको काम पनि फूर्तिसँग धानिरहन्थ्यो । दोकान अगाडि पर्ने रंगेली सडकमा केही दिन अघि मात्र इँटा छापिएकोले दिउँसो सवारी हिँड्दा उड्ने धुलो निक्कै कम भएको थियो ।

मानवजीवनको आफ्नै चक्र हुन्छ । त्यसको घेराबाट केही उम्कन सक्दैन । जीवनको प्रादुर्भावपछि समापन चक्रको अभिन्न अंग हो । जो हाम्रा अगाडि आज छन्, ती सबै शून्यमा एक-न-एक दिन समाहित हुन पुग्छन् । त्यसको प्रतिस्थापन पनि सतत् भई नै रहन्छन् । कालेको स्वास्थ्यमा राम्रो सुधार भएको थिएन । बराबर उसलाई विसन्चोजस्तो भई नै रहन्थ्यो । तर ऊ चूप लागेर बस्न सक्तैनथ्यो । सकी-नसकी ऊ आफ्नो काम गर्दै रहन्थ्यो । मोहनले बाबुलाई आरामसाथ बस्नु, कामको चिन्ता लिनु पर्दैन, हामी गरिहाल्छौं भनी बराबर भन्दथ्यो । तर, कालेले आफूले गर्ने काम छाडेन, गरिनै रह्यो ।

कालेको आफ्नो छोरा पढेर ठूलो मानिस बनोस् भन्ने मात्र एउटा इच्छा थियो । पढे-लेखेपछि ठूलो मान्छे हुनसक्छ भन्ने उसको मनमा रहेकोले मोहनलाई

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बराबर पढाइतर्फ अभिप्रेरित गरिरहन्थ्यो । छोरा पनि सधैं उत्तीर्ण हुँदै पढाइमा माथिल्लो स्तरमा पुग्दै गएको देखेर कालेलाई सन्तोष हुन्थ्यो । ऊ आफ्नो छोरालाई आफ्नै आँखाले ठूलो मानिस भएको देख्न चाहन्थ्यो । तर, आफ्नो बिग्रँदो स्वास्थ्य र वृद्धावस्थाले गर्दा त्यो देख्न पाउँदिन कि भन्ने उसको मनमा लाग्न थालिसकेको थियो । मोहनको सुख र सफलता नै उसको जीवनको मुख्य लक्ष्य थियो । एक रात कालेलाई बेस्सरी खोकी लाग्यो । नगिचै अर्को खाटमा सुतेको मोहन बाबुले खोकेको सुनेर उठेर बस्यो । खोकीले काले भुतुक्कै भयो र लामो सास लिँदै आँखा चिम्लेर ओछ्यानमा पल्ट्यो । मोहनले सोध्यो, "के भयो बुबा ? तपाईलाई कस्तो डरलाग्दो किसिमको खोकी लाग्यो ?" काले स्वाँ-स्वाँ गरिरहेको थियो र ऊ नबोली पल्टिरह्यो ।

मोहन आफ्नो बाबु नजिक आएर बाबुको हात-गोडा सुमसुम्याउन लाग्यो । एक छिन पछि कालेले भन्यो, "नानी, अब म बाँच्दिन जस्तो छ । मलाई तेरो पीर छ ।" मोहनले भन्यो, "आ, नचाहिने कुरा किन गरेको हो ? तपाईलाई केही पनि हुँदैन । एकचोटी खोकी लाग्यो भन्दैमा आत्तिनु पर्छ र ? औषधीले पूरै ठीक भइहाल्छ नि !"

कालेले हाँस्ने प्रयत्न गरेजस्तो अनुहार लगायो र भन्यो, "नानी, तिमी मेरा कुरा सुन । मेरो ज्यानको अब कुनै भरोसा छैनजस्तो मलाई लाग्न थालेको छ । तिमीले आफ्नो पढाइ नछोड्नू । खान-लाउन यो पसलले तिमीलाई पुगिहाल्छ । अरू घरको कुरा केही पनि तिमिसित छिपेको छैन ।" मोहनले भन्यो, "बाले यस्तो कुरा गरेर मन किन सानो पारेको ? सबैजना बिरामी भइरहन्छन् । बिरामी पर्‍यो भन्दैमा हरेस खानु हुँदैन । बाले यसरी हात-गोडा छाड्नु भएन ।" काले एक छिन चूप लाग्यो । मोहन नगिचै बसिरह्यो । कालेको दम अलि घटेको थियो । एक छिनपछि कालेले भन्यो, "यस पालिको बिरामी अर्कै प्रकारको छ । बेला-बेलामा मेरो सास अड्किएला जस्तो हुन्छ । तीन दिनदेखि तेरी आमाले "तपाई आउनुहोस् । म कति दिन एक्ली बसुँ ?" भनेर भन्दछे । एक छिन अघि मात्र त्यो सपना देखिरहेको थिएँ । अनि खोकी लागेर निद्रा टुट्यो ।"

काले चूप लाग्यो । मोहन नगिचै बसिरह्यो । टेबुलमा राखेको घडीको सुई हिँडिरहेको थियो । बिहान हुनलाग्यो । कालेलाई बेथाले झन्झन् च्याप्दै लग्यो । मोहनले बाबुलाई अस्पताल लैजाउँ कि भनी विचार गर्‍यो र मगनुलाई उठायो । छिमेकी मुखिया-

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

मुखिनी दुवैलाई खवर गर्‍यो । मुखिया साहेवले कालेलाई आएर हेरे । कालेको अवस्था देखेर मुखिया साहेवले मोहनलाई भने, "मोहन, तिम्रा वावु अन्तिम अवस्थामा पुगिसकेका छन् । अस्पताल लैजानु वेकार छ । यिनी अब बाँच्लान् जस्तो मलाई लाग्दैन । वरू वाहिर आँगनमा तुलसीको मठ नगिज राखेर गंगाजल खान दिउँ ।" मुखिया साहेवको कुरा सुन्नासाथ मोहनको होश-हवास उड्यो । उसको मन आत्तिएर उसलाई केही कुराको पनि सुर रहेन । कालेलाई वाहिर निकाली तुलसी मठनिर राखे । मुखिया साहेवले घरवाट गंगाजल मगाएर मोहनलाई "वावुको मुखमा चम्चाले गंगाजल हालिदेऊ" भने । मोहनले यन्त्रवत् भई वावुको मुखमा गंगाजल हाल्न थाल्यो । गंगाजलको पानी हाल्दाहाल्दै कालेको प्राण-पखेरू उड्यो । अब संसारमा उसको मृत शरीर मात्र थियो ।

बावु मरेकोमा मोहनको मनमा वेदनाको समुद्र ओर्लियो । ऊ रोयो, डाँको छाडी रोयो- उसको रोदन रोकिएन । असह्य दुःख र पीरले उसको मन ठूलो ढुंगाले थिचिएको जस्तो भयो । अहिले ऊ पूर्णरूपमा निराश्रित, दुखित र हतोत्साहित भएको थियो । मोहनको जीवनमा बाबु कालेको ठूलो योगदान थियो । बाबु र छोरामध्ये एकजना छुट्टिए । मोहनमाथि स्वप्नमा पनि नचिताएको दुःख एक्कासि खनिन पुग्यो । उसको पीडित मस्तिष्कले काम गर्न छाडेको थियो - त्यहीं पीडाको ज्वालामुखी दन्किराखेको थियो, अनि मस्तिष्कमा शून्यताको भान उसलाई भइरहेको थियो । मनमा प्रगाढ र मुटु चिर्ने पीर मात्र उर्ली-उर्ली प्रवाहित भइरहेको थियो ।

मोहनलाई गाउँका ठूलाबडाले सम्झाए । रूक्मिणी र उसकी आमा पनि मोहनको घरमा आए । रूक्मिणी वाल्ल परेर नवोली एकतर्फ वसिरही । मृतकको दाहसंस्कार गर्ने तयारीमा अरूहरू लागे । लाशलाई स्मशान लगियो । चिता बनाई त्यसमाथि शवलाई राखियो । मोहनले दाग-वत्ती दियो । चिता सल्क्यो र एकछिन पनि दन-दन बल्यो । मोहनको अगाडि नै उसको बाबुको नश्वर शरीर लुप्त भएर शून्यमा विलिन भयो । अस्तुलाई लगी सिंग्याही नदीमा बगाइयो ।

समयले सबै घाउलाई भर्ने गरेको छ । मोहनको मनमा बाबुको मृत्युको उग्र-वेदना धेरै दिनसम्म रह्यो । परिवर्तित स्थितिमा मोहन बस्नुपर्ने बाध्यता थियो । आलो घाउमा खाटा बसेझैं समय बित्तै गएपछि मोहनको वेदनामा पनि खाटो बसेर गयो । बाबुको सम्झना आउँदा उसको मनमा वेदना उठे तापनि त्यसको वेगलाई अब ऊ

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

सहनसक्ने भयो । रूक्मिणी वेला-वेलामा उसकहाँ आइरहन्थी । रूक्मिणी आएको बेला केही छिन भए पनि मोहनलाई रमाइलो लाग्दथ्यो । अरू बेला एकप्रकारको अभाव र शून्यतावीच ऊ बाँचिरहेको जस्तो उसलाई भान हुन्थ्यो ।

मोहन धेरै दिनसम्म पढ्न गएन र पसलमा पनि बसेन । पैंतालिस दिनमा उसले सेता लुगा फुकायो । अब ऊ पढ्न पनि जान लागिसकेको थियो । सेतो लुगा लगाएर ऊ कतै जाँदा अरूले कस्तो कस्तो अप्ठ्यारो ठान्ने भएको र पसलेले हिँडिरहनु पर्ने, दोकानमा बसिरहनु पर्ने भएकोले उसले मन नलागी-नलागी सेतो लुगा फुकाएको थियो । उसको मनलाई पसल खोलेर बस्ने कि नोकरी गर्ने द्विविधाले कक्र्यायो । उसले पढे-लेखेको भएकोले नोकरी पनि पाउन सक्दथ्यो । यही द्विविधामा एक दिन मोहनले मुखिया साहेबलाई भन्यो, "काका, मेरो मनमा पसल गरूँ कि नोकरी खाऊँ भन्ने द्विविधा पऱ्यो । काकाले सल्लाह दिनुपऱ्यो ।" मुखिया साहेबले भने, "नानी, पसल गर्नु कुनै नराम्रो काम होइन । वन्द-व्यापारबाट मानिस धनी भएको तिमीले पनि देखेका छौ । व्यापारलाई वृद्धि पुऱ्याएर बढाएर लग्न सक्नुपर्छ । नोकरीले जीवन धान्न सकिन्छ र नोकरी गर्नु पसल चलाउनुभन्दा सजिलो काम चाँहि हो । नोकरी नै गर्ने हो भने बी.कम. पास गर । त्यसो भए एकैचोटी अफिसर हुनसक्छौ । " मुखिया साहेबले भनेअनुसार नोकरी गरे पनि पहिले आफ्नो पढाइ सक्नु जरूरी थियो ।

रूक्मिणी समय-समयमा मोहनको घर आइरहन्थी । रूक्मिणी अब तरूनी भइसकेकीले उसको आमालाई उसले हिँड-डुल गरेको मन पर्दैनथ्यो । बेला-बेलामा टोकसी राख्थिन् । हुर्की सकेकी छोरीले बढी डुल्नु हुँदैन, घरमा नै बस्नुपर्छ भन्ने गर्थिन । तर रूक्मिणी भने आमाको कुरालाई टेर-पुच्छर लगाउन्नथी । रूक्मिणीलाई पनि मोहनले मुखिया साहेबले भनेको कुरा बताएको थियो । रूक्मिणीलाई कलेजमा पढ्ने खूबै मन थियो, तर उसको आमालाई भने छोरीलाई रातिको कलेजमा पढ्न पठाउने मन थिएन । रूक्मिणीले एकचोटि मोहनलाई भनी, " म एस.एल.सी. पास भए पनि कलेजमा पढ्न पाउँदिन होली ।" मोहनले भन्यो, 'किन' ? रूक्मिणीले भनी, "मेरो आमाले मलाई रातिको कलेजमा पढ्न नपठाउने रे ।" मोहनले केही उत्तर दिएन ।

रूक्मिणी आएकोमा मोहनलाई राम्रो लाग्दथ्यो । उसलाई रूक्मिणी नै रमाइली लाग्दथ्यो । ऊ आउँदा मोहनको मनमा एउटा अव्यक्त आनन्दको संचार हुन्थ्यो । अनि "रूक्मिणीले बिहे भएपछि यो रूक्मिणी तिमीलाई भेट्न आउन पाउँदिन" भनेको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कुरा मोहनले सम्झँदा उसको मन अमिलो भएर आउँथ्यो, खल्लो-खल्लो महसुस हुन लाग्थ्यो, तर, त्यसको समाधान मोहनको मनमा कहिल्यै आएन । यो कुराको सोचाइ आउँदा उसको मन अलमलिएर मात्र रहन्थ्यो ।

रूक्मिणीले एस.एल.सी. पास गरेको धेरै दिन भइसकेको थियो । मोहनको बाबुको वर्खी पनि सकियो । मोहनको बी.कम.को अन्तिम परीक्षा हुन अझै पाँच महिना बाँकी थियो । मोहनलाई कागजको फूल र माला बनाउने इच्छा लागेकोले आवश्यक सामानहरू ल्याई कोठाभित्र टेबुलको अगाडि मेचमा वसी ऊ ती कुराहरू मनोयोगले बनाइरहेको थियो । ऊ कागजको सिक्री बनाउने काममा व्यस्त थियो । रूक्मिणी आएर कोठामा उभिई, उसले मोहनलाई कागजको फूल र सिक्री वनाइरहेको देखी । ऊ केही नबोली कोठाभित्र पसी र मोहन बसेको मेचपछाडि उभिई । मोहन एक सुरले काम गरिरहेकोले रूक्मिणी आएको उसले चाल पाएन । रूक्मिणीले एक छिन मोहनले काम गरेको हेरिरही अनि मधुरो स्वरमा भनी - "मोहन, तिमी कस्तो एक सुरमा काम गरिरहेका ? म आएको पनि चाल पाएनौ । जीवनमा कागजको फूल मात्र वनाएर सन्तोष गर्छौ कि, कसो ?"

मोहन झस्क्यो अनि फर्केर हेर्दै भन्यो, "आज धेरै दिनपछि वनाउन मन लाग्यो अनि बनाउन थालेको ।" मोहनले ध्यानपूर्वक रूक्मिणीको मलिन अनुहार हेर्दै भन्यो, "रूक्मिणी आज तिम्रो अनुहार साह्रै मलिन भएको देख्दछु । सन्चो भएन कि क्याहो ।" रूक्मिणीले भनी, "होइन, मलाई सन्चै छ । तर ममाथि विपत्ति आउन लाग्यो । मैले नचाहेको कुरा हुन लाग्यो ।" मोहनले छक्क पर्दै भन्यो, "तिमीलाई के विपत्ति आउन सक्छ ? कस्तो विपत्ति आयो ? मैले बुझ्न सकिनँ ।" रूक्मिणीले भनी, "मेरो बिहे काठमाडौंमा तुरून्त गरिदिने रे ।" मोहनले भन्यो, "सबैको बिहे हुन्छ, तिम्रो पनि हुन लागेको छ । यो कुरा कुनै विपत्ति हो र ?"

रूक्मिणीले भनी, "मेरो बिहे हुनलागेकोमा तिमीलाई साह्रै खुशी लाग्यो होला । पहिले पनि त्यस्तै भन्थ्यौ, तर मलाई दुःख छ, मेरो बिहे भोज तिमीले खान नपाउने भयौ किनभने मेरो बिहे काठमाडौंमा हुन लागेको छ । मेरो विहे-भोज खाने तिम्रो इच्छा हुस्सियो ।"

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रूक्मिणीको व्यंग्यात्मक कुराले मोहन हतप्रभ भयो र विस्तारै भन्यो, "रूक्मिणी, के मैले तिमीसँग नचाहिने कुरा भनें ? मैले तिम्रो चित्त दुखाउन त्यसो भनेको होइन तथापि तिमीलाई दुःख लाग्न गएको भए मलाई माफ गरिदेऊ।" रूक्मिणी एकछिन चूप लागेर वसिरही। अनि बोली, "मोहन, मेरो मनको कुरा तिमी वुझ्दैनौ। मेरो मनको अवस्था तिमीलाई थाहा छैन। सवैको विहे हुन्छ, मेरो पनि हुन स्वभाविक हो। तर म आफूले मन पराएको केटासँग विहे गर्न चाहन्थें। तिमी पनि त मन होला।" मोहनले एकछिन गम खाएर बोल्यो, "तिम्रो कुरा ठीक हो। तिमीले आमासँग आफ्नो कुरा भनं भइहाल्छ। काकीले मानिहाल्नु हुन्छ कि ?" रूक्मिणीले भनी, "एकचोटि मेरो मनमा पनि यो कुरा उठेको थियो। तर हाम्रो समाजमा छोरीको इच्छा र चाहनाको कसलाई वास्ता छ ? कसले आफ्नी छोरीको मनसाय वुझ्ने प्रयत्न गर्छ ? भनेर केही हुँदैन जस्तो लाग्यो। तर तिमीले मेरो इच्छा कोसँग विहे गर्नेछ त्यो चाँहि सोधेनौ।" मोहनले अन्यमनस्क भएर सोध्यो, "कोसँग छ ?" रूक्मिणीले भनी "तिमीसँग"। मोहन छक्क पर्दै भन्यो, "मसँग ?" रूक्मिणीले भनी, "हो तिमीसँग। तिमीमा के कुराको कमी छ, मोहन ? तिमी मेरै जातका हौ, तिमीलाई चिनेको मैले धेरै भइसक्यो, तिम्रो सबै आनी-बानी मलाई थाहा छ, तिमी पढे-लेखेका छौ, आफ्नै कमाइले जीवन धान्दैछौ। तिमीमा कुनै कुराको कमी छैन।"

मोहनलाई रूक्मिणीको कुरा सुन्दा अचम्म लाग्यो र वोल्न सकेन। रूक्मिणीले नै भनी, "ल साँच्चि भन त, तिमीलाई मेरो माया लाग्छ कि लाग्दैन ?" साँच्चि-साँच्चि भन।" मोहनले भन्यो, "लाग्छ रूक्मिणी।" रूक्मिणीले भनी, "मोहन, मलाई तिम्रो धेरै माया लाग्छ। मैले आजसम्म मेरो मनभित्र लुकेर रहेको कुरा कसैलाई भनेको थिइनँ। आज विपत्ति पर्न लागेकोले भन्दैछु। म नचिनेको केटासँग कसरी विहे गरूँ ? मेरो मनले त्यो मानिरहेको छैन। तिमी यस विषयको उपाय खोज।" मोहनले विचार गरेर भन्यो, "म कसरी उपाय खोज्न समर्थ हुँला ?" रूक्मिणीले भनी, "मैले उपाय देखेकी छु। तिमी र म भागौं। यो बाहेक अरू उपाय केही देखिन्न। कत्तिले यसो गरेका छन्।"

मोहनले उसको कुरा सुनेर घोरिएर बस्यो। रूक्मिणी उत्तर पाउने आशामा चूप लागेर हेरीरही। मोहनले भन्यो, "रूक्मिणी, मेरो यस विषयमा केही कुरा सुन। त्यसलाई तिमी अन्यथा नलेऊ। तिमीले ममाथि यत्रो विश्वास राखेकी रहिछ्यौ, मलाई यत्ति माया

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गर्दिरहिछ्यौ, म आफ्नो जीवन नै धन्य भएको ठान्दछु । म पनि तिमीलाई माया गर्छु। मलाई तिम्रो धेरै माया लाग्छ। तिमीले, तिम्रो विहे भएपछि " यो रूक्मिणी तिमीलाई भेट्न आउन पाउँदिन" भनेको मेरो मनमा सधैं रूमल्लिरह्यो र त्यसको समाधान पाउन नसकेकोमा मेरो मन जहिले पनि व्यथित नै रह्यो । तर हामीले अरू कुरा पनि सोच्नु पर्छ । आवेशमा काम गर्नाले ठूलो विघ्न पर्नसक्छ । म एक मामुली सिपाही कालेको छोरा जो पसल चलाएर बसिरहेको छ, जसको संसारमा आफन्त भन्ने वा भर पर्नसक्ने केही छैन । उता, तिमी काजी साहेबकी पुत्री, सबै कुरा छ । खानदानको इज्जत छ; धाक छ, धनीमानी छौ । तिम्रो बुवाले कत्रो आश लिएर तिमीलाई हुर्काए बढाएका होलान् । तिमीले ममाथि जुन विश्वास र माया अभिव्यक्त गऱ्यौ त्यस अवस्थामा मैले आफ्नो कर्तव्यबाट विमुख हुनु ठीक हुँदैन । मैले मेरो स्वार्थभन्दा पनि तिम्रो स्वार्थ हेर्नु जरूरी छ । तिमी र म भाग्यौं भने त्यसबाट बस्न, खान र जीवन धान्न अनेक अप्ठेरोको सामना गर्नुपर्ने हुन्छ । मलाई सहारा दिने कोही छैन । अनि तिम्रो जीवनले नरकको यातना जस्तो पीडा भोग्नुपर्ने हुन्छ । अर्को कुरा, तिम्रा आमा-बाको इज्यत सबै माटोमा मिल्न जानेछ, अरूले खिसी गर्ने मौका पाउनेछन् । सन्तान एक अभिशापको रूपमा परिवर्तित हुनेछ ।" बीचैमा कुरा काटेर रूक्मिणीले भनी, "मोहन, यस्तो काँतर कुरा नगर । मर्दले काँतर कुरा गर्न सुहाँदैन ।

मोहन भन्न थाल्यो, "रूक्मिणी, तिमीलाई लिएर भागे मलाई तिमी प्राप्त हुनेछ्यौ, तिमीसँग भेट हुँदैन भनेर विचारसम्म गर्दा त निसास्सिने यो मोहनलाई तिमीसँग सधैं बस्न पाउने भन्ने कुराबाट मेरो कत्रो स्वार्थपूर्ति हुन्छ । तर, म आफ्नो स्वार्थपूर्तिभन्दा पनि हाम्रो यो कामबाट पर्नसक्ने अकल्पनीय दुःखबाट म तिमीलाई जोगाउन चाहन्छु । तिमीले सुख पाउ, राम्रोसँग तिम्रो जीवन चलोस्, म त्यसैमा खुशी छु । म तिमीलाई मागेर पाउँदिन, मेरो सामाजिक हैसियतले त्यो दिँदैन । तिमी मेरो कुरा मान । आमा-बाबुले जहाँ विहे गरिदिन्छन् त्यहीँ बिहा गर । सम्पन्न घर र राम्रै केटा हेरेका होलान् । त्यसबाट तिम्रो जीवन राम्रैसँग चल्नसक्छ । आवेशमा आई गलत काम गर्नु ठीक हुँदैन । " रूक्मिणीले भनी, "मोहन, मेरो मन मान्दैन ।" अनि रून थाली । मोहन चूप लागेर बसिरह्यो । एक छिनपछि भन्यो, "रूक्मिणी, जसको मानो खाएको छ, त्यसैसँग बिहे हुन्छ भन्दछन् । प्रारब्धले जे लेखेको छ त्यही हुन्छ । साँचो माया गर्नेहरूलाई ईश्वरले सधैं मिलन गराउँछन् पनि भन्दछन् । तिमी बढी पीर नगर ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

अविवेकपूर्ण काम गर्नु ठीक हुँदैन । "

दुवै बीच धेरै बेरसम्म वार्तालाप भइरह्यो। रूक्मिणीको चित्त नबुझे पनि उसलाई गलत र अविवेकपूर्ण काम गर्न मोहन उक्साउन चाहँदैनथ्यो। रूक्मिणीको विहे अरूसँग हुँदैछ, र ऊसँग भेट हुँदैन भनेर मोहनको मन भित्रभित्रै रोइरहेको थियो, पीरले मन व्यथित थियो, तर ती सब कुरा दबाएर उसले रूक्मिणीलाई सम्झाउँदै रह्यो । रूक्मिणी गइसकेपछि मोहन असाध्य वेदनाले रून थाल्यो। परिस्थितिको साँग्लोमा बाँधिई असहाय हुन पुगेकोमा मोहनका आँखाबाट उसको मनको पीरको अनन्त धारास्वरूप निस्केका आँसुका थोपाहरूले झरी पृथ्वीलाई सिंचन थाल्यो ।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

पन्ध्रौं अध्याय

रूक्मिणी र उसका आमा-वावु काठमाडौं गइसकेका थिए । रूक्मिणीको विहे हुनु डेढ महिनाअघि नै सवै कुराको चाँजोपाँजो मिलाउनु पर्ने भएकोले उनीहरू छिटै काठमाडौं गएका थिए । रूक्मिणीको विहे पढे-लेखेको एउटा खानदानी केटोसँग हुन लागेको थियो र केटो अफिसर भइसकेको कुरा मोहनले सुनेको थियो । विहे हुन लागेको परिवार सम्पन्न थिए भन्ने पनि मोहनले थाहा पाइसकेको थियो । तर मोहनको मन भने पीरले जेलिएको थियो । जुन बखत पनि ऊ शून्यता र नैराश्य महसुस गरिरहन्थ्यो । उसको खुशी र उमंग लुप्त भइसकेको थियो । कुनै कुराले पनि उसले मनलाई प्रसन्न तुल्याउने अवस्था थिएन । कुनै काम गर्न पनि उसलाई मन लाग्दैनथ्यो । मनलाई कुनै अदृश्य भारीले थिचिरहेको जस्तो उसलाई लाग्दथ्यो । वरपरका दृश्यहरू, सडक, गाउँको वातावरण अनि आफ्नो पढाइ पनि सारहीनजस्तो लाग्न थालेको थियो । उसको मन नसिद्धिने चिन्ता र असह्य वेदनाबाट हरसमय ग्रसित थियो । उसलाई आफू वसेको ठाउँ समेत नरमाइलो लाग्नथाल्यो । पर देखिने रूक्मिणीको घरले उसको सम्झनामा संचार गर्दथ्यो भने, खोक्रो, खल्लो र शून्यको अनुभूतिले उसलाई टोकिरहन्थ्यो । उसले आफ्नो भविष्य अँध्यारो मात्र देख्न थाल्यो । आफू चारैतिर अँध्यारोमा निसास्सिएर छटपटाउँदै भाररूपी जीवन बिताइरहेको भन्ने कुरा मोहनको संवेदनशील मनमा छाएको थियो । उसलाई के गरूँ, कता जाऊँ भन्ने मात्र लागिरहन्थ्यो ।

निराशा, पीर र असहायताको जालोमा गुजुल्टिएको मोहन एक छिन एक्लै वसेर विचार गर्न थाल्यो, "म कत्ति अभागी रहिछु . सानैमा आमा मरिन् । सानैदेखि आमाको ममताबाट वन्चित भएँ । अनि मलाई अति माया गर्ने मानवहादुर मरे । त्यसपछि देवतातुल्य मेरा वावु मरे । अन्त्यमा रूक्मिणीले पनि मलाई छाड्नुपर्ने भयो । म एक्लो भएँ । मलाई पीर मात्र लागिरहन्छ, मनमा कुनै उत्साह छैन, सधैं निराशा मात्र छाईरहन्छ । घरकै वातावरण समेत रमाइलो लाग्दैन । यहाँ छाडेर केही समय वाहिर वसेमा मनलाई शान्ति हुन्छ कि ? विराटनगर छाडी वाहिर जानुपर्‍यो र त्यहीं केही समय

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

बस्नुपर्‍यो। तर कहाँ जाउँ ? मलाई कसले मद्दत गर्ला ? मेरो कोही छैन। तर यहाँ बसी रहेपछि उही ठाउँ भएकोले रूक्मिणीको सम्झनाले मलाई छाड्दैन। अनि मैले सम्झी सम्झी दुखित भएर बस्नु पर्छ। जे होला, वीरगन्ज जानुपर्‍यो। बस्ने कुनै -न-कुनै तरिका निस्किहाल्ला। कति मानिस घर वाहिर गएर वसेका छन्। म पनि कसो बस्न नसकूँला।" मोहनले विराटनगर छाडी वीरगन्ज जाने विचार गर्‍यो। उसले आफ्नो घरमा भाडामा बस्ने मान्छे राख्यो। दोकानमा सामान घटायो। अनि मगनुलाई भन्यो, "म केही समय वाहिर जान्छु, तैंले दोकान राम्रोसँग चलाएर बस्नू। सामान घटेपछि किनेर ल्याउनु। हिसाव राम्रोसँग राख्नु। म नआउन्जेल यो पसल तेरै जिम्मामा रहने छ। वढता पैसा नमास्नु। हिसावले चल्नु। मलाई फर्कन धेरै दिन लागेमा पनि तैंले राम्रोसंग चलाइस् भने काम चल्न सक्छ।" अनि मोहन कहाँ जाने कसैलाई नभनी वीरगन्ज हिँड्यो।

भारतको रक्सौलसम्म रेल र त्यसपछि टाँगा चढेर मोहन वीरगन्ज पुग्यो। ऊसँग ६-७ हजार रूपियाँ थियो। ऊ कत्ति वीरगन्जमा बस्ने हो र त्यहाँवाट अरू ठाउँमा पनि जाने हो त्यो कुरा उसलाई थाहा थिएन। प्रवल पीडाले पोलिरहेको मनलाई शान्ति दिन ऊ विराटनगरबाट हिँडेको थियो। वीरगन्जमा पनि उसले शान्ति पाउन सक्ने हो होइन, उसलाई थाहा थिएन।

आइ.कम. जाँच दिएर विराटनगर फर्कदा वीरगन्ज ऊ एक रात बसेको थियो। त्यही कारणले उसको मनमा कहाँ जाउँ भनी विचार गर्दा वीरगन्जमा जाने विचार उठेको थियो। वीरगन्जमा मोहन सिधै टिवडेवाला धर्मशालामा गयो। अनि त्यहाँ बस्यो। धर्मशाला पुरानो भइसकेको र वेला-वेलामा त्यसको सम्हार-सुसार नगरिएको कारणले धर्मशालाको अवस्था जीर्ण भइसकेको थियो, शोचनीय थियो। यो धर्मशालाको निर्माण भएको वेलामा हेर्दा नयाँ र यसको आकार हेर्दा भव्य तवरले वनाइएको देखिन्थ्यो। अहिले पनि यसको आकार त ठूलो छ तापनि जीर्ण अवस्थाले गर्दा खँडहर जस्तो देखिन्थ्यो। यो धर्मशाला वीरगन्ज-रक्सौलको मुख्य बाटोमा अवस्थित थियो र यसको सामुन्ने नेपाल राष्ट्र बैंकको कार्यालय स्थित थियो। धर्मशालाको मूल ढोकाको दुवैतर्फ वाटोतर्फ मुख भएका कोठाहरूलाई पसल खोल्न दिइएकोले दुईवटा पसल खोलिएका थिए। धर्मशालाको रखवारी गर्ने एकजना चौकीदार थियो तापनि चौकीदारसँग कुरा मिलाएर जत्ति पनि बस्न सकिन्थ्यो। मोहनले दुई-तीन दिन बसेर

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

यो कुरा बुझ्यो र चौकीदारसँग डेरा नपाउन्जेल सात दिनभन्दा बढी भए पनि बस्ने कुरा गर्‍यो। चौकीदारसँग कुरा गर्दा ऊ पहिले अखाडामा पहलमानी गर्ने, अनि बूढो हुँदै गएपछि सो काम छाडेको, यो धर्मशालामा चौकीदार पदमा धेरै दिनदेखि काम गरिरहेको र अहिले पत्थरीको शिकायत भएको कुरा चाल पायो। भारततर्फ रक्सौलमा अवस्थित डन्कन अस्पतालमा जचाउँदा अप्रेशन गरेर पत्थरी निकाल्नुपर्ने कुरा डाक्टरले भनेको, अस्पतालले सित्तैँ अप्रेशन गरिदिने भए पनि अरू दवाइमा आफ्नो एक-दुई सय लाग्ने, शोचनीय आर्थिक अवस्थाले गर्दा त्यत्ति खर्च पनि बेहोर्न नसक्ने भएको आदि कुरा उसले मोहनलाई बतायो। मोहनलाई उसको स्थितिमाथि दया लागेर अप्रेशन गर्नका लागि साठी रूपियाँ दियो। मोहन खाना भने होटेलमा खान्थ्यो।

मनभित्रको पीर ठाउँ सर्दैमा नहराएको र कम पनि नभएको मोहनले अनुभव गर्‍यो। उसको मन छटपटिई नै रह्यो, उसका मनमा वेदनाहरू उठी नै रहे, पीडायुक्त सम्झनाले उसलाई सताई नै रह्यो। अभाव र शून्यताको सतत अनुभूतिबाट उसले उम्कन पाएन। मोहनले विचार गर्‍यो, "समय बित्दै गएपछि पीर घट्दै जाला। अब त म सम्झना दिलाइरहने वातावरणबाट टाढा छु। यहाँको परिवेश अर्कै छ। कुनै काम गर्‍यो भने मन लाग्ला। यो नयाँ ठाउँमा के काम गर्न सकिएला ? तर सबभन्दा पहिले डेरा लिनु पर्‍यो।" मोहन डेरा खोज्न थाल्यो। अन्त्यमा उसले गहवा टोलमा डेरा लियो। त्यसपछि उसले के काम गर्दा ठीक होला भन्ने विचार गर्‍यो। अन्त्यमा उसले एउटा पत्र-पत्रिकाको पसल खोल्ने सुर कस्यो। मोहनले सोच्यो, "पत्र-पत्रिकाको काम गर्दा कुदिरहनु पर्छ, र व्यस्त पनि रहिन्छ अनि त्यसले गर्दा मनमा सम्झना रहिरहन पाउँदैन। केही नगरी एक्लै बसिरहँदा मनमा सोचाइ मात्र आइरहन्छ, र मन छटपटिई मात्र रहन्छ।" उसले पायक पर्ने ठाउँमा एउटा सानो पसल भाडामा लियो र पत्रपत्रिका बिहानै घर-घरमा वितरण गर्ने र दिउँसो पसलमा बसेर बेच्न लाग्यो।

गहवा टोलबाट मोहनलाई मूल सडक आइपुग्न बीचमा माइस्थान भएर जानु पर्दथ्यो। माइस्थान बीरगन्जको प्रख्यात मन्दिर थियो। यसमा प्रतिदिन बिहान थुप्रै नर-नारीहरू दर्शन गर्न आउँथे। मोहन पनि दिन्हौं आफ्नो दुखित मन लिएर देवीको दर्शन गर्ने गर्थ्यो। कति पटक उसले देवीसँग "मैले यो दुःख किन पाएँ, मैले कसैको केही बिगार गरेको थिइनँ, कसलाई सताएको थिइनँ" भनी मनैमन आफ्नो गुनासो पोख्थ्यो। तर उसको मनबाट रूक्मिणीको सम्झना कहिल्यै हटेन, 'बेला-बेलामा उसको मनमा विपादको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

लहर उठिनै रहन्थ्यो। उसको मनलाई अशान्त पारी नै रह्यो। कहिल्यै निको नहुने घाउ झैं दुखिनैरह्यो। ऊ विराटनगरबाट भागेर मनको कटु अनुभव र पीरलाई भुल्ने चेष्टा गरेको थियो, तर पीर भने उसको मनमा अभिन्न अंग भई गाँजेर विद्यमान रहिर्‌यो। उसको पसल मूल सडकमा नै थियो। अलि पर गणेश होटल थियो र त्यसको पछाडि सिनेमा हल थियो। मोहन आफ्नो खाना यथासम्भव आफैले बनाउँथ्यो र नभ्याएको बेलामा भने त्यही गणेश होटलमा खाने गर्थ्यो। मोहनको मनमा रूक्मिणीको विहे सकिई घरजम गरेर वसिसकेकी होली भन्ने कुरा बेला-बेलामा आइरहन्थ्यो। परिस्थितिको साँग्लोमा ऊ जेलिएको थियो।

शुरूशुरूमा मोहनको पसलमा धेरै बिक्री थिएन। त्यसबाट प्रशस्त आम्दानी नभए पनि मोहनको बसोवास र खानपिनको खर्च धान्न मात्र पुग्थ्यो। समय वित्दै गयो। मोहन अव वीरगन्ज निवासी भइसकेको थियो। विराटनगर कहिले फर्किने भन्ने कुरामाथि उसले कहिल्यै विचारेको पनि थिएन। मोहन वीरगन्ज आएको झण्डै एक वर्ष भइसकेको थियो। विराटनगमा उसको घर र पसलको के अवस्था होला त्यसवारे उसलाई कुनै जानकारी थिएन। मोहन पसलमा वसी पत्रपत्रिका वेच्दै थियो र सडकमा परवाट आइरहेको एउटा युवकले उसलाई घोरिएर एकछिन हेर्‍यो अनि पसलतर्फ बढ्दै आयो। नगिच आएर भन्यो, "मोहन, ए मोहन, तिमी एक्कासि कहाँ गयौ भनेको त यहाँ आएर पसल खोलेर पो वसेका रहेछौं।" मोहनले कृष्णलाई देख्यो अनि भन्यो, "कृष्ण, तिमी यहाँ ? कहिले आयौ ?" कृष्णले भन्यो, "म आएको तीन दिन भयो। तिमी कहाँ गयौ, कहाँ गयौ, कसैलाई थाहा छैन। मैले तिमीलाई कत्तिपटक खोजें, तर तिम्रो वारेमा कसैलाई केही थाहा रहेनछ। मगनुलाई पनि सोधें तर उसले केही भन्न सकेन। बाहिर जानुभएको छ, आउन ढिलो पनि हुनसक्छ मात्र भन्यो। यसरी पढाइ पूरा नगरी हिँड्नु ठीक थिएन।" मोहन एकछिन घोरियो र अनि भन्नथाल्यो, "तिमी त वी.कम. पास भयौ होला ?" कृष्णले भन्यो, "हो, यसपालि हाम्रो कक्षामा सबै उत्तीर्ण भयौं। तिमी हिँडेकोमा मात्र मलाई वेमोज लाग्यो। तिमी त झन् सजिलै उत्तीर्ण हुने थियौ। तिम्रो पढाइ पनि राम्रै थियो।" मोहनले भन्यो, "बितिसकेको कुरामा पीर किन गर्नु ? तिम्रो बीरगन्ज कति दिन बस्ने विचार छ ?" कृष्णले भन्यो, "राष्ट्र बैंकमा हेड-असिस्टेण्ट पदमा मेरो जागिर भयो। यहाँको दरबन्दीमा परें। निकै दिन यतै बस्नु पर्ला जस्तो लाग्छ। एक वर्ष नपुगी स्थायी हुँदैन। स्थायी भएपछि सरूवाका लागि भन-सुन

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

गराउनु पर्ला । यत्ति वेलासम्म त वीरगन्ज बस्नु नै पर्‍यो ।" मोहनले भन्यो, "ए, तिम्रो नोकरी पनि भइसक्यो ? यो सुन्दा म अति खुशी भएको छु ?

मोहन वीच-बीचमा पत्रिका पनि बेच्दैगर्थ्यो। बेला-वेलामा ग्राहकहरू पत्रपत्रिका किन्न आउँथे । मोहनसँग विभिन्न कुराहरू सोध्दथे र मोहन पनि तिनीहरूलाई जवाफ दिन्थ्यो। मोहनले भन्यो, " पसलमा बसेपछि शान्तिले कुरा गर्न पाइँदैन । ग्राहकहरू आई नै रहन्छन्। विराटनगरको, अनि घर-गाउँको के हालचाल छ? तिम्रो घरको अरू हालचाल के छ ?" कृष्णले भन्यो, मेरो घरमा वा-आमा सबैलाई ठीक छ । दुवैजना छोरा नोकरीमा लागेकोले खुशी थिए, तर वीरगन्ज बस्नुपरेकोमा चाहिँ अलि विस्मात मान्दैथिए । विराटनगरको हालचाल केही खास छैन । पहिले जस्तो थियो, अहिले पनि उस्तै छ । गाउँ-घरमा पनि उस्तै हो । सबैलाई राम्रै भएजस्तो लाग्दछ । तर विचरी रूक्मिणीको भने विजोग भयो, साह्है दुःख पाई ।" कृष्णको कुरा सुनेर मोहनको मुटु एक्कासि ढुक्क भएर तल बस्यो र उसले हतपताउँदै सोध्यो, "रूक्मिणीलाई के भयो ?" कृष्णले भन्यो, "पूरै कुरा त मलाई थाहा छैन । जति सुनेको हुँ त्यो भन्दछु। रूक्मिणी र उसका आमा-बावु उसको बिहे गर्न छिट्टै काठमाडौं गएका थिए रे । बिहेको पन्ध्र दिन अगाडि केटाको आमा कडा रोग लागेर एक्कासि खसिन् रे । विहे एक वर्षलाई पन्छिन पुग्यो । बावु र छोरी घुमेर मोटरमा आइरहेको बेला रत्नपार्क र बागवजारको चौबाटोमा तिनीहरूले चढेको गाढी ट्रकसँग जुध्न गएको रहेछ। बावु घटना स्थलमा नै ठहरै भए र रूक्मिणीको गाला नराम्रोसँग ताछियो। देब्रे खुट्टा भाँच्चिएर लंगडी पनि भई । उसको त्यो अवस्था मैले आफ्नै आँखाले विराटनगरमा देखेको थिएँ । रूक्मिणी अहिले विराटनगरमा नै छिन् । रूक्मिणीको बावु मरेपछि ठेक्काको काममा गोलमाल परेछ, अरूले वेइमानी गरिदिए भन्छन् । साँचो कुरा केहो, मलाई थाहा छैन । तर तिनीहरूको पक्की घर र खेतहरू सबै सरकार लाग्यो । ठेक्का लिन धरौटी राखेका थिए रे । अहिले रूक्मिणीको आमाको नाममा रहेको घर र तीन विगाहा खेत बाँकी छ रे, त्यसैबाट गुजारा चलाइरहेका छन् । घरमा एकापट्टि भाडामा मानिस राखेका छन् । यति भएपछि विहे छिनिएको केटाले पनि विहे नगर्ने भयो । विचरीले साह्है दुःख पाई ।"

कृष्णको कुरा सुनेर मोहन हतप्रभ र स्तब्ध भयो । उसको मुखबाट कुनै कुरा निस्केन । वाल्ल परेर एकछिन बसिरह्यो । अनि भन्यो, "साह्है नजाती भएछ । विचरी रूक्मिणीले ठूलो दुःख पाईछे । कृष्ण तिमी कहाँ बसेका छौ ?" कृष्णले भन्यो,

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

"श्रीपुरमा ।" काकाको घर त्यहीँ छ। वीरगन्ज वसुन्जेल त्यहीँ वस्छु होला ।" मोहनले भन्यो, "पसलमा आनन्दले वसेर कुरा गर्न पाइँदैन । ग्राहकलाई हेर्नै पऱ्यो । भोलि वा पर्सि मकहाँभए पनि तिमीलाई कहाँ भए पनि वसेर कुरा गरौँला । एक पटक विराटनगर पनि जान मन लागको छ। " कृष्णले भन्यो, "विराटनगर कहिलेसम्म जान्छौ ?" मोहनले उत्तर दियो, " ६-७ दिनमा जाने विचार गरेको छु।" कृष्णले भन्यो, "विराटनगर जानुभन्दा अघि मलाई खवर गर । म आमा-वावुलाई सम्चार पठाउँछु । गएर फर्किन्छौ कि उतै वस्ने हो ।" मोहनले भन्यो, " जे गरे पनि हुन्छ । यहाँ कसैको तिर्नुपर्ने केही छैन । हेरौं के हुन्छ ?" कृष्णले भन्यो, "अहिलेलाई म जान्छु । पछि भेटौंला ।"

मोहनले वीरगन्जको आफ्नो सवै काम बन्द गरी विराटनगर हिँड्यो । घर-घरमा वितरण गर्ने गरेको पत्रिकाको महिना-महिनामा पैसा लिने गरेको र सवै घरवहाल पैले नै तिरिसकेकोले उसले कसैलाई तिर्नुपर्ने केही वाँकी थिएन। वरू केही व्यक्तिहरूसित पत्रिकाको पैसा आउन बाँकी रहेको र वेच्न बाँकी रहेका पत्रपत्रिका गरेर उसलाई ड्याग परेको थियो। तर उसले यस्ता कुराको कुनै वास्ता लिएन। मोहन एक वर्षको वीरगन्ज-प्रवासपछि विराटनगर पुग्यो । जोगवनीदेखि विराटनगरको वातावरणमा कुनै खास परिवर्तन आएको थिएन, उस्तै थियो । हो, केही नयाँ घरहरू वनेका थिए। विराटनगर वजार प्रवेश गरेपछि पनि त्यहीँको स्थिति पूर्ववत् नै देखिन्थ्यो । विशेष परिवर्तन केही भएजस्तो उसलाई लागेन ।

मोहन आफ्नो घर पुग्यो । मगनुले पसल चलाइरहेको रहेछ । मगनु मोहनलाई देखेर दंग पऱ्यो। मोहनले मगनुसँग सोध्यो, "पसल चलिनै राखेको रहेछ। आफ्नो हालचाल भन् । " मगनुले भन्यो, "दाइले मलाई पसल चलाई राख्नु भनेको होइन ? मैले पनि चलाइराखें । दाइले छाडेर गएकोभन्दा अहिले दोकानमा सामान वढी छ। झण्डै हजार रूपियाँ नाफा गरें ।" मोहनले सोध्यो, "दुखिया देख्दिन नि ।" मगनुले भन्यो, "दुखियाले म तेरो खटनमा वस्दिन भनेर काम छोडी दिएकी धेरै भइसक्यो । म एक्लैले पसल चलाइराखेको छ। दुखियाले छाडेकी पनि वेसै भयो, भ्याउनै पन्छेको ठानें। त्यो वसेकी भए त्यसलाई पनि खर्च दिनुपर्थ्यो, अनि पसलमा नाफा पनि हुने थिएन । दाइ गएपछि शुरूशुरूमा दाइका साथीहरूले, मुखिया-मुखिनीले र अरूहरूले कहाँ जानुभयो, 'कहिले आउनुहुन्छ' भनी सोध खोज गरे । दाइले मलाई वताएको भए पो मैले भन्नसक्नु । मैले मलाई थाहा छैन भनी जवाफ दिएँ । अव त मानिसहरूले दाइलाई सोध्न खोज्न समेत

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

छाडेका छन् । अँ, रूक्मिणी दिदीले वरावर दाइ आउनुभयो कि, केही खवर आएको छ कि, भनेर सोध्न पठाउनु हुन्छ ।" मोहन 'ए' भन्यो । अनि अगाडि भन्यो, "अव म विराटनगरमै बस्छु । कतै जाने विचार छैन । पसल पनि ठूलो पार्छु ।" मगन् खुशी हुँदै भन्यो, "दाइले ठीक काम गर्न लाग्नुभयो । एक्लै मैले पसल चलाइरहँदा कत्ति अप्ठेरो लागिरहेको थियो । दाइ बस्ने भएपछि म निर्धक्क भए । अव सवै कुरा राम्रो भएर जाला ।"

मोहनले मुखिया-मुखिनी साहेवलाई भेट्यो । उनीहरूले कता र किन गएको भन्दा मोहनले वाहिरको अनुभव हासिल गर्ने उद्देश्यले गएको र अव विराटनगर नै बस्ने कुरा वतायो । मोहन पसलमा वसेपछि अरू चिने-जानेको मानिससँग भेट भयो । "कहिले आयौ ? सन्चो विसन्चो के छ ?" आदि कुराकानी भयो । दुखिया पनि मोहन आएको चाल पाएर भेट्न आई । मोहनले नै पसल चलाउने भन्ने चाल पाएपछि उ पनि पहिलेजस्तै काम गरी वस्न तयार भई । मोहनले घरमा भाडामा राखेको मानिसलाई "अव म फर्केर आएँ, यहीँ वस्छु, तपाईहरू अर्को डेरा खोज्नुहोस्" भनेर जनाउ दियो ।

मोहनलाई रूक्मिणीसँग भेट-घाट र कुराकानी गर्न वहुतै मन लागिरहेको थियो । रूक्मिणी दुर्घटनामा परी ठूलो दुःख पाएकोमा उसको मनमा पीर थियो भने फेरि रूक्मिणीसँग भेट हुने भयो भन्ने कुराले मोहनलाई खुशी पनि तुल्याएको थियो । मनको अन्तर्द्वन्द, द्विविधा र उत्कण्ठा लिएर मोहन रूक्मिणी र उसको आमासँग भेट गर्न उनीहरूको घरतर्फ हिँड्यो । वाटोभरी मोहनको मनमा अन्तर्विरोधी भावनाहरू सल्वलाइरहे । मोहन रूक्मिणीको घरमा पस्यो । हेर्नासाथ उसको स्थिति दयनीयतर्फ खस्केको प्रष्ट भान हुन्थ्यो । पहिले सजिसजाउ र सवै कुरावाट भरिपूर्ण भएको घर अहिले फङ्ग उडेको अवस्थाको देखिने भएको थियो । त्यही घरमा एकापट्टि भाडामा वसेका मानिस प्रस्ट देखिन्थे । रूक्मिणीको आमा तल पिँढीमा वसेर नाँग्लोमा चामल निफन्न लागिरहेकी थिइन् । उनको पहिरन सेतो थियो ।

मोहनले भन्यो, "काकी नमस्कार । हातमा नाँग्लो लिएर मोहनतर्फ फर्किंदै रूक्मिणीको आमाले भनिन् । "ए मोहन नानी, कहिले आयौ ? तिमी कहाँ गयौ कहाँ ? मैले सोध्दा पत्ता लाग्न सकेन ।" मोहनले उत्तर दियो, "म आज मात्र आइपुगेको हुँ । कत्ति विराटनगर मात्र वसुँ।, अरू ठाउँ कस्ता हुँदा रहेछन् भन्ने मनमा लागेर अनुभव वटुल्न हिडेको थिएँ । म वीरगन्जमा थिएँ । अव विराटनगरमा नै वस्छु होला ।" रूक्मिणीको

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

आमाले भनिन, "मैले तिम्रो पसलमा मगनु र दुखियासँग तिमीबारे धेरे पटक सोधें, तर तिनीहरूलाई पनि केही थाहा रहेन छ, भन्न सकेनन्। बाहिर बसे पछि आफ्नो घरमा खबर गर्नुपर्ने थियो। तर एउटा कुरा ? त्यो मगनु भन्ने केटो बडो बेस र इमान्दार रहेछ। तिमी नहुँदा पनि आफ्नै जस्तो गरी जतनसाथ पसल चलाएर बस्यो। त्यस्तो इमान्दार मानिस पाउनु बहुतै मुश्किल छ। "मोहनले भन्यो, "हो काकी, मगनु बडो इमान्दार छ। म उसलाई अगाडि पढाउने-लेखाउने विचार गर्दछु। बिचराले गरिबीले गर्दा पढाइ बीचैमा छाड्नुपऱ्यो। म अब स्कूलमा उसको नाम लेखाइदिन्छु। म दोकानलाई आफै वसी अझ राम्रोसँग चलाउने विचार गर्दैछु।"

रूक्मिणीको आमा कुरा सुन्दै र बिस्तारै चामल पनि निफन्दै थिइन्। उनको पतिको मृत्यु र त्यसमा पनि एक्कासि सवैथोक छरपस्ट भई बिग्रन पुगेको आर्थिक अवस्था र हुर्केकी छोरीको बिजोग आदिबाट पर्न गएको पीर, मानशिक क्लेश अनि पीडामय अन्तर्द्वन्दको छाप रूक्मिणीको आमाको चेहरावाट छर्लगिन्थ्यो। कुरा अगाडि वढाउँदै रूक्मिणीको आमाले भनिन्। "नानीले राम्रो विचार गऱ्यौ। विराटनगर छाडेर अरू ठाउँमा काम गर्नुभन्दा आफ्नो भइरहेको पसललाई नै राम्रोसँग चलाए बढिया हुन्छ। हेर न, हामीमाथि कस्तो विपत्ति पऱ्यो। सम्झँदा पनि मेरो मुटु चिरिन्छ र मन कहालिन्छ। पहिले कस्तो थियो, अहिले कस्तो भयो। पहिलेका कुरा सबै सपनाजस्ता लाग्न थालेका छन्। मलाई वहाँको मृत्यु हुनु, त्यसपछि धेरै सम्पत्ति सरकार लाग्नु, छोरी दुर्घटनामा परी बिरूप हुनु, र विग्रेको परिस्थितिको कारण छोरीसँग कुरा छिनेको केटोले विहा गर्न नमान्नु, भन त नानी ममाथि कस्तो विपत्ति पऱ्यो ? जत्ति विपत्ति परे पनि सास आफैं नजाने भएकोले पर्खन पर्दो नै रहेछ।" अनि रूक्मिणीको आमाको अनुहार बादलले अकस्मात् सूर्यलाई ढाकेजस्तै विषादयुक्त भएर आँखामा निराशाका चिन्हहरू देखिन थाले। मोहनले बिस्तारै भन्यो, "हो, काकी ठूलो विपत्तिमा पर्नपुग्यो। काकीहरूको कस्तो जगजगी औलादौला बढेर गएको थियो, एक्कासि बाढीले बगाएको जस्तो हुनगयो। कुरा बडो दुख्लाग्दो छ। म रूक्मिणीलाई देख्दिन नि, बाहिर गएकी छ कि ?" रूक्मिणीको आमाले भनिन्, "होइन, घरमा नै छे। बाहिर त्यति जान्न। घरमै बसिरहन्छे। नानी, म बोलाइदिन्छु, ए रूक्मिणी, रूक्मिणी, मोहन नानी आएका छन्।" अलि ठूलो स्वर मा रूक्मिणीको आमाले रूक्मिणीलाई बोलाइन।

मोहन घरमा आएको रूक्मिणीले घरभित्रैबाट चाल पाइसकेकी थिई। ऊ एकदमै

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

खुशी भई, कुदेर बाहिर निस्कुँ भन्नेजस्तो मनमा आयो । शरीरमा अकस्मात् उमंग र स्फूर्ति महसुस गरी । तर उसको मन र खुट्टाले साथ दिएन । उसको मनले सोच्न थाल्यो, "मलाई देखेपछि मोहनले के भन्ला ? मेरो गाला ताछिएर अनुहारै विरूप भएको छ । लंगडी पनि छु । कहीं मलाई देखेर मोहनको मनमा मप्रति घृणा उब्जने त होइन ? मानिसको मन सधै एउटै हुँदैन । पहिले राम्रो गर्थ्यो भन्दैमा जहिले पनि राम्रै गरिरहन्छ भनीं भन्न सकिँदैन । अनि म अपांग र कुरूप दुवै भइसकेकोले मलाई मन नपराउन कुनै अनौठो छैन ।" यति सोचेर रूक्मिणी खुम्चेर वसी । उसले आमा र मोहनको कुरा कोठाभित्रबाट प्रस्टै सुनिरहेकी थिई । रूक्मिणीको मनमा खुशी र सम्भावित उपेक्षाका अन्तर्विरोधी विचारका तरगहरू आच्छादित भइरह्यो । ऊ त्यसै अलमल्ल परेकी जस्ती भई, किकर्तव्यविमूढ भएकी जस्ती भई । आमाले आफूलाई वोलाएको सुनेपछि रूक्मिणीले जवाफ दिई, "म लुगा सिउँदै थिएँ, अव आइहालें ।" रूक्मिणी कोठावाट वाहिर निस्किई ।

रूक्मिणीलाई देखेर मोहनको मन खुशीले तरंगित भयो । उसले धेरै दिनपछि रूक्मिणीलाई साक्षत देख्न पाएको थियो । उसको मन-मस्तिष्कबाट रूक्मिणीको आकृति र सम्भना कुनै समयमा पनि हटेको थिएन र त्यसवाट उसले धेरै प्रताडित हुनुपरेको थियो । तर रूक्मिणी अहिले उसको अगाडि उभिइरहेकी थिई । मोहन प्रसन्नताले प्रफुल्ल भयो । उसलाई त्यसैत्यसै आनन्द, आशा र स्फूर्ति बढेको महसुस हुन थाल्यो । उसको मनको अव्यक्त भारी कता हरायो कता, अहिले उसलाई जे पनि रमाइलो लागिरहेको थियो । मोहनले रूक्मिणीलाई हेर्दै भन्यो, " काकी, रूक्मिणी अलि दुब्लाइछे ।" रूक्मिणीको आमाले भनिन्, "अँ पहिलेभन्दा दुब्ली भएकी छ । " मोहनको दृष्टि रूक्मिणीको लंगडो शरीर ताछिएको गालातर्फ गएन । उसलाई त रूक्मिणी चाहिएको थियो, जुन उसको सामुन्ने थिई । रूक्मिणीको आमाले छोरीसँग भनी, "छोरी, नानी आज मात्र आएका रहेछन् । म भात-भान्सा गर्न जान्छु । तँ बसेर कुरा गर् । " अनि रूक्मिणीको आमा भित्र पसिन् ।

मोहन आफै भन्न थाल्यो, "म पनि बीरगन्ज गएको थिएँ, आजै मात्र आइपुगें । कृष्णसँग बीरगन्जमा भेट भएको थियो । ऊ त्यहाँ राष्ट्र बैंकमा जागिरे भएछ । तिम्रो सबै खबर ऊबाट पाएँ ।" रूक्मिणीले भनी, "बीरगन्ज किन गएका थियौ ?" मोहनले भन्यो, "विराटनगर मात्र कति बसिरहुँ जस्तो लाग्यो । नयाँ ठाउँ हेर्ने

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

अनि त्यहाँ काम गरेर टिक्न सकिन्छ सकिँदैन विचार गर्नुपर्‍यो भन्ने मनमा आयो। अनि वीरगन्ज गएँ। रूक्मिणीले सोधी, "त्यसो भए तिमी वीरगन्ज फर्कि जान्छौ होला ? त्यहाँ के काम गरेर बस्दथ्यौ ? " मोहनले उत्तर दियो, "म अव वीरगन्ज जान्न । मेरो अव विराटनगर नै बस्ने सुर छ। त्यहाँ मैले पत्रपत्रिकाको पसल खोलेको थिएँ।" रूक्मिणीले भनी, "ए, तर तिमीले खोलेको पत्र-पत्रिकाको दोकान अव के हुन्छ त ?" मोहनले उत्तर दियो, "मैले त्यसलाई पूरै वन्द गरेर हिँडे। त्यहाँबाट हिँड्दा नै मैले वीरगन्ज फर्केर जान्न भन्ने विचार गरिसकेको थिएँ।" रूक्मिणीले एक छिन चूप लागेर भनी, "तिम्रो आफ्नै पसल यहाँ त्यस्तो राम्रोसँग चलेको थियो। त्यसलाई छोडी लथालिंग पारी वीरगन्ज गएको कुरा मलाई अलि नमिल्दो लाग्यो । तर, मैले त तिमीले भनेको कुरा पत्याउनै पर्‍यो ।" रूक्मिणीको कुरा सुनेर मोहन एकछिन घोरियो र भन्न थाल्यो, " रूक्मिणी, साँचो कुरा के भयो भने मलाई माया गर्ने सबैसँग बिछोडिनु पर्‍यो। पहिले मानवहादुर, त्यसपछि वावु अनि तिमी । मेरो मन नै भरंगियो, विरक्तियो, अनि मलाई यहाँ वस्नै मन लागेन, र वीरगन्जतर्फ लागें ।" रूक्मिणीले त्यस प्रसंगलाई नलम्ब्याउने विचारले कुरालाई अर्केतर्फ मोड्दै भनी, मोहन, "म पनि कस्ती अभागिनी रहिछु, हेर त मेरो विजोक ? गाला ताछिएर अनुहार विरूप भयो, खुट्टा लंगडो भयो। ममाथि दुःख जति सबै खनिन पुगे ।" अनि रूक्मिणीले लामो सास लिई ।

मोहन एक छिन गम खाएर रूक्मिणीतर्फ हेर्दै भन्यो, "रूक्मिणी, तिमीले जुन कुरा अहिले आफ्नो विषयमा भन्यो त्यो मलाई वीरगन्जमा कृष्णले भनिसकेको थियो । एक छिन अघि त्यस्तै कुरा तिम्रो आमाले पनि भन्नुभएको थियो । अहिले तिमी आफैले भन्यौ । तर, म भने तिमीलाई कुरूप-विरूप केही पनि देखिराखेको छैन । मेरो आँखा अगाडि उही पहिलेकी रूक्मिणी उभिएकी जस्तो लाग्छ। मेरो आँखाले पहिलेकी रूक्मिणी र अहिलेकी रूक्मिणी वीच कुनै विभेद देखिरहेको छैन । हो, तिमी अलि दुब्ली भएकी भने देख्दैछु।" मोहनको कुरा सुनेर रूक्मिणी छक्क परी। अनि मोहनतिर कृतज्ञ आँखाले हेर्दै रूक्मिणीले भनी, "मोहन, तिमीले मलाई सान्त्वना दिन यस्तो कुरा गरेको जस्तो लाग्छ। आँखाले प्रस्ट देखिने कुरा पनि कसरी देखिरहेका छैनौ ।" मोहनले उत्तर दियो, "खोइ, त्यो त मलाई थाहा छैन किन पहिलेकी र अहिलेकी रूक्मिणीमा मैले विभेद देखिराखेको छैन ? मैले तिमीलाई सान्त्वना दिने उद्देश्यले भनेको पनि होइन । म त मेरो मनको सत्य कुरा भन्दैछु । कतिपय सत्य कुराको प्रमाण पेश गर्न सकिइँदो

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

रहनछ ।" रूक्मिणीले मोहनको कुरा सुनेर उसको उदार विशाल हृदयको परिचय पाई । ऊ आफ्नो आशंकाबाट मुक्त हुन पुगी । मोहनले उसलाई पहिलेजस्तै माया गर्दछ भन्ने उसको मनमा लाग्यो । अनि रूक्मिणी आश्वस्त भई ।

वीरगन्जमा मोहनले कमाएर आफ्नो जीविका चलाएकोले उसले आफूसँग लगेको पैसामध्ये हजार रूपियाँ जतिमात्र खोट्रिएको थियो । विराटनगरमा उसले आफ्नो पसललाई अलि ठूलो र राम्रो बनायो । सामानहरुको किसिम र परिमाण बढायो । मोहनले पसल राम्रोसँग चलाउन थाल्यो । उसको पसलको विक्री दिनदिनै बढ्दै गयो । मोहन बी.कम.को परीक्षा प्राइभेट तवरले दिने सुर कसी पढ्न थाल्यो । मोहन र रूक्मिणीको भेट बराबर भइरहन्थ्यो । कुराकानी भई रहन्थ्यो । कहिले मोहन रूक्मिणीको घर र कहिले रूक्मिणी मोहनको घर आउने-जाने गर्दथे । पुरानो सम्झनाको कुरा बडो चाख लिएर गर्दथे । रूक्मिणीको आमाले पनि छोरी मोहनसँग लहसिँदै गएकोमा कुनै आपत्ति जनाइनन् । लंगडी र अनुहार विरूप भएको, आर्थिक रूपले विपन्न परिवारको छोरीसँग कुनै केटोले पनि विहे गर्न मन पराउने छैन भन्ने कुरा रूक्मिणीको आमाले प्रस्ट बुझेकी थिइन् । पढे-लेखेको, जातको र आफैले कमाएर जीवन धानिरहेको मोहन जत्तिको पोइ रूक्मिणीले पाउनु पनि रूक्मिणीको आमा धन्य ठान्दथिन् । अन्ततोगत्वा मोहन र रूक्मिणीको विहे भयो । दुवैको घरजम भयो ।

✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿✿

समय आफ्नो सुरमा अघि बढ्दै गयो । सालहरू वित्दै गए । रूक्मिणी र मोहनको विहे भएको धेरै वर्ष भइसकेको थियो । दुवैको हित्तचित्त खूवै मिलेको थियो । एउटा छोरी र एउटा छोरा सन्तान भयो । रूक्मिणीको आमा पनि उनीहरूसँगै वसिन् । नाति-नातिनाले उसलाई हजुरआमा भनी खूबै पछ्याउने गर्थे । उनी पनि नाति-नातिनासँग रमाएर समय विताउँथिन् । उनी दंग थिइन् । मोहनको वन्द-व्यापार वढ्दै गयो । उसले बी.कम. पास गरीसकेको धेरै वर्ष बितिसकेको थियो ।

मोहनले आफ्नो व्यापार विस्तार गरी पैसा राम्रै कमायो । रूक्मिणी पढे-लेखेकी भएकीले मोहनलाई आफूले भ्याएसम्म मद्दत गर्थी । व्यापारको विषयमा पनि लोग्ने-स्वास्नीवीच बराबर सर-सल्लाह र छलफल भइरहन्थ्यो । पैसा कमाएर मोहनले पक्की घर समेत बनाइसकेको थियो । एक दिन दिउँसो बाहिर गएको मोहन घरमा फर्केर आउँदा

JAGADGURU VISHWARADHYA JNANA SIMHASAN JNANAMANDIR LIBRARY Jangamwadi Math ACC No. ....

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

कोठामा रूक्मिणीलाई एक सुरले कागजको फूल बनाइरहेको देख्यो । रूक्मिणीले कागजको फूल बनाएको देख्दा उसलाई हाँसो उठ्यो। अनि हाँस्दै भन्यो, "रूक्मिणी, आज तिमीलाई कागजको फूल बनाउने सुर किन चढ्यो ?" रूक्मिणीले मोहनतर्फ मुख फर्काउँदै भनी, "धेरै दिनपछि आज मलाई फूल बनाउने रहर मनमा जाग्यो। फूल बनाउन आउँछ कि बिर्से, त्यो जाँच्न पनि फूल बनाउन लागें । हेर-न यो दुईटा फूल बनाइसकें। त्यत्तिको राम्रो हुन सकेन। अभ्यास छुटेको धेरै दिन भई सकेछ।" मोहनले भन्यो, "साच्चिको फूल भएको ठाउँमा कागजको फूल को के काम छ ?'' रूक्मिणीले भनी, "साच्चिका फूल त बगैंचामा पो हुन्छन्। कोठा त कागजको फूल र सिक्रीले नै सजाउने चलन छ। पहिले तिमी पनि त्यस्तै गर्दथ्यौ।" मोहनले हाँस्दै भन्यो, "म त कोठा साँच्चिको फूलले सजिएको देख्दछु।" रूक्मिणीले भनी "कोठामा साँच्चिकै फुल कहाँ छ ? तिमी यस्ता कुरा आज किन गर्न लाग्यौ ? साँच्चिको फुल भए मैले पनि देख्ने थिएँ हुँला।" मोहनले भन्यो, "मैले भने देखिरहेको छु।" रूक्मिणीले अचम्म मान्दै सोधी, "खोइ, कहाँ छ ?" अनि मोहनले हाँस्तै भन्यो, "मेरो अगाडि साँच्चिको फूल तिमी हौ।" मोहनको कुरा सुनेर रूक्मिणी वाल्ल परी । अनि भनी, "अब तिमी नचाहिने कुरा गर्ने हुन लाग्यौ। मजस्ती रूप न रंगकी, त्यसमा पनि लंगडीसँग साँच्चिको फूलसँग तुलना गर्नु सूर्यसँग दियोको तुलना गरे सरह हो।" मोहनले भन्यो, "मानिसको सबैभन्दा संवेदनशील र उच्च स्थान यो मन-मस्तिष्कमा जुन फूल सदा विद्यमान छ, त्यो स्थान जुन फूलले सजिएको छ, त्यो नै मेरो साँच्चिको फूल हो।" मोहनको कुरा सुनेर रूक्मिणी केही बोलिन। मोहनले आफूप्रति यस्तो प्रगाढ प्रेम गरेको महसुस गरी रूक्मिणीको हृदय भावविभोर भयो, अनि उसका नेत्र सजल भए।

(पात्र र घटना काल्पनिक हुन)

SRI JAGADGURU VISH... JNANA SIMHASAN... MA. LIBRARY Jangamwadi M... Varanasi ACC No. 8598

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi

Digitization by eGangotri and Sarayu Trust. Funding by MoE-IKS

लेखक परिचय

नाम : लक्ष्मणबहादुर हमाल

जन्म : वि. सं. १९९७ साल ज्येष्ठ

शिक्षा : एम. काम.; एम. ए. (अर्थशास्त्र), पि. एच. डि., एम. काम. फेकल्टीमा सर्वाधिक अंक प्राप्त गरी उत्तीर्ण भएकोले त्रि.वि.वि. बाट गुञ्जमान स्वर्ण पदक प्राप्त।

मान पदवी तथा विभूषण : २०३७ सालमा गोरखा दक्षिण बाहु तेश्राबाट विभूषित।

कृति :

* खोरको चरी कठैवरी (खण्डकाव्य)
* Military History of Nepal
* Economic History of Nepal
* Contemporary Nepal
* Central Banking in Nepal
* प्रवृत्ति (उपन्यास)
* नेपालको संविधान (२०१५)

साथै विभिन्न पत्रपत्रिकाहरूमा समसामयिक विषयमा दर्जनौं लेखहरू प्रकाशित।

CC0. In Public Domain. Jangamwadi Math Collection, Varanasi